"सवल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

# आवधिक नगर विकास योजना

## आव २०८१/८२ - २०८५/८६



# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**डाँछी, काठमाडौं, वागमती प्रदेश**

"सवल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

# आवधिक नगर विकास योजना

## आव २०८१/८२ - २०८५/८६

# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**डाँछी, काठमाडौं, वागमती प्रदेश**

**कागेश्वरी मनोहरा नगरपालिका : आवधिक योजना (आ.व. २०८१/८२ - २०८५/८६)**


| | |
|---|---|
| **प्रकाशक** | **कागेश्वरी मनोहरा नगरपालिका**<br>**नगर कार्यपालिकाको कार्यालय**<br>**डाँछी, काठमाडौं, वागमती प्रदेश**<br>**सम्पर्क फोन : ०१४४५१२४२, ४४५०३५६, ४४५०९८६**<br>**वेभसाइट www.kageshworimanoharamun.gov.np**<br>**इमेल : info@kageshworimanoharamun.org.np** |
| **प्राविधिक सहयोग** | **मल्टिफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर**<br>**काठमाडौं** |
| **सर्वाधिकार** | **प्रकाशकमा** |
| **प्रकाशन वर्ष** | **२०८१** |
| **मुद्रक** | |

# प्राक्कथन

कागेश्वरी मनोहरा नगरपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजना तर्जुमा सफलतापूर्वक सम्पन्न गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित भएको छु । आवधिक योजनाले आगामी ५ वर्षका लागि मार्गनिर्देश गरेको छ । त्यसैका आधारमा योजनाहरु प्रभावकारी ढङ्गवाट कार्यान्वयन हुँदै जाने प्रतिवद्धता यस नगरपालिकाको रहेको छ । आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मका लागि तर्जुमा भएको यस आवधिक योजनाले दीर्घकालीन सोच **"सवल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"** निर्धारण गरेको छ र आगामी ५ वर्षका लागि मूल लक्ष्य **"नगरवासीहरुको जीवन स्तरमा सुधार भएको हुने"** तर्जुमा गरिएको छ। नगरपालिकाको दीर्घकालीन सोच एवं समष्टिगत लक्ष्य हासिलका लागि सम्वन्धित सवै पक्षहरुको हातेमालो अपरिहार्य हुनेछ । यस महान कार्यमा राजनीतिक दल, विकास साझेदार, गैसस, निजीक्षेत्र, सरोकारवाला संघ संस्था एवं सरकारी निकायहरुको भूमिका उल्लेखनीय हुनेछ भने नगरवासीहरुको सहयोग, सदभाव एक अनिवार्य सर्तको रुपमा रहने छ । नगरपालिकाले अंगिकार गरेको यस महान कार्यमा सवै पक्षहरुको रचनात्मक सहयोग हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

नेपालको संविधानमा व्यवस्था भएवमोजिम स्थानीय तहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका कार्यक्षेत्रहरु, पन्ध्रौ राष्ट्रिय योजना, वागमती प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य एवं राष्ट्रिय लक्ष्यहरु लगायतलाई आधार मानी यो आवधिक योजना तर्जुमा गरिएको छ। मूलतः राष्ट्रिय योजना आयोगवाट स्थानीय तहका लागि जारी भएको योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई आधार मानिएको छ र त्यसमा निर्दिष्ट योजना तर्जुमा प्रकियालाई अवलम्वन गरी यो योजना तर्जुमा गरिएको छ । समावेशी एवं सहभागितामूलक विधिवाट तर्जुमा गरिएको यस आवधिक योजनामा सम्वन्धित सवै पक्षहरुको अपनत्व सिर्जना भएको छ ।

आवधिक योजना तर्जुमाका विभिन्न चरणहरुमा सकियता साथ निरन्तर खटिनुहुने नगरपालिकाका उपप्रमुख, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, नगरसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरु एवं कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु। त्यसैगरी आवधिक योजना तर्जुमालाई व्यवहारिक, यथार्थपरक, वस्तुनिष्ठ वनाउन आफ्नो व्यस्त समयका वावजुद पनि अमूल्य योगदान गर्नु हुने राजनीतिक दलका प्रतिनिधिहरु, वुद्धिजीवी, शिक्षक, गैरसरकारी संघ संस्था, निजीक्षेत्र, सहकारी क्षेत्र, नागरिक समाजका प्रतिनिधि, पत्रकार लगायत सामाजिक कार्यकर्ता एवं सरोकारवाला संघ संस्थाको सहयोग, रायसुझाव, योगदान आदिको उच्च कदर गर्दै सवैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

अन्त्यमा, यस नगरपालिकाको आवधिक योजना तर्जुमा तयारी कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता संस्था मल्टिफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च, काठमाडौ र सो संस्थावाट सहजीकरण गर्नुहुने विज्ञहरुको विज्ञता, एवं योगदानको कदर गर्दछु ।

..................

**उपेन्द्र कार्की**
**नगर प्रमुख**
**कागेश्वरी मनोहरा नगरपालिका**

# मन्तब्य

कागेश्वरी मनोहरा नगरपालिकालाई योजनावद्ध रुपमा विकास गर्ने सन्दर्भमा आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मका लागि नगरपालिकाको आवधिक योजना तर्जुमा भएको छ। पहिलो यस पञ्चवर्षीय योजनाले नगरपालिकाको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्ने अपेक्षा राखिएको छ । कागेश्वरी मनोहरा नगरपालिकाका सवै जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्थाहरु, स्थानीय वुद्धिजीवी एवं पत्रकारहरुको सहभागिता, समूहगत छलफल, अन्तरक्रिया तथा सामूहिक प्रयासवाट तर्जुमा भएको यस आवधिक विकास योजना हामी सवैको साझा एजेण्डा हो र यसमाथि हामी सवैको अपनत्व सिर्जना भएको पनि छ, जसलाई प्रभावकारी ढङ्गवाट कार्यान्वयन गर्ने जिम्मेवारी हामी सवैको काँधमा छ। आवधिक योजनाको सफल कार्यान्वयनवाट मात्रै नगरपालिकाले समृद्धि हासिल गर्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ र आगामी ५ वर्षका लागि कागेश्वरी मनोहराको विकासको खाँका अर्थात रोडम्याप निर्दिष्ट गरेको छ ।

नगरपालिकाको आर्थिक एवं सामाजिक क्षेत्रमा देखिने गरी परिवर्तन ल्याउन नगरपालिकावाट नगर गौरव योजना समेत तर्जुमा भएको छ। त्यसैगरी आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत जस्ता विषयक्षेत्रगत रुपमा नगरस्तरीय आयोजनाहरु एवं वडागत आयोजनाहरु समेत तर्जुमा भएको छन्। तर्जुमा भएका आयोजनाहरु सवैको सफलतापूर्वक कार्यान्वयनका लागि ठूला धनराशी जुटाउनु पर्ने जिम्मेवारी नगरपालिकाको काँधमा आएको छ । सीमित साधन स्रोतलाई अधिकतम सदुपयोग हुने गरी चलाखीपूर्ण ढङ्गवाट परिचालन गर्नुपर्ने र प्राथमिकताका आधारमा आयोजनाहरुलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै जानुपर्ने परिपाटिको विकास अवको दिशानिर्देश हुन सक्छ। यसै आवधिक योजनाको आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा र सोका आधारमा वार्षिक कार्यक्रम तथा वजेट निर्माण अनि कार्यान्वयन एक मात्र उपयुक्त विकल्प हुन सक्छ।

यस आवधिक योजना निर्माणको क्रममा शुरु देखि नै अभिभावकत्व ग्रहण गर्दै रचनात्मक सहयोग, सल्लाह सुझाव एवं मार्गप्रदान गर्दै आउनु भएका नगरप्रमुखज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। त्यसैगरी वडा अध्यक्षहरु, विषयक्षेत्रगत संयोजकहरु, कार्यपालिकाका सदस्य, नगरसभाका सदस्यहरु एवं प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति अभार व्यक्त गर्न चाहन्छु। त्यसैगरी आवधिक योजना तर्जुमा अमूल्य सहयोग गर्नुहुने राजनीतिक दलका प्रतिनिधि, निजीक्षेत्र, सहकारी क्षेत्र, गैससका प्रतिनिधि, सहयोग संस्था, नागरिक समाज, स्थानीय वृद्धिजीवी एवं पत्रकारहरुलाई धेरै धेरै धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा यसैप्रकारका सहयोगको अपेक्षा पनि राख्दछु।

यस आवधिक योजना तर्जुमा कार्यका लागि प्राविधिक सहयोग प्रदान गर्नुहुने संस्था मल्टिफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च केन्द्र र विज्ञ एवं सहजीकरण गर्नुहुने सवै व्यक्तित्व प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

................

**शान्ता थापा**

**उप-प्रमुख**

**कागेश्वरी मनोहरा नगरपालिका**

# विषय सूची


| क्र.सं. | शिर्षक | पेज नम्बर |
|---|---|---|
| **१** | **परिच्छेद - एक : परिचय** | ११ |
| १.१ | पृष्ठभूमि | ११ |
| १.२ | आवधिक योजना निर्माणको उद्देश्य | ११ |
| १.३ | आवधिक योजना निर्माणको कार्यक्षेत्र | १२ |
| १.४ | आवधिक योजना तर्जुमाका कानूनी तथा नीतिगत व्यवस्था | १२ |
| १.५ | आवधिक योजना तर्जुमा चरणहरु | १३ |
| १.६ | आवधिक नगर विकास योजनाका सीमाहरु | १५ |
| **२** | **परिच्छेद - दुई : नगरपालिकाको वस्तुस्थिति तथा उपलब्धि समीक्षा** | १६ |
| २.१ | भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन | १६ |
| २.२ | जनसंख्या, जातजाति र धर्म | १७ |
| २.३ | गरिवी अवस्था | १९ |
| २.४ | आर्थिक अवस्था | १९ |
| २.५ | सामाजिक अवस्था | २३ |
| २.६ | पूर्वाधारको अवस्था | २७ |
| २.७ | वन वातावरण तथा विपद् व्यवस्थापन | ३० |
| २.८ | संस्थागत विकास | ३१ |
| **३** | **परिच्छेद - तीन : दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य र रणनीति** | ३३ |
| ३.१ | पृष्ठभूमि | ३३ |
| ३.२ | वस्तुस्थिति विश्लेषण | ३३ |
| ३.३ | दीर्घकालीन सोच | ३४ |
| ३.४ | निर्देशक सिद्धान्त | ३५ |
| ३.५ | समष्टिगत लक्ष्य | ३६ |
| ३.६ | समष्टिगत उद्देश्य | ३६ |
| ३.७ | प्राथमिकता प्राप्त क्षेत्र | ३७ |
| ३.८ | समष्टिगत रणनीति | ३९ |
| ३.९ | परिमाणात्मक लक्ष्य निर्धारण | ४० |
| ३.१० | नगर गौरव आयोजना | ४० |
| ३.११ | श्रोत अनुमान तथा आवश्यकता | ४१ |
| **४** | **परिच्छेद - पाँच : आर्थिक विकास** | ४३ |
| ४.१ | कृषि तथा पशुपालन | ४३ |
| ४.२ | सिंचाइ | ५० |
| ४.३ | पर्यटन विकास | ५३ |
| ४.४ | उद्योग, व्यापार व्यवसाय | ५८ |
| ४.५ | वैंक, वित्तीय संस्था तथा सहकारी विकास | ६३ |
| ४.६ | श्रम तथा रोजगार | ६७ |
| **५** | **परिच्छेद - पाँच : सामाजिक विकास** | ७१ |
| ५.१ | शिक्षा | ७१ |
| ५.२ | आधारभूत स्वास्थ्य | ७६ |

| | | |
|---|---|---|
| ५.३ | खानेपानी तथा सरसफाइ | ८१ |
| ५.४ | लक्षित वर्ग तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ८५ |
| ५.५ | कला, भाषा, साहित्य र सँस्कृति | ९० |
| ५.६ | युवा तथा खेलकुद | ९४ |
| ६ | **परिच्छेद - छ : पूर्वाधार विकास** | ९९ |
| ६.१ | सडक, यातायात तथा पुलपुलेसा | ९९ |
| ६.२ | आवास, वस्ती विका तथा सार्वजनिक संरचना निर्माण | १०३ |
| ६.३ | विद्युत तथा वैकल्पिक ऊर्जा | १०७ |
| ६.४ | सूचना तथा सञ्चार प्रविधि | १११ |
| **७** | **परिच्छेद - सात : वन, वातावरण तथा विपद व्यवस्थापन** | ११६ |
| ७.१ | वन, वातावरण तथा विविधता | ११६ |
| ७.२ | वातावरण तथा फोहोर व्यवस्थापन | १२० |
| ७.३ | भू तथा जलाधार व्यवस्थापन | १२५ |
| ७.४ | विपद् व्यवस्थापन | १२९ |
| ८ | **परिच्छेद - आठ : सुशासन तथा संस्थागत विकास** | १३४ |
| ८.१ | सुशासन तथा ऐन कानुन जवाफदेहिता | १३४ |
| ८.२ | वित्तीय श्रोत परिचालन | १३८ |
| ८.३ | मानव संशाधन तथा संस्थागत विकास | १४२ |
| ८.४ | योजना व्यवस्थापन | १४६ |
| ९ | **परिच्छेद - नौ : वित्तीय व्यवस्था :** | १५२ |
| १० | **परिच्छेद - दश : नगर गौरव आयोजना** | १५६ |
| ११ | **परिच्छेद - एघार : अन्तरपालिका साझेदारी** | १५८ |
| १२ | **परिच्छेद - वाह्र : कार्यान्वयन योजना** | १६१ |
| १३ | **परिच्छेद - तेह्र : अनुगमन तथा मूल्याङ्कन** | १६३ |
| | **अनुसूचीहरु** | |
| १ | वार्षिक कार्यान्वयन कार्ययोजना | १६७ |
| २ | विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम | १६९ |
| ३ | आयोजना सूची : नगर एवं वडास्तरीय आयोजनाहरु | १७० |
| ४ | नगरपालिकाको नक्सा | २१५ |
| ५ | सहभागिहरुको उपस्थिति | २१६ |
| ६ | कार्यक्रमका फोटाहरु | |

# तालिका/ग्राफचित्र सूचि



| तालिका नम्वर | विवरण | पेज नं. |
|---|---|---|
| १ | भू-उपयोग नक्सा | १६ |
| २ | राजनीतिक नक्सा | १७ |
| ३ | जनसंख्या विवरण | १७ |
| ४ | मानव विकासको अवस्था | १९ |
| ५ | कृषि तथा पशुपंक्षी फर्म | २० |
| ६ | धार्मिक सम्पदा | २१ |
| ७ | उद्योग व्यवसायको विवरण | २२ |
| ८ | विद्यालयहरुको अवस्थिति | २३ |
| ९ | विद्यालयमा उपलब्ध सुविधाहरु | २३ |
| १० | शिक्षा क्षेत्रको अवस्था | २४ |
| ११ | स्वास्थ्य संस्थाहरुको अवस्थिति | २४ |
| १२ | स्वास्थ्य क्षेत्रको अवस्था | २५ |
| १३ | खानेपानी तथा सरसफाई क्षेत्रको अवस्था | २५ |
| १४ | खानेपानी ट्याङ्की | २६ |
| १५ | लक्षित वर्गको अवस्था | २७ |
| १६ | यातायात पूर्वाधारको अवस्था | २७ |
| १७ | गत वर्षहरुमा भएको वजेट विनियोजन | ३२ |
| १८ | आवधिक योजना समष्टिगत परिमाणात्मक लक्ष्य | ४० |
| १९ | श्रोत प्रक्षेपण | ४२ |
| २० | कृषि तथा पशुपंक्षी : मुख्य कार्यक्रम तथा आयोजना | ४६ |
| २१ | कृषि तथा पशुपंक्षी : नतिजा खाका | ४७ |
| २२ | सिंचाइ : मुख्य कार्यक्रम तथा आयोजना | ५२ |
| २३ | सिंचाइ : नतिजा खाका | ५२ |
| २४ | पर्यटन विकास : मुख्य कार्यक्रम तथा आयोजना | ५६ |
| २५ | पर्यटन विकास : नतिजा खाका | ५७ |
| २६ | उद्योग, व्यापार व्यवसाय : मुख्य कार्यक्रम तथा आयोजना | ६१ |
| २७ | उद्योग, व्यापार व्यवसाय : नतिजा खाका | ६२ |
| २८ | वैंक, वित्तीय संस्था, सहकारी : मुख्य कार्यक्रम तथा आयोजना | ६५ |
| २९ | वैंक, वित्तीय संस्था, सहकारी : नतिजा खाका | ६६ |
| ३० | श्रम तथा रोजगारी : मुख्य कार्यक्रम तथा आयोजना | ६९ |
| ३१ | श्रम तथा रोजगारी : नतिजा खाका | ६९ |
| ३२ | शिक्षा : मुख्य कार्यक्रम तथा आयोजना | ७३ |
| ३३ | शिक्षा : नतिजा खाका | ७५ |
| ३४ | आधारभूत स्वास्थ्य : मुख्य कार्यक्रम तथा आयोजना | ७८ |
| ३५ | आधारभूत स्वास्थ्य : नतिजा खाका | ८० |
| ३६ | खानेपानी तथा सरसफाई : मुख्य कार्यक्रम तथा आयोजना | ८३ |
| ३७ | खानेपानी तथा सरसफाई : नतिजा खाका | ८४ |
| ३८ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : मुख्य कार्यक्रम तथा आयोजना | ८८ |

| | | |
|---|---|---|
| ३९ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : नतिजा खाका | ८९ |
| ४० | कला भाषा साहित्य र सँस्कृति : मुख्य कार्यक्रम तथा आयोजना | ९२ |
| ४१ | कला, भाषा, साहित्य र सँस्कृति : नतिजा खाका | ९३ |
| ४२ | युवा तथा खेलकुद : मुख्य कार्यक्रम तथा आयोजना | ९६ |
| ४३ | युवा तथा खेलकुद : नतिजा खाका | ९७ |
| ४४ | सडक, यातायात तथा पुलपुलेसा : मुख्य कार्यक्रम तथा आयोजना | १०१ |
| ४५ | सडक, यातायात तथा पुलपुलेसा : नतिजा खाका | १०२ |
| ४६ | आवास शहरीकरण तथा सार्वजनिक निर्माण : मुख्य कार्यक्रम तथा आयोजना | १०६ |
| ४७ | आवास शहरीकरण तथा सार्वजनिक निर्माण : नतिजा खाका | १०६ |
| ४८ | विद्युत तथा वैकल्पिक ऊर्जा : मुख्य कार्यक्रम तथा आयोजना | १०९ |
| ४९ | विद्युत तथा वैकल्पिक ऊर्जा : नतिजा खाका | ११० |
| ५० | सूचना तथा सञ्चार प्रविधि : मुख्य कार्यक्रम तथा आयोजना | ११४ |
| ५१ | सूचना तथा सञ्चार प्रविधि : नतिजा खाका | ११४ |
| ५२ | वन तथा जैविक विविधता : मुख्य कार्यक्रम तथा आयोजना | ११८ |
| ५३ | वन तथा जैविक विविधता : नतिजा खाका | ११९ |
| ५४ | वातावरण तथा फोहोर व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजना | १२३ |
| ५५ | वातावरण तथा फोहोर व्यवस्थापन : नतिजा खाका | १२४ |
| ५६ | भू तथा जलाधार व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजना | १२७ |
| ५७ | भू तथा जलाधार व्यवस्थापन : नतिजा खाका | १२८ |
| ५८ | विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन : मुख्य कार्यक्रम तथा आयोजना | १३२ |
| ५९ | विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन : नतिजा खाका | १३३ |
| ६० | सुशासन ऐन, कानुन तथा न्यायिक सम्पादन : मुख्य कार्यक्रम तथा आयोजना | १३६ |
| ६१ | सुशासन ऐन, कानुन तथा न्यायिक सम्पादन : नतिजा खाका | १३७ |
| ६२ | वित्तीय श्रोत परिचालन : मुख्य कार्यक्रम तथा आयोजना | १४१ |
| ६३ | वित्तीय श्रोत परिचालन : नतिजा खाका | १४२ |
| ६४ | मानव संशाधन, संस्थागत विकास : मुख्य कार्यक्रम तथा आयोजना | १४५ |
| ६५ | मानव संशाधन, संस्थागत विकास : नतिजा खाका | १४६ |
| ६६ | योजना व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजना | १४९ |
| ६७ | योजना व्यवस्थापन : नतिजा खाका | १५० |
| ६८ | आन्तरिक आय प्रक्षेपण | १५३ |
| ६९ | वाह्य श्रोत प्रक्षेपण | १५४ |
| ७० | कूल श्रोत प्रक्षेपण | १५५ |
| ७१ | विषय क्षेत्रगत वजेट प्रक्षेपण | १५५ |
| ७२ | नगर गौरव आयोजना | १५६ |
| ७३ | अन्तरपालिका रणनीतिक साझेदारी : सम्भावना तथा चुनौतिहरु | १५९ |
| ७४ | सहकार्य हुन सक्ने क्षेत्रहरु | १६० |
| ७५ | आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया | १६५ |

# शव्द सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| हे | : | हेक्टर |
| गाविस | : | गाउँ विकास समिति |
| गापा | : | गाउँपालिका |
| गैसस | : | गैर सरकारी संस्था |
| उस | : | उपभोक्ता समिति |
| किमि | : | किलोमिटर |
| लि | : | लिटर |
| जिविस | : | जिल्ला विकास समिति |
| प्रवि | : | प्राथमिक विद्यालय |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| नपा | : | नगरपालिका |
| मावि | : | माध्यमिक विद्यालय |
| मे.टन | : | मेट्रिक टन |
| आलेप | : | आन्तरिक लेखा परीक्षण |
| आवि | : | आधारभूत विद्यालय |
| आव | : | आर्थिक वर्ष |
| अमु | : | अनुगमन तथा मूल्याङ्कन |
| रु | : | रुपैंयाँ |
| सासं | : | सामुदायिक संस्था |
| ससं | : | सहकारी संस्था |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित नेपालको संविधान, २०७२ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त लक्ष्यहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्ने, शोषण रहित समाजको निर्माण, राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ ।

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमाका विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहका लागि दिग्दर्शनहरु जारी भएका छन् । तिनै दिग्दर्शनका प्रावधानहरु एवं ऐन, कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि र पद्धतिहरुको पूर्ण पालना गर्दै कागेश्वरी मनोहरा नगरपालिकाले आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा भएको छ । राज्य शक्तिको बाँडफाँड तथा पुर्नसंचरनाको क्रममा स्थानीय तहको रुपमा स्थापित कागेश्वरी मनोहरा नगरपालिकावाट योजनावद्ध ढङ्गवाट नगरपालिकाको विकास गर्ने उद्देश्यले पहिलो आवधिक योजना निर्माण गरिएको छ ।

यो आवधिक नगरबिकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ का भावनाहरु सम्वोधन भएका छन् । आर्थिक बिकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो बिकास, स्थानीय साधन श्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो बिकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ । उपरोक्त पक्षहरुलाई आधार मानी कागेश्वरी मनोहरा नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य तथा रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित लगानी खाका निर्धारण भएको छ । समावेशी र सहभागितामूलक विधि, प्रक्रियाबाट तयार पारिएको यस आवधिक तथा रणनीतिक योजना मार्गचित्रलाई कागेश्वरी मनोहरा नगरपालिकाको समग्र बिकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेजको रुपमा ग्रहण गरिएको छ । यसै योजना खाका भित्र रही कागेश्वरी मनोहरा नगरपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य कागेश्वरी मनोहरा नगरपालिकाको विकास प्रयास तथा प्रक्रियाहरुलाई मार्गदर्शन गर्न नतिजामा आधारित योजनावद्ध विकासको प्रारुप तयार पार्नु रहेको छ । यसका साथै आवधिक योजना तर्जुमाका विशेष उद्देश्यहरु यसप्रकार रहेका छन् :

क) स्थानीय जनचाहना एवं आवश्यकताका आधारमा राजनीतिक दल, निजीक्षेत्र, सरकारी निकाय एवं गैरसरकारी संस्था लगायत सरोकारवालाहरुको उपस्थितिमा सहभागितामूलक विधिवाट नगरपालिकाको विद्यमान अवस्थाको लेखाजोखा, प्रगति समीक्षा, साधन श्रोतहरुको उपलब्धतालाई मनन गरी सवै पक्षहरुको सहमतिमा आवधिक योजना तर्जुमा गर्नु

ख) नेपालको संविधान २०७२ को मर्म, भावना, नेपाल सरकार एवं प्रदेश सरकारका दीर्घकालीन सोच, नीति, कार्यक्रम तथा प्राथमिकताहरु, संघ र प्रदेशवाट कार्यान्वयनमा ल्याइएका कानुन, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकारले जाहेर गरेका प्रतिवद्धताहरु, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, नेपाल सरकारवाट समय समयमा जारी गरिएका मार्गदर्शन, एवं निर्देशित सिद्धान्तहरुसंग तादात्म्यता स्थापित गर्दै नगरपालिकाको दीर्घकालीन सोच लगायत समष्टिगत लक्ष्य, उद्देश्य, एवं कार्यक्रमहरु विकास गर्नु

ग) साझा लाभका आधारमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा उपलब्ध प्राकृतिक श्रोत लगायतका साधन श्रोतहरुको सुनियोजितता एवं सुव्यवस्थित ढङ्गवाट दिगो उपयोगका लागि विकासको खाका तर्जुमा गर्नु

घ) आवधिक योजनाको आधारमा नगरपालिकाको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा वजेट लगायत विषयक्षेत्रगत योजना तर्जुमाका लागि आधार तयार पार्नु ।

## १.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र

क) नगरपालिकाको वस्तुगत अवस्था खासगरी जनसंख्या वितरण, भू-धरातलीय अवस्था, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन एवं वित्तीय व्यवस्थाको विश्लेषण गर्दै नगरपालिकाको सम्भावना तथा अवसरहरुको यकिन गर्ने

ख) नगरपालिकाको दीर्घकालीन सोच सहित योजना खाका तयार पार्ने र सोको आधारमा आवधिक लक्ष्य एवं उद्देश्यहरु निर्धारण गर्ने र त्यसका लागि रणनीति, कार्यक्रमहरु तर्जुमा एवं वित्तीय श्रोतहरुको प्रक्षेपण गर्ने

ग) संघ, प्रदेश, निजी तथा सहकारी क्षेत्र र अन्तरपालिकाहरुसंग सहकार्य, साझेदारीका क्षेत्रहरु यकिन गर्ने

घ) आवधिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको खाका तयार पार्ने

## १.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु

नेपालको संविधान २०७२ अनुसारको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवं प्रादेशिक नीति, कानुनी व्यवस्था एवं स्थानीय तहको अधिकारहरुको पृष्ठभूमिमा स्थानीय तहको बिकास योजनाको खाका तर्जुमा गर्नु पर्ने व्यवस्था छ। सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएको हुँदा त्यस्ता पक्षहरुलाई पनि आवधिक नगर बिकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्वोधन गरिएको छ। नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमश: स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, मध्यमकालीन एवं वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा तीनै तहका सरकार बीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ नगरपालिकाले योजना बनाउँदा आर्थिक बिकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो बिकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिइएको छ।

त्यसैगरी दिगो विकास लक्ष्य, राष्ट्रिय एवं प्रादेशिक र स्थानीय तहको योजनाहरु वीच अन्तरसम्वन्ध स्थापित र तादात्म्यता कायम राख्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ कार्यान्वयनमा रहेको पाइन्छ। यस अनुसार स्थानीय तहले योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगो बिकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र र तीनै तहका सरकारहरुको वीच आवधिक लक्ष्य वीच अन्तरसम्बन्ध

हुनुपर्ने उल्लेख भएको छ । त्यसैगरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा गर्दा आवधिक योजनाको आधारमा तर्जुमा गर्नुपर्ने पक्ष उल्लेख भएको छ ।

आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा मुलतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, दिगो विकास लक्ष्य स्थानीयकरण, १५औं राष्ट्रिय योजना, वागमती प्रदेशको आवधिक योजना, नेपाल सरकार एवं प्रदेश सरकारवाट जारी भएका वार्षिक नीति कार्यक्रम, निर्देशिका, मापदण्ड लगायतका दस्तावेजहरुलाई आधार मानिएको छ ।

## १.५ आवधिक योजना तर्जुमाका चरणहरु

कागेश्वरी मनोहरा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पूरा गरिएका चरणहरु यसप्रकार रहेका छन् ।

### क) पहिलो चरण : पूर्व तयारी

आवधिक नगर बिकास योजना तर्जुमालाई सफलतापूर्वक सम्पन्न गर्ने सन्दर्भमा नगरपालिकासंग विभिन्न चरणमा वैठकहरु आयोजनाहरु गरी आवश्यक निणर्यहरु गरिएका थिए । यसैक्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्रहरुमा निर्देशक समिति, विषयक्षेत्रगत समितिहरु, र समन्वय तथा सहजीकरण समिति क्रमशः नगर प्रमुख, कार्यपालिकाका सदस्यहरु र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन भएका थिए ।





### ख) दोश्रो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम

कागेश्वरी मनोहरा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा मिति २०८० असार २१ गते प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । राजनीतिक दलका प्रतिनिधि, निजीक्षेत्र, सहकारी संस्था, गैसस लगायतका स्थानीय सरोकारवालाहरुको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रममा कूल ६५ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा आवधिक योजना तर्जुमाका लागि नगरपालिका, परामर्शदाता एवं सरोकारवालाहरुको जिम्मेवारी बाँडफाँड, कार्ययोजना स्वीकृती र आवधिक योजना तर्जुमाका विधि प्रकियाका वारेमा छलफल गर्दै आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा सवैको वुझाइमा एकरुपता ल्याइएको थियो ।

### ग) तेश्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमाको क्रममा कागेश्वरी मनोहरा नगरपालिकाका अभिलेख तथा प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यस अन्तर्गत नगरपालिकाको वार्षिक नीति कार्यक्रम, आयोजना र वजेट विनियोजन, सम्पन्न आयोजनाहरु, प्रगति समीक्षा, स्वतः प्रकाशनहरु अध्ययन, विश्लेषण भएको थियो । । मूलत कागेश्वरी मनोहरा नगरपालिकाको विगत वर्षहरुमा हासिल भएका उपलव्धिहरु, अंगिकार गरिएका नीति कार्यक्रमहरुको समीक्षा गरिएको थियो । त्यसैगरी नेपालको संबिधानमा व्यवस्था भएका मौलिक हक, निर्देशक सिद्धान्तहरु, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन भएको थियो । नेपाल सरकारको तथा वाग्मती प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरुका साथै राजनीति दलका चुनाव घोषणापत्रहरु समेतको अध्ययन, एवं विश्लेषण भएको थियो ।

### घ) चौथो चरण : वडा स्तरीय कार्यशाला गोष्ठि

आवधिक योजना तर्जुमाको सन्दर्भमा कागेश्वरी मनोहरा नगरपालिकाका सवै वडाहरुमा वडास्तरीय कार्यशाला गोष्ठि सञ्चालन भएको थियो । मिति २०८० श्रावण ३ देखि श्रावण १६ गते सम्म आयोजित वडागत योजना तर्जुमा गोष्ठिमा वडा अध्यक्ष, वडा सचिव, वडा सदस्यहरु, नगरपालिकाका कर्मचारी लगायत राजनीति दलका प्रतिनिधिहरु, खानेपानी

उपभोक्ता समिति, रेडक्रस, सहकारी संस्था, टोल विकास संस्था, सामुदायिक तथा सामाजिक संस्था, महिला समुह, समाजसेवी, स्वास्थ्य चौकी, विद्यालय, खेलकुद क्षेत्रका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कूल २८२ भन्दा वढी सहभागितहरुको उपस्थितिमा वडागत रुपमा वडाहरुको वस्तुस्थिति विश्लेषण भएको थियो र सोही विश्लेषणका आधारमा आगामी ५ वर्षका लागि कार्यक्रम तथा आयोजनाहरु तर्जुमा गरिएको थियो । वडागत आयोजनाहरु कूल ५४१ वटा तर्जुमा भएका छन् । यस अन्तर्गत आर्थिक तर्फ ८४ वटा कार्यक्रम तथा आयोजनाहरु निर्माण भएका छन् भने सामाजिक क्षेत्रमा १३३ वटा, पूर्वाधारतर्फ १०८ वटा, वन वातावरणतर्फ ११८ र सुशासन क्षेत्रमा ९८ वटा कार्यक्रम तथा आयोजनाहरु निर्माण भएका छन् । यस सम्वन्धी विस्तृत जानकारी यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

**श्रोतनक्सा (जिआइएस म्याप)** : नगरपालिकाको भूउपयोग, जोखिम सम्वेदनशील क्षेत्र, प्राकृतिक श्रोत अन्तर्गत वन जङ्गल, खोला नदी, तालतलैया पोखरी तथा सीमसार क्षेत्र, साँस्कृतिक सम्पदाहरुमा मठमन्दिर, धार्मिक क्षेत्र, आर्थिक, सामाजिक तथा पूर्वाधार संरचनाहरुको अवस्था एवं सेवा केन्द्रहरुको अवस्था देखिने गरी श्रोतनक्साहरु तयार पारिएका छन् । तयार पारिएका श्रोतनक्साहरु यसै प्रतिवेदनको विभिन्न पृष्ठहरुमा उल्लेख गरिएको छ ।

### ङ) पाचौ चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

कागेश्वरी मनोहरा नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि मिति २०८० आश्विन ४ देखि ८ गते सम्म कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । नगरपालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा नगरपालिका पदाधिकारी तथा सदस्यहरु, विषयक्षेत्रगतका संयोजकहरु, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संघ संस्थाहरु, रेडक्रम, सहकारी संस्था, खानेपानी उपभोक्ता समिति, स्थानीय समाजसेवी तथा वुद्धिजीवीहरु, स्वास्थ्य संस्था, विद्यालय, खेलक्षेत्र, महिला समुहका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । आवधिक योजना गोष्ठिमा आगामी ५ वर्षको लागि समष्टिगत एवं विषयक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, आयोजना तथा कार्यक्रमहरु तर्जुमा भएका छन् । त्यसैगरी विषयक्षेत्रगत रुपमा नगरपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण गर्दै आगामी ५ वर्षका लागि कूल ३६५ वटा नगरस्तरीय योजनाहरु छनौट गरिएको थियो । यस अन्तर्गत आर्थिक विकास तर्फ ७२ वटा, सामाजिक विकास तर्फ १२१ वटा, पूर्वाधार विकास तर्फ ५० वटा, वन वातावरण तर्फ ५९ र सुशासन तथा संस्थागत तर्फ ६३ वटा रहेका छन् ।



### च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत सन्दर्भ सामाग्रीहरुको आधारमा कागेश्वरी मनोहरा नगरपालिकाको आवधिक नगर विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो । यस कममा स्थानीय तहको एकल एवं साझा अधिकार क्षेत्रका सवै विषय तथा उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिकियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो ।




### छ) सातौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम

एक वृहत कार्यक्रम आयोजना गरी मस्यौदा आवधिक योजना माथि विस्तृत रुपमा छलफल, अन्तरकिया भएको थियो । सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको कममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक नगर विकास

योजनाको मस्यौदा दस्तावेज नगर कार्यपालिका समक्ष प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**ज) आठौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन**

आवधिक योजना विभिन्न कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको कागेश्वरी मनोहरा नगरपालिकाको दीर्घकालीन सोच सहितको नगर विकास योजना दस्तावेजलाई नगरसभाबाट स्वीकृत गरिएको थियो ।

**झ) नवौ चरण : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

स्वीकृत आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याइएको छ । कार्यान्वयनका क्रममा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाले एक संयन्त्र निर्माण गरी सोहीवाट योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक योजनाको अन्तिम अवधिमा प्रभाव मूल्याङ्कन गर्ने प्रतिवद्धता समेत नगरपालिकावाट भएको छ ।

## १.६ आवधिक नगर विकास योजनाका सीमाहरु

यस आवधिक नगर बिकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन् :

क) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरेको ढाँचामा नगरपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ ।

ख) नगरपालिकावाट उपलब्ध तथ्याङ्क तथा सूचनाहरुलाई मुख्य आधार बनाइ आवधिक योजना तर्जुमा गरिएको छ । विभिन्न समयमा नगरपालिकावाट प्रकाशन भएका प्रकाशनहरुलाई समेत सूचनाको श्रोतको रुपमा ग्रहण गरिएको छ । त्यसैगरी वागमती प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७- २०८०/८१) र १५ औं राष्ट्रिय योजना ( २०७६/७७ - २०८०/८१) लाई पनि मुख्य आधार मानिएको छ ।

ग) सहभागितामूलक विधिवाट नगरपालिकाको वस्तुस्थिति विश्लेषण भएको छ र सोका आधारमा नगरपालिकाको विषयक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरिएका छन् । सोहीका आधारमा नगरगौरव, नगर एवं वडागत आयोजना तथा कार्यक्रमहरु निर्माण गरिएको छ र कार्यक्रमहरु तर्जुमा गर्दा नेपाल सरकार र वागमती प्रदेश सरकारका नीति कार्यक्रम तथा प्राथमिकतालाई मध्यनजर गरिएको छ। त्यसैगरी वित्तीय प्रक्षेपणका लागि नगरपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि अनुमान गरिएको तथा यथार्थमा प्राप्त भएको आन्तरिक आय र वाह्य श्रोतलाई आधार मानिएको छ ।

घ) आवधिक नगर बिकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको छ। यो रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तह सम्म मात्र केन्द्रीत छ ।

# परिच्छेद - दुई :
# नगरपालिकाको वस्तुस्थिति तथा उपलव्धि समीक्षा

**नामाकरण :**

कागेश्वरी र मनोहरा दुई शव्दको समायोजनवाट नगरपालिकाको नामाकरण **“कागेश्वरी मनोहरा”** भएको छ । कागेश्वरी शव्दले धार्मिक र मनोहरा शव्दले प्रकृतिलाई प्रतिनिधित्व गरेको छ । यसरी नगरपालिकाको नाममा धार्मिक र प्रकृतिको संयोजन पाइन्छ, जसले नगरपालिकाको समृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिन्छ ।

नगर पार्श्वचित्र, २०७२ अनुसार धार्मिक हिसाववाट हेर्दा, स्कन्दपुराण र स्वस्थानी व्रतकथामा कागेश्वरीलाई महादेवको रुपमा लिइएको छ । किम्वदन्ती अनुसार दानववाट समुन्द्र मन्थनको अमृत लुकाउने क्रममा यसैस्थानमा काग वनी सुरक्षित राखिएकोले कागेश्वरी भएको कथन छ भने अर्को भनाइमा महादेवको ३० औं ज्योर्तिलिङ्ग भएको सो लिङ्गमा कागले नियमित रुपमा दुध चढाउने गरेकोले कागेश्वरी भनिएको हो । कागेश्वरी महादेवको पूजा आराधनाको क्रममा हरेक वर्ष भाद्रशुक्ल अष्टमीका दिन त्यसै स्थान ठूलो मेला लाग्ने र मेलाभर्न टाढा टाढावाट मानिसहरु आउने प्रचलन यद्यपी छदैछ ।

त्यसैगरी काठमाडौ र भक्तपुर जिल्लाको सीमानामा रहेको मनोहरा खोलाले स्थानीयहरुको जनजीवनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ खासगरी कृषि क्षेत्रमा । मणिचुड (वज्रयोगिनी डाँडा) पर्वत उद्‌गम स्थल रहेको यस खोला साँखुमा पवित्र धार्मिक स्थल सालीनदीवाट चिनिन्छ । प्राचीन कालमा मडिचुड नाम गरेका राजासंग भएको नागको मणि एक दिन खोलामा खस्यो र हरायो । त्यसपश्चात यसलाई मनोहरा खोला भन्ने गरियो भन्ने अर्को भनाइ पनि पाइन्छ ।

## २.१ भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन

### ➧ भौगोलिक अवस्थिति :

विश्व मानचित्रमा कागेश्वरी मनोहरा नगरपालिकाको अवस्थिति २७°४१'२०” देखि २७°४६'३३” उत्तरी आक्षांश र ८५°२१'४५” देखि ८५°२८'१९” पूर्वी देशान्तरमा रहेको छ । समुद्री सतहवाट यस नगरपालिका करीव १२९७ मिटर देखि २२५८ मिटर सम्मको उचाइमा पर्दछ ।

### ➧ भू-उपयोग :

कागेश्वरी मनोहरा नगरपालिका कूल २८.८० वर्ग किमि भूमिमा फैलिएको छ । काठमाडौ उपत्यका विकास प्राधिकरण, २०१४ अनुसार कूल भूमिका करीव ६४.८४ प्रतिशत भूमि कृषिले ओगटेको पाइन्छ भने करीव १७.४७ प्रतिशत वन तथा जङ्गलले ढाकेको छ । त्यसैगरी आवास क्षेत्रले ओगटेको भूमि कूल क्षेत्रफलको करीव १५.१० प्रतिशत र संस्थागतले ओगटेको भूमि करीव ०.११ प्रतिशत रहेको छ । कूल क्षेत्रफलको करीव ०.२३ प्रतिशत भूमि खुल्ला तथा मनोरञ्जन क्षेत्रले ओगटेको पाइन्छ भने यातायात र पानी क्षेत्रले क्रमशः ०.५२ र ०.३७ प्रतिशत । करीव ३.३५ प्रतिशत भूमि अन्य क्षेत्रले ओगटेको छ ।

**तालिका नम्बर - ०१ : भूउपयोग नक्सा**



नगरपालिकावाट प्राप्त विवरण अनुसार पालिका क्षेत्रभित्र करीव ५७६७.७७ रोपनी सार्वजनिक जग्गा छन् । त्यसमध्ये पर्ति जग्गा मात्रै २३०८.७ रोपनी अर्थात कूल सार्वजनिक भूमिको करीव ४०.०२ प्रतिशत रहेको छ भने करीव १५.२९ प्रतिशत अर्थात ८८२.१ रोपनी जग्गा भीरपाखा तथा खोल्साखोल्सी छन् । त्यसैगरी वाटो, कुलो, धाराले कूल सार्वजनिक भूमिको करीव ८.७९ प्रतिशत अर्थात ५०७.३४ रोपनी ओगटेको छ भने नदीखोला, पोखरीले करीव १३.८४ र गौउचर तथा वगरले ४२३.४६ रोपनी अर्थात कूल सार्वजनिक भूमिको करीव ७.३४ प्रतिशत ।

### ➧ हावापानी र जलवायु तथा भिरालोपना :

उचाईका आधारमा यस नगरपालिका क्षेत्रमा उष्ण, न्यानो र ठण्डा समशितोष्ण हावापानी पाइने भए तापनि अधिकांश क्षेत्रमा न्यानो समशितोष्ण हावापानीको प्रभाव पाइन्छ । औषतमा २०° देखि २६° सेल्सियस तापक्रम रहने यस क्षेत्रमा गर्मी मौसममा ३३° र जाडोमा करीव करी १° सम्म पुग्ने गर्दछ । सामान्यतय, पौष माघ महिनामा वढी जाडो हुने र असार साउन महिनामा वढी गर्मी हुने महिनाहरुमा पर्दछन् । औषतमा करीव १२३ मिलिलिटर सम्म वर्षा हुने यस क्षेत्रमा अघिक वर्षा हुने महिनामा असार साउन पर्दछ । केन्द्रीय तथ्याङ्क अनुसार असार साउनको अवधिमा करीव ४०६ मि.मि सम्म वर्षा हुने गरेको पाइन्छ ।

भिरालोपनाका आधारमा वडा नम्वर १ को अधिकांश भूमि १६-३० डिग्री सम्मको भिरालोपना पाइन्छ । केही भागमा ११-१५ डिग्री र केही सीमित क्षेत्रमा ६-१० डिग्री सम्मको भिरालोपना पाइन्छ । त्यसैगरी वडा नम्वर २ देखि ५ सम्म अधिकांश भूमि ६-१० डिग्री सम्मको र केही क्षेत्रहरु ०-५ र ११-१५ डिग्री सम्मको भिरालो छ भने वडा नम्वर ६ देखि ९ सम्मका क्षेत्रहरु अघिकांश ०-५ डिग्री सम्मको भिरालोपना र केही भागमा ६-१० र ११-१५ डिग्री सम्मको पाइन्छ । यसरी नगरपालिकाको तल्लो भागहरु खासगरी वासस्थानका लागि उपयुक्त मानिन्छ भने माथिका क्षेत्रहरु वडा नम्वर १ र २ कृषि तथा पशुपालनका लागि उपयुक्त मानिन्छ । (स्रोत : जिआइस म्याप)

**तालिका नम्वर - ०२ : राजनीतिक नक्सा**



### ➧ राजनीतिक तथा प्रशासनिक विभाजन :

राज्य पुर्नसंरचना गर्ने क्रममा साविकका गागलफेदी, आलापोट, भद्रवास, डाँछी, मुलपानी र गोठाटार गरी ६ वटा गाविसहरुलाई समायोजन गरी कागेश्वरी मनोहरा नगरपालिका गठन गरिएको हो । यसरी प्रशासनिक हिसावले कागेश्वरी मनोहरामा ९ वटा वडाहरुको व्यवस्था गरिएको छन् । नगरपालिकाको पूर्वतर्फ शंखरापुर नगरपालिका र पूर्वी दक्षिणमा भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका र मध्यठिमी नगरपालिका पर्दछ भने पश्चिम उत्तरतर्फ गोकर्णेश्वर नगरपालिका र पश्चिम दक्षिणमा काठमाडौ महानगरपालिका अवस्थित छ । यस सम्वन्धी विवरण विवरण यसैसाथको तालिकामा उल्लेख गरिएको छ ।

निर्वाचन आयोग अनुसार संसदीय निर्वाचन प्रयोजनका आधारमा काठमाडौ जिल्लालाई संघीय प्रतिनिधि सभाका लागि १० र प्रदेश सभाका लागि २० क्षेत्र निर्धारण गरिएको छ । यस अनुसार कागेश्वरी मनोहरा नगरपालिका संघीय प्रतिनिधि सभाको निर्वाचनका लागि क्षेत्र नम्वर २ (ख) र ३ (ग) मा क्रमश: वडा ४-९ र १-३ पर्दछन् भने प्रदेश सभाका लागि वडा नम्वर ४-९ र वडा नम्वर १-३ क्रमश: क्षेत्र नम्वर २ (ख) र ३ (ग) मा पर्दछन् ।

**तालिका नम्वर ०३ : जनसंख्या विवरण**

| वडाहरु | जम्मा जनसंख्या | पुरुष | महिला | घरधुरी संख्या | क्षेत्रफल वर्ग किमि | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | ६७९५ | ३४०८ | ३३८७ | ४.१० | १०.७६ | ४.१० |
| २ | ३४४० | १७०८ | १७३२ | ४.३७ | १.४७ | ४.३७ |
| ३ | ३१९६ | १६१९ | १५७७ | ४.२४ | १.६७ | ४.२४ |
| ४ | ९५०१ | ४७६४ | ४७३७ | ४.०८ | २.५८ | ४.०८ |
| ५ | १२८४७ | ६३८६ | ६४६१ | ३.९५ | २.४ | ३.९५ |
| ६ | २५३४५ | १२४३२ | १२९१३ | ३.८८ | २.४१ | ३.८८ |
| ७ | २१५०० | १०७३७ | १०७६३ | ३.९४ | ३.०२ | ३.९४ |
| ८ | १६६६४ | ८३७६ | ८२८८ | ३.८० | १.९७ | ३.८० |
| ९ | ३११४५ | १५६०१ | १५५४४ | ३.६२ | २.३२ | ३.६२ |
| २०७८ | १३०४३३ | ६५०३१ | ६५४०२ | ३.८६ | २८.६ | ३.८६ |
| २०६८ | ६०२३७ | ३०२३३ | ३०००४ | १४३२९ | २८.६ | ४.२० |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ र २०६८

## २.२ जनसंख्या, जातजाति र धर्म

### ➧ जनसांख्यिक अवस्था :

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको कूल जनसंख्या १३०४३३ रहेको छ । यसमा महिलाको जनसंख्या ६५४०२ र पुरुषको जनसंख्या ६५०३१ छ । पुरुषको तुलनामा महिलाको जनसंख्या करीव ०.५७ प्रतिशतले वढी पाइन्छ । यसअघि राष्ट्रिय जनगणना २०६८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको कूल जनसंख्या ६०२३६ थियो । १० वर्षको अन्तरालमा नगरपालिकाको

जनसंख्या करीव ११.६५ प्रतिशलले घटेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर ७.४१ प्रतिशत रहेको छ ।

वडागत रुपमा सवैभन्दा वढी जनसंख्या भएको वडाहरुमा वडा नम्वर ९ पर्दछ । कूल जनसंख्याको करीव २३.८८ प्रतिशत जनसंख्याको वसोवास यसै वडामा पाइन्छ । त्यसैगरी कूल जनसंख्याको करीव १९.४३ प्रतिशत जनसंख्या वडा नम्वर ६ मा छ भने वडा नम्वर ७ मा १६.४८ प्रतिशत र वडा नम्वर ८ मा १२.७८ प्रतिशत । त्यसपछिको धेरै जनसंख्या भएका वडाहरुमा क्रमशः वडा नम्वर ५ र ४ पाइन्छ । कूल संख्याको करीव ९.८५ र ७.२८ प्रतिशत जनसंख्या क्रमशः यिनै वडाहरुमा छन् । सवैभन्दा न्यून जनसंख्या रहेको वडाहरुमा वडा नम्वर ३ पर्दछ । कूल संख्यामा करीव २.४५ प्रतिशत र त्यसपश्चात वडा नम्वर २ मा करीव २.६४ प्रतिशत जनसंख्याको वसोवास रहेको पाइन्छ । वडा नम्वर १ मा कूल संख्याको करीव ५.२१ प्रतिशत जनसंख्याको वसोवास पाइन्छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




उमेर समुह अनुसार सवैभन्दा वढी जनसंख्या रहेको समुहमा २५-२९ वर्ष समुह पर्दछ । यिनीहरुको जनसंख्या कूल संख्यामा करीव १०.६० प्रतिशत छ । त्यसपश्चात २०-२४ उमेर समुहको १०.२३ प्रतिशत, ३०-३४ उमेर समुहको १०.०९ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी अनुसार १५-१९ उमेर समुहको ९.१० प्रतिशत र ३५-३९ उमेर समुहको ८.८३ प्रतिशत जनसंख्या छ । ०-०४, ५-९ र १०-१४ उमेर समुहको जनसंख्या क्रमशः ७.०२, ७.८० र ७.५७ प्रतिशत छ । त्यसैगरी आर्थिक रुपमा सक्रिया जनसंख्या (१५-६४ वर्ष उमेर) ९५५०६ अर्थात कूल संख्याको करीव ७२.४६ प्रतिशत र आश्रित परिवार करीव २७.५४ प्रतिशत रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को गणनालाई ०-१४ वर्ष, १५-६४ र ६५ माथि गरी तीन भिन्न वर्गमा विभाजन गरी हेर्दा यिनीहरुको जनसंख्या कूल संख्यामा क्रमशः २२.३९, ७२.४६ र ५.१६ प्रतिशत रहेको छ ।

### ➧ घरधुरी :

वि.सं. २०७८ को जनगणना अनुसार नगरपालिकामा ३३७६४ घरधुरी छन् । वि.सं.२०६८ को जनगणना अनुसार घरधुरी संख्या १४३२९ थियो । १० वर्षको अन्तरालमा नगरपालिकामा घरधुरी संख्यामा ठूलो परिवर्तन भएको पाइन्छ, करीव १९४३५ घरधुरी थपिएको छ । वडागत रुपमा हेर्दा जनसंख्याको आकार औषतमा ३.८६ जना छन् । वडा नम्वर १-५ सम्म औषत परिवार संख्या क्रमशः ४.१०, ४.३७, ४.२४ र ४.०८ जना पाइन्छ भने वडा नम्वर ६-९ सम्म क्रमशः ३.९५, ३.८८, ३.९४, ३.८० र ३.६२ जना । यसरी सवैभन्दा वढी वडा नम्वर २ मा ४.३७ र सवैभन्दा कम वडा नम्वर ९ मा ३.६२ जना रहेको छ ।

### ➧ जातजाति र धर्म :

कागेश्वरी मनोहरा नगरपालिकामा विविध जातजातिहरुको वसोवास रहेको पाइन्छ । नगरपालिका क्षेत्रभित्र मुख्यतय क्षेत्री, व्राह्मण, नेवार, तामाङ, मगर, थारु, विश्वकर्मा, मुसलमान, शेर्पा, परियार, ठकुरी, सुनुवार, राई, गुरुङ, यादव, लगायत ७४ थरीका जातजातिहरु छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा वाह्मण, क्षेत्री, तामाङ र नेवार जातिको वाहुल्य अधिक देखिन्छ । कूल जनसंख्यामा यिनीहरुको उपस्थिति क्रमशः ३०.२४, ३०.०४, ११.९८ र ८.७२ प्रतिशत छन् । त्यसपछिको वाक्लो उपस्थिति राई, मगर, विश्वकर्मा, शेर्पा र सुनुवारको पाइन्छ । कूल संख्यामा यिनीहरुको संख्या क्रमशः २.६६, २.४५, २.२६, १.०१ र ०.६६ प्रतिशत छ भने अन्य जातजातिहरुको वसोवास न्यून संख्यामा देखिन्छ ।




धर्म अनुसार : जनसंख्या विवरण

धार्मिक आस्था अनुसार नगरपालिका क्षेत्रभित्र हिन्दु, वौद्ध, किराँत, क्रिश्चियन, प्रकृति, सिख र जैन धर्मालम्वीहरुको वसोवास रहेको पाइन्छ । संख्यात्मक हिसावमा हिन्दु धर्ममा आस्था राख्नेहरुको वाहुल्यता अधिक देखिन्छ करीव ८३.००

प्रतिशत । त्यसपश्चात वौद्ध धर्मालम्वीहरुको उपस्थिति करीव १२.४८ प्रतिशत, क्रिश्चियन धर्मालम्वीहरु करीव २.४६ प्रतिशत छ भने किराँत धर्ममा आस्था राख्नेहरुको वसोवास यस क्षेत्रमा करीव १.६२ प्रतिशत, प्रकृतिको ०.०१ प्रतिशत, सिखको ०.०१ प्रतिशत र जैन धर्ममा आस्था राख्नेहरुको उपस्थिति करीव ०.००४ प्रतिशत मात्रै । (स्रोत : राष्ट्रिय जनगणना, २०७८)

**➧ जनसंख्या वृद्धिदर :**

जनसाख्यिक विवरण अनुसार विसं. २०७८ सम्म आइपुग्दा विसं. २०६८ को तुलनामा ठूलो प्रतिशतले वृद्धि भएको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार वार्षिक जनसंख्या वृद्धिदर ७.४१ प्रतिशत रहेको छ । कागेश्वरी मनोहरा नगरपालिकामा वसोवास गर्ने मुख्य जातजातिहरुमा व्राह्मण, क्षेत्री, तामाङ र नेवार हुन् । यिनीहरुको कूल जनसंख्या विसं. २०६८ मा ५४७४० जना रहेकोमा विसं. २०७८ सम्म आइपुग्दा १०५६३५ जना पुग्यो तुलनात्मक रुपमा यस अवधिमा करीव ९२.९८ प्रतिशतले वृद्धि भएको पाइछ । त्यसैगरी जनसंख्यालाई संख्यात्मक रुपमा हेर्दा विसं. २०६८ को तुलनामा वडा नम्वर ६ मा १९७.१३ प्रतिशतले वृद्धि भएको छ भने वडा नम्वर ८ मा १८९.८१ प्रतिशत, वडा नम्वर ७ मा ११४.३४, वडा नम्वर ९ मा १२९.०१, वडा नम्वर ५ मा १०५.२६, वडा नम्वर ४ मा ९०.५२ प्रतिशतले । वडा नम्वर १, २ र ३ मा क्रमशः २२.८१, ८.९० र ३३.८४ प्रतिशतले जनसंख्या वृद्धि भएको छ । यसरी हेर्दा नगरपालिकाको माथिल्लो भागमा भन्दा तल्लो भागमा जनसंख्याको वृद्धिदर अत्याधिक पाइन्छ । यसको मुल कारण भनेको वाह्य क्षेत्रवाट भएको वसाइसराइलाई मान्न सकिन्छ ।

## २.३ गरिवी अवस्था

**➧ मानव विकास सूचकाङ्क :**

मानव विकास सूचकाङ्क प्रतिवेदन, २०२० अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.५८७ रहेको छ । यस अनुसार विश्वका सवै देशहरुको तुलनामा नेपाल अवस्थिति १४३ औं स्थानमा पर्दछ । वागमती प्रदेशको मानव विकास सूचकाङ्क औषतमा ०.६६१ रहेको छ । वागमती प्रदेशको औषत भन्दा कागेश्वरी मनोहरा नगरपालिकाको अवस्था तुलनात्मक रुपमा सुदृढ रहेको अनुमानका आधारमा यस नगरपालिकाको मानव विकास सूचकाङ्क करीव ०.६६५ हुन सक्ने अनुमान गर्न सकिन्छ । त्यसैगरी लैङ्गिक विकास नेपालको औषत सूचकाङ्क ०.९४२ रहेको छ । वागमती प्रदेशको आवधिक योजना प्रतिवेदन अनुसार प्रदेशको सूचकाङ्क औषतमा ०.९३१ छ । कागेश्वरी मनोहरा नगरपालिकाको सन्दर्भमा लैङ्गिक विकास सूचकाङ्क करीव ०.९४५ हुनसक्ने अनुमान गरिएको छ । त्यसैगरी वहुआयामिक गरिवीको दर प्रतिशत देशको २८.६ प्रतिशत र वागमती प्रदेशको १२.२ प्रतिशत रहेको सन्दर्भमा यस नगरपालिकाको करीव ११.५ प्रतिशत हुन सक्ने अनुमान गर्न सकिन्छ । निरपेक्ष गरिवीको दर देशको औषत १८.७ प्रतिशत र वागमती प्रदेशको १५.३ प्रतिशत रहेको सन्दर्भमा कागेश्वरी मनोहरा नगरपालिकाको करीव ५ प्रतिशत हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरी प्रतिव्यक्ति आय देशको औषत १०४७ अमेरिकी डलर रहेको र वागमती प्रदेशको १९१७ औषत आय अमेरिकी डलर भएकोमा यस नगरपालिकाको अमेरिकी डलरमा १९२५ रहेको अनुमान गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ संलग्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका/ग्राफचित्र : ०४ :**
**मानव बिकासको अवस्था**

| क. सं | विवरण | नेपाल | वागमती प्रदेश | कागेश्वरी मनोहरा |
|---|---|---|---|---|
| १ | मानव विकास सूचकाङ्क | ०.६०२* | ०.६६१★ | ०.६६५★★ |
| २ | लैङ्गिक विकास सूचकाङ्क | ०.९४२* | ०.९३१★ | ०.९४५★★ |
| ३ | वहु आयामिक गरिवी दर प्रतिशत | २८.६** | १२.२★ | ११.५★★ |
| ४ | निरपेक्ष गरिवी दर प्रतिशत | १८.७** | १५.३★ | ७.०★★ |
| ५ | प्रतिव्यक्ति आय अमेरिकी डलर | १०४७** | १९१७★ | १९२५★★ |

स्रोत : ★वागमती प्रदेश आवधिक योजना (२०७७-८१)
* आर्थिक सर्भेक्षण २०७९।८०
** १५औं राष्ट्रिय योजना
★★ आवधिक योजना तर्जुमा कार्यक्रम

## २.४ आर्थिक अवस्था

## ➧ कृषि तथा पशुपंक्षीपालन :

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकामा करीव १५.४ प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध छन् । नगर पार्श्वचित्र, २०७२ अनुसार खेतीयोग्य भूमि करीव २७१८ हेक्टर रहेकोमा सो मध्ये १६३६ हे. भूमिमा खेती हुँदै आएको अभिलेख पाइन्छ । हाल उपलब्ध तथ्याङ्क अनुसार यस नगरपालिकामा करीव १३१९ हे. भूमिमा मात्रै खेती हुँदै आएको छ । यसरी कृषि भूमि खण्डीकृत भई आवसीय भूमिको रुपमा रुपान्तरण हुँदै गएको देखिन्छ । कृषिका लागि नगरपालिका भित्र उपयुक्त क्षेत्र खासगरी वडा नम्वर १, २, ३ र ४ लाई लिने गरिन्छ । उपरोक्त वडाहरुमा क्रमश: २५०, ११०, ५६ र ७५ गरी कूल ४९१ हे. भूमि कृषिका लागि उपलब्ध छ ।

धान, मकै, गहुँ, कोदो, आलु, तरकारी नै यस क्षेत्रका मुख्य कृषि उपजहरु हुन् । परम्परागत प्रविधिवाट खाद्य पदार्थ उत्पादन हुँदै आएको यस क्षेत्रमा आधुनिक प्रविधि खासगरी टनेल खेतीतर्फ कृषकहरुको आकर्षण वढ्दो छ । पुष्प उत्पादन र वेमौसमी तरकारीको व्यवसायिक खेती यसका उदाहरणहरु हुन् । नगरपालिकाका वडा नम्वर १ र ३ वाहेक अन्य वडाहरुमा व्यवसायिक कृषि फर्महरु क्रियाशील भएको र संख्यात्मक रुपमा नगरपालिकामा दर्ता भएका फर्महरुको संख्या ६३ छन् । यस वाहेक वडा नम्वर ८ मा मनमुरी कृषि सहकारी संस्थाको आयोजनामा हरेक शनिवार कृषि हाटवजार सञ्चालन हुँदै आएको छ ।

**उपलब्धि :**

नगरपालिकावाट आर्थिक वर्ष २०७९/८० मा कृषि तथा पशुपालन सम्वन्धी विविध कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ । सञ्चालित कार्यक्रममा अनुदान, तालिम, राहत वितरण र कार्यक्रमहरुसंग सम्वन्धित छन् । अनुदान अन्तर्गत कृषियन्त्र उपकरण (मिनिलिटर, व्रसकटर, रिजमेकर, मेज कर्न सेलर), गहुँ विउविजन, तरकारीको उन्नत तथा हाइव्रिड, कम्पोजिटकिट, फलफुलको विरुवा (किवी, हलुवावेद, आतेओखर, जापानीज नास्पति), प्लाष्टिक घर निर्माण, कृषिचुन) नगरपालिकावाट उपलव्ध हुँदै आएको छ । त्यसैगरी कौशीखेती, च्याउ खेती, अदुवा, अलैची, वेसार र अम्रिसो खेती, पुष्प वगैचा व्यवस्थापन, विषादी व्यवस्थापन तथा न्यूनीकरण सम्वन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । कृषकहरुलाई घाँसको विउ वितरण, विपद् राहत वितरण, अवलोकन भ्रमण, गोवर परीक्षण, माटो शिविर र सामुदायिक कुकुर वन्ध्याकरण जस्ता कार्यक्रमहरु सञ्चालन भएको थियो ।

**तालिका नम्वर - ०५ :**
**क्रियाशील कृषि तथा पशुपालन फर्महरु**

| विवरण | फर्म संख्या | विवरण | फर्म संख्या |
|---|---|---|---|
| गाई फर्म | १८ | वङ्गुर फर्म | २ |
| भैसी फर्म | २ | दुध डेरी | ११ |
| वाखा फर्म | ७ | कृषि फर्म | ६३ |
| कुखुरा फर्म | १३ | पशुपालन फर्म | १४ |

स्रोत : नगरपालिका अभिलेख, २०८०

## ➧ सिंचाइ सेवा :

प्राप्त एक अभिलेख अनुसार नगरपालिकामा करीव १३१९ हे. कृषि भूमि मध्येमा करीव ६५० हे. भूमिमा सिंचाइ सेवा उपलव्ध छ । यस हिसाववाट हेर्दा कूल कृषि भूमिको करीव ४९.२७ प्रतिशत मात्रै भूमिमा नियमित सिंचाइ र वाँकी क्षेत्र आकाशेपानीमा निर्भर रहेको पाइन्छ । नगरपालिकाको दायाँ र वायाँ दुवैतर्फ वाग्मती र मनोहरा खोला भएतापनि त्यसवाट स्थानीयहरुले यथेष्ठ मात्रामा सिंचाइको लाभ लिन सकिरहेका छैनन् । वि.सं. २०२१ को नापी अनुसार वागमती नदीलाई व्यवस्थित गर्ने क्रममा सिंचाइ पक्षलाई वेवास्ता गरिदा संगै जोडिएका खेतीयोग्य भूमिहरु सिंचित हुन सकेनन् । तापनि सिंचाइका लागि नगरपालिका भित्र स-साना खोलाहरु काभ्रो खोला, मरुवा खोला, ढकाल खोला, कागेश्वरी खोला, घट्टेखोला र महादेव खोलाहरु उपयोगी हुँदै आएका छन् । नगर पार्श्वचित्र, २०७२ अनुसार गागलफेदी क्षेत्रमा ५ र आलापोट क्षेत्रमा ६ वटा सिंचाइ आयोजनाहरुवाट सिंचाइ सेवा उपलव्ध हुँदै आएको अभिलेख छ । अभिलेख अनुसार गागलफेदीमा सातघट्टे सिंचाइ, काभ्रे खोला सिंचाइ, ढकाल खोला सिंचाइ, इच्छामती सिंचाइ, सानटारी चनौटी सिंचाइ र आलापोटमा ठाडोकुलो सिंचाइ, धुलेपुल ठूलाखेत आकाशे सिंचाइ, महादेव खोला सिंचाइ, वेदी सिंचाइ, वगर सिंचाइ र खहरे सिंचाइ आयोजनाहरु सञ्चालनमा छन् । उपरोक्त सिंचाइ सेवावाट सिंचित भूमिको क्षेत्रफल यकिन हुन नसकेपनि आकाशेपानीमा निर्भर भूमिहरु पर्याप्तै छन् ।

**उपलब्धि :**

प्रधानमन्त्री रोजगार कार्यक्रम कुइकेल गाउँ सिंचाइ मर्मत, आकाशे फाँट सिंचाइ र मेन्दुक फाँट सिंचाइ मर्मत कार्यक्रम सम्पन्न भएका छन् । यसबाट सिंचाइ आयोजनाहरुको मर्मत सम्भार भएको छ र सोवाट सिंचाइ सेवा विस्तार समेत भएको छ ।

### ➧ प्रमुख वजार क्षेत्र :

वडा नम्वर १ को गागलफेदी, वडा नम्वर ४ को थली वजार नगरपालिकाको प्रमुख वजार क्षेत्रहरु हुन् । आर्थिक कारोवारको हिसाववाट उपरोक्त वजार क्षेत्रहरुवाट वारिपरीका वस्तीहरुमा सवै प्रकारका उपभोग्य लगायतका वस्तुहरुको विकी वितरणका सेवाहरु प्रदान हुँदै आएको छ । स्थानीयहरुलाई दैनिक उपभोग्य वस्तुहरु खरिदका लागि नजिकको वजार क्षेत्रमा पुग्न औषतमा १५-२० मिनेट लाग्ने गरेको छ । नगरपालिकाका मुख्य वजार क्षेत्रहरुमा खासगरी दैनिक उपभोग्य वस्तुहरु, लत्ताकपडा, निर्माणका सामाग्री, औषधी, शैक्षिक समाग्री तथा मसलन्द, खेलकुद सामाग्री, डिजिटल उपकरण लगायतका आयातित सामाग्रीहरु सहजै उपलब्ध हुँदै आएका छन् । यसप्रकारका सामाग्रीहरु सम्वन्धित कम्पनीहरुवाट सिधै तथा थोक विक्रेता मार्फत आपूर्ति हुँदै आएको छ । यसका अलवा स्थानीय उद्योग व्यवसायी तथा कृषकहरुवाट उत्पादित कृषिजन्य उत्पादनहरुमा दुध, आलु र गोलभेडाको उपलब्धता पनि पाइन्छ ।

**उपलव्धि** :

वजार क्षेत्रको विकास तथा विस्तारका लागि नगरपालिकावाट शहरी पूर्वाधारहरु खासगरी सडकहरुको मर्मत सम्भार, ढल व्यवस्था, विजुलीका पोल तथा तारहरुको व्यवस्था, खानेपानी आपूर्ति, एवं सूचना तथा सञ्चार प्रविधिहरुको व्यवस्थापनका लागि सम्वन्धित निकायहरुसंग समन्वय र सहकार्यमा विविध कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

### ➧ आयात निर्यातको अवस्था :

नगरपालिकाको निर्यात अवस्था ज्यादै दयनीय अवस्थामा रहेको पाइन्छ । स्थानीय स्तरमा आलु, तरकारी जस्ता कृषि उपज वाहेक अन्य वस्तुहरुको उत्पादन विरलै पाइन्छ । महिला उद्यमीहरुवाट गुडिया, पोते, चप्पल जस्ता वस्तुहरुको उत्पादन हुन थालेपनि ठूलो र निकासी गर्न सक्ने परिमाणमा उत्पादन हुन सकेको छैन । यसर्थ, नगरपालिका क्षेत्रभित्र आयातित उत्पादनहरुको वाहुल्यता अत्याधिक पाइन्छ ।

**उपलव्धि :**

स्थानीय कृषि उपजहरुको वजार प्रवर्द्धनका लागि नगरपालिकावाट सङ्कलन केन्द्र निर्माण सम्पन्न हुने क्रममा रहेको छ । सो पश्चात आलु एवं तरकारीको वजार प्रवर्द्धन गर्न सहज हुने सक्ने र महिला उद्यमीहरुद्वारा उत्पादित वस्तुहरुको वजार प्रवर्द्धनका लागि नगरपालिकाको नयाँ भवनमा कोशेलीघर सञ्चालन गर्ने कार्यक्रम तय भएको छ ।

### ➧ पर्यटन तथा साँस्कृति सम्पदारु :

पर्यटन प्रवर्द्धनका लागि नगरपालिका क्षेत्रभित्र धार्मिक, साँस्कृतिक सम्पदाहरु पर्याप्त मात्रामा रहेको पाइन्छ । धार्मिक क्षेत्रतर्फ मठ मन्दिरहरु मात्रै ८० भन्दा वढी रहेको अभिलेख नगरपालिका पार्श्वचित्र, २०७२ मा उल्लेख छ । कागेश्वरी महादेव, नवतनधाम, चम्पक विनायक, काष्ठभैरव, सिमतीर्थ गीता, तेजविनायक गणेश, सिद्धकाली, महाकाल भैरव, कोल्मतेश्वर, थलीवालकुमारी आदि मन्दिरहरु यस क्षेत्रका आकर्षकहरु हुन् । त्यसैगरी पाटी, पौवा एवं परम्परागत धाराहरुको संख्या ३४ वटा छन् । वौद्ध गुम्वा विहारको (महायान, पद्माई छोइलिङ, निङमा फ्योल) संख्या ३ वटा र १३ वटा चर्च मण्डलीहरु रहेका छन् । जातिय सँस्कृतितर्फ नगरपालिकामा नेवारी र तामाङ संस्कृतिको रितिरिवाज, चाडपर्व, भेषभुषाहरु पनि त्यतिकै सशक्त रहेको पाइन्छ । संख्यात्मक रुपमा जनगणना २०७८ अनुसार तामाङ र नेवार जातिहरुको वसोवास करीव २०.७० प्रतिशत रहेको छ ।

**तालिका नम्वर - ०६ : धार्मिक सम्पदाहरु**




नगरपालिकाले यस क्षेत्रलाई स्पोर्ट्स हव वनाउने सपना नगरपालिकाले वोकेको छ । मुलपानीमा अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा एकेडेमी सञ्चालनमा र गोकर्ण रिसोर्टमा अन्तर्राष्ट्रिय स्तरको गल्फ रहेको सन्दर्भमा रग्वी, भलिवल, वक्सिङ जस्ता खेलहरुका लागि पर्याप्त

खुल्ला क्षेत्र रहेकाले त्यस्ता खेलहरुका लागि आवश्यक खेल मैदानहरु निर्माण गरी खेल पर्यटनको रुपमा विकास गर्ने सोच नगरपालिकाले वनाएको छ ।

**उपलव्धि :**
पर्यटन प्रवर्द्धनका लागि तामाङ, नेवार लगायतका जातजातिहरुको सङ्ग्रहालय निर्माण गर्ने, होमस्टे सञ्चालन गर्ने, पर्यटकीय नक्सा तयार पार्ने, कागेश्वरी मन्दिरलाई धामको रुपका विकास गर्ने, साँस्कृतिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन गर्दै धार्मिक पर्यटकीय नगरीका रुपमा विकास गर्ने र खेलकुदतर्फ नगरपालिकाले विद्यालयमा खेलकुद प्रशिक्षण तथा प्रशिक्षकको व्यवस्था गर्ने क्रममा नगरपालिका रहेको छ ।

**➧ उद्योग व्यापार व्यवसाय :**
नगरपालिकामा उपलव्ध अभिलेख अनुसार नगरपालिका क्षेत्रभित्र करीव ३९८७ वटा विभिन्न उद्योग, व्यापार तथा व्यवसायहरु नगरपालिकामा दर्ता भएको पाइन्छ । यसरी दर्ता भएका व्यवसायहरुमा पसल व्यवसाय तथा स्टोरसंग सम्वन्धित १९९१ वटा, उद्योगसंग सम्वन्धित ३२४, कृषिमा आधारित ३४१, टेलरिङ, व्यूटीपार्लर तथा वुटिकसंग सम्वन्धित १२४, वैंक, वित्तीय संस्था तथा सहकारीसंग सम्वन्धित १२१, होटेल, रेष्टुरेण्ट तथा चियापसलसंग सम्वन्धित २५२, निर्माणसंग सम्वन्धित २६०, तालिम, परामर्श तथा अनुसन्धानसंग सम्वन्धित १०७, अटो तथा वर्कसपसंग सम्वन्धित ८५, शिक्षासंग सम्वन्धित ४६, स्वास्थ्यसंग सम्वन्धित ११८ र अन्य २१७ वटा छन् । त्यसैगरी नेपाल सरकारले सन् २०१८ मा गरेको औद्योगिक गणना अनुसार नगरपालिकामा ३६५१ वटा उद्योग, व्यापार व्यवसायहरु सञ्चालनमा रहेको पाइन्छ । सञ्चालित उद्योगहरुमा कृषि, वन तथा मत्स्यपालनसंग सम्वन्धित व्यवसायहरुको संख्या कूल संख्याको ०.३८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उत्पादनमूलक उद्योगहरुको संख्या करीव १३.३४ प्रतिशत र खानी, विजुली पानीआपूर्ति, ग्याँस तथा निर्माणसंग सम्बन्धित व्यवसायहरुको संख्या करीव ०.४४ प्रतिशत रहेको देखिन्छ । सवैभन्दा वढी संख्यामा थोक तथा खुद्रा व्यवसायको रहेको छ । यिनीहरु कूल संख्याको करीव ५७.१४ प्रतिशतमा रहेको र यातायात, स्टोर, सूचना तथा सञ्चारसंग सम्वन्धित व्यवसायहरुको संख्या करीव ०.१९ प्रतिशत रहेको देखिन्छ। नगरपालिका क्षेत्रभित्र होटेल रेष्टुरेण्ट तथा खाजाचिया पसलहरु कूल संख्याको करीव १८.८७ प्रतिशत छ भने वित्तीय संस्था तथा वीमा व्यवसायहरु १.०७ प्रतिशत, शिक्षासंग सम्वन्धितको संख्या १.४० प्रतिशत, र स्वास्थ्यसंग सम्बन्धित करीव ०.४४ प्रतिशत व्यवसायहरु सञ्चालन रहेको पाइन्छ । त्यसैगरी रियल स्टेट, परामर्श, प्रशासनिक, कला, मनोरञ्जन आदिसंग सम्वन्धित व्यवसायहरु कूल संख्याको ६.७४ प्रतिशत रहेको पाइन्छ। यस सम्वन्धि विस्तृत विवरण यससाथ संलग्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नम्वर - ०७ :**
**उद्योग व्यवसायको विवरण**

| उद्योग व्यवसाय | संख्या | उद्योग व्यवसाय | संख्या |
|---|---|---|---|
| कृषि, वन, मत्स्यपालन | १४ | होटेल रेष्टुरेण्ट | ६८९ |
| उत्पादनमूलक | ४८७ | वित्त, वीमा | ३९ |
| खानी, विजुली, ग्याँस, पानी, निर्माण | १६ | रियलस्टेट, प्रशासनिक, वैज्ञानिक, मनोरञ्जन कला, परामर्श आदि | २४६ |
| थोक, खुद्रा व्यवसाय | २०८६ | स्वास्थ्यसंग सम्वन्धित | १६ |
| यातायात, स्टोर सूचना तथा सञ्चार | ७ | शिक्षासंग सम्वन्धित | ५१ |

स्रोत : आर्थिक सर्भेक्षण, २०१८

उपरोक्त तथ्याङ्क अनुसार नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग व्यवसायहरुमा उत्पादनमूलक उद्योगहरुको संख्या न्यून संख्यामा रहेको देखिन्छ । कृषि तथा वनमा आधारित उद्योग व्यवसायहरुको संख्या झनै न्यून संख्यामा पाइन्छ भने सेवामूलक अन्तर्गतका होटेल, रेष्टुरेण्ट, विजुली, खानेपानी, ग्याँस, यातायात जस्ता उद्योग व्यवसायहरुको सञ्चालन पनि उल्लेख्य रुपमा रहेको पाइदैन । यसका अलवा थोक तथा खुद्रा पसलहरु उल्लेख्य मात्रामा सञ्चालनमा रहेको पाइन्छ। कृषिमा आधारित उद्योग व्यवसायहरुको दर्ता संख्यात्मक रुपमा केही वढी देखिए पनि ती सवै सञ्चालनमा नआएको कुरा उपरोक्त तथ्याङ्कवाट अवगत हुन्छ ।

**उपलव्धि :**
मेड्पा कार्यक्रम अन्तर्गत जनप्रतिनिधिहरुलाई उद्यमशीलता विकास सम्वन्धी जानकारी गराउने उद्देश्यले नगरस्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको, कार्यक्रमलाई प्रभावकारी एवं लक्षित वर्गलाई लाभान्वित गराउने सन्दर्भमा

घरधुरी सर्भेक्षण, सामाजिक श्रोत नक्सा निमार्ण र सम्पन्नताको स्तरीकरण, उद्यमशीलता तालिम प्रदान, वित्तीय साक्षरता तथा उद्यमशीलता कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी प्रविधि हस्तान्तरण अन्तर्गत वडा नम्वर ६ र ८ मा दुनाटपरी तथा फेब्रिक व्याग वनाउने मेशिन प्रदान भएको, एवं लेयर्स कुखुराका लागि दाना वितरण भएको छ भने व्यूटिपार्लर, फेब्रिक, पोतेमाला, दुनाटपरी, चप्पल वनाउने उद्यमीहरुलाई मेड्पा मोडेलमा होलिड्ग वोर्ड प्रदान भएको छ । एक सहकारी एक उत्पादन नीति अन्तर्गत वडा नम्वर २ मा सञ्चालित हरहर कृषि केन्द्र टमाटर टनेल खेतीको अवलोकन भ्रमण समेत सम्पन्न भएको छ ।

## २.५ सामाजिक अवस्था

### ➧ शिक्षा :

राष्ट्रिय जनगणना २०७८ अनुसार समग्रमा नगरपालिकाको साक्षरता दर ८८.४१ प्रतिशत रहेको छ । यसमा पुरुष साक्षरता दर ९४.०८ प्रतिशत र महिला साक्षरता दर करीव ८२.८५ प्रतिशत रहेको छ भने निरक्षरता दर करीव ११.५९ प्रतिशत । नगरपालिकाको वार्षिक शैक्षिक गतिविधि प्रतिवेदन अनुसार साक्षरता दर ९०.९ प्रतिशत रहेको छ ।

तालिका नम्वर - ०८ : विद्यालयहरुको अवस्थिति




उपलब्ध तथ्याङ्क अनुसार प्रारम्भिक वालविकास केन्द्र सामुदायिक २३ वटा र संस्थागत १६ गरी जम्मा ३७ वटा केन्द्रहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी आधारभूत तह (१-५) सम्मको अध्यपन हुने विद्यालयहरु संस्थागततर्फ १५ र सामुदायिकतर्फ ५ वटा रहेको आधारभूत तह (१-८) सम्मको सामुदायिकतर्फ २ र संस्थागत तर्फ ९ वटा रहेका छन् । माध्यामिक तह (१-१०) सम्मका विद्यालयहरु सामुदायिक १ र संस्थागत ३१ वटा र उच्च माध्यामिक तह (१-१२) सम्मका विद्यालयहरु सामुदायिक तर्फ ७ वटा संस्थागत तर्फ ९ वटा गरी कूल नगरपालिका क्षेत्रभित्र विद्यालयहरुको संख्या ७९ वटा रहेका छन् । यस अनुसार सामुदायिक तर्फका १५ वटा र संस्थागत तर्फका ६४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी नगरपालिकाले गृहणी विद्यालय (कक्षा १०) को संख्या १, धार्मिक विद्यालय १ वटा, सामुदायिक सिकाइ केन्द्र १ वटा, नमूना विद्यालय संघीय र प्रदेशको १-१ वटा, प्राविधिक विद्यालय २ वटा र पोलिटेक्निकल इष्टिच्युट १ वटा र ३ वटा कलेज सञ्चालनमा रहेका छन् ।

तालिका नम्वर - ०९ : विद्यालयहरुमा उपलव्ध सुविधाहरु

| क्र. सं. | विद्यालयको नाम | कक्षा कोठाको पर्याप्तता | डेक्स वेन्च | खेल मैदान | Was सुविधा सहितको शौचालय | ICT Lab | Computer Lab | Science Lab | CCTV को अवस्था | Internet को अवस्था | E–Attendance | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | आर्दश मा.वि. | क | ख | ख | ग | ख | ख | ख | घ | ख | क | ७२.५ |
| 2 | आनन्द मा.वि. | ग | ग | ग | ख | ख | ख | क | घ | ख | क | ६७.५ |
| 3 | कान्ति भैरव मा.वि. | क | क | क | क | ख | ख | ख | क | ख | क | ९० |
| 4 | गागल फेदी हर्ष मा.वि. | क | घ | क | घ | ग | घ | घ | घ | घ | घ | ४२.५ |
| 5 | गान्धी मा.वि. | ख | ख | ख | ख | ख | ख | ग | ग | ख | क | ७० |
| 6 | चम्पकविनायक आ.वि. | ग | ग | घ | घ | घ | घ | घ | घ | ख | क | ४२.५ |
| 7 | चलन्टार आ.वि. | ग | ग | घ | घ | घ | घ | घ | घ | ख | क | ४२.५ |
| 8 | चौलनारायण मा.वि. | ख | ग | घ | घ | घ | घ | घ | घ | ख | क | ४५ |
| 9 | तेज विनायक मा.वि. | क | ख | क | ख | ग | ग | ग | ग | ख | क | ७२.५ |
| 10 | नाथेश्वरी आ.वि. | ग | ग | ग | ग | ग | घ | घ | घ | ख | क | ५० |
| 11 | नेपाल रा.वि.मा.वि. | ख | ख | ग | ख | ख | ख | घ | घ | ख | क | ६५ |
| 12 | वाल उद्धार मा.वि. | ग | ग | घ | ग | ग | ग | घ | घ | ख | क | ५० |
| 13 | मणिलिङ्गेश्वर आ.वि. | ख | ख | घ | ग | ग | ग | घ | घ | ख | क | ५५ |
| 14 | वाल राष्ट्रिय आ.वि. | ग | ग | घ | ग | ग | ग | घ | घ | ख | क | ५० |
| 15 | वालविकास मा.वि. | ख | ख | ग | ग | ग | ग | घ | घ | ख | क | ५७.५ |
| 16 | सिद्धि गणेश मा.वि. | ख | ख | ग | ग | ग | ग | ग | ग | ख | क | ६२.५ |

स्रोत: नगरपालिका अभिलेख, २०८०

सामुदायिक विद्यालयमा भौतिक सुविधाहरुको उपलव्धता सम्वन्धमा भएको एक अध्ययन अनुसार कान्ति भैरव माविको अवस्था तुलनात्मक रुपमा राम्रो देखिन्छ । विद्यालयहरुमा कक्षाकोठाको उपलव्धता, डेक्स वेञ्चको उपलव्धता, खेलमैदान शौचालय सहितको खानेपानी तथा सरसफाइ, सिसिक्यामरा र इ-हाजिरीको व्यवस्था पनि अति उत्तम अवस्थामा रहेको पाइन्छ भने आइसिटी ल्याव, कम्प्युटर ल्याव, र इण्टरनेटको अवस्था उत्तम अवस्थामा देखिन्छ । त्यसैगरी आदर्श मावि र तेजविनायक माविको अवस्था एउटै स्तरमा रहेको र आनन्द मावि, नेपाल रावि मावि र सिद्धिगणेश माविको अवस्था केही फरक भएपनि करीव करीव एकै स्तरमा रहेको देखिन्छ । गागलफेदी हर्ष मावि, चम्पक विनायक आवि चलन्टार आवि र चौलानारायण माविको अवस्था पनि एकै प्रकारको र अन्य विद्यालयहरुको तुलनामा न्यून तथा कमजोर अवस्थामा रहेको पाइन्छ । नाथेश्वरी आवि, वालउद्धार मावि र वाल राष्ट्रिय आविमा भौतिक सुविधाको अवस्था एकै प्रकारको रहेको देखिन्छ । यस सम्वन्धी विस्तृत विवरण यसप्रकार उल्लेख गरिएको छ ।

**तालिका नम्वर - १० :**
**शिक्षा क्षेत्रको अवस्था**

| विवरण | इकाइ | अवस्था |
|---|---|---|
| साक्षरता दर | प्रतिशत | ८८.४१ |
| प्रारम्भिक वाल विकास केन्द्र ( सामुदायिक/संस्थागत) | संख्या | २३/१६ |
| विद्यालय संख्या (सामुदायिक/संस्थागत) | संख्या | १५/६४ |
| प्राविधिक शिक्षालय (पोलिक्लिनिक सहित) | संख्या | ३ |
| क्याम्पस तथा कलेज | संख्या | ३ |

स्रोत : नगरपालिका अभिलेख, २०८०

**उपलब्धि :**

विद्यालयमा शिक्षक व्यवस्थापन, वालविकास केन्द्रमा सहजकर्ता नियुक्ति, सट्टा शिक्षक व्यवस्थापनका लागि खर्च, विद्यालयमा आयाको नियुक्ति, नगरपालिकाको आन्तरिक आयवाट व्यवस्था हुनेगरी आनन्द भैरव मावि, नेपाल राष्ट्रिय मावि, आदर्श मावि, र कान्ति भैरव माविमा शिक्षक नियुक्ति प्रकियामा, विद्यालयका कर्मचारीहरुलाई थप पारिश्रमिक, विद्यालय निरीक्षण, प्रधानाध्यापकहरुको वैठक, सामुदायिक विद्यालयहरुमा उच्च गतिको इण्टरनेट व्यवस्था, विद्यालय शैक्षिक क्यालेण्डर निर्माण तथा प्रकाशन, वार्षिक कार्यक्रमको प्रविधीकरण सम्वन्धी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस कार्यक्रम, एकीकृत पाठ्याक्रम कार्यान्वयन एवं मूल्याङ्कन सम्वन्धी पुर्नताजगी तालिम कार्यक्रम, वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन, विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन, IEMIS तालिम सञ्चालन, वार्षिक शैक्षिक स्थिति प्रतिवेदन प्रकाशन, वालविकास केन्द्रका स.का.हरुका लागि क्षमता विकास तालिम कार्यक्रम, विद्यालय खेलकुद कार्यक्रम, विद्यालय प्रशासन तथा लेखा व्यवस्थापन सम्वन्धी तालिम कार्यक्रम, शैक्षिक सामाग्री व्यवस्थापनका लागि निकासा, स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन सम्वन्धी शिक्षा विकास तथा समन्वय इकाइ सहितको वैठक, सामुदायिक विद्यालय शिक्षक तथा कर्मचारीका लागि खाजा भत्ता व्यवस्था, सामुदायिक क्याम्पसको शैक्षिक सुधार कार्यक्रमका लागि अनुदान व्यवस्था, SEE मा सर्वोत्तकृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालय एवं विद्यार्थीहरुलाई पुरस्कार, वाल उद्धार मावि लाई पोशाक व्यवस्था लगायतका कार्यक्रमहरु सम्पन्न भएका थिए ।

- **स्वास्थ्य :**

नगरपालिका क्षेत्रभित्र विभिन्न ५ स्थानहरु गागलफेदी, भद्रवास, आलापोट, डाँछी र गोठाटारमा १-१ वटा स्वास्थ्य चौकीहरु कियाशील छन् र मुलपानीमा प्राथमिक स्वास्थ्य केन्द्र १ वटा सञ्चालनमा रहेको छ । त्यसैगरी नगरपालिका ३ वटा शहरी स्वास्थ्य केन्द्रहरुले प्रारम्भिक स्वास्थ्य सेवाहरु प्रदान गर्दै आएका छन् । यसरी नगरपालिका क्षेत्रभित्र जम्मा ९ वटा स्वास्थ्य संस्थाहरु कियाशीलमा छन् भने २ स्थानमा वर्थिङ सेवा उपलव्ध छ । नगरपलिकाको विभिन्न २२ स्थानमा खोप क्लिनिक र ११ वटा गाउँघर क्लिनिकहरु सञ्चालनमा छन् । आयुर्वेदिक तर्फ नगरपालिकामा आयुर्वेदिक चिकित्सालय सञ्चालनमा रहेको छ । वडा नं. १ अन्तर्गतको दुर्गम वस्तिमा १ शहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा आउने प्रकृयामा रहेको पाइन्छ ।

**तालिका नम्वर - ११ : स्वास्थ्य संस्थाको अवस्थिति**



नगर पार्श्वचित्र, २०७२ अनुसार मुलपानी प्राथमिक स्वास्थ्य केन्द्रमा ११ जना, गागलफेदी स्वास्थ्य चौकीमा ७ जना, भद्रवास स्वास्थ्य चौकीमा ६ जना, आलापोट स्वास्थ्य चौकीमा ७ जना

डाँछी स्वास्थ्य चौकीमा ५ जना र गोठाचार स्वास्थ्य चौकीमा ७ जना गरी कूल ४३ जना जनशक्तिको दरवन्दी व्यवस्था छ । स्वास्थ्य चौकीहरुमा सि.अहेव, अहेव, अनमी र कार्यालय सहयोग रहने व्यवस्था मिलाइएको छ भने प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत, ल्याव असिष्टेण्ट, स्टाफ नर्स, सि.अहेव, अहेव, अनमी र कार्यालय सहयोगी रहने व्यवस्था गरिएको छ ।

दरवन्दी अनुसार जनशक्ति व्यवस्था भएमा प्रति एक डाक्टरले १३०४३३ जनसंख्यालाई र प्रति एक अहेव (हे.अ, सिअहेव सहित) ले करीव ८१५२ जना जनसंख्यालाई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने देखिन्छ । सामान्यतय, नगरपालिका स्तरीय स्वास्थ्य संस्थाहरुवाट परिवार नियोजन, सुरक्षित मातृत्व, पोषण, खोपसेवा, झाडापखला रोकथाम तथा नियन्त्रण, क्षय तथा कुष्ठरोग, औलो तथा कालाजर, गाउँघर क्लिनिक जस्ता सेवाहरु प्रदान हुने भएकाले विशिष्ट स्वास्थ्य सेवा, नसर्ने तर प्राणघातक रोगहरुको औषधोपचारका लागि नजिकका अस्पतालहरुमा जानुपर्ने देखिन्छ । यस सन्दर्भमा काठमाडौ उपत्यका भित्र उपलब्ध स्वास्थ्य सेवाहरु सहजै उपलब्ध हुनसक्ने भएकोले तुलनात्मक लाभ प्राप्त हुँदै आएको छ ।

**तालिका नम्वर - १२ :**
**स्वास्थ्य क्षेत्रको अवस्था**

| विवरण | संख्या |
|---|---|
| ➧ नगर अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| ➧ स्वास्थ्य चौकी | ५ |
| ➧ प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| ➧ वर्थिङ सेवा उपलब्ध केन्द्र | २ |
| ➧ आयुर्वेदिक चिकित्सालय | १ |
| ➧ खोप केन्द्र | २२ |
| ➧ गाउँघर क्लिनिक | ११ |
| ➧ स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति (दरवन्दी अनुसार) | ४३ |

स्रोत : नगरपालिका अभिलेख, २०८०

**उपलव्धि :**

आर्थिक वर्ष २०७९।८० मा नगरपालिकाले स्वास्थ्य सेवा अन्तर्गत विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ । सम्पन्न भएका कार्यक्रमहरुमा स्वास्थ्यकर्मिहरुलाई वृहत पोषण प्योकज क्षमता अभिवृद्धि, क्षयरोगको समीक्षा तथा दिवस, प्रजनन् रुग्णता स्वास्थ्य सेवा तथा महिला स्वास्थ्य शिविर एवं अन्तरक्रिया, Motherhood and Newborn Health (MNH) Road map, Antenatal to Postnatal continuum care, तथा स्थलगत अनुशिक्षण कार्यक्रम, वर्थिङ स्थलगत अनुशिक्षण, प्रजनन स्वास्थ्य कार्यक्रम via camp, सुरक्षित गर्भपतन सेवा व्यवस्थापन, डेंगु नियन्त्रण लार्भा खोजी तथा नष्ट तथा सचेतना कार्यक्रम, मेयरसंग ज्येष्ठ नागरिक विशेषज्ञ सेवा कार्यक्रम, विद्यार्थीहरुको स्वास्थ्य परीक्षण शिविर, Lce Lined Refrigetor खरिद, IP तालिम, आयुर्वेद सम्वन्धी विभिन्न दिवसहरु, स्तनपाई आमाहरुका लागि जडीवुटीजन्य औषधी वितरण, शहरी गाउँघर आयुर्वेद सेवा र अत्यावश्यक आयुर्वेदिक औषधी खरिद, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली तालिम सञ्चालन र प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम, नियमित खोप सुदृढीकरण, पूर्णखोप सुनिश्चितता र दिगोपनाका लागि सुक्ष्म योजना, सरसफाई प्रवर्द्धन प्याकेज पुर्नताजगी, पूर्णखोप नगरपालिका सुनिश्चितका लागि कार्यक्रम, महिला सामुदायिक स्वयं सेविकाको वृहत पोषण प्याकेज क्षमता अभिवृद्धि, स्वास्थ्य संस्थाहरुको निरीक्षण तथा अनुगमन, राष्ट्रिय भिटामिन ए कार्यक्रम, आँखा नाक कान घाँटी तथा मुखको स्वास्थ्य सम्वन्धी अभिमुखीकरण, रेविज तथा डाइवेटिज दिवस जस्ता कार्यक्रमहरु रहेका छन् ।

### ➧ खानेपानी तथा सरसफाई :

डाँछी भद्रवास, भैमाल, कागेश्वरी तथा काँडाघारी खानेपानी आयोजना यस नगरपालिकाका ठूला खानेपानी आयोजना हुन् । डाँछी भद्रवासबाट वडा नं ३, ४, र ५ का करीव ४००० घरधुरीलाई खानेपानीको आवश्यकता पूरा हुँदै आएको छ । त्यसैगरी वडा नम्वर २ मा पर्ने अँधेरी खोला र सिम्पानी महादेव खोलावाट व्यवस्था गरिएको आलापोट खानेपानीवाट करीव ७५० घरधुरीहरु लाभान्वित भएको पाइन्छ भने वडा नम्वर ४ मा सिंखडा गाउँ (विचारी डाँडा) खानेपानी आयोजना र वडा नम्वर ५ मा जलकाली खानेपानी आयोजना सञ्चालनमा छन् । वडा नम्वर १ मा सातघट्टे खानेपानी उपभोक्ता समिति, गागलफेदी खानेपानी, भोर्लेटार खानेपानी, गागल खानेपानी, कुइकेल खानेपानी र अधिकारी खानेपानी आयोजनाहरु पनि क्रियाशीलमा छन् । वाग्मती नदी, कागेश्वरी खोला, काभ्रेखोला, मरुवाखोला, ढकालखोला, कागेश्वरीखोला, घट्टेखोला, महादेवखोलाहरु यस क्षेत्रका जलश्रोतहरु हुन् जसलाई खोलाहरुलाई व्यवस्थित ढङ्गवाट परिचालन हुन सकेमा खानेपानीको समस्यालाई धेरै हदसम्म

**तालिका नम्वर - १३ :**
खानेपानी तथा सरसफाइ क्षेत्रको अवस्था

| विवरण | घरधुरी संख्या |
|---|---|
| पाइपलाइनको निजीधारा भएको | ९६४१ |
| सुरक्षित खोपानी उपभोग गर्ने | ३०६०१ |
| असुरक्षित खानेपानी उपभोग गर्ने | ३१६३ |
| ढल सहितको शौचालय | १३१७० |
| सार्वजनिक शौचालय | ३१ |
| शौचालय विहिन | ६० |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

न्यूनीकरण गर्न सकिने छ । वाह्य क्षेत्रवाट नगरपालिका क्षेत्रमा वसाइसराइ वढ्दो दरमा रहेको सन्दर्भमा खानेपानीको मागलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिने सम्भावना देखिन्छ । गोठाटार र मुलपानी क्षेत्रमा खानेपानीको समस्या यद्यपी छदैछ । विश्व स्वास्थ्य संगठन अनुसार प्रतिघरधुरी प्रतिदिन ११२-१५० लिटर पानी उपभोग गर्नुपर्नेमा काठमाडौ उपत्यकामा सुक्खायाममा ७० र वर्षायाममा ८५ लिटर मात्रै उपभोग हुन सकेको सन्दर्भमा खानेपानीको आपूर्तिलाई अझै प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल घरधुरी ३३७६४ मध्ये करीव २८.६७ प्रतिशत घरधुरीमा पाइपलाइनको निजीधारा जडान भएका छन् । यस अनुसार अझैपनि करीव ७१.३३ प्रतिशत घरधुरीमा खानेपानीको निजी धारा उपलव्ध हुन वाँकी रहेको देखिन्छ । त्यसैगरी पाइपलानइन भएको सार्वजनिक धारावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या करीव ८.४४ प्रतिशत रहेको र करीव ६.४१ प्रतिशत घरधुरीले ट्युवेल तथा हातेपम्पवाट खानेपानी उपभोग गर्ने गरेको पाइन्छ । खुरक्षित कुवा इनारवाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या करीव ६.६५ रहेको र २.६९ प्रतिशत घरधुरीले नछोपिएको तथा खुल्ला कुवा इनारवाट खानेपानी उपभोग गर्ने गरेका छन् भने ढुङ्गेधाराको पानी प्रयोग गर्ने घरधुरीको संख्या करीव ५.६९ प्रतिशत रहेको पाइन्छ । करीव ४१.४९ प्रतिशत घरधुरीले वोटल, जारको खानेपानी प्रयोग गर्ने गरेका छन् ।

त्यसैगरी शौचालय तर्फ राष्ट्रिय जनगणना २०७८ अनुसार करीव ९९.८२ प्रतिशत घरधुरीमा शौचालयको सुविधा उपलव्ध भएको पाइन्छ भने करीव ०.१८ प्रतिशत घरधुरीमा अझै पनि शौचालयको व्यवस्था हुन सकेको देखिदैन । ढल सहितको फ्लस शौचालय भएको घरधुरी संख्या करीव ३९.०१ प्रतिशत रहेको र ५०.१६ प्रतिशत घरधुरीमा सेफ्टिट्याङ्की सहितको शौचालय रहेको पाइन्छ भने करीव १०.५६ प्रतिशत घरधुरीमा खाल्टे शौचालय रहेको छ । त्यसैगरी नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुमा कूल ३१ वटा सार्वजनिक शौचालयहरु सञ्चालनमा छन् ।

**उपलव्धि :**

आर्थिक वर्ष २०७९।८० मा नगरपालिकावाट ४३.४५ किमि लामो खानेपानीको पाइप विछ्याउने कार्य सम्पन्न भएको छ । उपभोक्ता समिति मार्फत वडा नम्वर १ मा १०२ मिटर लामो पाइप लाइन, ढुङ्गेधारा, वडा नम्वर २ मा खानेपानी ट्याङ्की, वडा नम्वर ४ मा २ वटा धारा तथा कुवा मर्मत, वडा नम्वर ५ मा फिल्टर प्लाण्ट र कुवा मर्मत, वडा नम्वर ६ मा ३४५० मिटरको पाइपलाइन र ३ वटा खानेपानी वोरिङ, वडा नम्वर ७ मा १ वटा खानेपानी वोरिङ, ३ वटा ढुङ्गेधारा र वडा नम्वर ९ मा २ वटा खानेपानी वोरिङ, १ वटा कुवा मर्मत र २ वटा पम्प हौस निर्माण भएका छन् ।  त्यसैगरी २२० घनमिटर पानी जम्मा हुन सक्ने खानेपानी ट्याङ्की पनि निर्माण भएको छ । संघीय सरकार, नगरपालिका र स्थानीय उपभोक्ताको संयुक्त लागत सहभागितामा वृहत डाँछी भद्रवास खानेपानी आयोजना निर्माण सम्पन्न भई कार्यान्वयनमा आएको छ भने गोठाटार भैमाल खानेपानी आयोजना सञ्चालनमा प्रक्रियामा रहेको छ ।

**तालिका नम्वर - १४ : खानेपानी ट्याङ्की**



### ➧ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

नगरसभामा महिला प्रतिनिधिहरुको उपस्थिति करीव ४० प्रतिशत रहेको छ । यसरी प्रतिनिधित्व गर्ने जनजाति तथा दलित महिलाहरुमा तामाङ, सुनार, नगरकोटी, लोहार, नेपाली, मग्रान्ती र पुर्कुटी रहेका छन् । कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । नगरपालिका क्षेत्रभित्र सवै वडाहरुमा आमा र महिला समूहहरु कियाशील छन् ।

नगरपालिकामा अन्तरपार्टी महिला सञ्जाल स्थापित हुन सकेको छैन । आमा समूह तथा महिला सञ्जालहरु र महिला सहकारी संस्थाहरु कियाशील छन् । त्यसैगरी नगरपालिका क्षेत्रका महिलाहरु कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ जस्ता प्राविधिक क्षेत्रमा कार्यरत छन् । महिलाहरुको प्रतिनिधित्व कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी

उपभोक्त समितिहरुमा पनि हुँदै आएको छ भने महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु सञ्चालन हुँदै आएको पाइन्छ ।

**उपलब्धि :**

अन्तर्राष्ट्रिय महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान, महिला समुह तथा सहकारी संस्थाका सदस्यहरुको क्षमता विकास कार्यक्रम, नेतृत्व विकास तालिम कार्यक्रम, नगर स्तरीय लैङ्गिक समानता तथा समता र लैङ्गिक मूल प्रवाहीकरण सम्वन्धी सचेतना कार्यक्रम, अपाङ्गत भएका दलित जनजातिका लागि लोकसेवा आयोग तयारी कक्षा तालिम, वाल अधिकार दिवस, एसइइ परीक्षामा उत्तिर्ण अपाङ्गता भएका वालवालिकालाई सम्मान तथा पुरस्कार वितरण, अभिभावक शिक्षक र विद्यार्थीसंग अन्तरक्रिया कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुलाई हस्तकला तालिम, तथा परिचयपत्र वितरणका लागि घरदैलो कार्यक्रम, ग र घ वर्गका अपाङ्गत भएका व्यक्तिलाई चाडपर्व खर्च वितरण, नगरपालिका र वडा स्तरीय ज्येष्ठ नागरिक समिति गठन एवं दिवा सेवा केन्द्र सञ्चालन, वालश्रम, वालविवाह, वहु विवाह, दाइजो प्रथा, घरेलु हिंसा, महिला हिंसा, जातीय भेदभाव जस्ता सामाजिक कुरीति विरुद्ध जनचेतनामूलक फ्लेक्स निर्माण गरी विभिन्न सार्वजनिक संस्थाहरुमा टाँस, वालअधिकार, सामाजिक व्यवहार, सँस्कार हस्तान्तरण, शारीरिक तथा मानसिक दण्ड तथा प्रभावका वारेमा विद्यालय शिक्षक र अभिभावकहरु वीच अन्तरक्रिया कार्यक्रम, वालगृह तथा व्यवस्थापन सम्वन्धी वालगृह सञ्चालकहरुसंग अन्तरक्रिया कार्यक्रम, वालगृह अनुगमन तथा नियमन जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन् ।

**तालिका नम्वर - १५ :**
लक्षित वर्गको अवस्था

| विवरण | संख्या |
|---|---|
| नगर सभामा महिला प्रतिनिधित्व (प्रतिशतमा) | ४० |
| लक्षित वर्गमा वजेट चालु आवमा वजेट विनियोजन (प्रतिशतमा) आव २०७९।८० | ०.९२ |
| लैङ्गिक हिंसा निवारण कोषमा रकम रु. (लाखमा) आव २०७९।८० मा विनियोजन | १.० |

स्रोत : नगरपालिकाको अभिलेख, २०८०

## २.६ पूर्वाधारको अवस्था

### ➧ सडक तथा यातायात :

**सडक :** नगरपालिकावाट उपलब्ध तथ्याङ्क अनुसार पालिका क्षेत्रभित्र कूल २७१.८ किमि लम्वाइका सडक खण्डहरु निर्माण सम्पन्न भएका छन् । यसरी निर्माण भएका सडकहरु मध्ये कूल सडक खण्डको कालोपत्र गरिएको सडकको लम्वाइ करीव २३.०४ प्रतिशत रहेको छ भने ग्राभेलको लम्वाइ करीव २४.८७ प्रतिशत र कच्ची सडकको लम्वाइ करीव ५२.०९ प्रतिशत । यस अनुसार कूल सडक खण्डको करीव ५० प्रतिशत भन्दा वढी सडकहरु धुले सडक कालोपत्रे गर्नुपर्ने देखिन्छ ।

सडक यातायातमा जोरपाटी-साँखु सडक खण्ड (पुष्पलाल मार्ग) ले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । जोरपाटी, वौद्ध, चावहिल, रत्नपार्क एवं साँखु सम्म आवतजावत र दैनिक उपभोगका सामानहरु, स्थानीय उपजहरुलाई वजार सम्म पुऱ्याउन यही सडक खण्ड उपयोग हुँदै आएको छ । मेलाम्ची सम्म पुग्ने यस सडक खण्ड कागेश्वरी मनोहरा (नोर्लिङ होटेल देखि महादेव खोला पुल) दक्षिण-पूर्व भई (करीव ४.८ किमि लम्वाइ) साँखुतर्फ गएको छ । यही सडकलाई मुख्य आधार मानी यसको उत्तरतर्फ र दक्षिणतर्फ साना ठूलो सडकहरु निर्माण भएका छन् । सडकको उत्तरतर्फ डाँछी, भद्रवास, आलापोट, गागलफेदी क्षेत्रहरु र दक्षिणतर्फ मुलपानी र गोठाटार क्षेत्रहरु जोडिएका छन् ।

**तालिका नम्वर - १६ :**
यातायात पूर्वाधारको अवस्था

| क.सं | विवरण | एकाई | लम्वाइ |
|---|---|---|---|
| १ | पिच सडक | कि.मि. | ६२.६२ |
| २ | ग्राभेल सडक | कि.मि. | ६७.६१ |
| ३ | धुले सडक | कि.मि. | १४१.५७ |
| ४ | सडकले नजोडिएका वस्ती | संख्या | – |
| ५ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घर परिवार | प्रतिशत | ३३७६४ |
| ६ | पक्की पिच सडक सम्म पुग्न लाग्ने समय (अधिकतम) | घण्टा | ०.१० |

स्रोत : नगरपालिका अभिलेख, २०८०

कागेश्वरी मनोहराको सडक सञ्जाल गोर्णेश्वर नगरपालिकासंग विभिन्न ६ स्थानहरु (कागेश्वरी मन्दिरवाट भण्डारीवजार, कोशी मिनरल वाटरवाट भण्डारी वजार, मेलाम्ची वाटर सप्लाइ ट्रिडमेण्ट प्लाण्ट तथा रिजर्भ वाट सुन्दरीजल चिसापानी सडक, भद्रवास वरालटोल वाट एभरेष्ट फ्लोरिकल्चर हाउस, शिवभक्ति सुन्दरीजल मन्दिरवाट विपि पुल, कोल्माटेश्वर मन्दिरवाट नेपाल कृषि टेक कुखुरा फर्म) जोडिएको छ भने शंखरापुर नगरपालिकासंग विभिन्न ४ स्थानहरुवाट (पादमाई छोइलिङ

स्कूलवाट वज्रयोगिनी मणिचुड स्टाचु वुद्ध, ट्रङक्विल शान्तिपाठशालावाट साल्खा, सुवेदीगाउँवाट वराही मन्दिर सानागाउँ, गागलफेदी निम्म माध्यामिक विद्यालयवाट वराही मन्दिर) जोडिएको छ। त्यसैगरी चाँगुनारायण नगरपालिकासंग विभिन्न २ स्थान (मुलपानी साँखु सडक वाट चाँगुनारायण पुल, मुलपानी मनोहरा पुलवाट एनआइइसि इन्जिनियरिङ कलेज) वाट जोडिएको छ भने मध्यपुर ठिमिसंग विभिन्न ३ स्थान (मनोहरापुल कार्की खाजाघरवाट वोडे, मनोहराघाँटवाट वोडे र पुरानो सिनामंगल) वाट जोडिएको छ । यसैगरी गोठाटार र मुलपानीका विभिन्न स्थानहरुवाट काठमाडौ महानगरपालिकासंग जोडिएको छ ।

**यातायात :** काठमाडौको रत्नपार्क देखि सञ्चालित सार्वजनिक यातायातहरु नगरपालिकाको विभिन्न क्षेत्रहरुमा पुग्ने गरेको छ। रत्नपार्क देखि गागलफेदी सम्म, रत्नपार्क देखि साँखु सम्म, पेप्सीकोला देखि मुलपानी क्रिकेट स्टेडियम हुँदै चावहिलतर्फ सार्वजनिक यातायात खासगरी वस सेवाहरु सञ्चालनमा रहेको पाइन्छ। नगरपालिकाको सवै वस्तीहरु सार्वजनिक सेवावाट लाभान्वित हुँदै आएका छन्। नगरपालिकाको दक्षिण क्षेत्र (मुलपानी र गोठाटार) को तुलनामा उत्तरतर्फका वस्तीहरु गागलफेदी, आलापोट, भद्रवास र डाँछी क्षेत्रमा सार्वजनिक यातायातहरु प्रभावकारी हुन सकेको पाइदैन। गन्तव्य स्थान सम्म पुग्न स्थानीयहरुलाई लामो समय सम्म वस कुर्नुपर्ने वाध्यता यद्यपी छदैछ र सार्वजनिक यातायात उपभोगका लागि स्थानीयहरु नजिकको क्षेत्रमा पुग्न पैदल यात्रा गर्नुपर्ने देखिन्छ।

**पुल पुलेसा** : नगर पार्श्वचित्र २०७२ अनुसार नगरपालिका क्षेत्रभित्र विभिन्न ९ स्थानहरुमा पुलहरु छन्। त्यस्ता पुलहरु खासगरी वाग्मती नदी र मनोहरा खोलाका वीचको विभिन्न क्षेत्रमा अवस्थित छन्। मनोहरा नदी तर्फ मुलपानी चाँगुनारायण जोड्ने पुल, ब्रह्मखेल चाँगु जोड्ने पुल, मुलपानी वोडेपुल, हरहर महादेव वोडे पुल ४ वटा र वाग्मती नदीतर्फ गोकर्णेश्वर मेलम्ची सुरुङ्ग महाङ्काल पुल र थली गोकर्ण जोड्ने पुल गरी २ वटा, शंखरापुल तर्फ महादेव खोला पुल र महादेवखोला र थापाचौर जोड्ने पुल गरी २ वटा छन् भने नयाँवस्ती भद्रवासलाई जोड्ने अर्को पुलहरु निर्माण भएका छन्।

**उपलव्धि :**




नगरपालिकावाट सडक निर्माण उपभोक्ता समिति र ठेक्का मार्फत गरी दुई भिन्न माध्यमवाट निर्माण भएको छ। नगरपालिकाको प्रगति समीक्षा अनुसार आर्थिक वर्ष २०७९।८० मा उपभोक्ता समिति मार्फत सडकको नयाँ ट्याक करीव २६३९.९ मिटर लम्वाइको खोल्ने कार्य सम्पन्न भएको छ। त्यसैगरी सडक ढलान, वाटो ग्राभेल पक्की वाल निर्माण क्रमशः ६७६२ मिटर, ५६७३ मिटर, र ५९७४ मिटरको सम्पन्न भएका छन्। मंगल निर्माण ३४ वटा, ढुङ्गाको व्लक विछ्याउने कार्य २५६८।८४ मिटर, सिढी वाटो निर्माण १७० मिटर लम्वाइको सम्पन्न भएको छ भने पक्की नाली निर्माण ४२७८ मिटर, ह्युम पाइप ढल निर्माण १४०६८.५ मिटरको सम्पन्न भएका छन्। ठेक्का मार्फत भएको कार्यहरुमा ह्युमपाइप ढल निर्माण ६८२१.९ मिटरको, पक्की नाली निर्माण १०६७१.३ मिटरको, सडक ढलान ४९४७.६८ मिटरको, वाटो ग्राभेल १४०७७.९ मिटरको, सडक कालोपत्रे १०६१२.३ मिटरको, पक्की वाल निर्माण २१०४७.६५ मिटरको निर्माण सम्पन्न भएका छन्। यसरी नगरपालिका यस अवधिमा खासगरी ढल, वाल एवं पक्की नाली निर्माण कार्यमा केन्द्रीत भएको पाइन्छ।

### ➧ वस्ती विकास तथा शहरीकरण

**वस्ती विकास :** गागलफेदी, आलापोट, भद्रवास र डाँछी यस नगरपालिकाका उत्तर तर्फका गोठाटार र मुलपानी यसका दक्षिणतर्फका मुख्य वस्तीहरु हुन्। यी वस्तीहरु अन्तर्गत पनि ठूलो संख्यामा टोल तथा वस्तीहरु रहेका छन्। उत्तरतर्फका वस्तीहरु उत्तर पूर्वतर्फ शंखरापुर नगरपालिका र पश्चिम उत्तरतर्फ गोकर्णेश्वर नगरपालिकासंग जोडिएका छन् भने दक्षिणतर्फका वस्तीहरु काठमाडौ महानगरपालिका, मध्यपुर ठिमी नगरपालिकासंग जोडिएका छन्।

नगरपालिकामा वढ्दो जनसंख्या र त्यसले माग गर्ने वसोवासलाई मध्यनजर गर्दै निजी क्षेत्रवाट ३४० रोपनीमा फैलिएको ग्रीनसिटीमा करीव ८०० वटा आवास गृह र ६५ रोपनीमा फैलिएको सनसिटीमा करीव ५०० यूनिटहरु निर्माण गर्ने उद्देश्यले दुई वटा आवास कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी गोठाटारकै नजिक काठमाडौं महानगरपालिकाले मनोहरा फाँटमा करीव २२७० रोपनीमा ३७०० आवासहरु निर्माण र काठमाडौं उपत्यका विकास प्राधिकरणवाट कागेश्वरी मनोहरालाई समेत समेटेर नयाँ शहर आयोजना (इशान) कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् । यसवाट नगरपालिकामा वढ्दो जनसंख्याको चापलाई केही हदसम्म सम्वोधन गर्ने देखिन्छ ।




जनसंख्याको वसोवासको ढाँचावाट हेर्दा नगरपालिका भित्र वस्तीहरु छरिएका र गुजमुज्ज दुवै स्वरुपको पाइन्छ । गागलफेदी, आलापोट लगायतका क्षेत्रहरुको वस्तीहरु छरिएका छन् भने थली देखि दक्षिण तर्फका वस्तीहरु गुजमुज्ज स्वरुपका छन् । यस अनुसार जनसंख्याको घनत्व उत्तरतर्फ भन्दा दक्षिणतर्फ वढी नै वाक्लो पाइन्छ । वडा नम्वर १ मा प्रति वर्ग किमि जनसंख्याको वसोवास करीव ६३१.५१ जना रहेकोमा वडा नम्वर ९ मा करीव १३४२४.५७ जना रहेको छ । त्यसैगरी वडा नम्वर ६ मा १०५१६.६० जना र वडा नम्वर ८ मा ८४५८.६६ जना रहेको छ भने वडा नम्वर ७ मा ७११९.२१ र वडा नम्वर ५ मा ५३५२.९२ जना । प्रति वर्ग किमि जनसंख्याको वसोवास वडा नम्वर २, ३ र ४ मा क्रमशः २३४०.१४, १९१३.७७ र ३६८२.५६ रहेको छ । यसरी नगरपालिकाको जति उत्तरतर्फ गयो त्यति नै जनसंख्याको वसोवास पातलिदो पाइन्छ । विसं. २०६८ र २०७८ को जनसंख्यालाई आधार मानेर हेर्दा विसं. २०७८ को जनघनत्व अत्याधिक मात्रामा वढेको देखिन्छ । विसं. २०६८ मा वडा नम्वर ९ मा प्रति वर्ग किमि जनघनत्व करीव ७५६२.५० रहेकोमा करीव १२९.०१ प्रतिशले वृद्धि भएको देखिन्छ । विसं. २०६८ को तुलनामा सवैभन्दा वढी जनसंख्या वृद्धि भएको वडाहरुमा वडा नम्वर ६ र ८ पर्दछन् । यिनीहरुमा क्रमशः १९७.१३ र १८९.९१ प्रतिशतले वृद्धि भएको छ । यसरी जनसंख्याको वृद्धि संगसंगै भौतिक पूर्वाधारहरुको उपलव्धता सोही अनुसार वृद्धि गर्नुपर्ने दायित्व निःसन्देश नगरपालिकाको हुने हुन्छ, जुन त्यति सहज छैन ।

**शहरीकरण :**




शहरीकरणको सन्दर्भमा नगरपालिकाको स्वरुप एकै प्रकारको पाइदैन । महानगरपालिकासंग जोडिएका दक्षिण भागहरु खासगरी गोठाटार र मुलपानी क्षेत्रमा शहरीकरण तीव्र गतिमा भएको पाइन्छ । त्यसको तुलनामा माथिल्ला क्षेत्रहरुमा कतै ग्रामीण परिवेश पाइन्छ भने कतै शहरीकरण उन्मुख भएको देखिन्छ । नगरपालिका भित्रको वसाइसराइको स्तर, जनसंख्याको वनौट, सार्वजनिक सेवाहरुमा सहज पहुँच, आर्थिक गतिविधि, आवसीय घर तथा भवनहरुको वनौट र सडक यातायात लगायतका पक्षहरुका आधारमा नगरपालिका क्षेत्रभित्र शहरीकरणमा विविधता पाइन्छ । यस अनुसार नगरपालिकालाई खासगरी ३ भागमा वर्गीकरण गरी हेर्न सकिन्छ । पहिलो, ग्रामीण परिवेश, नगरपालिकाको वडा नम्वर १ देखि ३ सम्मको क्षेत्रमा यस्तै प्रकारको वातावरण पाइन्छ । दोश्रो, शहर उन्मुख परिवेश यसप्रकारको वातावरण नगरपालिकाको वडा नम्वर ४ देखि ६ सम्मको क्षेत्रमा पाउन सकिन्छ भने वडा नम्वर ७ देखि ९ सम्मको क्षेत्र गोठाटार र मुलपानीमा शहरीकरणको परिवेश पाउन सकिन्छ । यसरी गागलफेदी, आलापोट, भद्रवासलाई ग्रामीण परिवेश, डाँछी, थली र मुलपानीका केही माथिल्लो भागलाई शहरउन्मुख र गोठाटार क्षेत्रलाई शहरीकरण क्षेत्रका रुपमा लिन सकिन्छ ।

**उपलिव्ध :**

आर्थिक वर्ष २०७९।८० मा वस्ती, शहरीकरण तथा सार्वजनिक संरचना निर्माण अन्तर्गत उपभोक्ता समिति मार्फत वडागत रुपमा पुरानो भवन मर्मत ५ वटा, नयाँ भवनहरु १३ वटा, २ वटा ट्रस निर्माण सम्पन्न भएका छन् । त्यसैगरी नयाँ मन्दिर १८ वटा, पार्क ६ वटा, सार्वजनिक शौचालय ४ वटा, ढुङ्गेधारा ५ वटा र प्रतिक्षालय ५ वटा निर्माण भएका

छन् । यसै आर्थिक वर्षमा नगरपालिकावाट १७ वटा भवनहरु निर्माण भएका छन् । मुलपानीमा नगर अस्पतालको आकस्मिक कक्ष, वडा नम्वर १ मा स्वास्थ्य चौकी र वडा कार्यालय भवन, र नगरपालिकाको प्रशासनिक भवन निर्माण अन्तिम चरणमा रहेको छ । यस अवधिमा नगरपालिकावाट ६५ वटा नयाँ नक्सापास, १२०८ वटा निर्माण सम्पन्न, ३९७ वटा नक्सा नामसारी भएको, २५ वटा नक्सा नवीकरण र २९६ वटा इपिपिएस सञ्चालनमा छन् ।

## २.७ वन वातावरण तथा विपद् व्यवस्थापन

### ➧ वन क्षेत्र :

नगरपालिकाको कूल क्षेत्रको करीव १७.४७ प्रतिशत अर्थात ४.७८३१५ वर्ग किमि भूमिमा वन जङ्गलले ढाकिएको पाइन्छ । नगरपालिकाको शिरमा रहेको शिवपुरी राष्ट्रिय निकुञ्ज यस क्षेत्रको संरक्षित वन क्षेत्र हो । नगर पार्श्वचित्र २०७२ अनुसार पालिका क्षेत्रमा २ वटा धार्मिक वन र १५ वटा सामुदायिक वन क्षेत्रहरु छन् । वडा नम्वर १ को विराट नारायण र अगस्त्येश्वर ढुङ्गेलवन्धु देवाली मन्दिर क्षेत्र धार्मिक वन हुन् र फिरफिरे वन, चखण्डोल, झुल्कोपाखा, पवित्रवन, कल्पवृक्ष, मकैचौर, लोकतान्त्रिक शहीद उद्यान, इश्वरी, राजत तथा उद्यान, कपुरवासे, कल्छीकोट, वागधारा, चलनटार हरियाली, र शहीद वनवाटिका सामुदायिक वन क्षेत्रहरु हुन् । वन क्षेत्रको संरक्षणका लागि सामुदायिक वनहरु क्रियाशील छन् ।

### ➧ जैविक विविधता :

शिवपुरी राष्ट्रिय निकुञ्जका कारण नगरपालिका क्षेत्रभित्र जैविक विविधता पाइन्छ । नगरपालिका क्षेत्रभित्र विभिन्न किसिमका जडीवुटीहरु, रुखविरुवा, चराचुङ्गी, घरपालुवा जनावर एवं वन्यजन्तुहरु पाइन्छन् । वन क्षेत्रमा नगर पार्श्वचित्र २०७२ अनुसार वन क्षेत्रमा विभिन्न २३ प्रकारका जडीवुटीहरु छन् । त्यस्ता जडीवुटीहरुमा मुख्यगरी उन्यु, कुरिलो, गुंजर, भ्याकुर, टुकीफुल, वोझो, सिस्नो, काफल, कोइरालो, कुटमिरो चुत्रो, धुपी, पैंयु, वकाइनो, सल्ला, ध्यूकुमारी, तुलसी तितेपाती, घसिङ्गरे, अमला, लप्सी, चिलाउने र उत्तिसहरु हुन् । कालिज यसक्षेत्रका प्रमुख चराचुरुङ्गीहरु हुन भने वाँदर, वदेल, खरायो, दुम्सी आदि जनावरहरु यस क्षेत्रका वन्यजन्तुहरु हुन्, जसले वालीनालीलाई वर्षिनै क्षति पुऱ्याउदै आएका छन् ।

### ➧ जलाधार क्षेत्र :

नगरपालिकाको पूर्वतर्फको मनोहरा खोला र पश्चिमतर्फको वाग्मती नदी यस नगरपालिकाको मुख्य जलाधार क्षेत्रहरु हुन् । यसका साथसाथै नगरपालिका क्षेत्रभित्र सा-साना खोलाहरु पर्याप्त संख्यामा छन् । त्यस्ता खोलाहरुमा काभ्रे खोला, मरुवा खोला, ढकाल खोला, कागेश्वरी खोला, घट्टेखोला, महादेव खोलाहरु मुख्य हुन् । वाग्मतीको छाँगो (दशहरा स्नान गर्ने) कागेश्वरी महादेव स्थानमा रहेको कागेश्वरी छाँगो, मणिलिङ्गेश्वर प्राविको भवन माथिको घट्टेछाँगो र वडा नम्वर ४ मा खत्रीपोखरी र वडा नम्वर ५ मा कानेपोखरीहरु यस क्षेत्रका अन्य जलाधार क्षेत्रहरु हुन् । नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुमा सीमासारका रुपमा विकास हुन सक्ने सम्भावना भएतापनि सोही अनुसार सीमासार क्षेत्रको रुपमा संरक्षित र स्थापित हुन सकेका छैनन् ।

### ➧ फोहोर व्यवस्थापन

काठमाडौ उपत्यकामा उत्पादन हुने कूल फोहोर १०४५ मे.टन को करीव १.९१३ प्रतिशत अर्थात करीव २० मे.टन फाहोर यस नगरपालिका क्षेत्रभित्र दिनहुँ उत्पादन हुने गरेको पाइन्छ (श्रोतः www.kendrabindu.com,2077) । यसरी उत्पादन हुने फोहोरहरुमा करीव ६३ प्रतिशत जैविक फोहोर वाँकी अंश अजैविक रहेको छ । यसलाई आधार मानेर हेर्दा करीव १२.६ मे.टन जैविक फोहोर दैनिक उत्पादन हुने गरेको देखिन्छ, जसलाई पुनः उपयोग गर्न सकिन्छ । नगरपालिका क्षेत्रभित्र दिनहुँ फोहोर सङ्कलनका लागि निजी क्षेत्रवाट विविध प्रयासहरु हुँदै आएको छ । यसै क्रममा सङ्कलित फोहोरको विसर्जन वञ्चरेडाँडा तथा सिसडोलमा हुँदै आएको छ । तापनि स्थानीयहरुको विविध अवरोधका कारण फोहोर विसर्जनका लागि कागेश्वरी मनोहरा नगरपालिका पनि गम्भिर हुनुपर्ने देखिएको छ । फोहोर व्यवस्थापनका नागरिकहरुमा सचेतना अभिवृद्धि र 4Rs (न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन र प्रयोगमा वञ्चितीकरण) जस्ता उपायहरु अवलम्वन गर्नुपर्ने देखिन्छ, जुन प्रभावकारी रुपमा हुन सकिरहेको पाइदैन ।

### ➧ विपद् व्यवस्थापन

प्राकृतिक प्रकोपको सन्दर्भमा नगरपालिका एक सम्वेदनशील क्षेत्रभित्रमा अवस्थित छ । विसं. २०७२ को महाभूकम्पवाट पनि यस क्षेत्रमा ठूलो क्षति पुऱ्याएको स्मरण हामी सवैमा छदैछ । यस सन्दर्भमा भूकम्प प्रतिरोधात्मक संरचनाहरु निर्माणमा स्थानीयहरुमा सम्वेदनशीलता पाइन्छ र सोही अनुसार भौतिक संरचनाहरु निर्माण समेत हुँदै आएको पाइन्छ । आपतकालीन उद्धारका लागि यस नगरपालिकासंग एम्वुलेन्सहरु छन् । नगरक्षेत्रभित्र एम्वुलेन्स सेवाका लागि आलापोट, नगर कार्यालय, एवं व्रह्मदीपवाट उपलव्ध हुँदै आएको छ भने दमकलका लागि अन्य निकायसंग सहकार्य हुँदै आएको छ । यसका अलवा विपद् व्यवस्थापनका लागि जनचेतना, उद्धार तथा स्वयंसेवक, नमुना अभ्यास जस्ता विविध विधिहरु अवलम्वन गरी स्थानीयहरुलाई सचेत गराउने कार्यहरु न्यून संख्यामा हुने गरेको पाइन्छ । नगर क्षेत्रभित्र आपतकालीन आश्रयका लागि नगर पार्श्वचित्र, २०७२ अनुसार फुयालचौर, कृष्णचौर, थापाडाँडाचौर, भैलेवल चौर, महादेव खोला चौर, चिप्लेडाँडा चौर, काल्लाको डिलको पाटीको चौर, शहीद वनवाटिका, फिकलडाँडा खुल्लाक्षेत्र, लोकतान्त्रिक शहीदपार्क, धारापानी वाल उद्यान, पवित्र वन क्षेत्रहरु रहेका छन् ।

सम्वेदनशील क्षेत्रको सन्दर्भमा नगरपालिका क्षेत्रभित्र वडा नम्वर १ को सानीटारी, ढकालगाउँ, पुवाँर गाउँ, गागलफेदी, कुईकेल गाउँ र अधिकारी गाउँ, वडा नम्वर २ को सूर्यमण्डली, काभ्रे, जडीवटे, थापागाउँ, गणेश मन्दिर, वडा नम्वर ३ को थापा डाँडा, म्यान्चा टोल, वडा नम्वर ५ को गजरकोट, पाण्डे गाउँ र सापकोटा टोल, वडा नम्वर ५ थलिबाट ४ हुदै गोकर्णेश्वर जोड्ने बाटोको पहिरो, वडा नम्वर ८ को रमाईलो डाँडा, एयरपोर्ट क्षेत्र, वीरभद्र सामुदायिक भवन क्षेत्र, वडा नम्वर ७ को सोमतिर्थ, तखाटोल, वडा नम्वर ९ को मनोहरा खोला फाँट र खहरे खोला क्षेत्र वढी सम्वेदनशील क्षेत्रका रुपमा दिने गरिन्छ ।

**उपलव्धि :**

आर्थिक वर्ष २०७९।८० मा पहिरो नियन्त्रणका लागि ग्याविन जाली, रिटेनिङवाल निर्माण, पर्खाल, पिलिङ, आसिसि पाइल निर्माण एवं तटवन्ध निर्माण हुँदै आएका छन् । यस अनुसार उपभोक्ता एवं ठेकदारहरु मार्फत नगरपालिका क्षेत्रमा ग्याविन जाल करीव १०८६ वटा निर्माण भएका छन् भने रिटनिङवाल निर्माण करीव १८३२ मिटर, पिलिङ ४३ वटा, पर्खाल २५८७ मिटर, तटवन्ध १ वटा र आरसिसि फाइल निमार्ण १६ वटा सम्पन्न भएका छन् ।

## २.८ संस्थागत विकास

नगरपालिकाको संगठनात्मक संरचना अन्तर्गत नगरसभा प्रति उत्तरदायी हुने गरी लेखा समिति, विधायन समिति, सुशासन समिति लगायतका समितिहरु गठन भई क्रियाशील छन् । त्यसैगरी श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समितिहरु पनि क्रियाशिल छन् भने आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र न्यायिक समिति लगायत समितिहरुको पनि क्रियाशीलता पनि त्यतिकै प्रभावकारी छन् ।

नगरपालिकामा हाल शाखा, उपशाखा, केन्द्र तथा इकाइ गरी २० वटा छन् । कार्यरत कर्मचारीहरुको संख्या ३५९ जना छन् । यस अन्तर्गत १६९ जना स्थायी, १७६ जना करार र अन्तरप्रदेश कामकाजमा खटिएका १४ जना छन् । नगरपालिकामा अन्तराष्ट्रिय समन्वय र अध्ययन तथा अनुसान्धान शाखा गरी दुई वटा नयाँ शाखाहरु समेत व्यवस्था मिलाइएको छ । सामान्यतय, प्रशासन, लेखा, अलेप, वेरुजु व्यवस्थापन, सहकारी, राजस्व, प्राविधिक, योजना, सूचना प्रविधि, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा सरसफाइ, कृषि सेवा, पशुसेवा, महिला वालवालिका तथा समाज, दर्ता चलानी, नगर प्रहरी, श्रम रोजगार तथा सामाजिक सुरक्षा, वडा कार्यालय जस्ता क्षेत्रहरुमा कर्मचारीहरु व्यवस्था मिलाइएको छ । यस अनुसार सामान्यतय प्रति कर्मचारीले करीव ३६३.३२ जना नगरवासीलाई सेवा प्रदान गर्नुपर्ने देखिन्छ । नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे गरी कार्यवोधका आधारमा कर्मचारीहरुको व्यवस्था गरेको पाइदैन भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनमा ६१.५ प्रतिशत अंक प्राप्त भएको छ, जुन तुलनात्मक रुपमा न्यून लक्ष्य हासिल हो । त्यसैगरी नगरपालिकाले कर्मचारीहरुसंग कार्यसम्पादन संझौता भई सोही अनुसार कार्य सम्पादन भएको र त्यसैलाई आधार स्वतन्त्र रुपमा मूल्याङ्कन भएको र सोही अनुसार कर्मचारीहरुलाई पुरस्कृत गर्ने गरेको पाइदैन ।

**उपलव्धि :**

आर्थिक वर्ष २०७९।८० मा नगरपालिकाले जनप्रतिनिधि, कर्मचारी एवं वडा सचिवलाई राजस्व सम्वन्धी तालिम प्रदान गरिएको, भवन निर्माण स्वीकृति, संझौता एवं विकास योजनाहरुको अनुगमन गर्ने जिम्मेवारी वडामा हस्तान्तरण गरिएको छ । न्यायिक समिति तर्फ यस आव.मा प्राप्त ५२ मुद्दाहरु मध्ये ४ वटाको फैसला भएको, १० वटा अदातल समक्ष सिफारिस गरिएको र बाँकी विचाराधिनमा रहेको पाइन्छ । नगरपालिकावाट विभिन्न ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि एवं दिग्दर्शनहरु तर्जुमा भई राजपत्रमा प्रकाशित भइसकेका छन् । त्यसैगरी वेरुजुहरु क्रमिक रुपमा फछ्र्यौट हुँदै आएको छ ।

### ➧ वित्तिय स्रोत परिचालन :

**तालिका नम्वर - १७ :**
**गत वर्षहरुमा भएको वजेट विनियोजन (रकम रु. लाखमा)**

| आर्थिक वर्ष | कुल आय रु. | वाह्य श्रोत | आन्तरिक आय रु. |
|---|---|---|---|
| २०७७/७८ : यथार्थ | १,१७,९१ | ९७२९.०० | २०,६२ |
| २०७८/७९ : यथार्थ | १,४८,२७ | १,२२६३.८२ | २५,६३ |
| २०७९/८० : यथार्थ | १,२८,०८ | १,०५५०.२५ | २२,५८ |

**स्रोत : नगरपालिका अभिलेख, २०८०**

नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा रु.१ अर्व १७ करोड ९१ लाख कूल आय प्राप्त भएको छ । त्यसैगरी आर्थिक वर्ष र २०७८/७९ मा रु.१ अर्व ४८ करोड २७ लाख र आर्थिक वर्ष २०७९/८० मा रु. १ अर्व २८ करोड ८ लाख विभिन्न श्रोतवाट आय प्राप्त भएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक आय रु. २० करोड ६२ लाख सङ्कलन हुने सकेको छ भने यसै आर्थिक वर्षमा वाह्य श्रोतवाट रु.९७ करोड २९ लाख आय प्राप्त भएको छ । त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक तर्फ कूल राजस्व रु. २५ करोड ६३ लाख सङ्कलन भएको छ भने वाह्य श्रोतवाट रु. १ अर्व २२ करोड ८३ लाख आय प्राप्त भएको छ । आर्थिक वर्ष २०७९।८० मा वाह्य श्रोतवाट रु.१ अर्व ५ करोड ५० लाख प्राप्त भएको छ भने आन्तरिक श्रोतवाट रु.२२ करोड ५८ लाख राजस्व प्राप्त हुन सकेको छ । यसरी प्राप्त भएको आयमा संघ र प्रदेश सरकारवाट प्राप्त भएको वित्तीय समानीकरण, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड रहेका प्रमुख रुपमा रहेका छन् । त्यसैगरी आन्तरिक आय तर्फ कर राजस्वमा सम्पत्ति कर, भूमिकर तथा मालपोत, र घर वहाल कर प्रमुख श्रोतको रुपमा रहेका छन् भने गैरकर राजस्वमा नक्सापास दस्तुर, सिफारिस दस्तुर, र संस्थागत आन्तरिक अनुदानहरु प्रमुख श्रोतहरु हुन् ।

# परिच्छेद - तीन :
# दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

## ३.१ पृष्ठभूमि :

कागेश्वरी मनोहरा नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरु निर्धारण गर्दा निर्वाचित जनप्रतिनिधिहरु, क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु, निजी क्षेत्र, नगरपालिकाका सरोकारवाला निकाय तथा संघसंस्था, सामुदायिक संस्था, नागरिक समाज, गैसस, स्थानीय पत्राकार लगायतका प्रतिनिधिहरुको वृहत उपस्थिति एवं सहभागितामा व्यापक छलफल एवं अन्तरक्रियावाट समष्टिगत पक्षहरु झल्किने गरी निर्धारण गरिएको छ । यसरी निर्धारण गरिएका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरु निम्न अनुसार उल्लेख गरिएका छन् ।

## ३.२ वस्तुस्थिति विश्लेषण

कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख समस्या तथा चुनौतिहरु एवं अवसर सम्भावनाहरु यसप्रकार रहेका छन् ।

### मुख्य समस्याहरु

- कृषिमा व्यवसायिकरणको अभाव तथा कृषि पूर्वाधारहरु अपर्याप्त
- शहरी कृषिको बिकास बिस्तार एवं प्रबर्द्धनको निस्प्रभावी
- स्थानीय उद्योग, व्यवसायहरुमा प्रतिस्पर्धात्मक क्षमता कमजोर एवं न्यून प्राथमिकता
- आधारभूत शिक्षा तथा प्राबिधिक शिक्षामा गुणस्तरीयताको अभाव
- गुणस्तरीय स्वास्थ्य सेवामा आमनागरिकहरुको पहुँचमा न्यूनता
- लैङ्गिक हिंसा, लैङ्गिक विभेद, महिला हिंसाको अन्त्य गर्नु
- घर-घरमा स्वच्छ, सफा र सुरक्षित खानेपानी नियमित रुपमा उपलव्ध हुन नसक्नु
- सार्वजनिक यातायातमा आमनागरिकको पहुँच एवं प्रभावकारी रुपमा परिचालन हुन नसक्नु
- सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गतामैत्री, वालमैत्री, महिलामैत्री एवं वातावरणमैत्रीको अभाव
- सार्वजनिक सेवाहरुमा सुशासन प्रबर्द्धन हुन नहुनु
- पारिस्पारिक लाभ तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरु सञ्चालनमा सीमाना जोडिएका तथा नजिकका नगरपालिकाहरुसंग समन्वय, सहकार्य तथा साझेदारीको अभाव
- निजी तथा सहकारी क्षेत्र एवं स्थानीय सरोकारवालाहरुसंग प्रभावकारी रुपमा सहकार्य तथा साझेदारीको अभाव

### मुख्य चुनौतिहरु

- गरिवी न्यूनीकरण गर्नु
- वाह्य क्षेत्रवाट हुने वसाइ सराइमा नियन्त्रण गर्नु
- वार्षिक जनसंख्या वृद्धिदर करीव ७.४१ प्रतिशतलाई न्यूनीकरण गर्नु
- विदेशतर्फ युवा वर्गको हुँदै आएको पलायनलाई न्यूनीकरण गर्नु
- आयातित उपभोग्य बस्तु माथिको परनिर्भरतालाई न्यूनीकरण गर्नु
- हरित अर्थतन्त्रको प्रवर्द्धन गर्नु तथा कृषि प्रणालीलाई जलवायु परिवर्तन अनुकूलन वनाउनु
- कृषि उपजहरुमा वन्यजन्तु खासगरी बाँदर, वदेल, दुम्सीवाट हुँदै आएको क्षतिलाई न्यूनीकरण गर्नु
- सामाजिक सञ्जालहरुवाट हुँदै आएको साइवर अपराध एवं युवा वर्गमा लागु पदार्थ दुर्व्यसनको नियन्त्रण गर्नु
- भूउपयोग नीति तथा ऐनलाई कार्यान्वयन, कृषिभूमि खण्डीकरण तथा अव्यवस्थित आवासहरुमा नियन्त्रण गर्नु
- वातावरण प्रदुषण नियन्त्रण, जैविक विविधताको संरक्षण, प्राकृतिक श्रोत साधनहरुको दिगो संरक्षण, प्रवर्द्धन गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- आर्थिक रुपमा सक्रिय जनसंख्या अधिक मात्रामा करीव ७२.४६ प्रतिशत रहेको
- धार्मिक, ऐतिहासिक एवं साँस्कृतिक सम्पदाहरु भएको
- काठमाडौ उपत्यकामा अवस्थित नगरपालिका साथै साँस्कृतिक शहर तथा नगरपालिकाहरु एवं विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाहरुसंगको सामिप्यता
- काठमाडौ उपत्यकामा उपलब्ध भौतिक तथा सामाजिक पूर्वाधारहरुमा पहुँच वृद्धि तथा तुलनात्मक लाभ प्राप्त
- काठमाडौ उपत्यका जस्तो विशाल वजार क्षेत्र उपलब्ध
- नगरपालिकाको शिरमा शिवपुरी राष्ट्रिय निकुञ्ज अवस्थित, बातावरण प्रबर्द्धन तथा जैबिक विविधता संरक्षण
- करीव ५७६८.७७ भन्दा वढी सार्वजनिक जग्गा नगरपालिका क्षेत्रभित्र उपलव्ध । बागमती नदी, मनोहरा एवं महादेब लगायतका खोला किनारामा बिभिन्न स्थानमा गरी करीव ५३१ रोपनीको बिशाल फाँट रहेको, करीव ६१.०३ रोपनी बगर र २६३.०९ रोपनी गौउचर क्षेत्र र २३०८.०७ रोपनी पर्ति जग्गा उपलब्ध
- वडा नम्वर १ र २ मा व्यवसायिक कृषि तथा पशुपालनका लागि उपयुक्त भूमि र अन्य क्षेत्रमा शहरी कृषिखेती प्रवर्द्धन हुन सक्ने
- कागेश्वरी मनोहरा नगरपालिकाका गोठाटार, मुलपानीका क्षेत्रहरुलाई समेट्दै काठमाडौ विकास प्राधिकरणवाट स्मार्टसिटी (इसान) कार्यक्रम सञ्चालनमा रहेको
- आवास कार्यक्रममा निजीक्षेत्रको आवर्द्धता वढ्दो ग्रीनहील सिटी तथा सनसिटी अपार्टमेण्ट कार्यक्रमहरु सञ्चालनमा
- मुलपानी क्रिकेट मैदान, गोकर्ण गल्फमा अन्तर्राष्ट्रिय स्तरका खेलहरु आयोजना हुँदै आएको

## ३.३ दीर्घकालीन सोच

कागेश्वरी मनोहरा नगरपालिकाको दीर्घकालीन सोच यस प्रकार परिभाषित गरिएको छ :

# "सवल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

**दीर्घकालीन सोचको व्याख्या :** नगरपालिकाले निर्धारण गरेको दीर्घकालीन सोचको अर्थ तथा मर्म यसप्रकार रहेको छ ।

- **सवल :** सामान्यत "सवल" शव्दले वलियो, शक्तिशाली, तागत भएको, सामर्थ्य तथा वढाउन सक्ने जस्ता अर्थहरुलाई प्रतिनिधित्व गर्ने अर्थमा परिभाषित गरिएको छ । नगरपालिकाले परिकल्पना गरेको सवल शव्दले पनि त्यही अवस्थालाई परिकल्पना गरेको छ ।

- **सक्षम :** नेपाली वृहत शव्दकोष अनुसार सक्षमको अर्थ काम गर्न सक्ने क्षमता भएको, कामलाई पार लगाउन सक्ने भन्ने हुन्छ । यसका सार्थ सक्षम शव्दले कुशल, योग्य, काविल एवं सार्थकलाई पनि अर्थाउ छ । नगरपालिकाको गरेको परिकल्पनाले उपरोक्त अवस्थालाई प्रतिनिधित्व गरेको छ ।

- **सुशासनयुक्त :** यसको अर्थ विधिको शासन भन्ने हुन्छ । यसका साथै असल राज्य व्यवस्था, उत्तम किसिमको शासन र लोककल्याणकारी शासन व्यवस्था समेत यसको अर्थ हुन्छ । यस अन्तर्गत मुलतः पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायि, जनसहभागिता जस्ता पक्षहरुलाई अंगिकार गरिएको हुन्छ । नगरपालिकाले गरेको परिकल्पनाले उपरोक्त अवस्थालाई प्रतिनिधित्व गरेको छ ।

- **विकासमुखी :** यस शव्दले विद्यमान अवस्थामा सुधारिदै गएको, क्रमिशः वढ्दै गएको अवस्थालाई जनाउद छ । यसले उत्तरोत्तर प्रगतितर्फको अवस्था, क्रमिक परिवर्तन, हुर्किदै, सप्रिदै गएको अवस्था, वृद्धि, विस्तार एवं फैलिएको अवस्थालाई जनाउद छ । यस अर्थमा नगरपालिकाले गरेको परिकल्पनाले पनि सोही अवस्थालाई जनाएको छ ।

- **स्थानीय सरकार :** कागेश्वरी मनोहरा नगरपालिकालाई प्रतिनिधित्व गरेको छ ।

## ३.४ निर्देशक सिद्धान्त

उपरोक्त दीर्घकालीन सोचलाई आगामी २५ वर्षभित्र पूरा गर्न नगरपालिकाले देहाय वमोजिमको निर्देशक सिद्धान्त तथा मार्गदर्शनको रुपमा अंगिकार गरिने छ ।

**क) सुशासनको प्रवर्द्धन** : सुशासनका लागि जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, उत्तरदायिपनाको प्रवर्द्धन गरिने छ । सार्वजनिक सेवा प्रवाह तथा काम कारवाहीहरुलाई पारदर्शि वनाइने छ र डिजिटल प्रविधि जडान गरी सार्वजनिक सेवा प्रवाहलाई अनलाइन गर्दै प्रभावकारी वनाइने छ । सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सावर्जनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही अभिमत, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वेरुजु फछ्र्यौट आदि) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । सामाजिक न्याय, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी एवं सामुदायिक वीच साझेदारी, सहभागिता जस्ता अभ्यासहरु कार्यान्वयन गरिने छ ।

**ख) स्थानीय अर्थतन्त्र सुदृढीकरण :** कृषिमा औद्योगिकीकरण, दिगो पर्यटन विकास, उद्योग व्यवसाय प्रवर्द्धन, उद्यमशीलता तथा सीप विकास, स्थानीय वस्तु तथा सेवाको विशिष्टिकरण एवं पूर्वाधार विकासको माध्यमवाट स्थानीय अर्थतन्त्रलाई चलायमान वनाउदै सुदृढीकरण गरिने छ । कृषि उपजमा मूल्य श्रृङ्खला स्थापित, शहरी कृषि प्रवर्द्धन, वेमौसमी तरकारीको व्यवसायिक खेती, कृषि पूर्वाधारहरुको निर्माण गरिने छ । धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक पर्यटकीय सम्पदाहरुको सम्वर्द्धन प्रवर्द्धनवाट पर्यटनमा आधारित उद्योग व्यवसायहरुको विकास विस्तार गर्दै काठमाडौ उपत्याका भित्रका धार्मिक एवं साँस्कृतिक सम्पदाहरुसंग सम्वन्ध स्थापित गरिने छ । उद्योग व्यवसायमा महिला तथा युवा वर्गलाई प्रोत्साहित गर्दै प्रतिस्पर्धी वनाउदै रोजगारीता सिर्जना गरिने छ र क्लष्टरका आधारमा नगरपालिका क्षेत्रभित्र वजार क्षेत्रहरु निर्माण गरिने छ । साथसाथै Knowledged-based Economy को विकास, विस्तार तथा प्रवर्द्धनका लागि आवश्यक वातावरण सिर्जना गरिने छ ।

**ग) समन्वय, सहकार्य तथा साझेदारी** : दिगो तथा सन्तुलित विकासका लागि स्थानीय तथा वाह्य स्रोत साधनहरुको परिचालनका लागि अन्तरसरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं समुदायसंग प्रभावकारी समन्वय, साझेदारी तथा सहकार्य गरी विकास प्रक्रियालाई नतिजामुखी वनाइने छ । निजी तथा सहकारी क्षेत्रसंगको पूँजी, व्यवस्थापकीय सीप तथा अनुभवलाई विशेष प्राथमिकता दिदै उपयुक्त वातावरण सिर्जना गर्दै कृषिमा औद्योगिकीकरण, फोहोर व्यवस्थापन, पर्यटन प्रवर्द्धन, शहरी आवास विकास जस्ता क्षेत्रहरुमा निजी तथा सहकारी क्षेत्रलाई आकर्षित गरिने छ । शिक्षा तथा स्वास्थ्य सेवाको प्रवर्द्धन, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, यातायात व्यवस्थापन लगायतका क्षेत्रहरुमा अन्तरपालिका कनेक्टिभिटीलाई अभिवृद्धि गरिने छ ।

**घ) दिगो विकास** : दिगो विकासका आधारभूत पक्षहरु मुलतः आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय, वातावरण सन्तुलनलाई आत्मसाथ गरिने छ । विशेषगरी गुणस्तरीय एवं उत्पादनशील भौतिक पूर्वाधारहरुको निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । आयोजनाहरुको स्थलगत अनुगमन, मूल्याङ्कन, निरीक्षण, गुणस्तर जाँच जस्ता संयन्त्रहरुको विकास गरी प्रभावकारी वनाइने छ । वार्षिक कार्यक्रम मार्फत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिने छ । आवधिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना एवं वार्षिक कार्यक्रम वीच तादत्म्यता स्थापित गर्दै नतिजामुखी वनाइने छ ।

**ङ) मानव संशाधन विकास तथा स्थानीय सेवा व्यवस्थापन :** प्रभावकारी सेवा प्रवाह, प्रशासनिक सहजता, चुस्तता र विकास कार्यहरुको प्रभावकारी सञ्चालनका लागि दक्ष मानव संशाधनको व्यवस्था, सीप र दक्षता विकास तथा प्रोत्साहन लगायतका अवसरहरुको उपलव्ध गराइने छ । संगठन व्यवस्थापन सर्भेक्षण, मानव संशाधन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन ल्याएने छ । नगरपालिका केन्द्रलाई नीति निर्माण, कार्यक्रम विकास तथा नियमन गर्ने केन्द्रको रुपमा स्थापित गरिने छ र वडा केन्द्रहरुलाई विषयगत सेवा केन्द्रको रुपमा विकास गरिने छ र प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधारका रुपमा विकास गरिने छ । उपरोक्त अवधारणाका आधारमा नगरवासीलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, स्वच्छ सफा खानेपानी, सरसफाई लगायतका सेवा सुविधाहरुको पहुँचमा सुनिश्चित गरिने छ ।

**च) शहरी विकास** : फोहोर व्यवस्थापन, पानीको व्यवस्था, सार्वजनिक शौचालय, प्राविधिक शिक्षालय, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाहरु, हरियाली शहर, पार्क उद्यान, अपाङ्गत महिला तथा वालमैत्री पूर्वाधारहरु, सडक वत्ती, सिसि

क्यामरा, ट्राफिक व्यवस्था, विद्युतीय सवारी साधन, स्वास्थ्यको दृष्टिवाट स्वच्छ खाद्य पदार्थ एवं सुरक्षा आदिको विकास गर्दै शहरी विकास गरिने छ ।

**छ) सामाजिक न्याय, समावेशीकरण एवं समतामूलक विकास** : नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयकरण गरिने छ । विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरु सञ्चालन गरिने छ । आर्थिक तथा समाजिक रुपमा पछाडी परेका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्भरताका अवसरहरु सिर्जना गरिने छ । लक्षित वर्गलाई स्थानीय संरचनाहरुमा मूलप्रवाहीकरण एवं समावेशीकरण गर्ने, सशक्तीकरण एवं रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

**ज) विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन :** वातावरण संरक्षण ऐन तथा नियमहरु पालना गर्दै भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माण गरिने छ । वायो इन्जिनियरिङ, हरियाली प्रवर्द्धन, पार्क तथा पोखरी निर्माण, जमिनमुनी पानी भरण, घरनक्सा पास जस्ता कार्यक्रमहरुलाई विशेष प्राथमिकता साथ कार्यान्वयनमा ल्याइने छ ।

## ३.५ समष्टिगत लक्ष्य

कागेश्वरी मनोहरा नगरपालिकाको आवधिक नगर बिकास योजनाका लागि देहाय वमोजिम समष्टिगत लक्ष्य निर्धारण गरिएको छ :

स्थानीय संस्कृति तथा पर्यटनको संरक्षण एवं प्रर्वद्धन, शहरी कृषिखेती तथा उद्यमशीलतावाट रोजगारीता सिर्जना, शहरी पूर्वाधारको स्तरोन्नति, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा एवं स्वच्छ खानेपानीमा सहज पहुँच अभिवृद्धि, जैविक विविधताको संरक्षण र स्वच्छतामा सुधार गर्दै सामाजिक समावेशीकरण तथा समतामूलक समाज निर्माण र सुशासनको प्रवर्द्धनवाट

**नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ**

## ३.६ समष्टिगत उद्देश्य

कागेश्वरी मनोहरा नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

**क) आर्थिक विकास :**
उद्योग व्यवसायको प्रवर्द्धन, रोजगारी सिर्जना एवं आय आर्जनवाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई नगरवासीहरुको आर्थिक स्थितिमा दिगो सुधार ल्याउनु

**ख) सामाजिक विकास** :
सामाजिक सेवा सुविधा एवं पूर्वाधारहरुमा सवै वर्ग, समुदायहरुको पहुँचमा सहजता, स्वस्थ, शिक्षित, सीपयुक्त मानव संशाधनको विकास गर्दै समन्यायिक समतामूलक समाज निर्माण गर्नु

**ग) पूर्वाधार विकास** :
दिगो, सुरक्षित र वातावरणमैत्री भौतिक पूर्वाधारमा सवै वर्ग, समुदायको पहुँच अभिवृद्धि गर्दै जनजीवनमा सहजता ल्याउनु

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन** :
विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक श्रोतहरुको दिगो संरक्षण गर्दै उपयोग गर्नु

**ङ) सुशासन तथा संस्थागत विकास** :
संस्थागत क्षमता अभिवृद्धि एवं सेवा प्रवाहलाई प्रभावकारी वनाउदै सुशासन प्रवर्द्धन गर्नु

## ३.७ प्राथमिकता प्राप्त क्षेत्र

कागेश्वरी मनोहरा नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगरबिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषयक्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

### क) कृषि :

कूल जनसंख्याको करीव १५.४ प्रतिशत जनसंख्या कृषिमा आवद्ध रहेका र १३१९ हे. कृषियोग्य भूमिको यस क्षेत्रमा खासगरी धान, गहुँ, टनेल प्रणालीमा वेमौसमी तरकारी खेती तथा गोलभेडाको व्यवसायिक खेती हुँदै आएको छ । जग्गाको भू-वनोट, भिरालोपना र खुल्ला क्षेत्र, सिंचाइ सुविधा, पातला वस्तीहरु जस्ता आधारमा नगरपालिकाको वडा नम्वर १ र २ कृषि तथा पशुपंक्षीपालनका लागि उपयुक्त मानिन्छ । अधिकांश कृषि फर्महरु (गाई, भैसी, वाखा, वङ्गुर, दुघडेरी, कुखुरा) यिनी दुई वडाहरुमा क्रियाशील रहेका छन् र उत्पादित उपजहरु नजिकको विक्री वितरण सहजै हुँदै आएको छ । व्यवसायिक कृषिका लागि नगरपालिकासंग पर्याप्त सार्वजनिक जग्गाहरु करीव ५७६८.७७ रोपनी भन्दा वढी उपलव्ध छ र त्यसमध्ये करीव ४०.०२ प्रतिशत पर्ति जग्गा रहेकोले आवश्यकताका आधारमा धेरै-थोरै भूमि माछा पालन, वेमौसमी तरकारी खेतीका लागि उपलव्ध हुन सक्ने देखिन्छ । आ.व. २०७७।७८ को कृषि तथ्याङ्क अनुसार कागेश्वरी क्षेत्रमा मुख्य तरकारीहरुको वार्षिक उत्पादन ५७४० मे.टन भएको देखिन्छ । यसरी काठमाडौ उपत्यका जत्रो ठूलो वजार क्षेत्रमा (तुलनात्मक रुपमा न्यून मूल्यमा) कृषि उपजहरु उपलव्ध गराउन सकिने सम्भावना देखिन्छ । त्यसैगरी वडा नम्वर १ र २ देखि वाहेकका वडाहरुमा क्रमशः शहरीकरण हुँदै गएको सन्दर्भमा कौशीखेती (शहरी कृषि) को सम्भावना प्रवल देखिन्छ । व्यवसायिक तथा घरायसी दुवै प्रयोजनाका लागि सहज ढङ्गवाट गर्न सकिने कौशीखेती वाट तरकारी माथिको परनिर्भरतालाई धेरैहद सम्म न्यूनीकरण गर्न सकिने देखिन्छ । यसवाट खाद्य पदार्थ माथिको परनिर्भरतामा न्यूनीकरण, रोजगारीता सिर्जना, आय आर्जनमा अभिवृद्धि र कृषिमा औद्योगिकीकरण गर्न सकिने भएकोले कृषिलाई प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको छ ।

### ख) पर्यटन :

साँस्कृतिक शहर तथा विश्व सम्पदा सूचीमा परेका सम्पदाहरुको सामिप्यमा रहेको यस नगरपालिकामा पर्याप्त मात्रामा धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा तथा प्राकृतिक श्रोतहरु रहेका छन् । कागेश्वरी महादेव, नवतनधाम, सिमतीर्थ, चम्पक विनायक मन्दिर, पद्माई छोइलिङ, महायन गुम्वा लगायत चर्चहरु, तामाङ एवं नेवारी सँस्कृतिहरु यस पालिकाका प्रमुख आकर्षकहरु हुन् । त्यसैगरी वाग्मती नदी, मनोहरा, महादेव काभ्रे कागेश्वरी लगायतका खोला, झरनाहरु यसका प्राकृतिक श्रोतहरु हुन् भने नगरपालिकाको शिरमा अवस्थित शिवपुरी राष्ट्रिय निकुञ्जवाट वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण हुँदै आएको छ। शंखरापुर नगरपालिकाले वौद्ध सर्किट (स्वयम्भू, वौद्ध, मणिचुड, वज्रयोगिनी र नमोवुद्ध), गोकर्णेश्वर नगरपालिकाले एकीकृत धार्मिक क्षेत्र (पशुपति, गुह्येश्वरी, वौद्ध, गोकर्ण, उत्तरवाहिनी, सुन्दरीजल, शिवपुरी हुँदै वागद्धार), काठमाडौ महानगरपालिकाले टुरिष्ट हव, पर्यटकीय एप्स, हेरिटेज वाक र वाग्मती प्रदेशले पर्यटकीय पूर्वाधार निर्माण, सङ्ग्रहालय (धार्मिक, साँस्कृति, ऐतिहासि, जातजाति), होमस्टे प्रवर्द्धन जस्ता कार्यक्रमहरु सञ्चालन गर्न लागि रहेको, चाँगुनारायाण नगरपालिका र मध्यपुर ठिमी नगरपालिका आफैमा साँस्कृतिक शहरको रुपमा चिनिदै आएको सन्दर्भमा उपरोक्त पक्षहरुसंग सञ्जाल विकास हुनेगरी नगरपालिकाले पर्यटन प्रवर्द्धन हुन सक्ने सम्भावना रहेको छ र यसैक्रममा कागेश्वरी मनोहरा नगरपालिकालागि स्पोर्ट्स हव (खेलकुद क्षेत्र) को रुपमा विकास गर्न लागि रहेको सन्दर्भमा पर्यटन प्रवर्द्धन यसको प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको छ ।

### ग) आवास तथा शहरी विकास :

वार्षिक ७.४१ प्रतिशतले जनसंख्या वृद्धि (वाह्य क्षेत्रवाट भएको वसाइसराइ अधिक) को सन्दर्भमा नगरपालिका क्षेत्रमा स्वस्थ र स्वच्छ वसाइमा क्रमिक रुपमा ह्रास हुँदै आएको छ। कृषिभूमि खण्डीकरण हुँदै अव्यवस्थित वसोवासहरु वढ्दो दरमा पाइन्छ भने परिवार संख्या प्रति घरधुरी औषतमा करीव ४ जना (३.८६) रहेवाट अरु आवास क्षेत्रको माग रहेको वोध हुन्छ । वढ्दो वसाइसराइका कारण जनसंख्यावाट हुँदै आएको आवासलाई सहजै सम्वोधन गर्नसकिने पक्षहरु क्षण हुँदै गएको आभाष हुन्छ । काठमाडौ विकास प्राधिकरणवाट गोठाटारका केही भूमिलाई समेत समेट्दै स्मार्ट सिटी निर्माण गर्ने कार्यक्रम रहेपनि वढ्दो जनसंख्याको चापलाई यसवाट समाधान हुन सक्ने कुरामा विश्वस्त हुन सकिन्न । सनसिटी र ग्रीनसिटी जस्ता आवास कार्यक्रमहरु जस्तै थप आवास कार्यक्रमहरु शहरी पूर्वाधार सहित व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यसवाट शहरीकरण व्यवस्थित हुने, वढ्दो जनसंख्यालाई सम्वोधन गर्न सकिने, वातावरण संरक्षण गर्न सकिने हुँदा यसलाई प्राथमिकता प्राप्त क्षेत्रमा समावेश गरिएको छ ।

**घ) खानेपानी आपूर्ति :**

वाग्मती नदी, मनोहरा खोला, काभ्रेखोला, कागेश्वरी खोला, महादेवखोला, घट्टेखोला, ढकालखोला र मरुवाखोला जस्ता पानीका श्रोतहरु नगरपालिका क्षेत्रभित्र उपलब्ध हुँदै आएको भएपनि ढुङ्गेधारा, कुवाइनार, ट्युवेल एवं सार्वजनिक धारावाट खानेपानी उपभोग गर्दै आएका छन् । कूल घरधुरीको करीव २८ प्रतिशत अर्थात ९६४१ घरधुरीमा मात्रै निजी पाइपधारा उपलव्ध हुन सकेको छ भने स्वच्छ सफा खानेपानीको अभावका कारण करीव १४ हजार घरधुरीले जार र वोटलको पानी उपभोग गर्ने गरेका छन् । नगरपालिको यसै यसै आर्थिक वर्षवाट “एकघर एकधारा” कार्यक्रम सञ्चालनमा ल्याउने जमर्को गरेको छ । यसवाट जनमानसको स्वास्थ्यमा सुधार आउने, दूषित खानेपानीका कारण हुने रोगहरुमा न्यूनीकरण आउने र खानेपानीको जोगो गर्नका लागि हुँदै आएको मानसिक तनाव कम हुने जस्ता समस्याहरुको समाधान गर्न सकिने भएकोले यसलाई प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको छ ।

**ङ) गुणस्तरीय शिक्षा :**

नगरपालिकाको वार्षिक शैक्षिक गतिविधि प्रतिवेदन, २०७९ अनुसार नगरपालिकाको साक्षरता दर करीव ९०.९ प्रतिशत रहेको छ। यस अनुसार अझैपनि निरक्षर जनसंख्या करीव १० प्रतिशत छन् भन्ने देखिन्छ। यद्यपी नगरपालिका क्षेत्रभित्र सामुदायिक तथा संस्थागत विद्यालयहरु पर्याप्त संख्यामा रहेको, निजी कलेज तथा क्याम्पसहरु सञ्चालनमा रहेका छन् । यसरी सामुदायिक र संस्थागत विद्यालयको संख्या ७९ वटा छन् । उमेर समुह अनुसार करीव ५ वर्ष देखि १४ वर्ष सम्मका वालवालिकाहरुको संख्या करीव २० हजार रहेको सन्दर्भमा प्रति विद्यालयका लागि करीव २५३.७४ जनालाई पठनपाठन गर्नुपर्ने देखिन्छ । तापनि गुणस्तरीय शिक्षालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पर्ने पक्षहरु विद्यालयहरुमा पर्याप्त अभाव रहेको देखिन्छ। नगर क्षेत्रभित्रका विद्यालयहरुमा गरिएको अध्ययन अनुसार विद्यालयमा कक्षाकोठाको पर्याप्तता, डेक्सवेञ्च, खेलमैदान, पानी तथा सरसफाइ सहितको शौचालय, आइसिटी ल्याव, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, सिसि क्यामरा, इण्टरनेट र इ-हाजिरी उपलब्धता सवै सामुदायिक विद्यालयहरुले पूर्णता पाउन सकेको छैन । सवै विद्यालयहरु मध्यम स्तरमा रहेको कुनै विद्यालयमा प्रयोगशालाहरु नभएको, कुनै विद्यालयमा कक्षाकोठा नै पर्याप्त नभएको, कुनै विद्यालयहरुमा शौचालय तथा खेलमैदान नभएको भएपनि उपयुक्त हुन नसकेको पाइन्छ। त्यसैगरी शिक्षक तर्फ संख्यात्मक रुपमा र विषयक्षेत्रगत प्रशिक्षण प्राप्त जस्ता पक्षहरुका आधारमा पनि पूर्णत सन्तुष्ट हुन सक्ने अवस्था रहेको छैन। विद्यालयमा सिकाइ उपलब्धि दर, छाड्ने दर र पुनः माथिल्लो कक्षामा हुने भर्नादरमा पनि त्यतिकै समस्याहरु देखिएका छन् । यस सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि नगरपालिकावाट थप कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिएको छ। गुणस्तरीय शिक्षा, प्राविधिक सीप, पढ्दै-सिक्दै-कमाउदै जस्ता व्यवहारिक ज्ञान हासिलवाट मानव संशाधनको विकास एवं दक्ष जनशक्ति विकास गर्न सकिने भएकोले यसलाई प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको छ ।

**च) गुणस्तरीय स्वास्थ्य सेवा :**

नगरपालिका भित्र प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु सञ्चालनमा छन्। प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर स्तरीय अस्पतालको रुपमा नगरपालिकाले ग्रहण गरेको छ। त्यसैगरी खोपकेन्द्रहरु विभिन्न क्षेत्रमा र वर्थिङ सेवा पनि सञ्चालनमा रहेको पाइन्छ । यसका अलवा नगरवासीहरुलाई सरकारले उपलब्ध गराउदै आएको द्वितीय र तृतीय तहका स्वास्थ्य सेवाहरु र निजी क्षेत्रवाट सञ्चालित सेवाहरु प्राप्तीका लागि तुलनात्मक रुपमा सहज छ । तापनि नगरक्षेत्रभित्र आपतकालीन एवं निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपभोग गर्न सकिरहेका छैनन् । त्यसैगरी सवै स्वास्थ्य चौकीहरुमा वर्थिङ सेवा उपलब्ध हुन सकेको छैन भने २४ सौं घण्टा स्वास्थ्य सेवाहरु पनि उपलब्ध हुन सकिरहेको छैन । अर्कोतर्फ महामारी, आपतकालीन सङ्क्रमण रोगहरुलाई समयमै नियन्त्रण गर्न सक्ने क्षमताको विकास नगरपालिकामा अझै हुन सकिरहेको छैन । निर्धारित उमेर अनुसार तौलको कमि र कुपोषणवाट वालवालिकाहरु प्रभावित हुँदै आएको सन्दर्भमा नगरपालिकाले स्वास्थ्य क्षेत्रमा नीतिगत सुधार सहित पूर्वाधार र जनशक्तिको क्षमता बिकासमा लगानी वृद्धि गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी स्वास्थ्य क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

**च) वातावरण संरक्षण  तथा विपद् जोखम न्यूनीकरण :**

वाग्मती नदी र मनोहरा खोलाको वीचमा कागेश्वरी मनोहरा नगरपालिका अवस्थित छ । यसरी हेर्दा आइल्याण्डको आभाष हुन्छ । कागेश्वरी एवं महादेव खोला लगायत ७ वटा खोलाहरु नगरपालिकाको विभिन्न क्षेत्रहरुमा रहेका छन् भने कागेश्वरी झरना, घट्टेखोला छाँया, वाग्मती छाँगाहरु, वडा नम्वर ४ र ५ मा रहेका पोखरीहरु क्रमशः खत्रीपोखरी र कानेपोखरी यस नगरपालिकाको प्राकृतिक श्रोतहरु हुन् । त्यसैगरी नगरपालिका क्षेत्रभित्र धार्मिक वन, सामुदायिक वन एवं पार्कहरुवाट वातावरण संरक्षणमा महत्वपूर्ण सहयोग पुग्दै आएका छन् भने शिवपुरी राष्ट्रिय निकुञ्जवाट जैविक

विविधताको संरक्षण उल्लेख्य योगदान पुग्दै आएको छ । तापनि तीव्रगतिमा हुँदै गएको शहरीकरण सन्दर्भमा निर्मित भौतिक पूर्वाधार, अव्यवस्थित वसोवास, जनसंख्या वृद्धिदर, पुराना सवारी साधानहरुको अनियन्त्रित प्रयोग तथा सञ्चालन, प्लाष्टिकजन्य उत्पादनहरुको वढ्दो प्रयोग र जथाभावी फोहोर फाल्ने जस्ता विविध कारणहरुवाट वातावरणमा असन्तुलन भई वातावरण प्रदुषण वढ्दो क्रममा रहेको छ । नगरपालिकावाट फोहोर व्यवस्थापनका लागि फाहोरहरु पुनः प्रयोग, न्यूनीकरण, प्रशोधन एवं वञ्चितीकरण जस्ता उपायहरु अवलम्वन गरेको पाइन्दैन । यस सन्दर्भमा वातावरण दिनपरदिन प्रदुषित भई मानवीय जनजीवन र प्रकृतिमा प्रतिकूल प्रभाव देखिन थालेको पाइन्छ । त्यसैगरी विपद्को हिसाववाट हेर्दा नगरपालिकाका केही क्षेत्रहरु सम्वेदनशील छन् । त्यस्ता क्षेत्रहरुमा वडा नम्वर १ को सानीटारी, ढकालगाउँ, गागलफेदी, कुइकेलगाउँ, र अधिकारीगाउँ, वडा नम्वर २ को सूर्यमण्डली, काभ्रे, जडीवुटे, थापागाउँ, र गणेशमन्दिर, वडा नम्वर ३ को थापागाउँ र म्यान्चाटोल, वडा नम्वर ५ को गजरकोट, पाण्डेगाउँ र सापकोटागाउँ, वडा नम्वर ७ को सोमतीर्थ, र तखाटोल), वडा नम्वर ८ को रमाइलोडाँडा, एयरपोर्टक्षेत्र र वीरभद्र सामुदायिक भवन क्षेत्र र वडा नम्वर ९ को मनोहरा फाँट एवं खहरेखोला क्षेत्र पर्दछन् । यसरी नगरपालिकाको सवै वडाहरुमा सम्वेदनशील क्षेत्रहरु रहेको छन् । त्यस्ता क्षेत्रहरुको संरक्षण गर्नुपर्ने देखिन्छ ।

## ३.८ समष्टिगत रणनीति

कागेश्वरी मनोहरा नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

१ शहरी कृषि खेतीलाई विस्तार गर्दै कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरणवाट उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि ल्याउने

२ दक्ष, सीपयुक्त श्रमशक्तिको विकास गर्दै निजीक्षेत्र, सहकारी एवं सामुदायिक संस्थासंगको सहकार्य र समन्वयमा स्थानीय श्रोत साधनमा आधारित उद्योग व्यवसायको विकास विस्तार एवं पर्यटन प्रवर्द्धनवाट रोजगारी सिर्जना, आय आर्जनमा अभिवृद्धि ल्याउने

३ जीवनपयोगी, प्राविधिक एवं व्यवसायिक शिक्षाको अनिवार्यता, गुणस्तरीय तथा सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा तथा सुरक्षित, स्वच्छ र सफा खानेपानी उपयोगमा सुनिश्चित गर्दै स्वच्छ, सक्षम जाशक्तिको विकास गर्ने

४ स्थानीय सँस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्दै लक्षित वर्ग (महिला, वालवालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, दलित, मुस्लिम तथा अन्य पिछडिएका) एवं युवालाई राजनीति, आर्थिक, सामाजिक लगायतका सवै क्षेत्रमा मूलप्रवाहीकरण, तथा समावेशीकरण गर्ने

५ भौतिक पूर्वाधार तथा सार्वजनिक संरचनालाई दिगो, गुणस्तरीय, सुरक्षित एवं वातावारणमैत्री वनाउदै एकीकृत आवास तथा वस्ती विकासमा सवैको पहुँचमा अभिवृद्धि ल्याउने

६ वैकल्पिक तथा नवीकरण ऊर्जा प्रवर्द्धनवाट नियमित विद्युत सेवाको उपलव्धता र सूचना तथा सञ्चार पूर्वाधारहरुमा स्थानीयहरुको पहुँचमा सहजता ल्याउने

७ जैविक विविधता एवं प्राकृतिक श्रोतहरुको संरक्षण, स्थानीय रैथाने प्रजातिहरुको प्रवर्द्धन, भू संरक्षण तथा जलाधार व्यवस्थापनलाई प्रभावकारी वनाउदै फोहोरलाई सुरक्षित विसर्जनवाट वातावरण संरक्षण एवं सम्वर्द्धन गर्ने

८ विपद् व्यवस्थापनलाई प्रभावकारी एवं जलवायु परिवर्तन अनुकूलन वनाउदै जोखिम तथा क्षतिमा न्यूनीकरण ल्याउने

९ वित्तीय लगायत सवै क्षेत्रमा सुशासन प्रवर्द्धन, पूँजी निर्माणमा राजस्व परिचालन एवं स्थानीय सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी वनाउदै पारदर्शिता र जवाफदेहिता स्थापित गर्ने

१० आयोजनाहरु तर्जुमा, कार्यान्वयन एवं अनुगमनहरुमा स्थानीय समुदायको सहभागितालाई प्रभावकारी वनाउदै आयोजनाहरुमा अपनत्व स्थापित गराउने

### ३.९ परिमाणत्मक लक्ष्य निर्धारण

संघीय सरकार तथा प्रदेशको परिमाणात्मक लक्ष्यको आधारमा दीर्घकालीन सोच तथा आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्यहरुको मापनका लागि प्रमुख सूचकहरु समावेश गरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यसंग समेत तादात्म्यता कायम राखिएको छ ।

**तालिका नम्वर - १८ :**
**आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आधार बर्ष २०८०/८१ सम्म | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ २०७६/७७ | वाग्मती प्रदेश २०७६/७७ | कागेश्वरी मनोहरा २०८०/८१ | संघ २०८०/८१ | वाग्मती प्रदेश २०८०/८१ | कागेश्वरी मनोहरा २०८५/८६ |
| समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य | | | | | | | |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०२* | ०.६६१ | ०.६६५ | ०.६२४ | ०.६७१ | ०.६७३ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९५२* | ०.९३१ | ०.९४५ | ०.९६३ | ०.९६९ | ०.९७१ |
| वहुआयामिक गरिवी | प्रतिशत | २८.६ | १२.२ | ११.५ | १३ | ९ | ८ |
| निरपेक्षित गरिवी | प्रतिशत | १८.७ | १५.३ | ७ | ११ | ८ | ५ |
| प्रतिव्यक्ति वार्षिक आय | अ. डलर | १०४७ | १९१७ | १९२५ | १५९५ | ३०८७ | ३१०० |
| औषत आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ | ७२ | ७२ | ७४.४ | ७५ |
| साक्षरता दर (१५वर्ष माथि) | प्रतिशत | ५८ | ६९ | ८८.६ | ९० | ९५ | ९८ |
| वेरोजगारी दर | प्रतिशत | ११.४ | ७ | ११ | ६ | ४ | ३ |
| विषयक्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य | | | | | | | |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ११७.५ | | .... | | | .... |
| नियमित सिंचाइ भूमि | प्रतिशत | ३३ | | ४९.२७ | .... | .... | ५५.० |
| कृषिमा आवद्ध जनसंख्या | प्रतिशत | ६०.४ | | १५.४ | .... | .... | १० |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ३६.५ | | .... | .... | .... | .... |
| आधारभूत तहको भर्नादर | प्रतिशत | ९२.३ | ९४.८ | .... | ९९.५ | १०० | १०० |
| ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ४९.३ | | १०० | .... | .... | १०० |
| आधारभूत खानेपानीवाट लाभान्वित जनसंख्या | प्रतिशत | ८८ | ९४.१ | .... | ९९ | १०० | १०० |
| ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका घरपरिवार | प्रतिशत | ८२ | - | .... | ९५ | ९७ | १०० |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ८८ | ९८.२ | १०० | ९९ | १०० | १०० |
| इन्टरनेट सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ६५.९ | ७१.२ | ७७.७८ | ८० | ९० | ९५ |
| वन क्षेत्र ओगटेको भूमि | प्रतिशत | ४५.३१ | .... | ४.७८ | .... | .... | ५ |
| सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | - | .... | .... | .... | .... | ९० |

श्रोत : मानव विकास प्रतिवेदन, २०२२, वाग्मती प्रदेश आवधिक योजना २०७६/७७, पन्धौ योजना २०७६/७७ *आर्थिक सर्भेक्षण २०७९/८०

### ३.१० नगर गौरव आयोजना

कागेश्वरी मनोहरा नगरपालिकाको समग्र सामाजिक आर्थिक पुर्नरुत्थान, सन्तुलित विकास, पर्यावरणीय सन्तुलन, जलवायु परिवर्तन तथा विपद जोखिम न्यूनीकरणमा वहुप्रभाव पार्ने आयोजना तथा कार्यक्रमहरुलाई नगर गौरव आयोजनाको रुपमा ग्रहण गरिएको छ । यसरी नगर गौरव आयोजनाहरु छनौट गर्दा आयोजना सञ्चालनवाट स्थानीय नागरिकलाई पुग्ने प्रत्यक्ष लाभ, आय आर्जन तथा रोजगारीता सिर्जना, वहुआयामिक प्रतिफल, अन्तरआवद्धता (कनेक्टिभिटी) मा हुने, आयोजना सञ्चालन गर्नुपर्ने अत्यावश्यकता, आयोजनाहरु आर्थिक तथा सामाजिक परिवर्तनका सम्वाहक, आयोजनावाट

पूँजी निर्माण तथा लगानीको सम्भाव्यता जस्ता विविध पक्षहरुलाई आधार मानिएको थियो । यसरी छनौट गरिएका नगर गौरव आयोजनाहरुको संक्षिप्त विवरण यसप्रकार उल्लेख गरिएको छ ।

| सि.नं. | आयोजनाहरु | मुख्य कियाकलाप | अनुमानित रकम रु. करोडमा |
|---|---|---|---|
| १. | सूचना प्रविधि हव (Knowledge- based Economy promotion) | • CSIT/ IT Engineering college<br>• सूचना प्रविधिमा आधारित व्यवसाय प्रवर्द्धन<br>• सूचना प्रविधिका अन्तर्राष्ट्रिय वजार प्रवर्द्धन | १५ |
| २. | वहुउद्देश्यीय व्यवसायिक भवन | • नगरपालिकाको आन्तरिक श्रोत तथा नगर विकास कोषवाट ऋण सहयोगमा व्यवसायिक भवन निर्माण<br>• टेण्डर सिष्टमवाट सपिङमल सञ्चालन | ३० |
| ३. | स्पोर्ट्स हव | • कभर्डहल सहितको रङ्गशाला निर्माण<br>• पार्किङ, व्यापारिक सटरहरु निर्माण, | २० |
| ४. | पर्यटन प्रवर्द्धन तथा सञ्जाल विकास | • पर्यटकीय गुरुयोजना तर्जुमा, सम्पदाहरु मर्मत तथा जीर्णोद्वार, पार्क उद्यान निर्माण, पर्यटन पूर्वाधार निर्माण, अन्तरपालिका पर्यटकीय सञ्जाल विकास | १५ |
| ५. | नदी, खोला कोरिडर निर्माण | • वाग्मती, मनोहरा, महादेव लगायतका खोलाहरुको दायाँवायाँ कोरिडर निर्माण, वृक्षारोपण | २५ |
| ६. | आर्थिक सवलीकरण कार्यक्रम | • उद्यमशीलता विकास, उत्पादन तथा प्रविधि विकास,वजार प्रवर्द्धन, सहुलियत दरमा ऋण प्रदान, युवा स्वरोजगार, | २० |
| | जम्मा : रकम रु. | | १२५ |

## ३.११ श्रोत अनुमान तथा आवश्यकता

वित्त व्यवस्थाको भूमिका नगरपालिकाको मध्यमकालीन एवं आवधिक योजनाहरु सञ्चालनमा महत्वपूर्ण हुने गर्दछ । वित्तको अभाव तथा वित्त अपुग भएमा, वा निर्धारण गरिए अनुसारका आयश्रोतहरु निर्धारित समय भित्र उपलव्ध हुन नसकेमा विनियोजित कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन ठूलो जटिलताका सामना गर्नुपर्ने हुन्छ । परिणाम स्वरुप, कार्यक्रमहरु अधुरो हुने, कार्यान्वयन नहुने र सम्पन्न कार्यक्रमहरुको पनि गुणस्तर कायम हुन नसक्ने सम्भावनाहरु देखिन्छ । यसर्थ, पर्याप्त वित्त व्यवस्थावाट मात्रै नागरिकहरुको आवश्यकतालाई प्रभावकारी ढङ्गवाट सम्वोधन गर्न सकिने छ । यसका लागि स्थानीय तहका लागि आन्तरिक र वाह्य गरी दुई प्रकारका श्रोतहरुको व्यवस्था नेपालको संविधान लगायत विभिन्न कानुनहरुमा गरिएको छ । आन्तरिक श्रोतमा स्थानीय करहरु खासगरी सम्पत्तिकर, भूमिकर, व्यवसाय कर, घर वहाल आयकर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर प्रमुख हुन भने वाह्य श्रोतहरुमा संघ र प्रदेश सरकारका अनुदानहरु, राजस्व वाँडफाँड र वित्तीय समानीकरण । वाह्य अनुदानहरु खासगरी सशर्त अनुदान, वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान पर्दछन् भने राजस्व वाँडफाँड अन्तर्गत घरजग्गा रजिष्ट्रेशन दस्तुर, मूल्य अभिवृद्धिकर, अन्तःशुल्क, सवारी साधनकर, विज्ञापन कर र दहत्तर वहत्तर पर्दछन् । यसवाट सङ्कलित राजस्वको एक निश्चित रकम संघ, प्रदेश र स्थानीय तहका वीच वाँडफाँड हुने गर्दछ । त्यसैगरी रोयल्टी वापत सङ्कलित राजस्व पनि तीनै तहको सरकारहरु वीच वाँडफाँड गर्ने गरिन्छ ।

- **अनुमान :**

उपरोक्त पक्षहरुलाई मध्येनजर राख्दै नगरपालिकाको आगामी ५ वर्षका लागि प्राप्त हुन सक्ने वित्तीय स्रोतहरुको अनुमान देहाय वमोजिम प्राप्त हुन सक्ने आंकलन गरिएको छ । अनुमान गर्दा नगरपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि गरिएको अनुमानका आधार मानिएको छ ।

| तालिका नम्वर - १९ : श्रोत प्रक्षेपण (रकम रु. लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| **श्रोतहरु** | **२०७९।८०** | **२०८०।८१** | **२०८१।८२** | **२०८३।८४** | **२०८५।८६** | **जम्मा** |
| आन्तरिक आय | २२५८.२४ | २५२७.३८ | २८३२.३६ | ३५७१.३१ | ४५२६.९१ | १,८१२७.१२ |
| वाह्य श्रोत | १,०५५०.२५ | १,२६५०.६६ | १,५१६९.७० | २,१८१४.३९ | ३,१३७३.०७ | ११,२७०८.४४ |
| जम्मा श्रोत | १,२८०८.४९ | १,५१७८.०४ | १,८००२.०६ | २,५३८५.७० | ३,५८९९.९८ | **१३,०८३५.५६** |

उपरोक्त आधारमा आगामी ५ वर्ष भित्र नगरपालिकाको विभिन्न आन्तरिक एवं वाह्य श्रोतहरुवाट करीव रु.१३ अर्व ८ करोड ३५ लाख आय प्राप्त हुन सक्ने अनुमान गरिएको छ। यसरी प्राप्त श्रोतहरु प्राथमिकताका आधारमा नगरपालिकाका विभिन्न विकास योजनाहरुमा लगानी गर्ने गरिन्छ।

## आवश्यकता :

योजनाहरुलाई सफलतापूर्वक सम्पन्न गर्न आगामी ५ वर्षका लागि नगरपालिकाकालाई कूल रकम रु.२० अर्व ५ करोड ८९ लाख रकम आवश्यक पर्ने देखिन्छ। यस अन्तर्गत नगरगौरव योजनाका लागि करीव रु.१ अर्व २५ करोड, नगर स्तरीय योजनाका लागि करीव रु.१७ अर्व ४७ करोड ४५ लाख र वडागत योजनाका लागि करीव रु.१ अर्व ३३ करोड ४४ लाख आवश्यक पर्दछ। यस अनुसार करीव रु.६ अर्व ९७ करोड रकम नपुग हुने देखिन्छ। यसका लागि नगरपालिकाले अन्य श्रोतहरुको खोजी गर्नुपर्ने हुन्छ।

# परिच्छेद चार : आर्थिक बिकास

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार आर्थिक बिकासका लागि प्रमुख क्षेत्रका रुपमा कृषि तथा पशुपंक्षी, सिंचाइ, पर्यटन, उद्योग व्यापार तथा व्यवसाय, वैंक वित्तीय तथा सहकारी व्यवस्थापन र श्रम तथा रोजगारी रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरुको तर्जुमा भएका छन् ।

## ४.१ कृषि तथा पशुपंक्षीपालन

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य सम्वन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूति गरेको छ । देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । कृषिको उत्पादन तथा उत्पादकत्व अभवृद्धि गर्न भूउपयोग नीति अवलम्वन, कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण । आधुनिकीकरण, भूमिको उत्पादनशीलता प्रकति तथा वातावरणीय सन्तुलनका आधारमा उपयोग गर्ने र कृषि सामाग्री तथा उपजहरुको उचित मूल्य र वजार पहुँचको व्यवस्था गर्ने पक्षलाई राष्ट्रको निर्देशक सिद्धान्तका रुपमा अंगिकार भएको छ । त्यसैगरी १५ औं राष्ट्रिय योजनाले दीर्घकालीन लक्ष्यका रुपमा उच्च र दिगो उत्पादन र उत्पादकत्व अभिवृद्धिलाई र तीव, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राष्ट्रिय रणनीतिमा ग्रहण गरिएको छ । त्यसैगरी राज्यले दिगो विकास लक्ष्यलाई एक मार्गदर्शनको रुपमा ग्रहण गरिएको छ । यस अनुसार कृषि क्षेत्रलाई औद्योगिकीकरणका माध्यमवाट रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि, गरिवी निवारण, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन, कृषि तथा पशुपंक्षी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषक क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशुआहार, पशुपंक्षी वीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन गर्ने र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र समावेश गरेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- कृषि उपज तथा पशुपंक्षीहरुको वजार व्यवस्था तथा प्रवर्द्धनमा कमि
- कृषि उपजहरुको भण्डारण, रष्टिक स्टोर, शीतभण्डार, स्टोरेज, प्रशोधन केन्द्र, जस्ता कृषि पूर्वाधारको व्यवस्था नहुनु
- वीउविजन, मल, किटनाशक औषधी समयमै उपलव्ध नहुनु र प्राङ्गारिक कृषि प्रवर्द्धन नभएको
- रैथानेवालीहरुको अनुसन्धानमा कमि र कृषि उपजहरुको प्रशोधन घरेलु विधिमा सुधार नहुनु
- कृषि समर्थन मूल्य, खाद्यान्न बैंक, सामुदायिक कृषि प्रसार सेवा केन्द्रको व्यवस्था नहुनु
- माटो परीक्षण, सोही अनुसारको वाली लगाउने अभ्यासको कमि
- टनेल खेती एवं पशुपालनमा स्थायी रुपमा काम गर्ने कृषि मजदुरको अभाव र श्रमिकहरुमा न्यून कार्यक्षमता
- व्यवसायी र कामदार वीचको व्यवसायिक सम्वन्ध दीगो नहुनु,
- कृषि व्यवसायको दर्ता प्रकृया झण्झटिलो
- कृषि अनुदानको सदुपयोग पूर्ण रुपमा नहुनु,
- कृषि सेवा प्रदान गर्ने प्रणालीमा एकरुपता नहुनु,
- दावी अनुसार वीमा कम्पनीवाट क्षतिपूर्ति नहुने

### मुख्य चुनौतिहरु

- कृषि भूमि खण्डीकरण हुनवाट रोक्नु
- कृषि प्रणालीलाई यान्त्रिकीकरण, आधुनिककरण एवं व्यवसायिकरण गर्नु
- कृषि तथा पशुपालनमा युवाहरुको आकर्षण वढाउनु
- कृषि सामुहिक, चक्लावन्दी तथा करारखेती कार्यान्वयन गर्नु
- पशुपंक्षीजन्य रोगहरुको नियन्त्रण गर्नु
- वन्यजन्तुवाट हुँदै आएको वालीनाली जोगाउन, एवं क्षति कम गर्नु
- कृषि उपजहरु जलवायु अनुकुलन वनाउनु, जलवायु परिवर्तनवाट भएको क्षति न्यून गर्नु
- कृषि उपजहरुको प्राकृतिक हानी नोक्सानीको मूल्याङ्कन गरी राहतको व्यवस्था गर्नु

### मुख्य सम्भावना तथा अवसरहरु

- नगरपालिकाको वडा नम्वर ४ देखि ९ सम्मको क्षेत्र शहरीकरण हुँदै गएको
- वडा नम्वर १, २ र ३  कृषि तथा पशुपंक्षीपालन गर्न उपयुक्त । वडा नम्वर ४ सम्म कृषि भूमि करीव ४९१ हे. उपलब्ध
- व्यवसायिक रुपमा तरकारी खेती टनेल प्रविधिवाट हुँदै आएको छ ।
- व्यवसायिक रुपमा टनेल तथा वेमौसमी तरकारी खेती अभ्यास
- भौगोलिक अवस्थिति अनुसार वडा नम्वर १ मा अलैची खेती, अदुवा र अम्रिसो खेतीका लागि उपयुक्त
- नगरपालिका क्षेत्रभित्र करीव ६१६२ मे.टन दुध खपत हुने, तरकारी र मासु वार्षिक खपत क्रमशः ८९२५.४८ र १४०७.७० मे.टन खपत हुने
- व्यवसायिक खेती र कृषिका उन्नत प्रविधि, उपकरणहरुको प्रयोगमा कृषकहरुको आकर्षण वढ्दो
- कृषि सहकारी, व्यवसायिक फर्म, समुहहरु दर्ता भई अगुवा कृषकहरु क्रियाशील
- कृषिको अर्गानिक खेतीमा सहयोग र प्रोत्साहन उपलब्ध
- कृषि उपकरण तथा यान्त्रिकीकरणको प्रयोग वढ्दो
- वाखा, भैसी तथा कुखुरापालन जस्ता व्यवसायिक फर्महरु क्रियाशील रहेको
- कृषक प्रोत्साहन कार्यक्रम सञ्चालनमा
- कृषकहरुको क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन
- कृषि उपजका लागि ठूलो वजार क्षेत्र काठमाडौ उपत्यका उपलब्ध

### ग) लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**लक्ष्य :** कृषिमा यान्त्रीकरण, आधुनिकीकरण एवं व्यवसायीकरणवाट उत्पादन र उत्पादकत्वमा अभिवृद्धि भएको हुने

### उद्देश्य

१. कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरुको वजार प्रवर्द्धन गर्नु
२. कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउदै खाद्यमा आत्मनिर्भर वनाउनु
३. पशुपंक्षीपालनमा व्यवसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु

### रणनीतिहरु

१.१. कृषिक्षेत्रको क्षमता अभिवृद्धि गर्ने
१.२. कृषि उपजहरुको वजार विस्तार एवं प्रवर्द्धन गर्ने
२.१ कृषि उपजहरुको उत्पादनमा अभिवृद्धि गर्ने
२.२ खाद्यान्नमा आत्मनिर्भर हुने
३.१ पशुपालनलाई मर्यादित र सम्मानजनक पेशाको रुपमा स्थापित गर्ने
३.२ उन्नत जातका पशुपंक्षीको पालनवाट उत्पादन वृद्धि गर्दै वजार प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को कृषि क्षेत्रको क्षमता अभिवृद्धि अन्तर्गत कार्यनीति**

१.१.१. कृषक, कृषि व्यवसाय तथा फार्महरुको क्षमता अभिबृद्धि गरिने छ। कृषियन्त्र, प्रविधि, एवं मेशिन उपकरणहरुको प्रयोग सम्वन्धी प्राविधिक एवं सैद्धान्तिक ज्ञान तथा सीप प्रदान गरिने छ।

१.१.२. कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्दै कृषकहरुलाई प्राविधिक सहयोग सल्लाह नियमित रुपमा उपलव्ध गराइने छ।

१.१.३. कृषकलाई वर्गीकरण गर्दै कृषक परिचयपत्र वितरण वितरण गरिने छ र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था मिलाइने छ। उत्कृष्ट कृषकलाई वार्षिक रुपमा सम्मानित एवं पुरस्कृत गरिने छ।

१.१.४. कृषक तथा कृषि फर्महरुको क्षमता अभिवृद्धिका लागि वैंक तथा वित्तीय संस्थासंग सहकार्य गर्दै सहुलियत दरमा कृषि ऋणको व्यवस्था मिलाइने छ।

१.१.५. मोवाइल एप्स मार्फत कृषि सूचना, जलवायु परिवर्तन, कृषिवजार, कृषक पाठशाला सञ्चालन गरी किसानहरुको क्षमता अभिवृद्धि गरिने छ।

**रणनीति १.२ को कृषि उपजको वजार प्रवर्द्धन गर्ने**

१.२.१ मूल्य श्रृङ्खला (Value chain) र वृहत उत्पादन (Mass production) को अवधारणालाई अवलम्बन गर्दै कृषि वजार प्रवर्द्धन गर्न अग्र तथा पृष्ठ भाग (Forward and Backward Linkage) को सम्वन्धलाई प्रभावकारी एवं सुदृढ वनाइने छ।

१.२.२ कृषि उपजहरुको वजार प्रवर्द्धन एवं संरक्षणका लागि अध्ययनको आधारमा उपयुक्त उपजहरुको वौद्धिक सम्पत्ति संरक्षित गरिने छ। उपजको व्राण्डिङ गर्ने, सामुहिक व्यापार चिन्ह, भौगोलिक सङ्केत लिने व्यवस्था मिलाइने छ।

१.२.३ नगरपालिकाको मुख्य मुख्य स्थानहरुमा कृषि सङ्कलन तथा विक्री केन्द्र तथा हाटवजारको व्यवस्था गरिने छ र हरेक वर्ष कृषिमेला तथा प्रदर्शनी आयोजना गरिने छ।

१.२.४ कृषि उपजहरुको प्रवर्द्धनका लागि सामाजिक सञ्जाल तथा डिजिटल (वेवसाइट) लाई प्रभावकारी वनाउदै कृषि उपज तथा कृषकहरुको संक्षिप्त विवरण, सूचना, वृत्तचित्र तथा डकुमेण्ट्री निर्माण गरी अपलोड गरिने छ।

१.२.५ प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ भएका कृषि तथा कृषिजन्य उपजहरुको व्यवसायिक उत्पादन गर्न प्रोत्साहित गदै कृषि उपजहरुको निर्यात प्रवर्द्धन गरिने छ।

**रणनीति २.१ को कृषि उपजको उत्पादनमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ स्थानीय वीउविजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेतीलाई प्रोत्साहित गर्दै तरकारी, फलफुल, आलु लगायतका कृषि उपजहरुको पकेट (जोन, सुपरजोन) क्षेत्रहरु निर्धारण गरी आवश्यक सुविधाहरु उपलव्ध गराइने छ।

२.१.२ जैविक तथा प्राङ्गारिक मल, गड्यौलेमल आदिको व्यवसायिक रुपमा व्यापक उत्पादन गर्दै वजारमा नियमित रुपमा उपलव्ध गराउन निजी तथा सहकारी क्षेसंग सहकार्य गरिने छ।

२.१.३ कृषि पूर्वाधारहरु (कुलो नहर, सङ्कलन केन्द्र, विक्रीकेन्द्र, गोदाम, शीतभण्डार, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, माटो परीक्षण, लगायत कृषि सडक) निर्माण गरी कृषि उपजहरुको उत्पादनमा अभिवृद्धि ल्याइने छ।

२.१.४ कृषि उत्पादन लागतमा न्यूनीकरण र उत्पादकत्व अभिवृद्धिका लागि कृषिका आधुनिक यन्त्र उपकरण तथा मेशिनहरुको प्रयोगलाई प्रोत्साहित गरिने छ र कृषि यन्त्रहरुको खरिदमा अनुदानको व्यवस्था मिलाइने छ।

२.१.५ न्यून सिंचाई सुविधामा सहजै खेती गर्न सकिने रैथाने प्रजातिहरु (वेसार, मटमास, अदुवा, गहत, कोदो आदि) को व्यवसायिक खेतीमा प्रोत्साहित गरिने छ।

**रणनीति २.२ को खाद्यान्नमा आत्मनिर्भर अर्न्तगतका कार्यनीतिहरु**

२.१.१ भूमि वैंकलाई प्रभावकारी वनाउदै कृषि करार तथा सामुहिक खेतीलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ। कृषि अनुदान तथा सहयोगको व्यवस्था मिलाउदै महिला, दलित, अतिगरिव एवं विपन्न समुदायलाई करार खेतीका लागि प्रोत्साहित गरिने छ।

२.१.२ खाली जग्गामा कृषि उपजहरुको व्यवसायिक खेतीका लागि प्रोत्साहित गरिने छ।

२.१.३ मुख्य खाद्यान्नको वृहत उत्पादनका लागि एक निश्चित क्षेत्रको व्यवस्था गरी सिंचाइ लगायत सवैप्रकारका सुविधा उपलब्ध गराउदै व्यवसायिक रुपमा खाद्यान्न उत्पादन गरिने छ। यसका लागि वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई प्रोत्साहित गरिने छ।

२.१.४ समर्थन मूल्यको व्यवस्था गर्दै कृषि प्रविधिहरुको सदुपयोगवाट वृहत खाद्यन्न उत्पादनका लागि सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

२.१.५ खाद्य पदार्थको आयातमा न्यूनीकरण ल्याइने छ।

**रणनीति ३.१ को पशुपालनलाई मर्यादित र सम्मानजनक पेशाको रुपमा स्थापित गर्ने सम्वन्धी कार्यनीतिहरु**

३.१.१ हरेक वर्ष उत्कृष्ट कृषक सम्मान कार्यक्रम आयोजना गर्दै पुरस्कृति गरिने छ।

३.१.२ व्यवसायिक पशुपंक्षीपालनमा अनुदानलाई प्रभावकारी वनाइने छ।

३.१.३ पशुपंक्षी वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै आवश्यकताका आधारमा वीमामा अनुदानको व्यवस्था मिलाइने छ।

**रणनीति ३.२ को उन्नत जातका पशुपंक्षीको पालनवाट उत्पादन वृद्धि गर्दै वजार प्रवर्द्धन गर्ने सम्वन्धी कार्यनीतिहरु**

३.२.१ कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्दै उन्नत तथा उच्च प्रतिफल दिने पशुपंक्षीहरु व्यवसायिक रुपमा उत्पादन गर्न प्रोत्साहित गर्दै विक्री वितरणका लागि वजारको सुनिश्चित गरिने छ।

३.२.२ पशुसुत्केरी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै आवश्यक सहयोगको व्यवस्था गरिने छ।

३.२.३ भेटनेरी सेवा उपचार केन्द्र तथा पशु प्रयोगशालालाई प्रभावकारी वनाउदै आवश्यक जनशक्तिको व्यवस्था मिलाइने छ। पशुस्वास्थ्य एवं पशुखोप घुम्ति सेवाहरु सञ्चालन गरिने छ।

**घ) मुख्य कार्यक्रम तथा आयोजना**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ।

**तालिका नम्वर -२०**
**कृषि विकास : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत रकम (रु. करोडमा) | आयोजनाको सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| **कृषि विकास** | | | | | | | | |
| **१** | **पकेट क्षेत्र विकास विस्तार** | | | | | | | |
| १.१ | गोलभेंडाको टनेल खेती | वडा नं २ र ३ | १.५० | १ | १ | २ | ३ | १ |
| १.२ | वेमौसमी तरकारी खेती | वडा नं २ र ३ | २.० | १ | १ | २ | ३ | १ |
| **२** | **तरकारी खेती प्रवर्द्धन** | | | | | | | |
| २.१ | व्यवसायिक तरकारी खेती | वडा नं. १ | १.०० | १ | १ | २ | ३ | १ |
| २.२ | शहरी कौशी खेती प्रवर्द्धन | वडा नं.७,८,९ | १.५० | १ | १ | २ | ३ | १ |
| २.३ | व्यवसायिक आलु खेती | वडा नं. २, ३ | ३.०० | १ | १ | २ | ३ | १ |
| २.४ | च्याउ खेती | वडा नं. ४, ५ | १.० | १ | १ | २ | ३ | १ |
| **३** | **व्यवसायिक पशुपंक्षी पालन** | | | | १ | | | |
| ३.१ | पशुपंक्षी वीमा कार्यक्रम | वडा नं. १,२,३ | १०.०० | १ | १ | २ | ३ | १ |
| ३.२ | दुध उत्पादन कार्यक्रम | वडा नं. १,२,३ | २.०० | १ | १ | २ | ३ | १ |
| ३.३ | पशुआहार व्यवस्था | वडा नं. १,२,३ | १.०० | १ | १ | २ | ३ | १ |
| ३.४ | पशुमा कृत्रिम गर्भाधान तथा नश्लसुधार कार्यक्रम | वडा नं. १,२,३ | १.०० | १ | १ | २ | ३ | १ |
| ३.५ | पशुपंक्षी स्वास्थ्य उपचार, रोग नियन्त्रण, खोप कार्यक्रम | वडा नं. १,२,३ | २.०० | १ | १ | २ | ३ | १ |

| तालिका नम्बर -२०<br>कृषि विकास : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत रकम (रु. करोडमा) | आयोजनाको सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| **४** | **मत्स्यपालन** | | | | | | | |
| ४.१ | सार्वजनिक खुल्ला क्षेत्रमा मस्त्यपालन (जग्गा करार विधि) | | २.०० | १ | १ | २ | ३ | १ |
| **५** | **कृषि पूर्वाधार निर्माण** | | | | १ | | | |
| ५.१ | कृषि उपज सङ्कलन तथा विक्री केन्द्र | | २०.०० | १ | १ | २ | ३ | १ |
| ५.२ | कृषि हाटवजार सञ्चालन | | १.०० | १ | १ | २ | ३ | १ |
| ५.३ | कृषि एम्बुलेन्स | | ०.४० | १ | १ | २ | ३ | १ |
| **६** | **कृषि वजार प्रवर्द्धन कार्यक्रम** | | | | १ | | | |
| ६.१ | कृषि मेला, प्रदर्शनी | | ३.०० | १ | १ | २ | ३ | १ |
| ६.२ | हाटवजार सञ्चालन | | १.०० | १ | १ | २ | ३ | १ |
| **७** | **उत्पादन तथा उत्पादकत्व अभिवृद्धि** | | | | १ | | | |
| ७.१ | कृषि यन्त्र खरिदमा सहयोग | | ५.०० | १ | १ | २ | ३ | १ |
| ७.२ | जैविक मल उत्पादन सहयोग | | ५.०० | १ | १ | २ | ३ | १ |
| ७.३ | कृषि किरा नियन्त्रण, औषधी | | ५.०० | १ | १ | २ | ३ | १ |
| **८** | **क्षमता विकास कार्यक्रम** | | | | १ | | | |
| ८.१ | प्राविधिकहरुको क्षमता विकास | | ३.०० | १ | १ | २ | ३ | १ |
| ८.२ | कृषकको क्षमता विकास, परिचयपत्र, डाटावेस, र कृषि सहकारीको क्षमता विकास | | २.५० | १ | १ | २ | ३ | १ |
| **९** | कमाउदै रमाउदै सिक्दै युवा कार्यक्रम | | ५.०० | १ | १ | २ | ३ | १ |
| **जम्मा : कृषि विकास** | | | | | | | | |

**ङ) नतिजा खाका : कृषि विकास**

कृषि तथा पशुपंक्षी क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

| तालिका/ग्राफचित्र नं. २१<br>कृषि विकास : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | **कृषिमा यान्त्रिकरण, आधुनिकीकरण, व्यवसायीकरणवाट उत्पादन र उत्पादकत्वमा अभिवृद्धि भएको हुने** | | | | | | |
| १ कृषिको उत्पादन वार्षिक वृद्धि दर | प्रतिशत | - | ३ | ३ | ४ | पालिकाको पार्श्वचित्र, | जलवायु परिवर्तन |

**तालिका/ग्राफचित्र नं. २१**
**कृषि विकास : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण २०८१/८२ | लक्ष्य परिमाण २०८३/८४ | लक्ष्य परिमाण २०८५/८६ | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| २ कूल कृषिभूमि मध्ये व्यवसायीक रुपमा खेती गरिएको भूमि | हेक्टर | २६३.८ | २७० | २७२ | २७५ | वार्षिक प्रगति समीक्षा | अनुकूलन, कृषकहरुमा व्यवसायिकता विकास भएको हुने, |
| **१. असर तह :** | **कृषि उपजहरुको उत्पादनमा वृद्धि भई खाद्यान्नमा आत्मनिर्भर तर्फ उन्मुख भएको हुने** | | | | | | |
| ३ कृषियोग्य भूमिले ओगटेको क्षेत्रफल | प्रतिशत | १३१९ | १३१९ | १४०० | १७०० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |
| ४ आफ्नै आयले वर्ष भरी खानपुग्ने परिवार | प्रतिशत | ८० | ८० | ८३ | ८५ | | |
| ५ आत्मनिर्भर भएका खाद्य वालीहरु | संख्या | ० | २ | ३ | ४ | | |
| **१.१ प्रतिफल** | कृषि उपजहरुको उत्पादनमा अभिवृद्धि भएको हुने | | | | | | |
| ६ प्रमुख खाद्यान्न वाली को वार्षिक उत्पादन | मे.टन | – | १५०० | १८०० | २००० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषकहरुमा व्यवसायिकता विकास भएको हुने |
| ७ तरकारी उत्पादन | मे.टन | ९१२० | १०००० | ११००० | १२००० | | |
| ८ आलु उत्पादन | मे.टन | ६९० | ७०० | ८०० | ९०० | | |
| ९ मसलाजन्यको उत्पादन | मे.टन | १९० | २०० | ३०० | ४०० | | |
| **१.२ प्रतिफल :** | कृषि पेशा एक मर्यादित एवं आकर्षक पेशाको रुपमा स्थापित भएको हुने | | | | | | |
| १० व्यवसायिक कृषिमा आवद्ध युवा वर्ग | संख्या | ३००० | ३३०० | ३६०० | ३९०० | पालिकाको वार्षिक प्रगति समीक्षा | कृषि पेशा मर्यादित पेशा को रुपमा विकास भएको हुने |
| ११ व्यवसायिक कृषिवाट प्रदान भएको रोजगारी | संख्या | ३००० | ३५०० | ४५०० | ५५०० | | |
| १२ पुरस्कृत कृषकहरु | संख्या | ४० | ५० | १०० | ३०० | | |
| १३ कृषक परिचयपत्र प्राप्त गर्ने | संख्या | ४०० | ४५० | ५०० | ६०० | | |
| **१.३ प्रतिफल** | **कृषिका उत्पादन सामाग्री, प्रविधि तथा प्राविधिक सेवाको प्रभावकारीतामा अभिवृद्धि भएको हुने** | | | | | | |
| १४ व्यवसायिक कृषि फर्म | संख्या | ५० | ५० | ६० | ७० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति प्रतिवेदन | संघ र प्रदेश वाट यथेष्ट वजेटको व्यवस्था भएको हुने |
| १५ आधुनिक कृषि औजार प्रयोग गर्ने कृषकहरु | संख्या | १०० | १५० | २०० | ३०० | | |
| १६ कृषिमा प्रदान भएका अनुदानहरुको प्रकार | संख्या | २० | २२ | २५ | ३० | | |
| १७ मोवाइल एप्सवाट कृषि सूचनावाट लाभान्वित कृषक | संख्या | १२२५ | १३०० | १५०० | २००० | | |
| १८ सञ्चालनमा रहेको कृषि एम्वुलेन्स सेवा | संख्या | ० | १ | १ | १ | | |
| १९ दक्ष कृषि प्राविधिक | संख्या | | | | | | |
| २० नियमित सिंचित भूमि | हेक्टर | ६५० | ७०० | ७५० | ८०० | | |

**तालिका/ग्राफचित्र नं. २१**
**कृषि विकास : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण २०८१/८२ | २०८३/८४ | २०८५/८६ | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| २१ कृषि रोगवाट भएको वार्षिक क्षति | रु. करोडमा | १० | ९ | ८ | ५ | | |
| २२ कृषि पूर्वाधारहरु : हाटवजार, सङ्कलन तथा विक्री केन्द्र, चिस्यान केन्द्र, गोदाम | संख्या | १ | १ | १ | २ | | |
| **२. असर तह :** | **कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरुको वजार प्रवर्द्धन भएको हुने** | | | | | | |
| २३ कृषि उपजहरुको वार्षिक विक्री | रु. करोडमा | २८७ | ३०० | ४०० | ६०० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषिमा व्यवसायीकरण भएको हुने |
| **२.१ प्रतिफल :** | कृषि उपजका व्याकवार्ड तथा फरवार्डमा लिन्केज्स स्थापित भएको हुने | | | | | | |
| २४ कृषि थोक विक्रेतासंग अन्तरक्रिया कार्यक्रम | संख्या | २ | ३ | ४ | ५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषि प्रवर्द्धन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको हुने |
| २५ व्यवसायिक रुपमा उन्नतजातको नर्सरी | संख्या | १ | १ | ३ | ४ | | |
| २६ क्रियाशील कृषि सहकारी | संख्या | ७ | ७ | ७ | ७ | | |
| २७ सञ्चालनमा रहेको कृषि मेला, प्रदर्शनी, | संख्या | १ | १ | २ | ३ | | |
| **२.२ प्रतिफल** | कृषि उपजहरुको वौद्धिक सम्पत्ति संरक्षण भएको हुने | | | | | | |
| २८ दर्ता भई प्रयोगमा आएका व्यापार चिन्ह | संख्या | ० | १ | १ | १ | व्यापार चिन्ह दर्ता वुलेटीन | कृषि प्रवर्द्धन कार्यक्रम प्रभावकारी भएको हुने |
| २९ दर्ता भएको सामुहिक चिन्ह तथा भौगोलिक सङ्केत | संख्या | ० | १ | १ | १ | | |
| **३. असर तह :** | **पशुपंक्षीहरुको व्यवसायिक पालनमा अभिवृद्धि भएको हुने** | | | | | | |
| ३० व्यवसायिक रुपमा पशुपंक्षीको पालन वार्षिक वृद्धिदर | प्रतिशत | २ | ३ | ३ | ४ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरुमा व्यवसायिकता विकास भएको हुने |
| ३१ पशुजन्य उत्पादनको वार्षिक निकासी (कूल उत्पादनको) | प्रतिशत | ३० | ३५ | ४० | ४५ | | |
| ३२ पशुपंक्षी वीमावाट लाभान्वित कृषक | संख्या | ३३७ | ४०० | ५०० | ६०० | | |
| **प्रतिफल** | उन्नत जातका पशुपंक्षीहरुको उत्पादनमा अभिवृद्धि भएको हुने | | | | | | |
| ३३ उन्नतजातका पशुपंक्षी को कूल संख्या | संख्या | | २००० | २५०० | ३००० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरुमा व्यवसायिकता विकास भएको हुने |
| ३४ दुध उत्पादन | मे.टन | ५८८० | ६००० | ६२०० | ६५०० | | |
| ३५ नश्ल सुधार तथा कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ | २ | २ | २ | | |

| तालिका/ग्राफचित्र नं. २१<br>कृषि विकास : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| ३६ पशु सम्वन्धी प्रविधि खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | संख्या | ४५०० | ४६०० | ४८०० | ५००० | | |
| ३७ क्रियाशील पशुस्वास्थ्य कार्यकर्ता | संख्या | ० | ५ | १० | १५ | | |
| **प्रतिफल** | पशुपंक्षीको वजार प्रवर्द्धन भएको हुने | | | | | | |
| ३८ पशुजन्य उत्पादनको विक्रीका लागि वजार सम्मपुग्न लाग्ने समय | घण्टा | ०:३० | ०:३० | ०:२० | ०:१५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषि पूर्वाधार को विकास भएको हुने |
| ३९ दुध सङ्कलन तथा विक्री केन्द्र | संख्या | १/४ | १/४ | १/४ | १/४ | | |
| ४० पशुपंक्षीहरुको वार्षिक कूल विक्री | रु. लाखमा | ७० | ७० | ७० | ७० | | |

## ४.२ सिंचाइ

### क) पृष्ठभूमि :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सा-साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित वाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराई कृषिको उत्पादन र उत्पादकत्व वढाउन सिंचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिंचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमवाट सिंचित क्षेत्र विस्तार गर्दै सिंचाइ पूर्वाधार निर्माण तथा सिंचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने भएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- वैकल्पिक एवं आधुनिक सिंचाइ प्रविधिहरुको प्रयोगमा कमि
- आकाशेपानी सङ्कलन, पानीपोखरी, एवं पानीट्याङ्की निर्माणवाट सिंचाइ गर्ने अभ्यासको कमि
- उपलव्ध पानीका स्रोतहरुको पूर्ण रुपमा सदुपयोग एवं वैकल्पिक उपायहरुको अवलम्वनमा अभाव
- कृषि भूमिमा नियमित सिंचाइ सेवामा न्यूनता

**मुख्य चुनौतिहरु**

- राजकूलो संरक्षण गर्नु
- भूमिगत पानीको स्रोत घट्नवाट रोक्नु
- प्राकृतिक मुहानहरुको दिगो संरक्षण गर्दै पानीको सतह वढाउनु
- खेतीयोग्य भूमिमा सिंचाइ विस्तार गरी कृषि उपजहरुको व्यवसायिक उत्पादन वढाउनु

**मुख्य सम्भावना तथा अवसरहरु**

- जलाधार : वागमती नदी, मनोहराखोला, काभ्रेखोला, मरुवाखोला, ढकालखोला, कागेश्वरखोला, घट्टेखोला महादेवखोला
- वैकल्पिक सिंचाइ प्रविधिहरु प्रयोगमा ल्याउन सकिने
- सिंचाइ आयोजनाहरु सञ्चालनमा रहेको (सञ्चालनमा रहेका सिंचाइ आयोजनाहरु : सातघट्टे, ठाडोकुलो, धुलेपुल ठूलाखेत आकासे, महादेवखोला, वेठी, वगर, खहरे, काभ्रोखोला, ढकालखोला, इच्छामती, सानटारी सिंचाइ)
- खेतयोग्य भूमिको करीव ४९.२७ प्रतिशत भूमिमा सिंचाइ सेवा उपलव्ध हुँदै आएको
- आकाशेपानी सङ्कलन, सा-साना पानीपोखरी तथा पानीट्याङ्की निर्माण गरी सिंचाइ सेवा सञ्चालन गर्न सकिने
- वाग्मती नदी, मनोहरा, कागेश्वरी एवं महादेव खोलाको पानीलाई निश्चित समय सम्म पानीट्याङ्कीमा भरण गरी सिंचाइ सेवा सञ्चालन गर्न सकिने

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**लक्ष्य :** भरपर्दो एवं दिगो सिंचाइ सेवा उपलव्धताजाट खाद्यान्नको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि आएको हुने

**उद्देश्य :**

१. जलाधार दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रुपमा सिंचाइ सेवा उपलव्ध गराउनु
२. सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वनवाट सिंचाइ सेवा सुनिश्चित गर्नु ।

**रणनीति :**

१.१. सीमसार, तालतलैया तथा पानीमुहान जस्ता जलाधार क्षेत्रको संरक्षण गर्दै विस्तार गर्ने
१.२. सिंचाइ आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नति गर्दै सिंचाइ सुविधा विस्तार गर्ने
२.१. उपयुक्त आधुनिक सिंचाइ प्रविधिहरुको व्यवस्थावाट सिंचाइ सुविधा विस्तार गर्ने

**कार्यनीति**

**रणनीति १.१ को जलाधार क्षेत्रको संरक्षण अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी जलाशयको रुपमा विकास गरिने छ ।
१.१.२ तारवार तथा पर्खाल आदिवाट कुवा, पोखरी, तालतलैया, सीमसार क्षेत्रहरुको संरक्षण गर्दै उब्रेको पानीवाट नजिकका क्षेत्रहरुमा सिंचाइ सुविधा उपलव्ध गराइने छ ।
१.१.३ वढी पानी उत्पादन गर्ने वृक्षहरुको रोपण तथा नजिकका क्षेत्रहरुमा रिचार्जपोखरीहरु निर्माण गरी जलाशय क्षेत्रको संरक्षण गर्दै पानीमुहानलाई दिगो वनाइने छ ।

**रणनीति १.२ को परम्परागत सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ चालु अवस्थाका कुलोहरुको नियमित मर्मत सम्भार गरी सिंचाइ सुविधालाई विस्तार गरिने छ ।
१.२.२ कुलोहरुको स्तरोन्नति गरी थपक्षेत्र तथा आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रमा सिंचाइ सुविधा उपलव्ध गराइ कृषि उत्पादनमा सहजता ल्याइने छ ।
१.२.३ पानी पर्याप्त उपलव्ध छिमेकी नगरपालिकाहरुसंग सहकार्य एवं साझेदारी गर्दै कृषियोग्य क्षेत्रहरुमा नियमित सिंचाइ सेवा उपलव्ध गराइने छ ।

**रणनीति २.१ को आधुनिक सिंचाइ प्रविधिवाट सिंचाइ सुविधा विस्तार अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ आकाशे पानी सङ्कलनका लागि प्लाष्टिक पोखरी निर्माणबाट पानीको श्रोत संरक्षण समेत गरी सिंचाइ र पशुपंक्षीहरुलाई पानीको ब्यबस्था गरिने छ ।
२.१.२ खेतीयोग्य जमिनमा सिंचाइका वैकल्पिक प्रविधिहरुलाई (थोपा र छर्किने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेती गर्न सकिने बालीहरु लगाउन जोड दिइने छ ।
२.१.३ सतह मुनी ठूला ठूला पानी ट्याङ्कीहरु तथा जलाशयहरुको निर्माण गर्दै वर्षातको पानी सङ्कलन गरी नजिकको खेतीवारीमा सिंचाइ सुविधा उपलव्ध गराइने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ।

**तालिका नम्वर - २२**
**सिंचाइ : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| कसं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत रु. करोडमा | आयोजनाको सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **पानी मुहान तथा जलाधारको संरक्षण** | | | | | | | |
| १.१. | खोला संरक्षण | खोलाहरु संरक्षण | ५.०० | १ | १ | २ | | |
| १.२. | पानी मुहान संरक्षण | | १.०० | २ | १ | २ | २ | १ |
| १.३. | पोखरी संरक्षण | वडा नं.४ र ५ | ०.५० | | १ | २ | | |
| २. | **सिंचाइ प्रणाली मर्मत** | | | २ | | २ | २ | १ |
| २.१. | कुलो मर्मत तथा स्तरोन्नति | सिंचाइ विस्तार | ०.३५ | | १ | २ | | |
| ३. | **आधुनिक सिंचाइ प्रविधि निर्माण** | | | २ | | २ | २ | १ |
| ३.१. | प्लाष्टिक पोखरी निर्माण | टनेल खेती सिंचाइ विस्तार | १.०० | २ | १ | २ | | |
| ४. | **सतहमुनी पानी भरण** | | | १ | | २ | | |
| ४.१. | वर्षाको पानीलाई जमिनको सतह मुनी भरण गर्ने | | २.०० | | १ | | | |
| **जम्मा : सिंचाइ** | | | | | | | | |

## ङ) नतिजा खाका

सिंचाइ सेवाको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - २३**
**सिंचाइ सेवा : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | भरपर्दो एवं दिगो सिंचाइ सेवा उपलब्धतावाट खाद्यान्नको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि आउने | | | | | | |
| १ नियमित रुपमासिंचित खेतीयोग्य भूमि (कूल खेतीयोगय भूमिको) | प्रतिशत | ४९.२ | ५२ | ५७ | ६० | पालिकाको पार्श्वचित्र | संघ र प्रदेश वाट यथेष्ट वजेट व्यवस्था भएको हुने |
| २ आकाशे पानी तथा आंशिक रुपमा सिंचित भूमि (कूल खेतीयोग्य भूमिको) | प्रतिशत | ५०.७ | ४८ | ४२ | ४० | | |
| **१. असर तह :** | जलाधारको संरक्षण र उपयोग भएको हुने | | | | | | |
| ३ संरक्षित पानी मुहान तथा जलाधार क्षेत्र (वृक्षारोपण, तारवार, पर्खाल, तटवन्ध) | संख्या | ५ | ५ | ५ | ५ | पालिकाको पार्श्वचित्र | स्थानीय समुदायसंग सहकार्य हुने |
| **१.१ प्रतिफल** | सिंचाइका संरचनाहरुको मर्मत सम्भार तथा स्तरोन्नति भएको हुने | | | | | | |

| तालिका नम्वर - २३<br>सिंचाइ सेवा : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| ४ नियमित मर्मत भएका नहर तथा कुलो | संख्या | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | लाभान्वित समुहसंग समन्वय र सहकार्य प्रभावकारी भएको हुने |
| ५ कुलो तथा नहरको स्तरोन्नतिवाट थप सिंचित भूमि | हेक्टर | ६५० | ७०० | ८०० | ९०० | | |
| ६ संरक्षित पोखरी तथा सीमसार क्षेत्र | संख्या | २ | ३ | ४ | ५ | | |
| **२. असर तह :** | सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वन वाट सिंचाइ सेवा सुनिश्चित उपयोगमा वृद्धि भएको हुने | | | | | | |
| ७ आधुनिक प्रविधिको प्रयोगवाट थप सिंचित क्षेत्र | हेक्टर | ६५० | ७०० | ८०० | ९०० | पालिकाको पार्श्वचित्र | संघ र प्रदेश वाट यथेष्ट वजेट व्यवस्था भएको हुने |
| **२.१ प्रतिफल :** | आधुनिक सिंचाइ प्रविधिहरु प्रयोगमा आएको हुने | | | | | | |
| ८ लिफ्ट प्रणाली,प्लाष्टिक पोखरीवाट सिंचितभूमि | हेक्टर | २०० | ३०० | ४०० | ६०० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | संघ र प्रदेश वाट यथेष्ट वजेट व्यवस्था भएको हुने |
| ९ थोपा,छर्किने सिंचाइ प्रविधिवाट सिंचितभूमि | हेक्टर | २०० | ३०० | ४०० | ६०० | | |
| १० निर्मित जलाशय तथा पक्की पानी ट्याङ्की वाट सिंचित भूमि | हेक्टर | | २० | ५० | १०० | | |
| ११ डिपवोरिङ प्रणालीवाट सिंचित भूमि | हेक्टर | ३०० | २८० | २५० | २०० | | |

## ४.३ पर्यटन बिकास

### क) पृष्ठभूमि

नेपालको संविधान २०७२ ले पर्यटन प्रवर्द्धनलाई राज्यको निर्देशक सिद्धान्तको रुपमा ग्रहण गरेको छ। यसको विकासका लागि ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवं प्राकृतिक श्रोतहरुको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल हुनेगरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनता प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ। त्यसैगरी १५ औं राष्ट्रिय योजनाले पर्यटनलाई विशेष महत्व दिदै गुण्नस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई रुपान्तरणका प्रमुख सम्वाहकका रुपमा ग्रहण गरिएको छ। त्यसैगरी नेपाललाई आकर्षक, सुरक्षित, मनोरञ्नात्मक पर्यटकीयमैत्री गन्तव्यको रुपमा स्थापित गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विविधीकरण, पूर्वाधार विकासमा निजीक्षेत्रको प्रवर्द्धन गर्दै रोजगारीका अवसरहरु वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने परिकल्पना भएको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्वन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने साँस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको
- सम्भाव्य पर्यटकीय नयाँ क्षेत्र एवं पर्यटकीय सेवाहरुको पहिचान एवं खोजीमा कमि
- धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार एवं प्रवर्द्धनमा कमि
- मन्तव्य क्षेत्रसम्म पुग्ने पूर्वाधारहरुको अभाव
- धार्मिक, साँस्कृतिक पर्यटन प्रवर्द्धनमा नगरपालिकावाट यथेष्ट सम्वोधनको अभाव तथा न्यून प्राथमिकता
- पर्यटन प्रवर्द्धनमा अन्तरपालिका समन्वय र सहकार्यको अभाव

**मुख्य चुनौतिहरु**

- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा धार्मिक एवं साँस्कृतिक सम्पदाहरुको प्रचार प्रसार गर्नु
- स्थानीय रैथाने रीतिरिवाज, चाडपर्व, मेला एवं नाचगानहरु पुस्तान्तरण, हस्तान्तरण गर्नु
- स्थानीय भाषा, संस्कृतिहरु कमिक रुपमा लोपोन्मुखतर्फ त्यसको संरक्षण गर्नु
- पर्यटन क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु
- अन्तरपालिका सहकार्यवाट धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुवाट लाभ आर्जन गर्नु
- स्थानीय मौलिक साँस्कृतिक पहिचान स्थापित गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- धार्मिक सम्पदाहरु : कागेश्वरी महादेव, नवतनधाम, चम्पक विनायक, काष्ठभैरव, सिमतीर्थ गीता, तेजविनायक गणेश, सिद्धकाली, महाकाल भैरव, कोल्मतेश्वर, थलीवालकुमारी आदि मन्दिरहरु
- प्राकृतिक सम्पदा : शिवपुरी राष्ट्रिय निकुञ्ज, पानीझरना र वाग्मती, मनोहरा, कागेश्गरी, महादेव खोलानदीहरु
- सांस्कृतिक सम्पदा : तामाङ र नेवार भेषभुषा, गरगहना, रीतिथिति
- पर्यटकीय क्षेत्रहरुको संरक्षण, मठमन्दिरहरु जिर्णोद्वार, मर्मतसम्भार, प्रवलीकरण हुँदै आएको
- पर्यटन विकासका पूर्वाधारहरु कमशः निर्माण हुदै आएको र शहीद स्मारक पार्क सम्म पुग्ने वाटो निर्माण भएको
- पर्यटनलाई आयआर्जनसंग जोड्न प्रयास
- पर्यटन उद्योगसंग सम्वन्धित जनशक्तिको क्षमता विकास तथा तालिम प्रदान भएको
- शिवपुरी राष्ट्रिय निकुञ्जसंग जोडिएका क्षेत्रहरुमा पर्यावरणीय पर्यटनको रुपमा विकास गर्न सकिने
- स्पोर्ट हवको रुपमा नगरपालिका विकास गर्न लागिएको सन्दर्भमा खेलकुद पर्यटन प्रवर्द्धन हुन सक्ने
- काठमाडौ महानगरपालिका, गोकर्णेश्वर, शंखरापुर, चाँगुनारायण, मध्यपुर ठिमी र भक्तपुर नगरपालिकासंगको समन्व्य र सहकार्यमा पर्यटकीय सर्किटहरु विकास गरी पर्यटन प्रवर्द्धन हुन सक्ने
- पर्यटनमा आधारित उद्योग व्यवसायहरुको प्रवर्द्धनवाट रोजगारी सिर्जना एवं आयस्तरमा अभिवृद्धि हुन सक्ने

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**लक्ष्य :** धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक पर्यटकीय गन्तव्यको रुपमा स्थापित भएको हुने

**उद्देश्य**

१. पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन गर्नु
२. पर्यटक व्यवसायलाई प्रवर्द्धन गर्दै रोजगारी एवं आयआर्जनमा वृद्धि ल्याउनु

**रणनीतिहरु**

१.१. पर्यटकीय क्षेत्रहरु पहिचान गरी पर्यटकीय क्षेत्र विस्तार गर्ने
१.२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने

२.१ पर्यटकीय स्थलहरुमा सुधार ल्याउदै पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नति गर्ने
२.२ पर्यटन प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ पर्यटकीय क्षेत्र पहिचान एवं पर्यटकीय क्षेत्र विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ धार्मिक, ऐतिहासिक, साँस्कृतिक एवं प्राकृतिक क्षेत्रहरुको पहिचान एवं नक्साङ्कन गरिने छ। तिनीहरुको विस्तृत विवरणहरु तयार पारी परिचायत्मक पुस्तिका तयार पारिने छ।
१.१.२ सम्भाव्यता अध्ययनका आधारमा धार्मिक, ऐतिहासिक, साँस्कृतिक सम्पदा तथा प्राकृतिक श्रोतका नयाँ थपक्षेत्रहरु पहिचान गर्दै गन्तव्य स्थानको रुपमा विकास गरिने छ।
१.१.३ पर्यापर्यटन, जल, कृषि, धार्मिक, साँस्कृतिक, सहासिक आदि पर्यटकीय क्षेत्रका रुपमा विकास गरिने छ।
१.१.४ थप पर्यटकीय उपजहरुको विकास गरी पर्यटकहरुको वसाई लागि अरु लम्व्याइने छ।
१.१.५ अन्तरपालिका समन्वय एवं सहकार्यमा पर्यटकीय सञ्जाल तथा कोरिडर विकास गरिने छ।

**रणनीति १.२ को पर्यटकीय सम्पदाहरुको संरक्षण र सम्वर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ लोपोन्मुख एवं अन्य सवै प्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी उपयुक्त स्थानमा एकीकृत सङ्ग्रहालय निर्माण गरिने छ। सङ्ग्रहालयको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायसंग सहकार्य गरिने छ।
१.२.२ स्थानीय भेषभुषा, रितिरिवाज, परम्परा, जात्रापर्व, पञ्चेवाजा आदिको संरक्षण गरिने छ।
१.२.३ लोकभाषा, कला, संस्कृतिहरुको संरक्षण गर्दै पुस्तान्तरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ।
१.२.४ स्थानीय समुदायसंग सहकार्य गरी हरेक वर्ष साँस्कृतिक मेला तथा प्रदर्शनी आयोजना गरिने छ।
१.२.५ सम्पदाहरु सवैको अभिलेखीकरण गरी पार्श्वचित्र तयार पारिने छ।

**रणनीति २.१ को पर्यटकीय स्थल सुधार तथा पूर्वाधार निर्माण अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ महत्वपूर्ण सम्पदाहरु मर्मत सम्भार तथा जीर्णोद्वार, प्रवलीकरण गर्दै नियमित सरसफाइका लागि स्थानीयहरुसंग सहकार्य गरिने छ।
२.१.२ स्थानीय संस्कृति एवं वातावरणीय पक्षलाई ख्याल राख्दै पर्यटकीय गन्तव्य स्थानसम्म पुग्न सडक तथा पैदल मार्गहरु निर्माण गरिने छ। गन्तव्य स्थानको दिशा तथा दुरी वारे जानकारी गराउने उद्देश्यले मार्गहरुमा सूचना वोर्ड राखिने छ।
२.१.३ विश्राम स्थल, पाटीपौवा निर्माण एवं सुरक्षाको प्रवन्ध मिलाउदै गन्तव्य क्षेत्रलाई सुरक्षित वनाइने छ।
२.१.४ निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै आगन्तुकहरुको वसोवासका लागि होटेल तथा रेष्टुरेण्टहरु सञ्चालन गरिने छ।
२.१.५ गन्तव्य स्थलहरुमा आधारभूत भौतिक पूर्वाधारहरु पानी, विजुली, सञ्चार सेवा, स्वास्थ्य सेवा, गाइड, मुद्रासटही काउण्टरहरुको प्रवन्ध मिलाइने छ।

**रणनीति २.२ को पर्यटन प्रवर्द्धन गर्दै रोजगारी सिर्जना अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ पर्यटन प्रवर्द्धनका लागि पर्यटन संघ, होटेल एवं ट्राभल्स एजेन्सीहरुसंग सहकार्य गरिने छ।
२.२.२ पर्यटकीय सम्पदाहरुको संक्षिप्त विवरण उल्लेख गरी छोटा छोटा वृत्तचित्र वनाई सामाजिक सञ्जालवाट प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिने छ।
२.२.३ निजी क्षेत्रसंग सहकार्य गरी वेरोजगार युवाहरु पर्यटक गाइड, कुक, वेटर जस्ता व्यवसायिक सीप तालिम प्रदान गरी रोजगारीका अवसरहरु सिर्जना गरिने छ।
२.२.४ स्थानीय आदिवासीहरुको संस्कृतिमा आधारित होमस्टेहरु सञ्चालन गर्न महिला, विपन्न एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराउदै रोजगारी तथा आयअर्जनका अवसरहरु सिर्जना गरिने छ।
२.२.५ पर्यटन क्षेत्रलाई लक्षित गर्दै स्थानीय सीप तथा प्रविधिमा आधारित उत्पादन तथा हस्तकलाका सामाग्रीहरुमा उद्यमशीलता विकास गरी रोजगारीका अवसरहरु सिर्जना गरिने छ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - २४**
**पर्यटन विकास : मुख्य कार्यक्रम तथा आयोजना**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत (रु. करोड मा) | आयोजनाको सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **पर्यटकीय नयाँ क्षेत्र पहिचान** | | | | | | | |
| १.१ | पर्यटकीय नयाँ क्षेत्र पहिचान अध्ययन | ऐतिहासिक,धार्मिक संग सम्वन्धित | ०.२० | ३ | २ | ८ | २ | ३ |
| १.२ | अन्तरपालिका पर्यटकीय सञ्जाल विकास | कामपा, गोकर्णेश्वर र शंखरापुर नपा | ३.०० | २ | २ | ८ | २ | ३ |
| १.३ | होमस्टे सञ्चालन (तामाङ सँस्कृतिमा आधारित) | वडा नं. १ | ०.२५ | १ | २ | ८ | २ | ३ |
| २. | **पर्यटकीय सम्पदा संरक्षण तथा सम्वर्द्धन** | | | | | ८ | २ | ३ |
| २.१ | साँस्कृतिक सङ्ग्रहालय | वडा नं. २ | ३.०० | १ | २ | ८ | २ | ३ |
| २.२ | साँस्कृतिक मेला तथा प्रदर्शनी | वडा नं. ५ थली | १.०० | १ | २ | ८ | २ | ३ |
| २.३ | सम्पदाहरुको पार्श्वचित्र | पर्यटन प्रवर्द्धन | ०.५० | १ | २ | ८ | २ | ३ |
| २.४ | मठ मन्दिर तथा सम्पदाहरुको प्रवलीकरण, स्तरोन्नति | सम्पदाको संरक्षण | १.०० | २ | २ | ८ | २ | ३ |
| ३. | **पर्यटकीय स्थल सुधार तथा पूर्वाधार निर्माण** | | | | | ८ | २ | ३ |
| ३.१ | पर्यटकीय नक्सा निर्माण | पर्यटनमा सहजता | ०.५० | १ | २ | ८ | २ | ३ |
| ३.२ | पर्यटकीय पैदलमार्ग निर्माण तथा स्तरोन्नति | मणिचुड सम्म | १.०० | २ | २ | ८ | २ | ३ |
| ३.३ | पर्यटकीय रिसोर्ट सञ्चालन | कागेश्वरी क्षेत्र | ५.०० | २ | २ | ८ | २ | ३ |
| ४. | **पर्यटन प्रवर्द्धन** | | | | | | | |
| ४.१ | संक्षिप्त वृत्तचित्र निर्माण तथा प्रशारण | पर्यटन क्षेत्रको प्रचार प्रसार | १.०० | २ | २ | ८ | २ | ३ |
| ४.२ | पर्यटनमा आधारित उद्योग व्यवसायको क्षमता विकास | क्षमता विकास हुने | ०.५० | १ | २ | ८ | २ | ३ |
| ४.३ | हस्तकला उद्योग प्रवर्द्धन तथा वेरोजगार युवामा व्यवसायिक सीप विकास तालिम | हस्तकला उद्योगमा युवाहरुको अवर्द्धता वृद्धि | ०.५० | २ | २ | ८ | २ | ३ |
| **जम्मा : पर्यटन विकास** | | | | | | | | |

## ङ) नतिजा खाका

पर्यटन विकास क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

**तालिका नम्वर - २५**
**पर्यटन प्रवर्द्धन : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक पर्यटकीय गन्तव्य को रुपमा स्थापित भएको हुने | | | | | | |
| १ पर्यटन प्रवर्द्धनवाट स्थानीय उद्योग व्यवसायको आयमा भएको वृद्धि | प्रतिशत | ० | २ | ४ | ५ | पर्यटन व्यवसाय संघको वार्षिक प्रतिवेदन | पर्यटकहरुको आवगमनमा अभिवृद्धि भएको हुने |
| २ पर्यटन व्यवसायमा भएको थप रोजगारीता | प्रतिशत | ० | ३ | ४ | ५ | | |
| **१. असर तह :** | धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन भएको हुने | | | | | | |
| ३ संरक्षित एवं प्रवर्द्धित लोपोन्मुख संस्कृतिहरु | संख्या | १ | २ | ३ | ४ | पालिकाको पार्श्वचित्र | सँस्कृति संरक्षणमा अभिवृद्धि हुने |
| **१.१ प्रतिफल** | पर्यटकीय क्षेत्रको पहिचान एवं नक्साङ्कन भई सम्पदाहरु मर्मत सम्भार एवं जीर्णोद्वार भएको हुने | | | | | | |
| ४ पहिचान भएका थप पर्यटकीय क्षेत्रहरु | संख्या | ० | १ | १ | १ | पालिकाको पार्श्वचित्र | पर्याप्त वजेट विनियोजन भएको हुने |
| ५ संरक्षित धार्मिक, ऐतिहासिक सम्पदाहरु | संख्या | ४ | ४ | ५ | ६ | | |
| **१.२ प्रतिफल** | पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनात्मक सामाग्रीहरुको विकास भई डिजिटल माध्यमवाट प्रचार प्रसार भएको हुने | | | | | | |
| ६ पर्यटकीय पोर्टलमा सूचना अद्यावधि भएको पटक | संख्या | ० | १ | १ | १ | पालिकाको वार्षिक प्रगति समीक्षा | सरोकारवाल निकायसंग प्रभावकारी समन्वय भएको हुने |
| ७ प्रचरात्मक समाग्रीहरु ( वृत्तचित्र, इ-पोष्टर, फ्लायर) का किसिम | संख्या | ० | १ | १ | १ | | |
| ८ प्रचार प्रसारका लागि सूचना अपलोड भएको सामाजिक नेटवर्कहरु | संख्या | ० | १ | १ | १ | | |
| **२. असर तह :** | स्थानीय स्तरमा थप रोजगारी सिर्जना एवं आय आर्जनमा वृद्धि भएको हुने | | | | | | |
| ९ पर्यटन व्यवसायमा थप लगानी वृद्धि | प्रतिशत | ० | २ | २ | ५ | पर्यटन व्यवसाय संघको वार्षिक प्रतिवेदन | पर्यटन आवगमनमा अभिवृद्धि भएको हुने |
| १० पर्यटनवाट राजस्व सङ्कलनमा भएको वृद्धि | प्रतिशत | ० | २ | ३ | ५ | | |
| ११ पर्यटकहरुको औषतमा दैनिक प्रतिव्यक्ति खर्च | रु. | | ५०० | १००० | १५०० | | |
| **२.१ प्रतिफल :** | पर्यटकीय पूर्वाधारहरुको स्तरोन्नति एवं थप निर्माण भएको हुने | | | | | | |
| १२ स्तरोन्नति भएका पर्यटकीय पूर्वाधारहरु | संख्या | ३ | ३ | ४ | ५ | पालिकाको पार्श्वचित्र | पर्याप्त वजेट विनियोजन भएको हुने |
| १३ व्यवस्थित पैदल मार्गको लम्वाइ | किमि | ० | ० | १ | २ | | |
| १४ मनोरञ्जन, वनभोज पार्क, उद्यान | संख्या | १ | १ | १ | १ | | |

**तालिका नम्वर - २५**
**पर्यटन प्रवर्द्धन : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **२.२ प्रतिफल** | थप पर्यटकीय उपजहरुको विकास विस्तार भई प्रवर्द्धित भएको हुने | | | | | | |
| १५ पर्यटकीय उपजहरुको प्रकार | संख्या | १ | २ | २ | ३ | पर्यटन व्यवसाय संघको वार्षिक प्रतिवेदन | |
| १६ हस्तकलामा आधारित उत्पादनहरुको किसिम | संख्या | ० | ० | १ | १ | | |
| १७ सालभरी भ्रमण गर्ने पर्यटकहरु | संख्या हजारमा | | ० | २ | ५ | | |
| **२.३ प्रतिफल** | पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रवाट लगानी वृद्धि भएको हुने | | | | | | |
| १८ सञ्चालनमा रहेका होटेल, रेष्टुरेण्ट, रिसोर्ट | संख्या | १ | १ | २ | ३ | उद्योग व्यवसाय दर्ता अभिलेख | पर्यटन आवगमनमा अभिवृद्धि भएको हुने |
| १९ व्यवस्थित होम स्टे | संख्या | ० | ० | ५ | १० | | |

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले अर्थ, उद्योग र वाणिज्य लाई राज्यको निर्देशक सिद्धान्तको रुपमा अंगिकार गरेको छ। यस अनुसार साधन श्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास, विस्तार एवं उपलव्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने एवं सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति ग्रहण भएको छ। त्यसैगरी १५ औं राष्ट्रिय योजनामा दीर्घकालीन राष्ट्रिय रणनीतिका रुपमा तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई अंगिकार गरिएको छ भने उद्यमशील कार्य संस्कृति विकासलाई रुपान्तरणका प्रमुख सम्वाहकका रुपमा र उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका थप अवसरहरुको सिर्जना, स्थानीय श्रम र सीमा आधारित उद्योगको प्रवर्द्धन र विकासका साथै निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्ने गरी उद्योग क्षेत्रको समग्र विकास गर्ने परिकल्पना गरिएको छ। स्थानीय सरकारस सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय वजार व्यवस्थापन, स्थानीय वस्तुहरुको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय वौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरुको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्वन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन्।

**मुख्य समस्याहरु**

- उद्यमशिलता विकासका लागि पर्याप्त तालिमको अभाव
- परम्परागत शैलीका सीप विकास तालिम तथा कार्यक्रमको बाहुल्यता
- उद्यमशिलता विकास सम्वन्धी कार्यक्रमको लाभ लागत विश्लेषणको अभाव
- नगरपालिकाको उद्योग, व्यापार तथा आपूर्ति सम्वन्धी स्पष्ट नीति, कानुन एवं कार्यक्रमहरुको अभाव
- नगरपालिका क्षेत्र भित्र सञ्चालित उद्योग तथा व्यापार व्यवसायको स्पष्ट लेखाजोखाको अभाव
- उत्पादित वस्तु सेवाहरुको वजार अभाव एवं विक्री वितरणमा समस्या
- उपयुक्त प्रविधिको अभावका कारण प्रतिस्पर्धात्मक क्षमता न्यून

- वढ्दो संख्यामा रोजगारी सिर्जना गर्ने उद्योगलाई आकर्षणमा कमि
- नगरपालिकाको कर प्रणाली अव्यवहारिक, तुलनात्मक रुपमा अधिक कर
- अनौपचारिक रुपमा सञ्चालित उद्योग तथा व्यवसायलाई करको दायरा भन्दा वाहिर
- स्थानीय वजारको मागलाई सम्वोधन गर्ने उद्यम तथा व्यवसायहरु न्यून संख्यामा

**मुख्य चुनौतिहरु**

- आयातित वस्तुमा परनिर्भरता घटाउनु
- युवा जनशक्तिलाई उद्योग व्यवसायमा आकर्षित गर्दै उद्यमशीलता विकास गर्नु
- स्थानीय साधन श्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु
- औद्योगिक क्षेत्र विस्तार गर्दै औद्योगिक वातावरण सिर्जना गर्नु
- उद्योग, व्यवसायमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- कृषि तथा पशुपालनमा आधारित उद्योग व्यवसायहरुको सम्भावना अधिक
- १०५३ वटा कृषिजन्य फर्म, १४३ वटा पशुपालन, ६६ वटा कुखुरापालन फर्म र २३७ वटा राइसमिलहरु क्रियाशील
- उत्पादनमुलक उद्योग, पानी उद्योग, गाडीपेण्ट, गार्मेण्ट, वेकरी, डेरी, मलमलको जुत्ता, हिमपाइप निर्माण लगायत निकासीजन्य उद्योगहरु सञ्चालनमा
- उत्पादित वस्तुहरुको ढुवानी लगायतका भौतिक पूर्वाधारहरुको उपलव्धतामा सहजता
- विशाल काठमाडौ उपत्यका शहरी क्षेत्र एवं अत्याधिक जनघनत्व रहेको वजार क्षेत्र उपलव्ध
- व्यवसायिक सीप विकास तालिम प्रदान भई स्वरोजगारीता सिर्जना

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य** : उद्योग व्यवसायहरुको प्रवर्द्धनवाट रोजगारीका अवसरहरु सिर्जना भई आयआर्जनमा सुधार आएको हुने

**उद्देश्य**

१. स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धन गर्नु
२. घरेलु तथा साना उद्योगको प्रवर्द्धनवाट रोजगारी एवं आयआर्जन वृद्धि गर्नु

**रणनीतिहरु**

१.१ घरेलु तथा साना उद्योगहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने
१.२ औद्योगिक पूर्वाधार एवं नीतिगत संरचनाहरु निर्माण गरी उद्योग सञ्चालनमा सहजता ल्याउने
२.१ स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने
२.२ प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ एवं निर्यातजन्य उद्योगको प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को घरेलु तथा साना उद्योगहरुको संरक्षण तथा प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ स्थानीय साधन, श्रोत, सीप तथा प्रविधिलाई सदुपयोग एवं आधुनिकीकरण गरी लघु, घरेलु तथा साना उद्योगको विकास विस्तार गरिने छ ।
१.१.२ सञ्चालनमा रहेका उद्योगहरुमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी उद्योग व्यवसायहरुको विकास विस्तारमा सहजीकरण गरिने छ ।
१.१.३ वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिम प्रदानवाट क्षमता अभिवृद्धि गरिने छ । सोका आधारमा सहुलियत दरमा व्यवसायिक ऋण तथा स्टार्टअप लोनका लागि सहजीकरण गरिने छ ।
१.१.४ कृषि, पशुपंक्षीपालन, गैर-काष्ठ बन पैदावर, जडीवुटी, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास तथा उद्यमशीलता बिकास गरी व्यवसाय सञ्चालनका लागि महिला, अतिगरिव तथा विपन्न वर्ग एवं दलितहरुलाई प्रोत्साहित गरिने छ ।

१.१.५ परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिने छ।

**रणनीति १.२ को औद्योगिक पूर्वाधार तथा नीतिगत संरचना निर्माण अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ सम्भाव्यता अध्ययनका आधारमा नगरपालिका क्षेत्रभित्र औद्योगिक ग्राम निर्माण गरी निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै सञ्चालनमा ल्याइने छ र प्रभावकारी रुपमा सञ्चालनका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरी औद्योगिक ग्राम सञ्चालन निर्देशिका निर्माण गरिने छ।

१.२.२ उद्योग व्यवसाय सञ्चालनका लागि आधारभूत भौतिक पूर्वाधारको व्यवस्था एवं सुरक्षाको प्रवन्ध मिलाइने छ।

१.२.३ निजी तथा सहकारी क्षेत्रसंग सहकार्यमा कृषिवन तथा जडीवुटीको व्यवसाय खेतीका लागि प्रोत्साहित गर्दै वजार प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरु (सङ्कलन तथा विक्री केन्द्र, प्रशोधन, भण्डारण, चिस्यान, शीतभण्डार) निर्माण गरिने छ।

१.२.४ सवै प्रकारका शहरी पूर्वाधारहरुको निर्माण गरी व्यापारिक केन्द्रको रुपमा विकास गरिने छ।

१.२.५ उद्योग व्यवसाय एवं आपूर्तिका लागि सरोकारवालहरुसंग अन्तरक्रिया एवं छलफल गरी स्थानीय नीति, ऐन, नियम तथा कानुनहरु निर्माण गर्दै व्यवसाय सञ्चालन गर्न सहजपूर्ण नीतिगत व्यवस्था तथा वातावरण तर्जुमा गरिने छ।

**रणनीति २.१ को घरेलु तथा साना उद्योगको वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरी मुख्य वजार क्षेत्रहरुमा हप्तामा एकपटक हाटवजार सञ्चालन गरिने छ र वर्षमा एक पटक वृहत रुपमा व्यापार मेला तथा प्रदर्शनी आयोजना गरिने छ।

२.१.२ आवश्यक अध्ययनको आधारमा निर्यातजन्य उत्पादनहरुको वजार प्रवर्द्धन तथा वजार संरक्षणका लागि बौद्धिक सम्पत्ति अन्तर्गत व्यापार चिन्ह, सामुहिक चिन्ह, भौगोलिक सङ्केत एवं कफीराइट लिन निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ। यसका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ।

२.१.३ उत्पादित वस्तुहरुको वजार प्रवर्द्धन तथा संरक्षणका लागि व्यापार चिन्ह लिन सम्वन्धित उद्योगलाई प्रोत्साहित गरिने छ।

२.१.४ नगरपालिका क्षेत्रमा उत्पादित वस्तुहरुलाई सामाजिक सञ्जाल तथा वेवसाइड मार्फत प्रचार प्रसारको व्यवस्था मिलाइने छ।

२.१.५ नगरपालिका वाहिरका ठूला उद्योग तथा व्यवसायहरुसंग सम्वन्ध विकासका लागि व्यवसायिहरु वीच अन्तरक्रिया, छलफल कार्यक्रमहरु आयोजना गरिने छ।

**रणनीति २.२ को निर्यातजन्य उद्योगको प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमता एवं निर्यातजन्य उद्योगहरुको सम्भाव्यता अध्ययन गरी सोका आधारमा उद्योगहरुको विस्तार एवं प्रवर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ र आवश्यक सहयोग एवं अनुदानको व्यवस्था मिलाइने छ।

२.२.२ वेरोजगार तथा वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई निर्यातजन्य उद्योगका लागि चाहिने कच्चा पदार्थको व्यवसायिक खेती तर्फ आकर्षित गर्न प्रोत्साहित गरिने छ।

२.२.३ परम्परागत सीप तथा प्रविधिमा आधारित हस्ताकला उद्योगहरुको विकास, विस्तार एवं ठूलो परिमाणमा उत्पादन गर्दै निकासी प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ।

२.२.४ हस्तकलाका सामाग्रीहरुको वजार प्रवर्द्धनका लागि नगरपालिकाको प्रमुख वजार क्षेत्रमा विक्रीकक्ष, प्रदर्शनी कक्ष, कोशेलीघर स्थापना गरिने छ।

२.२.५ वाँस लगायतका प्राकृतिक रेशाजन्य उत्पादनमा विविधीकरण ल्याउदै निकासी प्रवर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - २६**
**उद्योग, व्यापार व्यवसाय : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **घरेलु, साना उद्योगको संरक्षण तथा प्रवर्द्धन** | | | | | | | |
| १.१ | घरेलु, साना उद्योगहरुको क्षमता अभिवृद्धि | उद्योग प्रवर्द्धन | १.०० | १ | २ | ९ | १ | ३ |
| १.२ | वेरोजगार युवाहरुको सीप तथा उद्यमशीलता विकास | स्व-रोजगारी प्रवर्द्धन | ०.५० | २ | २ | ९ | १ | ३ |
| १.३ | र्स्टाटअप लोन सहजीकरण | स्व-रोजगारी प्रवर्द्धन | ३.०० | ३ | २ | ९ | १ | ३ |
| १.४ | रुग्णउद्योग प्रवर्द्धन कार्यक्रम | उद्योग प्रवर्द्धन | २.०० | १ | २ | ९ | १ | ३ |
| १.५ | लक्षित वर्ग उद्यमशीलता विकास कार्यक्रम | स्व-रोजगारी प्रवर्द्धन | २.०० | २ | २ | ९ | १ | ३ |
| २. | **औद्योगिक पूर्वाधार तथा नीतिगत संरचना** | | | | | | | |
| २.१ | औद्योगिक ग्राम सम्भाव्यता तथा डिपिआर तयारी | गागलफेदी | ०.५० | २ | २ | ९ | १ | ३ |
| २.२ | कृषिवन उद्यमशीलता विकास कार्यक्रम | वडा नं. १, २, ३ | २.०० | ३ | २ | ९ | १ | ३ |
| २.३ | कृषि उपज तथा जडीवुटी सङ्कलन, प्रशोधन, गोदाम, शीत भण्डारको सम्भाव्यता अध्ययन | वडा नं. ४ र ५ | १.५० | १ | २ | ९ | १ | ३ |
| २.४ | घरेलु, साना उद्योगको प्रविधि स्तरोन्नति | उद्योगहरु प्रविधिमैत्री | २.०० | २ | २ | ९ | १ | ३ |
| ३. | **घरेलु, साना उद्योग वजार प्रवर्द्धन** | | | | | | | |
| ३.१ | व्यापार मेला तथा प्रर्दशनी | थली वजार | ३.०० | १ | २ | ९ | १ | ३ |
| ३.२ | उत्कृष्ट उद्यमी पुरस्कृत तथा सम्मान कार्यक्रम | थली वजार | १.०० | २ | २ | ९ | १ | ३ |
| ३.३ | व्यापार प्रवर्द्धन अन्तरक्रिया | थली वजार | ०.०५ | ३ | २ | ९ | १ | ३ |
| ३.४ | सामुहिक एवं व्यापार चिन्ह दर्ता सहयोग | वजार प्रवर्द्धन | १.०० | १ | २ | ९ | १ | ३ |
| ४. | **निर्यातजन्य उद्योगको प्रवर्द्धन कार्यक्रम** | | | | | | | |
| ४.१ | निर्यातजन्य उद्योगको क्षमता विकास कार्यक्रम | प्रतिस्पर्धात्मक क्षमता वृद्धि | ५.०० | ३ | २ | ९ | १ | ३ |

| तालिका नम्वर - २६<br>उद्योग, व्यापार व्यवसाय : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ४.२ | निर्यातजन्य वस्तुहरुको गुणस्तर सुधार, लेवलिङ, प्याकेजिङ सहयोग | प्रतिस्पर्धात्मक क्षमता वृद्धि | ५.०० | १ | २ | ९ | १ | ३ |
| **जम्मा : उद्योग व्यापार व्यवसाय** | | | | | | | | |

**ङ) नतिजा खाका : उद्योग व्यापार व्यवसाय**

आगामी ५ वर्षका लागि उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

| तालिका नम्वर - २७<br>उद्योग व्यापार व्यवसाय : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | उद्योग व्यवसायहरुको प्रवर्द्धनवाट रोजगारीका अवसर हरु सिर्जना भई आयआर्जनमा सुधार भएको हुने | | | | | | |
| १ रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ८४.६ | ८५ | ८९ | ९० | पालिकाको पार्श्वचित्र, व्यापार चिन्ह दर्ता वुलेटीन | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने |
| २ वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारीक रुपमा व्राडिङ दर्ता भएका उत्पादनहरु | संख्या | ० | ३ | ५ | ६ | | |
| **१. असर तह :** | स्थानीय साधन, श्रोतमा आधारित उद्योग, व्यवसायहरु को प्रवर्द्धन भएको हुने | | | | | | |
| ३ स्थानीय सीप शैली र प्रविधिमा आधारित उद्योग व्यवसायहरु | संख्या | ६९ | ७० | ७२ | ७५ | उद्योग व्यवसाय दर्ता अभिलेख | घरेलु उद्योगको प्रवर्द्धन भएको हुने |
| **१.१ प्रतिफल** | प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ भएका स्थानीय उत्पादनहरुको पहिचान भई उद्यमशीलता विकास भएको हुने | | | | | | |
| ४ प्रतिस्पर्धात्मक क्षमता भएका कियाशील उद्योग, व्यवसायहरु | संख्या | ३३५ | ३४० | ३५० | ३७० | उद्योग व्यवसायको दर्ता अभिलेख किताव | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने |
| ५ तुलनात्मक लाभ भएका कियाशील उद्योग व्यवसायहरु | संख्या | | ३ | ५ | ५ | | |
| **१.२ प्रतिफल** | आयातको प्रतिस्थापित तथा निर्यातजन्य उद्योगहरुको प्रवर्द्धन भएको हुने | | | | | | |
| ६ वार्षिक आयात निर्यात को अनुपात (आयात : निर्यात) | अनुपात | ४:१ | ४.१ | ३.९:१.१ | ३.८:१.२ | पालिकाको पार्श्वचित्र | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने |
| ७ निर्यातजन्य वस्तुमा आधारित उद्योगहरु | संख्या | १४९ | १६० | २०० | २५० | | |
| **२. असर तह :** | घरेलु तथा साना उद्योगको प्रवर्द्धनवाट रोजगारी एवं आयआर्जन वृद्धि भएको हुने | | | | | | |
| ८ सुचारु औद्योगिक ग्राम | संख्या | ० | १ | १ | १ | पालिकाको प्रगति समीक्षा | निजीक्षेत्रसंग सहकार्य भएको हुने |

| तालिका नम्वर - २७<br>उद्योग व्यापार व्यवसाय : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **२.१ प्रतिफल :** | घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन भएको हुने | | | | | | |
| ९ सुचारु लघु, घरेलु तथा साना उद्योगहरु | संख्या | ६ | ७ | ८ | ९ | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने |
| १० जडीवुटीमा आधारित क्रियाशील उद्योगहरु | संख्या | १४९ | १६० | २०० | २५० | | |
| ११ हस्तकलामा आधारित क्रियाशील उद्योगहरु | संख्या | | १० | १२ | १५ | | |
| १२ उद्यमशील,व्यवसायिक विकास सम्वन्धी सीप मूलक तालिमवाट लाभान्वितहरु | संख्या | | ५०० | ७०० | १००० | | |
| **२.२ प्रतिफल** | उद्योग व्यवसायमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि भएको हुने | | | | | | |
| १३ उद्योग व्यवसायमा निजी क्षेत्रवाट भएको थप लगानी वृद्धि | प्रतिशत | ० | ७ | ८ | ९ | उद्योग व्यवसाय दर्ता अभिलेख | थप लगानी गर्न निजी तथा सहकारी क्षेत्र प्रोत्साहित भएको हुने |
| १४ सहकारी संस्था मार्फत सञ्चालित उद्योग तथा व्यवसायहरु | संख्या | ० | ८ | ९ | १२ | | |

## ४.५ वैंक, वित्तीय संस्था तथा सहकारी बिकास

### क) पृष्ठभूमि

वित्तीय संस्थाहरुवाट हुने पूँजी परिचालनवाट उद्योग व्यापार व्यवसायहरुको विकास विस्तार एवं प्रवर्द्धन हुने गर्दछ । अन्तत, उपभोग्य वस्तुहरुको उपलव्धता, रोजगारी सिर्जना, आयआर्जन भई देशको आर्थिक एवं सामाजिक विकास तथा रुपान्तरणमा यस क्षेत्रको भूमिका पनि उल्लेखनीय हुने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सहकारी संस्था व्यवस्थापन अन्तर्गत संस्थाहरुको परिचालन, व्यवस्थापन, कार्यान्वयन, नियमन, अनुमति, खारेजी, विघटन गर्ने जस्ता कार्यहरु पनि स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- वित्तीय नीति, नियम एवं मापदण्डहरु स्पष्टताको अभाव
- वित्तीय साक्षरताको कमि
- वैंक तथा वित्तीय संस्थाहरुको झन्झटिलो ऋण लगानी प्रकिया
- स्थानीय कृषक एवं सीमान्तकृत वर्गहरुको वित्तीय क्षेत्रमा सहज पहुँच अभाव
- नागरिकमैत्री कर्जा प्रवाहको अभाव, धितो मूल्याङ्कनमा अव्यवहारिकता
- सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु
- सहकारी एवं वित्तीय संस्थाहरुको नियमनमा प्रभावकारीता आउन नसक्नु

### मुख्य चुनौतिहरु

- उत्पादनशील क्षेत्रमा पूँजी परिचालन गर्नु
- वैंक, वित्तीय संस्था एवं सहकारीको व्याँजदरमा उत्तरचढाव, स्थिर विन्दुमा नियन्त्रण गर्नु
- अतिविपन्न, गरिव एवं सीमान्तकृत वर्गहरुको पहुँचमा वैंकिङ सेवामा पहुँच अभिवृद्धि ल्याउनु
- कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुको विकास विस्तार एवं प्रवर्द्धनमा कर्जा वृद्धि ल्याउनु

### मुख्य सम्भावना तथा अवसरहरु

- वैंकहरुवाट कर्जा तथा ऋण सेवा सहजै उपलव्ध हुँदै आएको
- २८ वटा लघुवित्त र ३६ वटा वाणिज्य वैंकहरु क्रियाशील
- वचत तथा ऋण सहकारी ४९, महिला सहकारी ९, कृषि सहकारी ६, वहुउद्देश्यीय सहकारी १२ वटा क्रियाशील
- सहकारीवाट कूल रु.१ अर्व ५३ करोड निक्षेप सङ्कलनमा रु.१ अर्व २७ करोड कर्जा लगानी भएको
- सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** वित्तीय स्रोतहरुको प्रभावकारी परिचालनवाट उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने

### उद्देश्य

१. वित्तीय तथा वैकिङ सेवाको विस्तार विकासवाट पहुँच अभिवृद्धि गर्नु
२. सहकारी क्षेत्रलाई सवल एवं व्यवसायिक वनाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु

### रणनीतिहरु

१.१ वैकिङ सेवामा सवै नागरिकहरुको पहुँच पुऱ्याउने
१.२ व्यवसायिक एवं उत्पादनमूलक क्षेत्रमा ऋण प्रवाहमा अभिवृद्धि ल्याउने
२.१ सहकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने
२.२ सहकारी संस्थाको पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी वृद्धिमा सहजीकरण गर्ने

### कार्यनीतिहरु

#### रणनीति १.१ को वैकिङ सेवामा पहुँच अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु

१.१.१ वैंकिङ सेवालाई विस्तार एवं वैकिङ सेवा सम्वन्धी साक्षरता कार्यक्रम सञ्चालन गरी महिला लगायतका सवै नागरिकहरुको वैंक खाता खोल्न प्रोत्साहित गरिने छ ।
१.१.२ महिला, दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानका लागि आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जाका लागि वैंकहरुसंग सहकार्य गरिने छ ।
१.१.३ स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवर्द्धन हुने उद्योग व्यवसायहरुमा लगानी गर्न वैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गर्दै सामुहिक जमानीमा कर्जा व्यवस्थामा सहजीकरण गरिने छ ।
१.१.४ प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण ऋण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न वैंक तथा वित्तीय संस्थाहरुसंग सहकार्य गरिने छ ।
१.१.५ वित्तीय संस्थाको कर्जा प्रक्रियालाई सहज र सुलभ वनाउदै धितो मूल्याङ्कन एवं व्याँजदरलाई व्यवहारिक वनाउन सहजीकरण गरिने छ ।

#### रणनीति १.२ को उत्पादनमूलक क्षेत्रमा ऋण प्रवाहमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु

१.२.१ कृषि पूर्वाधारहरु अन्तर्गत कृषि उपज सङ्कलन तथा विक्री केन्द्र, हाटवजार, प्रशोधन, भण्डारण, चिस्यान केन्द्र, कृषि एम्वुलेन्स जस्ता क्षेत्रमा लगानी गर्न वैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहित गर्दै सहकार्य गरिने छ ।
१.२.२ वहुमूल्य जडीवुटीहरुको व्यवसायिक खेती एवं प्रशोधन केन्द्र सञ्चालनलाई प्रोत्साहित गर्दै सहुलियत दरमा वैंक ऋणका लागि सहजीकरण गरिने छ ।

१.२.३ तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमता भएको उत्पादनहरुको औद्योगिकीकरणका लागि वैंक तथा वित्तीय संस्थाहरुसंग सहकार्य गर्दै लगानीको व्यवस्था मिलाइने छ ।

**रणनीति २.१ को सहकारी क्षेत्रको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ सहकारी संस्थाका सदस्यहरुको व्यवसायिक सीप, क्षमतामा अभिवृद्धि ल्याउदैं उद्यमशीलता विकास गरिने छ ।

२.१.२ सहकारी सिद्धान्त, व्यवस्थापन तथा लेखा व्यवस्थापन, कर्जा लगानी तथा सङ्कलन जस्ता क्षेत्रहरुमा तालिम, प्रशिक्षणहरु सञ्चालन गरिने छ ।

२.१.३ आर्थिक कारोवारलाई पारदर्शीताका लागि सहकारी संस्थाको क्षमता विकास, नियमित रुपमा लेखा परीक्षण एवं सूचना तथा तथ्याङ्कहरु वेवसाइट मार्फत प्रकाशन एवं सेवाहरुलाई अनलाइन गर्न सहजीकरण गरिने छ ।

२.१.४ एक वस्ती एक सहकारी अवधारणालाई अवलम्बन गर्दै सहकारी संस्थाको सेवालाई सुदृढ र प्रभावकारी वनाइने छ ।

**रणनीति २.२ को सहकारी संस्थाको पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी वृद्धिमा सहजीकरणका कार्यनीतिहरु**

२.२.१ कृषि, पशुपालनको व्यवसायिक खेती प्रवर्द्धनमा सहकारी क्षेत्रको पूँजी लगानी गर्न सहजीकरण गरिने छ ।

२.२.२ नगदेबाली, फलफुल, तरकारी लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु सिर्जना गरिने छ ।

२.२.३ कृषि उपजहरुलाई वजारीकरण एवं आपूर्तिका क्षेत्रमा सहकारीको पूँजी लगानी गर्न प्रोत्साहित गरिने छ ।

२.२.४ सहकारी संस्थासंग समन्वय, सहकार्य गरी सम्भाव्यता अध्ययनका आधारमा श्रम, सीप, पूँजी, प्रविधिमा आधारित उत्पादनको वजारको सुनिश्चित गरिने छ ।

२.२.५ उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा पूँजी परिचालन गरी रोजगारी सिर्जना एवं आय वृद्धि हुने क्षेत्रमा सहकारी संस्थाहरुसंग सहकार्य गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर -२८**
**वैंक वित्तीय संस्था तथा सहकारी विकास : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **वैकिङ सेवामा पहुँच अभिवृद्धि कार्यक्रम** | | | | | | | |
| १.१ | वैकिङ साक्षरता कार्यक्रम | वचत परिचालन | ०.२५ | १ | २ | १ | १ | ३ |
| १.२ | विपन्न वर्गको वित्तीय सेवामा पहुँच अभिवृद्धि | वैंक खाता सञ्चालन | ०.५० | १ | २ | १ | १ | ३ |
| २. | **उत्पादनमूलक क्षेत्रमा ऋण प्रवाह तथा अनुदानसहयोग** | | | | | | | |
| २.१ | नगदेवाली तथा वेमौसमी खेती प्रवर्द्धनमा सहयोग | स्व-रोजगार प्रवर्द्धन | १.०० | १ | २ | १ | १ | ३ |
| २.२ | व्यवसायिक माछापालन तथा च्याउ खेतीमा अनुदान सहयोग | स्व-रोजगार प्रवर्द्धन | १.०० | २ | २ | १ | १ | ३ |
| ३. | **सहकारी क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रम** | | | | | | | |

**तालिका नम्वर -२८**
**वैंक वित्तीय संस्था तथा सहकारी विकास : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ३.१ | सहकारी संस्थाको क्षमता विकास तथा सुदृढीकरण | क्षमता अभिवृद्धि | ०.२५ | १ | २ | १ | १ | ३ |
| ३.२ | सहकारी सदस्यहरुमा उद्यमशीलता विकास | उद्यमशीलता विकास | ०.५० | २ | २ | १ | १ | ३ |
| ३.३ | सहकारी संस्थाको अनुगमन नियमन कार्यक्रम | नियमको परिपालना | ०.२५ | २ | २ | १ | १ | ३ |
| ४. | **सहकारी संस्थाको पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानीका लागिसहजीकरण** | | | | | | | |
| ४.१ | व्यवसायिक भवन, सपिङ मार्ट सञ्चालन | लगानी अभिवृद्धि | २.५० | १ | २ | १ | १ | ३ |
| ४.२ | करारखेती सञ्चालन | सहकारी खेती प्रवर्द्धन | १.०० | १ | २ | १ | १ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि वैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - २९**
**वैंक, वित्तीय संस्था तथा सहकारी विकास : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | वित्तीय स्रोतहरुको प्रभावकारी परिचालनवाट उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने | | | | | | |
| १ वैंक, वित्तीय संस्थाहरु वाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलनको) | प्रतिशत | ८२ | ८३ | ८४ | ८५ | वित्तीय संस्थाको वार्षिक प्रतिवेदन | वित्तीय संस्था मा पहुँच वृद्धि भएको हुने |
| **१. असर तह :** | वित्तीय तथा वैकिङ सेवामा स्थानीयहरुको पहुँच वृद्धि भएको हुने | | | | | | |
| २ सहकारी संस्थामा सङ्कलित निक्षेप (रु. करोडमा) | रु. | १५३ | १६० | १६५ | १७० | सहकारीको वार्षिक प्रतिवेदन | |
| **१.१ प्रतिफल** | वैकिङ सेवालाई विस्तार गर्दै कर्जा प्रवाहमा सहज, सरल र व्यवहारिक भएको हुने | | | | | | |
| ३ क्रियाशील वैंक, वित्तीय तथा वचत तथा ऋण सहकारी संस्थाहरु | संख्या | ७६ | ७६ | ७६ | ७६ | पालिकाको वार्षिक प्रगति समीक्षा | वित्तीय संस्थाहरुसंग प्रभावकारी समन्वय भएको हुने |
| ४ सहकारी तथा वित्तीय संस्था परिचालन सम्वन्धी कानुनीहरु | संख्या | १ | २ | २ | २ | | |
| **१.२ प्रतिफल** | प्राथमिकता प्राप्त क्षेत्रहरुमा वैंक तथा वित्तीय संस्थाहरुको लगानीमा अभिवृद्धि भएको हुने | | | | | | |

| तालिका नम्वर - २९<br>वैंक, वित्तीय संस्था तथा सहकारी विकास : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| ५ प्राथमिक प्राप्त क्षेत्रमा भएको लगानी (कूल लगानीको) | प्रतिशत | १५ | २० | २२ | २५ | वित्तीय संस्थाको वार्षिक प्रतिवेदन | पालिकाको नियमन प्रभावकारी भएको हुने |
| ६ कृषि क्षेत्रमा भएको कूल लगानी (कूल लगानीको) | प्रतिशत | १० | १२ | १३ | १५ | | |
| **२. असर तह :** | वैंक, वित्तीय तथा सहकारी संस्थामा सङ्कलित निक्षेप लाई उत्पादनशील क्षेत्रमा उपयोग भएको हुने | | | | | | |
| ७ सहकारी संस्थावाट भएको कूल लगानी (कूल निक्षेपको) | प्रतिशत | ८२ | ८३ | ८४ | ८५ | सहकारीको वार्षिक प्रतिवेदन | पालिकाको नियमन प्रभावकारी भएको हुने |
| **२.१ प्रतिफल :** | सहकारी संस्थामा आवद्ध सदस्यहरुमा उद्यमशीलता विकास भई स्वरोजगारी सिर्जना भएको हुने | | | | | | |
| ८ सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | ३२२९६ | ३२२९६ | ३२२९६ | ३२२९६ | सहकारीको वार्षिक प्रतिवेदन | पालिकाको नियमन प्रभावकारी भएको हुने |
| ९ व्यवसायिक सीप विकास तालिम लिई स्व-रोजगार भएका सहकारीकासदस्य ( कूल सदस्य संख्याको) | प्रतिशत | | १० | १५ | २५ | | |
| **२.२ प्रतिफल** | कृषि पूर्वाधार तथा कृषि-वन क्षेत्रमा लगानी वृद्धि भएको हुने | | | | | | |
| १० कृषि क्षेत्रमा कियाशील सहकारीहरु | संख्या | ६ | ६ | ६ | ६ | पालिकाको वार्षिक प्रगति समीक्षा | |
| ११ कृषि पूर्वाधारमा भएको कूल लगानी | रु. करोडमा | | १५ | २० | २५ | | |

## ४.६ श्रम तथा रोजगार

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रुपमा ग्रहण गरेको छ भने १५ औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रुपान्तरणका प्रमुख सम्वाहकको रुपमा लिएको छ । नेपाल सरकारले स्वदेशमा रोजगारीता सिर्जना र वैदेशिक रोजगारीता दुवै पक्षलाई प्राथमिकतामा राखेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो वनाउन सीप विकास, गन्तव्य मुलुकका वारेमा आधारभूत जानकारी, वैदेशीक रोजगारीवाट प्राप्त सीप, ज्ञान, पूँजी उपयोगका लागि विविध कार्यक्रमहरु पनि सञ्चालन हुँदै आएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगारी तथा वेरोजगारी श्रमशक्तिका वारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- गरिव पहिचान एवं परिचय पत्र वितरण नभएको
- श्रम क्षेत्रमा सम्लग्न ठुलो जनसंख्या प्राथमिक स्तरको काममा आवद्ध
- श्रमजनशक्तिको उत्पादनकत्व तथा क्षमता अभिबृद्धिको अभाव र यसका लागि लगानी न्यून
- श्रमशक्तिको सामाजिक सुरक्षामा नीतिगत अस्पष्टता
- श्रमशक्तिको व्यवस्थापन सम्वन्धी योजना तथा कार्यक्रमहरुको अभाव

**मुख्य चुनौतिहरु**

- युवाहरुलाई रोजगार प्रदान गर्नु
- दिगो एवं सुरक्षित रोजगारी क्षेत्रहरुको पहिचान र अवसरहरु सिर्जना गर्नु
- युवाहरुलाई आयमूलक क्षेत्रमा परिचालन गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- युवा समुह उपस्थिति अधिक
- थोक व्यापार व्यवसायिक क्षेत्रमा ३२ प्रतिशत, कृषि तथा पशुपालन क्षेत्रमा १५ प्रतिशत, निर्माण क्षेत्रमा ११ प्रतिशत, शिक्षा क्षेत्रमा ५.४ प्रतिशतको संलग्नता
- करीव २८.४ प्रतिशत सामान्य र प्राथमिक सेवाका कार्यरत
- करीव २४.७ प्रतिशत जनशक्ति मौसमी रोजगारीमा आवद्ध
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु**

**लक्ष्य :** सीपयुक्त, व्यवसायिक जनशक्तिको विकासवाट रोजगारीताको सिर्जना भएको हुने

**उद्देश्य**

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु

**रणनीतिहरु**

१.१. युवाहरुमा व्यवसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने
१.२. निजी क्षेत्रसंग सहकार्य गरी रोजगारी सिर्जना गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को सीप, क्षमता अभिवृद्धि अन्तर्गतको कार्यनीति**

१.१.१. वेरोजगार युवालाई प्राविधिक, सीपमूलक तथा व्यवसायिक तालिम प्रदान गरिने छ।
१.१.२. कृषि, पशुपंक्षीपालन, माछापालन एवं वहुमूल्य जडीवुटीका क्षेत्रमा वेरोजगार युवाहरुलाई प्राविधिक ज्ञान तथा व्यवसायिक खेती सम्वन्धी क्षमता विकास तालिम तथा प्रशिक्षणहरु सञ्चालन गरिने छ।
१.१.३. प्राविधिक शिक्षालयसंग सहकार्य गर्दै वेरोजगार युवाहरु व्यवहारिक, प्राविधिक ज्ञान तथा सीप हासिल गर्न प्रोत्साहित गरिने छ।
१.१.४. वजारको मागका आधारमा छोटो अवधिका व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरिने छ।

**रणनीति १.२ को निजीक्षेत्रसंगको सहकार्यवाट रोजगारी सिर्जना अन्तर्गतको कार्यनीति**

१.२.१ नगरपालिकामा रोजगारी सूचना केन्द्र स्थापना गरी वेरोजगार तथा अर्धवेरोजगार श्रमशक्ति एवं रोजगारदाताको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिने छ।
१.२.२ निजी क्षेत्रको मागका आधारमा श्रमशक्ति आपूर्ति हुने व्यवस्था मिलाइने छ। यसका लागि व्यवसायिक क्षमता तथा सीप विकास, पुर्नताजगी तालिमहरु सञ्चालन गरी प्रतिस्पर्धी वनाइने छ।
१.२.३ निजी क्षेत्रसंग सहकार्य गर्दै ठूलो संख्यामा रोजगारी सिर्जना गर्न प्रोत्साहित गर्दै आवश्यक सुविधाहरु प्रदान गरिने छ।

१.२.४ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

१.२.५ वैंक, वित्तीय संस्थासंग सहकार्य गर्दै स्व-रोजगारीताका लागि स्टार्टअप लोन तथा वैंक कर्जाका लागि सहजीकरण गरिने छ।

## घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ।

**तालिका नम्वर - ३०**

**श्रम तथा रोजगार : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **सीप क्षमता अभिवृद्धि** | | | | | | | |
| १.१ | वेरोजगार युवाहरुमा व्यवसायिक सीप तालिम | स्व-रोजगार वनाउने | ०.५० | १ | २ | ८ | १ | ३ |
| १.२ | कृषि, पशुपंक्षीपालन, माछा पालन एवं जडीवुटीका क्षेत्र मा उद्यमशीलता विकास | रोजगार प्रवर्द्धन | १.० | १ | २ | ८ | | १ |
| १.३ | शिक्षित वेरोजगारी युवाहरु लाई सूचना प्रविधि सम्वन्धी सीपमुलक तालिम | रोजगार प्रवर्द्धन | ०.५० | २ | २ | ८ | १ | ३ |
| २. | **रोजगारीता सिर्जना** | | | | | | | |
| २.१ | वेरोजगार युवा, श्रमशक्ति सम्वन्धी तथ्यांकअद्यावधिक | श्रमशक्ति वारे यकिन | ०.२० | २ | २ | ८ | १ | ३ |
| २.२ | निजी क्षेत्र तथा वजारको मागका आधारमा सीप विकास तालिम सञ्चालन | सीप अभिवृद्धि | १.०० | ३ | २ | ८ | | ३ |
| २.३ | रोजगारदाताहरुको क्षमता अभिवृद्धि | रोजगार प्रवर्द्धन | २.०० | २ | २ | ८ | १ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि श्रम, रोजगारी तथा सुरक्षित आप्रवासन क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - ३१**

**श्रम तथा रोजगार : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | सीपयुक्त, दक्ष, एवं व्यवसायिक जनशक्तिको विकास भई रोजगारीता वृद्धि भएको हुने | | | | | | |
| १ रोजगारी वृद्धिदर | प्रतिशत | ९०.९ | ९१ | ९२ | ९३ | पालिकाको पार्श्वचित्र | युवा स्व-रोजगार कार्यक्रम प्रवर्द्धन हुने |
| **१. असर तह :** | श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीपमा अभिवृद्धि भएको हुने | | | | | | |
| २ व्यवसायिक सीपमुलक तालिम प्राप्त दक्ष श्रम शक्तिको वार्षिक वृद्धि | प्रतिशत | ५२.७ | ५४ | ५५ | ५८ | पालिकाको पार्श्वचित्र, | युवा स्व-रोजगार |

**तालिका नम्वर - ३१**
**श्रम तथा रोजगार : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| ३ वजारको माग अनुसार आपूर्ति भएकोश्रमशक्ति | प्रतिशत | ४० | ४५ | ४८ | ५० | प्रगति समीक्षा | कार्यक्रम प्रवर्द्धन हुने |
| **१.१ प्रतिफल** | व्यवसायिक सीपयुक्त जनशक्तिहरुको विकास भएको हुने | | | | | | |
| ४ सिटिइभिटीवाट शिक्षित जनशक्ति | संख्या | ५० | ६० | ७५ | १०० | पालिकाको पार्श्वचित्र | |
| ५ सञ्चालनमा रहेका प्राविधिक शिक्षालयहरु | संख्या | १ | १ | २ | २ | | |
| **१.२ प्रतिफल** | रोजगारीता सिर्जना भएको हुने | | | | | | |
| ६ निजी क्षेत्रवाट भएको थप रोजगारी सिर्जना | प्रतिशत | | १० | १२ | १५ | पालिकाको पार्श्वचित्र | युवा स्व-रोजगार कार्यक्रम प्रवर्द्धन हुने |
| ७ प्रधानमन्त्री रोजगार कार्यक्रमवाट लाभान्वित | संख्या | | ५०० | ७०० | १००० | | |

# परिच्छेद - पाँच : सामाजिक बिकास

सामाजिक विकास क्षेत्र अन्तर्गतका प्रमुख क्षेत्रका रुपमा शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक समवेशीकरण, भाषा कला साहित्य संस्कृति र युवा तथा खेलकुद रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरुको तर्जुमा भएका छन् ।

## ५.१ शिक्षा

### क) पृष्ठभूमि

शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क वनाउने लक्ष्य नेपाल सरकारले लिएको छ । नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशूलक एवं अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । त्यसैगरी १५ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा ग्रहण गरिएको छ भने शिक्षाको माध्यमवाट व्यक्तिको सर्वाङ्गिण विकास गर्ने र गुणस्तरीय शिक्षा प्रणालीलाई सामाजिक एवं आर्थिक रुपान्तरणको रुपमा परिकल्पना गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरुको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरुका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरु स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

#### मुख्य समस्याहरु

- विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत शैक्षिक सामाग्री, पुस्तकालय र प्रयोगशालाको कमि
- विद्यालय, विद्यार्थी र अभिभावकहरु वीच नियमित सम्वादको अभाव र वुझाइमा कमि
- आपतकालीन अवस्थामा वैकल्पिक माध्यमवाट सिकाइलाई निरन्तरतामा कमि
- सिकाइ उपलब्धि दर न्यून
- विद्यालयहरुको नियमित अनुगमन र सुपरीवेक्षण कमि
- विद्यालयमा शैक्षिक एवं भौतिक पूर्वाधारको कमी, र भएका पूर्वाधारहरु पनि वालवालिका एवं अपाङ्गतामैत्रीको अभाव
- बाल मनोविज्ञान, मनोपरामर्शको अभाव र अध्ययन अनुसन्धानको पनि कमि

#### मुख्य चुनौतिहरु

- भाषा भेषभूषा र संस्कृतिमा बाह्य आक्रमणलाई नियन्त्रण गर्नु
- सामुदायिक विद्यालयको शिक्षालाई पूर्णत प्रविधिमैत्री वनाउनु
- विद्यालयका शिक्षकहरुको मनोवलमा अभिवृद्धि ल्याउनु
- कमी, नगरपालिका र विद्यालय विचको प्रतिष्ठाको द्वन्द्व,
- विद्यालय र अभिभावक बीचको वुझाइमा एकरुपता ल्याउनु

#### मुख्य सम्भावना तथा अवसरहरु

- विद्यालय शिक्षालाई प्रविधिमैत्री वनाउन सकिने
- सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वढाउन सकिने

- विद्यालयमा भौतिक पूर्वाधार अपाङ्गता, वालवालिकामैत्री निर्माण एवं विस्तार गर्न सकिने
- नगरपालिकाकाले तर्जुमा गरेको नगर शिक्षा योजनाको कार्यान्वयन गर्न सकिने
- रातो वंगाला जस्ता विद्यालयहरुसंगको सहकार्यमा विद्यालय शिक्षालाई थप गुणस्तरीय एवं शिक्षण पद्धतिलाई किशोर किशोरीमैत्री वनाउन सकिने
- शिक्षकलाई अनुसन्धनात्मक कृयाकलापमा संलग्न गराउन नगरपालिकाले सहजीकरण गर्न सक्ने
- विद्यार्थीको अन्तरवैयक्तिक क्षमताको पहिचान विकास र तदअनुरुपको कार्यक्रम निर्माणकालागि आवश्यक पहल गर्न सकिने

## ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य** : प्राविधिक एवं गुणस्तरीय शिक्षामा सवैको पहुँच अभिवृद्धि भई दक्ष जनशक्ति उत्पादन भएको हुने

### उद्देश्य

१. शिक्षामा गतिगरिव, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सवैको सहज एवं समान पहुँच सुनिश्चित गर्नु

२. विद्यालयहरुमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चिततावाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु

### रणनीतिहरु

१.१. साक्षरता वृद्धि तथा उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने

१.२. शिक्षालाई सर्वसुलभ बनाउदै गुणस्तरीय वनाउने

२.१ शैक्षिक एवं भौतिक पूर्वाधारको व्यवस्था गर्दै सुविधासम्पन्न वनाउने

२.२ प्राविधिक दक्ष जनशक्ति विकास गर्ने

### कार्यनीतिहरु

### रणनीति १.१ को साक्षरता वृद्धि तथा शिक्षामा समान पहुँच अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु

१.१.१ सामुदायिक सिकाइ केन्द्र मार्फत शिक्षावाट वन्चित समूहलाई गृहणी, प्रौढ तथा अभिभावक शिक्षा तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन एवं विद्यालय छाडेका वा वाहिर रहेका उमेर समुहका वालवालिकाहरुलाई वैकल्पिक शिक्षा प्रदानवाट साक्षरतामा अभिवृद्धि ल्याउदै जीवनोपयोगीका साथै प्रारम्भिक वालविकासलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

१.१.२ नागरिक समाज, स्थानीय गैसस लगायतका सामुदायिक संस्थाहरुसंग सहकार्य गरी विद्यालय भर्नालाई अभियानको रुपमा सञ्चालन गर्दै उमेर समुहका सवै वालवालिकालाई विद्यालयको पहुँच ल्याइने छ ।

१.१.३ आधारभूत एवं माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क एवं अनिवार्य वनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१.१.४ आधारभूत तह सम्मका वालवालिकालाई दिवाखाजा, कलम, कापि, पाठ्यपुस्तक, विद्यालय पोशाक एवं विद्यालय सम्म पुग्न विद्यालय वसहरु आदि सुविधाहरु निःशुल्क प्रदान गरी उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइने छ ।

१.१.५ आधारभूत तहसम्म स्थानीय मातृभाषा, संस्कृत भाषामा शिक्षा प्रदान गर्न विद्यालयलाई प्रोत्साहित गर्दै नैतिक शिक्षा एवं व्यवहारिक शिक्षामा जोड दिइने छ ।

### रणनीति १.२ को शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने अन्तर्गतका कार्यनीतिहरु

१.२.१ जेहन्दार, आर्थिक रुपमा विपन्न, दलित र सीमान्तकृत समुदाय, शहीद परिवारका बालबालिकाहरुको विद्यालयमा पहुँच वृद्धिका लागि छात्रावासको व्यवस्था मिलाइने छ ।

१.२.२ तालिम प्राप्त, विषयगत एवं दरबन्दी अनुसारका शिक्षकहरुको व्यवस्था गर्दै शिक्षकहरुलाई प्रविधिमैत्री, विषयगत तालिम, पुर्नताजगी तालिम, अन्तरकिया एवं अनुभव आदनप्रदानमा सहभागि गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिहरुलाई व्यवहारिक, प्रयोगात्मक, बालमैत्री वनाइने छ ।

१.२.३ विषयगत, कक्षागत सिकाई उपलब्धी दर बढाउन नतिजामा आधारित मूल्याङ्कन प्रणालीको अवलम्बन, विद्यालय अनुगमन तथा मूल्याङ्कन एवं बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै बालबालिकाको सिकाईमा अभिवृद्धि ल्याइने छ ।

१.२.४ शिक्षण सिकाइ तथा उपलब्धि, निरन्तरता दरमा वृद्धि ल्याउदै निश्चित मापदण्डका आधारमा उत्कृष्ट शिक्षक, उत्कृष्ट परिणाम ल्याउने विद्यालय, प्रभावकारी विद्यालय व्यवस्थापन, एवं वालवालिकाहरुलाई प्रोत्साहित गर्दै पुरस्कृत गरिने छ ।

१.२.५ न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुमा मल्टिग्रेड मल्टिलेवल शिक्षण विधि अवलम्वन गरिने र सम्भाव्यताका आधारमा विद्यालय समायोजन गर्दै आवसिय विद्यालयहरु सञ्चालन ल्याइने छ ।

**रणनीति २.१ को भौतिक पूर्वाधारको व्यवस्थावाट सुविधा सम्पन्न अर्न्तगतका कार्यनीतिहरु**

२.१.१ सवै प्रकारका भौतिक पूर्वाधारहरु (विजुली, खानेपानी, शौचालय, भवन निर्माण, कक्षाकोठा, फर्निचर, तारवार, खेलमैदान, छात्रावास आदि) निर्माण गर्दै पूर्वाधारलाई छात्रामैत्री, अपाङ्तामैत्री एवं भूकम्प प्रतिरोधात्मक बनाउदै विद्यालयलाई सहजपूर्ण वनाइने छ ।

२.१.२ विद्यालयलाई आइसिटिमा जोड्दै इ-पुस्तकालय, ई-हाजिरी, सिसिटिभी, स्मार्ट वोर्डको व्यवस्था गर्दै आपतकालीन अवस्थामा अनलाइन कक्षा सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइने छ ।

२.१.३ विज्ञान प्रयोगशाला, पुस्तकालय, सन्दर्भ सामाग्री, विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकहरुको व्यवस्था मिलाइने छ ।

२.१.४ विद्यालयहरुमा व्यवस्थित खेलकुद मैदान सहित विद्यालयको चारैतर्फ फलफुलका विरुवा, तथा छहारा दिने ठूला रुखहरुको वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिने छ ।

२.१.५ विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण तथा प्रारम्भिक स्वास्थ्योपचारका विद्यालयमा घुम्ति नर्स सेवा उपलव्ध गराइने छ ।

**रणनीति २.२ को प्राविधिक जनशक्ति विकास अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ कृषि, स्वास्थ्य, इन्जिनियरिङ लगायतका विषयहरुको अध्ययनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम (सिटिइभिटी) को सम्वद्धनमा सुविधा सम्पन्न प्राविधिक शिक्षालय सञ्चालन गरिने छ ।

२.२.२ व्यवसायिक एवं प्राविधिक शिक्षाका लागि शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि, तालिम प्रदान गर्ने, विषयगत शिक्षक लगायत आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइने छ ।

२.२.३ महिला, गति गरिव विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई छात्रवृत्ति प्रदान गर्दै प्राविधिक शिक्षाका लागि प्रोत्साहित गरिने छ ।

२.२.४ निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै प्राविधिक शिक्षालयवाट उत्पादित दक्ष एवं व्यवसायिक सीप भएका जनशक्तिलाई रोजगारीमा आवद्धता गराइने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ३२**
**शिक्षा : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **शिक्षामा पहुँच अभिवृद्धि** | | | | | | | |
| १.१ | वैकल्पिक विद्यालय सञ्चालन | पहुँच अभिवृद्धि | ०.१५ | $P_2$ | ३ | ४ | २ | ३ |
| १.२ | महिला, अभिभावक साक्षरता | ,, | ०.१० | $P_2$ | ३ | ४ | १ | ३ |
| १.३ | विद्यालय भर्ना कार्यक्रम | ,, | ०.०५ | $P_2$ | ३ | ४ | २ | ३ |
| १.४ | विद्यालय पोशाक, कापी, झोला किताव, वितरण | ,, | ५.०० | $P_2$ | ३ | ४ | १ | ३ |
| १.५ | निःशुल्क माध्यामिक शिक्षा | ,, | १.०० | $P_2$ | ३ | ४ | १ | ३ |

**तालिका नम्वर - ३२**
**शिक्षा : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १.६ | निःशुल्क विद्यालय वस सञ्चालन | ,, | २.०० | $P_2$ | ३ | ४ | २ | ३ |
| २. | **गुणस्तरीय शिक्षा** | | | | | | | |
| २.१ | तालिम तथा पुर्नताजगी | गुणस्तर प्रवर्द्धन | ०.५० | $P_1$ | ३ | ४ | २ | ३ |
| २.२ | सिकाइ उपलव्धि दरवृद्धि | ,, | १.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| २.३ | कार्यसम्पादन करार : नतिजामा आधारित | ,, | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| २.४ | अपुग शिक्षक नियुक्ति | ,, | ५.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| २.५ | सम्मान तथा उत्कृष्ट पुरस्कार | ,, | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| २.६ | पाठ्याक्रम परिमार्जन, संशोधन | ,, | १.०० | $P_2$ | ३ | ४ | २ | ३ |
| ३. | **भौतिक पूर्वाधारको व्यवस्था** | | | | | | | |
| ३.१ | थप पूर्वाधार निर्माण :खानेपानी, खेलमैदान, कक्षाकोठा, फर्निचर | पूर्वाधार विकास | ५.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| ३.२ | शैक्षिक सामाग्री व्यवस्था | ,, | २.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| ३.३ | विज्ञान, कम्प्युटर, प्रयोगशाला | ,, | २.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| ३.४ | पुस्तकालय (ई-पुस्तकालय) | ,, | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| ३.५ | पूर्वाधार स्तरोन्नति कार्यक्रम | ,, | ३.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| ४. | **प्राविधिक,दक्ष जनशक्ति विकास** | | | | | | | |
| ४.१ | प्राविधिक धार सञ्चालन | जनशक्ति विकास | २.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| ४.२ | उच्च शिक्षा छात्रवृत्तिः स्वास्थ्य, कृषिपशु, इन्जिनियरिङ, आयुर्वेद | ,, | १.५० | $P_2$ | ३ | ४ | १ | ३ |
| ४.३ | क्षमता विकास | ,, | १.०० | $P_2$ | ३ | ४ | १ | ३ |
| ४.४ | पढ्दै कमाउदै व्यवसायिक शिक्षा कार्यक्रम | ,, | १.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| ५. | **कार्यकमहरु** | | | | | | | |
| ५.१ | विद्यालय अतिरिक्त कियाकलाप सञ्चालन | | १.०० | $P_1$ | ३ | ४ | २ | ३ |
| ५.२ | विद्यार्थी निरन्तरता कार्यक्रम | | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| ५.३ | अन्तर विद्यालय विज्ञान प्रदर्शनी | | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| ५.४ | विद्यार्थी मनोपरामर्श सेवा | | ०.२५ | $P_2$ | ३ | ४ | २ | ३ |
| ५.५ | विद्यालय घुम्ति नर्स सेवा | | ०.५० | $P_1$ | ३ | ४ | १ | ३ |
| ५.६ | अन्तर विद्यालय प्रतियोगिता खेलकुद, वक्तृत्वकला, हाजिरी जवाफ, गीत लोकनृत्य, कथा कविता तथा निवन्ध, चित्रकला | | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |
| ५.७ | विज्ञान, सूचना प्रविधि लगायत का विषयमा शोध, अनुसन्धान मा सहयोग कार्यक्रम | | ०.५० | $P_2$ | ३ | ४ | २ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि शिक्षा विकास क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - ३३ :**
**शिक्षा विकास : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | प्राविधिक एवं गुणस्तरीय शिक्षामा सवैको पहुँच अभिवृद्धि भई दक्ष जनशक्ति उत्पादन भएको हुने | | | | | | |
| १ साक्षरता दर | प्रतिशत | ८८.६ | ९० | ९५ | ९८ | पालिकाको पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| **१. असर तह :** | शिक्षामा गतिगरिव, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सवैको सहज एवं समान पहुँच सुनिश्चित भएको हुने | | | | | | |
| २ १५ मिनेटको दूरीमा आधारभूत तह सम्मको विद्यालयमा पहुँच भएका घरधुरी | प्रतिशत | | १०० | १०० | १०० | पालिकाको पार्श्वचित्र | |
| **१.१ प्रतिफल** | विद्यालयमा उमेर समुहका सवै वालवालिकाहरुको पहुँच वृद्धि भएको हुने | | | | | | |
| ३ आधारभूत तहको खूद भर्नादर | प्रतिशत | ९५ | ९७ | ९८ | ९८ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | अभिभावक एवं चेतना अभिवृद्धि कार्यक्रम प्रभावकारी भएको हुने |
| ४ सुविधा सम्पन्न प्रारम्भिक वालविकास केन्द्र | संख्या | २३ | २५ | २८ | ३० | | |
| ५ विद्यालय वाहिर उमेर समुहका वालवालिकाहरु | प्रतिशत | | २ | १ | १ | | |
| **१.२ प्रतिफल** | माध्यामिक तह सम्मको शिक्षा अनिवार्य एवं निःशुल्क भएको हुने | | | | | | |
| ६ विद्यालय छाड्ने दर | प्रतिशत | | १० | ८ | ५ | पालिका पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | शिक्षा क्षेत्रमा पर्याप्त वजेट विनियोजना भएको हुने |
| ७ माध्यामिक तहसम्म दिवा खाजा खुवाउने विद्यालय | संख्या | | ३ | ५ | ७ | | |
| ८ पोशाक, कापी, किताव, डट्पेन निःशुल्क वितरण गर्ने विद्यालयहरु | संख्या | | ३ | ५ | ७ | | |
| **२. असर तह :** | विद्यालयमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चिततावाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवं प्राविधिक शिक्षा प्रदान भएको हुने | | | | | | |
| ९ माध्यामिक तहको सिकाइ उपलब्धि दर | प्रतिशत | | ५० | ५५ | ६० | पालिकाको पार्श्वचित्र तथा प्रगति समीक्षा | गुणस्तरीय शिक्षा प्रवर्द्धित भएको हुने |
| १० उच्च शिक्षा अध्यापन गर्ने शिक्षण संस्था | संख्या | | ३ | ३ | ४ | | |
| **२.१ प्रतिफल :** | विद्यालयहरुमा शैक्षिक एवं भौतिक पूर्वाधारहरुको व्यवस्था सर्वसुलभ भएको हुने | | | | | | |
| ११ सवै प्रकारका भौतिक पूर्वाधार भएका विद्यालय ( खेलमैदान, शौचालय, फर्निचर, कक्षाकोठा, भवन, | संख्या | १६ | १६ | १६ | १६ | पालिकाको पार्श्वचित्र तथा प्रगति समीक्षा | शिक्षा क्षेत्रमा पर्याप्त वजेट विनियोजना भएको हुने |

| तालिका नम्वर - ३३ : शिक्षा विकास : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| खानेपानी, विद्युत, सिसि क्यामरा, ई-हाजिरी) | | | | | | | |
| १२ आइसिटी, कम्प्युटर तथा विज्ञान प्रयोगशाला, नर्स सेवा, स्यानिटरी प्याड, भएका विद्यालय | संख्या | १६ | १६ | १६ | १६ | | |
| **२.१ प्रतिफल** | सक्षम र व्यवसायिक प्राविधिक जनशक्ति उत्पादन भएको हुने | | | | | | |
| १३ विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय | संख्या | | | | | पालिकाको पार्श्वचित्र | व्यवसायिक एवं प्राविधिक शिक्षा प्रवर्द्धित भएको हुने |
| १४ सिटिइभिटीवाट मान्यता प्राप्त प्राविधिक शिक्षालय | संख्या | ३ | ३ | ३ | ३ | | |
| १५ प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी | संख्या | | | | | | |

## ५.२ आधारभूत स्वास्थ्य

### क) पृष्ठभूमि

आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक सेवा एवं स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकको रुपमा ग्रहण गरिएको छ भने स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ वनाई नागरिकको पहुँच स्थापित गर्ने नीति नेपाल सरकार लिएको छ । त्यसैगरी १५ औ. राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा ग्रहण गरिएको छ भने औषत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवं उपभोग सुनिश्चित गर्ने, स्वस्थ, सवल, उत्पादनशील, एवं सुखी र स्वास्थ नागरिक वनाउने परिकल्पना समेत भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा वालवालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा शहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्वन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरु स्थानीय तहमा निहित गरिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- स्वास्थ्य संस्थाहरुको स्तरोन्नतिमा कमि
- स्वास्थ्य मेशिन उपकरण एवं पूर्वाधार अपर्याप्त
- दक्ष, अनुभवी एवं विशेषज्ञ जनशक्तिको अभाव
- सरकारले सूचीकृत गरेको निःशुल्क औषधीहरुको अभाव
- आयुर्वेद, वैकल्पिक चिकित्सालय, योगा सञ्चालनमा नआउनु
- पौष्टिक आहार सम्वन्धी (जङ्क फुडको नकरात्मक असर) सचेतना कार्यक्रम प्रभावकारी हुन नसक्नु

**मुख्य चुनौतिहरु**

- २४ सैं घण्टा आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्नु
- जटिल प्रकृतिका स्वास्थ्य उपचार उपलब्ध गराउनु
- महामारी एवं आपतकालीन अवस्थामाको सामना गर्ने असमर्थ
- प्राणघातक जस्ता रोगहरुको नियन्त्रण तथा निवारण गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- नगर अस्पताल सञ्चालनको प्रक्रियामा
- ५ वटा स्वास्थ्य चौकी, ३ वटा शहरी स्वास्थ्य केन्द्र, १ प्राथमिक स्वास्थ्य केन्द्र (प्रस्तावित नगर अस्पताल), २ वटा वर्थिङ सेन्टर, १ आयुर्वेदिक चिकित्सालय, २२ वटा खोप क्लिनिक, र ११ वटा गाउँघर ल्किनिक सञ्चालनमा र थप २ वटा वर्थिङ सेन्टर, वडा नं. १ को दुर्गम वस्तिमा १ शहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा आउने प्रकृयामा
- जटिल प्रकृतिका रोगहरुको उपचारका लागि नजिकै राष्ट्रिय स्तरका अस्पतालहरु
- शिशु, नवजात शिशु मृत्यु, वालमृत्युदर र मातृमृत्यु दर न्यून
- एम्वुलेन्स सेवा सञ्चालनमा
- ज्येष्ठ नागरिक र सुत्केरी स्वास्थ्य जाँच परीक्षण सञ्चालनमा
- उपमेयरसंग सुत्केरी भेटघाट कार्यक्रम सञ्चालनमा

## ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि भई सेवामा गुणस्तरीयता कायम भएको हुने

**उद्देश्य**

१. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ एवं गुणस्तरीय वनाउने
२. स्वास्थ्य एवं पोषण सम्वन्धी जनचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्ने

**रणनीतिहरु**

१.१ स्वास्थ्य सेवालाई विस्तार गर्दै गुणस्तरीय वनाउने
१.२ स्वास्थ्य संस्थाहरुको क्षमतामा अभिवृद्धि ल्याउने
२.१ स्वास्थ्य एवं पोषण सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने
२.२ प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को स्वास्थ्य सेवा विस्तार एवं गुणस्तरीय वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ उपयुक्त स्थान पहिचान गरी १५ शैयाको पालिका स्तरीय अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ, खोपकेन्द्र लगायतका स्वास्थ्य सेवाहरुको विस्तार गर्दै आवश्यक औषधी, उपकरण एवं दक्ष जनशक्तिको व्यवस्था मिलाइने छ ।
१.१.२ स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धि गर्दै वर्थिङ सेवा एवं आपतकालीन (क्वारेण्टाइन) कक्ष सहित चौविसै घण्टा सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ ।
१.१.३ स्वास्थ्य घुम्ति शिविर, गाउँघर क्लिनिकहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि ल्याइने छ ।
१.१.४ अति गरिव, विपन्न, दलित वर्ग, समुदायहरुको नियमित स्वास्थ्य परीक्षण गर्दै ७० वर्ष माथिका नागरिकहरुको उपचार निःशुल्क गर्ने प्रवन्ध स्वास्थ्य चौकीहरु मिलाइने छ ।

**रणनीति १.२ को स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ दरबन्दी अनुसार स्वास्थ्य कर्मचारी, दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरुको व्यवस्था मिलाइने छ ।

१.२.२ स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार दक्ष चिकित्सक, अहेव, नर्स लगायतका अनुभवी जनशक्ति व्यवस्था मिलाउदै महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धिका लागि तालिम, प्रशिक्षण आदिको प्रवन्ध गरिने छ ।

१.२.३ स्वास्थ्य संस्थाहरुको स्तर र मापदण्ड अनुसारका भौतिक पूर्वाधार एवं मेशिन उपकरणहरुको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिने छ। स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला, ब्लड बैंक, र आपतकालीन सेवाका उपकरणहरुको प्रवन्ध मिलाइने छ ।

१.२.४ अस्पताल पुग्नु अगावैको एम्वुलेन्समै सम्भव हुन सक्ने आपतकालीन उपचारका लागि पूर्व-अस्पताल सेवाको व्यवस्था गरिने छ ।

१.२.५ जिल्ला अस्पतालसंग समन्वय गरी महामारी तथा सरुवा रोगहरुको उपचारका लागि आवश्यकताका आधारमा प्रभावित क्षेत्रहरुमा सवै प्रकारका सुविधा सहितको आइसोलेशन सेन्टरहरु स्थापना गरी उपचार व्यवस्था मिलाइने छ ।

**रणनीति २.१ को स्वास्थ्य एवं पोषण सम्बन्धी चेतना अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ प्राणघातक तथा नसर्ने रोगहरु एचआईभी एड्स, लागुऔषध दुर्व्यसन, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिवृद्धि गरिने छ ।

२.१.२ स्वास्थ्यका हानीकारक रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवं जङ्कफुड, सूर्तीजन्य पदार्थ, मदिरा सेबन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गदै चेतना अभिवृद्धि गर्दै रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने पोषणयुक्त खाद्यपदार्थको उपभोगका लागि प्रोत्साहित गरिने छ ।

२.१.३ बालविवाह, दुई सन्तान वीचको जन्मान्तर, परिवार नियोजन, मातृशिशु कल्याणका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिने छ ।

**रणनीति २.२ को प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धति अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्नी, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) को प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गरिने छ ।

२.२.२ सामुदायिक संस्थाहरुसंग सहकार्य गर्दै नगरपालिकाका विभिन्न स्थानमा योग तथा ध्यान केन्द्रहरु सञ्चालनमा ल्याइने छ । विद्यालयहरुमा विशेष कक्षको व्यवस्था गरी वालवालिकाहरुलाई नियमित रुपमा योग तथा ध्यान गर्ने व्यवस्था मिलाइने छ ।

२.२.३ आयुर्वेदिक चिकित्सालाई प्रवर्द्धन गर्दै अस्पताल एवं औषधालयहरुको क्षमता अभिवृद्धि गरिने छ ।

२.२.४ आयुर्वेदिक चिकित्सा सम्वन्धी उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइने छ ।

२.२.५ जडीवुटी आधारित परम्परागत उपचार पद्धतिलाई प्रवर्द्धन गर्दै आधुनिक आयुर्वेदिक प्रणालीसंग आवद्ध गराइने छ ।

### घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ३४**

**आधारभूत स्वास्थ्य तथा पोषण : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु.करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **गुणस्तरीय स्वास्थ्य सेवा एवं विस्तार** | | | | | | | |
| १.१ | स्वास्थ्य सेवा विस्तार : स्वास्थ्य परीक्षण, खोप, गाउँघर क्लिनिक, | स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि | ५.०० | $P_1$ | ३ | ३ | १ | २ |

| तालिका नम्वर - ३४<br>आधारभूत स्वास्थ्य तथा पोषण : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु.करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १.२ | स्वास्थ्य चौकीमा आपतकालीन उपचार सेवा सञ्चालन | ,, | २.०० | $P_1$ | ३ | ३ | २ | २ |
| १.३ | वर्थिङ सेवा विस्तार कार्यक्रम | ,, | १.०० | $P_1$ | ३ | ३ | १ | २ |
| १.४ | विद्यालय स्वास्थ्य कार्यक्रम (नर्स सेवा) | ,, | ०.२५ | $P_2$ | ३ | ३ | १ | २ |
| १.५ | मेयरसंग ज्येष्ठ नागरिक | ,, | ०.५० | $P_1$ | ३ | ३ | २ | ३ |
| १.६ | उपमेयरसंग महिला स्वास्थ्य कार्यक्रम | ,, | ०.५० | $P_1$ | ३ | ३ | १ | ३ |
| २. | **स्वास्थ्य संस्थाको क्षमता विकास** | | | | | | | |
| २.१ | नगर अस्पताल स्तरोन्नति | क्षमता अभिवृद्धि | ५.० | $P_1$ | ३ | ३ | २ | २ |
| २.२ | स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धि | ,, | १.० | $P_1$ | ३ | ३ | २ | ३ |
| २.३ | स्वास्थ्य चौकीहरुको स्तरोन्नति ( टेलिमेडिसियन सहित) | ,, | ३.० | $P_2$ | ३ | ३ | २ | ३ |
| २.४ | पूर्व-अस्पताल आपतकालीन सेवा (एम्वुलेन्स) | ,, | १.० | $P_2$ | ३ | ३ | २ | ३ |
| २.५ | महिला स्वस्थ्य स्वयंसेविका क्षमता अभिवृद्धि | ,, | १.५० | $P_2$ | ३ | ३ | १ | ३ |
| ३. | **स्वास्थ्य एवं पोषण सम्वन्धी चेतना अभिवृद्धि** | | | | | | | |
| ३.१ | महिला स्वास्थ्य अभिमुखीकरण | चेतना अभिवृद्धि | ०.१५ | $P_1$ | ३ | ३ | १ | ३ |
| ३.२ | वहुद्देश्यीय पोषण कार्यक्रम | ,, | ०.१० | $P_1$ | ३ | ३ | २ | २ |
| ३.३ | पोषणयुक्त खानेकुरा : चेतना अभिवृद्धि | ,, | ०.०५ | $P_1$ | ३ | ३ | २ | २ |
| ३.४ | मातृ, शिशु, वाल्यकालीन खाद्य तथा पोषण सुरक्षा : चेतना वृद्धि | ,, | ०.१० | $P_1$ | ३ | ३ | २ | २ |
| ३.५ | प्रणाघातक रोगवारे जनचेतना | ,, | ०.०५ | $P_2$ | ३ | ३ | २ | २ |
| ४. | **प्राकृतिक एवं वैकल्पिक उपचार प्रवर्द्धन** | | | | | | | |
| ४.१ | आयुर्वेद सेवा विस्तार (क्लिनिक सञ्चालन) | वैकल्पिक उपचार प्रवर्द्धन | २.० | $P_2$ | ३ | ३ | ३ | ३ |
| ४.२ | आयुर्वेदिक औषधी पसल विस्तार सहयोग | ,, | ०.७५ | $P_2$ | ३ | ३ | ३ | ३ |
| ४.३ | ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण | ,, | ०.०५ | $P_2$ | ३ | ३ | ३ | ३ |
| ४.४ | योग शिविर सञ्चालन | ,, | ०.०५ | $P_2$ | ३ | ३ | ३ | ३ |
| ४.५ | योग, ध्यान केन्द्र सञ्चालन सहयोग | ,, | ०.१० | $P_2$ | ३ | ३ | ३ | ३ |

**ङ) नतिजा खाका**

आगामी ५ वर्षका लागि आधारभूत स्वास्थ्य क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ३५ :**
**आधारभूत स्वास्थ्य : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/ ८२ | २०८३/ ८४ | २०८५/ ८६ | | |
| **प्रभाव तह :** | गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच भएको हुने | | | | | | |
| १ ५ वर्षमुनीको वालमृत्यु दर | प्रतिशत | ३.९३ | ३ | २ | १ | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि हुने |
| **१. असर तह :** | आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि भएको हुने | | | | | | |
| २ ३० मिनेटको दूरीमा नजिक को स्वास्थ्य संस्थामा पहुँच भएका घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | पालिकाको पार्श्वचित्र | |
| **१.१ प्रतिफल** | स्वास्थ्य सेवाहरु विस्तार भई पहुँचमा सहजता भएको हुने | | | | | | |
| ३ गाउँघर क्लिनिक | संख्या | २२ | २५ | २८ | ३० | पालिकाको वार्षिक प्रगति समीक्षा | स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि हुने |
| ४ वार्षिक स्वास्थ्य शिविर | संख्या | १६ | १८ | २० | २२ | | |
| ५ २४ सै घण्टा आपतकालीन सेवा उपलव्ध स्वास्थ्यचौकी | संख्या | | २ | ३ | ५ | | |
| **१.२ प्रतिफल** | स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि भई गुणस्तरीय सेवा प्रदान भएको हुने | | | | | | |
| ६ प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ४ | ५ | ६ | ६ | पालिकाको पार्श्वचित्र | स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि हुने |
| ७ स्वास्थ्य संस्थामा उपलव्ध दक्ष जनशक्ति | संख्या | ११७ | ११७ | ११७ | ११७ | | |
| ८ एक्सरे मेशिन सहित आधारभूत स्वास्थ्यउपकरण उपलव्ध स्वास्थ्य संस्था | संख्या | ४ | ४ | ४ | ४ | | |
| ९ आधारभूत स्वास्थ्य भौतिक पूर्वाधार उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ९ | ९ | ९ | ९ | | |
| १० सवैप्रकारका खोप एवं भिटामिन ए प्राप्त गर्ने वाल वालिकाहरु | प्रतिशत | | ९० | ९२ | ९५ | | |
| ११ नवजात शिशु मृत्युदर ( प्रतिहजार जीवित जन्ममा) | संख्या | | २० | १८ | १५ | | |
| १२ मातृमृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | | १० | ८ | ५ | | |
| १३ स्वास्थ्य वीमामा आवद्ध जनसंख्या | प्रतिशत | | १० | १५ | २० | | |
| **२. असर तह :** | स्वास्थ्य एवं पोषण सम्वन्धी जनचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन भएको हुने | | | | | | |
| १४ कुपोषणका कारण पुड्को, कम तौल र ख्याउटे भएका ५ वर्ष मुनीका वालवालिका | संख्या | ६८ | ६५ | ६० | ५० | पालिकाको पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| **२.१ प्रतिफल :** | स्वास्थ्य एवं वहुपक्षीय पोषण सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुने | | | | | | |

**तालिका नम्वर - ३५ :**
**आधारभूत स्वास्थ्य : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/ ८२ | २०८३/ ८४ | २०८५/ ८६ | | |
| १५ जनस्वास्थ्य एवं वहुपक्षीय पोषण सम्वन्धी चेतना अभियान | संख्या | | २ | ४ | ६ | पालिकाको पार्श्वचित्र तथा वार्षिक प्रगति समीक्षा | स्वास्थ्य सम्वन्धी चेतना अभिवृद्धि भएको हुने |
| १६ झाडापखला, महामारी एवं भाइरस सङ्क्रमणवाट भएको मृत्यु | संख्या | | ० | ० | ० | | |
| १७ कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु | संख्या | | | | | | |
| **२.२ प्रतिफल** | वैकल्पिक चिकिस्सा पद्धति प्रवर्द्धन भएको हुने | | | | | | |
| १८ आयुर्वेदिक औषधालय तथा क्लिनिक | संख्या | १ | १ | २ | २ | पालिकाको पार्श्वचित्र | वैकल्पिक चिकित्सामा निजी क्षेत्र प्रोत्साहित भएको हुने |
| १९ होमियोप्याथिक, अक्कुप्रेशर, आम्ची, युनानी जस्ता वैकल्पिक चिकित्सा पद्धति सञ्चालन गर्ने संस्था | संख्या | | १ | १ | १ | | |
| २० योग, ध्यान, आरोग्य केन्द्र सञ्चालन गर्ने सामुदायिक संस्था | संख्या | १ | १ | १ | १ | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### क) पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरुको मौलिक अधिकारको रुपमा ग्रहण गरिएको छ। त्यसैगरी दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्वपूर्ण लक्ष्य सूचकको रुपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- खानेपानीको उपलब्धता सन्तोषजनक नदेखिएको
- खानेपानीको शुद्धता तथा प्रशोधन कार्य प्रभावकारी नहुनु
- शिवपुरी आरक्ष तथा वडा नं. १ को माथिल्ले वेल्ट देखि वहने कागेश्वरी महादेव खोला पानीको सतही स्रोतको पूर्ण रुपमा उपयोगमा कमि
- खानेपानीको शुद्धता तथा सरसफाई प्रति जनचेतनाको अभाव
- फोहोरमैला व्यवस्थापन प्रभावकारीतामा कमि

**मुख्य चुनौतिहरु**

- वढ्दो जनसंख्या बृद्धिसंगै खानेपानीको मागलाई आपूर्ति गर्नु

- खानेपानीको स्रोतको गुणस्तरीयता कायम राख्नु
- भूमिगत पानीको स्रोतको प्रयोगले खानेपानीको दीगो व्यवस्थापन गर्नु
- खानेपानी मुहानहरुको दिगो उपयोग तथा संरक्षण गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- जलस्रोतको उपलब्धता अधिक
- वडा नं. १ र २ मा रहेका खानेपानीका स्रोतहरुलाई व्यवस्थित ढङ्गले प्रयोग गर्न सकिने
- नगरपालिकाको वडा नं. ७ ले आकाशेपानी सङ्कलन गर्ने परियोजनालाई अगाडि वढाउनु
- उपलब्ध जलस्रोतका माध्यमबाट पानी उद्योग सञ्चालन गर्न सकिने
- उपलब्ध खानेपानी आयोजनाहरुलाई एकत्रित गरी खानेपानी बोर्ड को विकास गर्न सकिनु

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**लक्ष्य :** गुणस्तरीय र सुरक्षित खानेपानीको सर्वसुलभ एवं पूर्ण सरसफाइ नगरपालिका भएको भएको हुने

**उद्देश्य**

१. स्वच्छ, सफा र सुरक्षित खानेपानीमा नागरिकहरुको पहुँच अभिवृद्धि भई सर्वसुलभ वनाउनु
२. सरसफाईलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम राख्नु

**रणनीतिहरु**

१.१ खानेपानीका मुहान तथा श्रोतहरुको संरक्षण एवं सम्वर्द्धन गर्ने
१.२ आधारभूत खानेपानीमा सवैको सहज पहुँच अभिवृद्धि गर्ने
२.१ सरसफाइलाई व्यवस्थित गर्दै फोहोरमैलालाई सुरक्षित विसर्जन गर्ने
२.२ सरसफाइ सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को खानेपानीका मुहान श्रोतको संरक्षण अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ खानेपानीका मुहान तथा श्रोतहरुको पहिचान गरी नक्साङ्कन गरिने छ।
१.१.२ खानेपानीका संरचनाको स्तरोन्नति, मुहान सुधार एवं संरक्षण गदै पानी प्रशोधनको व्यवस्था मिलाइने छ।
१.१.३ खानेपानीका मुहानका वरिपरिका क्षेत्रहरुमा वृक्षारोपण एवं रिचार्जपोखरीहरु निर्माण गरी दिगो एवं स्थायी श्रोतको रुपमा विकास गरिने छ।
१.१.४ तारवार तथा पर्खालहरु निर्माण गरी मुहान क्षेत्रको संरक्षण गरिने छ।

**रणनीति १.२ को खानेपानीमा सवैको सहज पहुँच अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ हरेक घरमा पाइपलाइन मार्फत सुरक्षित तवरले खानेपानी वितरणको व्यवस्था मिलाउदै एकघर एकधाराको व्यवस्था गरिने छ।
१.२.२ पानी मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवस्थित गर्दै थप क्षेत्रहरुमा खानेपानी सुविधा उपलव्ध गराइने छ।
१.२.३ पानी अपुग तथा सुख्खा क्षेत्रहरुमा आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी, पानी भण्डारण ट्याङ्की, लिफ्ट प्रणाली मार्फत खानेपानीको आपूर्ति गरिने छ।
१.२.४ पर्याप्त पानीका श्रोत तथा मुहान भएका पालिकाहरुसंग सहकार्य र साझेदारी गर्दै सुरक्षित खानेपानीमा पहुँच वृद्धि गरिने छ।
१.२.५ सार्वजनिक स्थल, कार्यालय, वजार आदि क्षेत्रमा सार्वजनिक धाराहरु निर्माण गरी खानेपानीमा पहुँच वृद्धि ल्याइने छ।

**रणनीति २.१ को व्यवस्थित सरसफाइ व्यवस्थित वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ शौचालयको व्यवस्था प्रत्येक घरमा हुनुपर्ने अनिवार्य प्रावधान राखिने छ। शौचालय निर्माण गर्न नसक्ने अति गरिव एवं विपन्न, दलित घरहरुमा शौचालय निर्माणका लागि सहयोग तथा अनुदानको व्यवस्था मिलाइने छ।

२.१.२ शौचालयवाट निस्कृत फाहोरलाई मुख्य ढलसम्म निकास दिने व्यवस्था मिलाइने छ । ढल व्यवस्था नभएका क्षेत्र तथा ग्रामीण वस्तीहरुमा सेफ्टिी ट्याङ्कीको व्यवस्था मिलाइने छ ।
२.१.३ स्थानीय समुदायको सहभागितामा पानी सुविधा सहितको सार्वजनिक शौचालय निर्माण एवं सरसफाइलाई व्यवस्थित गर्दै खुल्ला दिसामुक्त बनाइने छ ।
२.१.४ फोहोरलाई न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन एवं प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई वहिष्कृत जस्ता विधिवाट अवलम्वन गरिने छ ।
२.१.५ फोहोरको मुख्य श्रोतहरु घर, पसल, व्यवसाय, कार्यालय एवं सार्वजनिक स्थलहरुमा फोहोरलाई वर्गीकरण गरी सङ्कलन गर्ने व्यवस्था मिलाइने छ । सङ्कलित फोहोरलाई सुरक्षित विसर्जनको व्यवस्था गरिने छ ।

**रणनीति २.२ को जनचेतना अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ खानेपानी संरक्षण, स्वाच्छ खानेपानी वारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
२.२.२ खानेपानी उपभोगवाट उव्रेको पानीलाई करेसावारीमा सदुपयोग गर्ने सम्वन्धी प्राविधिक ज्ञान वारे सचेना कार्यक्रमहरु सञ्चालन गरिने छ ।
२.२.३ सामुदायिक संस्था, टोल विकास संस्थाहरु संगको सहकार्यमा सरसफाइ अभियान सञ्चालन गरिने छ ।
२.२.४ महिला सञ्जाल तथा आमासमुह मार्फत फोहोरवाट कम्पोष्ट मल वनाउने सम्वन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिने छ ।
२.२.५ फोहोरमैला सम्वन्धी चेतनामूलक प्रचार सामाग्रीहरु वनाई वितरण गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ३६ :**
**खानेपानी तथा सरसफाइ : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलव्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **खानेपानी मुहान तथा श्रोत संरक्षण** | | | | | | | |
| १.१ | खानेपानी संरचना स्तरोन्नति | पानीको श्रोत संरक्षण | १.०० | $P_1$ | ३ | ६ | ३ | १ |
| १.२ | मुहान क्षेत्र वृक्षारोपण | ,, | १.५० | $P_2$ | ३ | ६ | ३ | १ |
| १.३ | मुहान क्षेत्र तारवार, पर्खाल निर्माण | ,, | २.०० | $P_2$ | ३ | ६ | ३ | १ |
| १.४ | ढुङ्गेधारा, कुवा, इनार संरक्षण | ,, | १.५ | $P_2$ | ३ | ६ | ३ | १ |
| १.५ | सार्वजनिक पोखरी संरक्षण | ,, | १.० | $P_1$ | ३ | ६ | ३ | १ |
| २. | **खानेपानीमा पहुँच अभिवृद्धि** | | | | | | | |
| २.१ | एक घर एक धारा | पहुँच वृद्धि | ५.०० | $P_1$ | ३ | ६ | ३ | १ |
| २.२ | थपक्षेत्र खानेपानी विस्तार | ,, | ५.०० | $P_1$ | ३ | ६ | ३ | १ |
| २.३ | खानेपानी आयोजना स्तरोन्नति, मर्मत सम्भार | ,, | ३.०० | $P_1$ | ३ | ६ | ३ | १ |
| २.४ | वर्षात पानी सङ्कलन तथा शुद्धीकरण, | ,, | २.०० | $P_1$ | ३ | ६ | ३ | १ |
| २.५ | खानेपानी उपभोक्ता क्षमता वृद्धि | क्षमता विकास | ०.२० | $P_2$ | ३ | ६ | ३ | २ |
| ३. | **व्यवस्थित सरसफाइ** | | | | | | | |
| ३.१ | नयाँ क्षेत्र ढल निर्माण, मर्मत | पूर्ण सरसफाइ | ५.०० | $P_1$ | ३ | ६ | ३ | १ |

| तालिका नम्वर - ३६ : खानेपानी तथा सरसफाइ : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ३.२ | सार्वजनिक शौचालय व्यवस्था | ,, | १.०० | $P_1$ | ३ | ६ | ३ | १ |
| ४. | **सरसफाइ जनचेतना अभिवृद्धि** | | | | | | | |
| ४.१ | फोहोरमैला जनचेतना अभिवृद्धि | ,, | ०.१५ | $P_1$ | ३ | ६ | २ | २ |
| ४.२ | टोल, वस्ती सरसफाइ अभियान | ,, | ०.१५ | $P_2$ | ३ | ६ | २ | १ |
| ४.३ | कम्पोष्ट मल वनाउने प्राविधिक तालिम | ,, | ०.१० | $P_2$ | ३ | ६ | २ | १ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि खानेपानी तथा सरसफाइ क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

| तालिका नम्वर - ३७ : खानेपानी तथा सरसफाइ : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | गुणस्तरीय र सुरक्षित खानेपानीको सर्वसुलभ एवं पूर्ण सरसफाइ नगरपालिका भएको हुने | | | | | | |
| १ सुरक्षित एवं उपचार गरिएको खानेपानी सुविधा मा पहुँच भएका जनसंख्या | प्रतिशत | ५८ | ६० | ६५ | ७० | पालिकाको पार्श्वचित्र | उपलब्ध पानी को उपयुक्त सदुपयोग हुने |
| **१. असर तह :** | स्वच्छ, सफा र सुरक्षित खानेपानीमा नागरिकहरुको पहुँच अभिवृद्धि भई सर्वसुलभ भएको हुने | | | | | | |
| २ आधारभूत खानेपानी सेवामा पहुँच भएका जनसंख्या | प्रतिशत | ९९ | १०० | १०० | १०० | पालिकाको पार्श्वचित्र | उपलब्ध पानी को उपयुक्त सदुपयोग हुने |
| ३ जार, वोटलवन्दी, ट्याङ्कर वाट खानेपानी सेवा लिने घरधुरी | प्रतिशत | ४१.५ | ४२ | ४३ | ४४ | पालिकाको पार्श्वचित्र | |
| **१.१ प्रतिफल** | खानेपानीको मुहान तथा स्रोतहरुको संरक्षण भई दिगो स्रोतको रुपमा विकास भएको हुने | | | | | | |
| ४ उपलब्ध खानेपानीका मुहान तथा जलश्रोतहरु | संख्या | ६ | ६ | ६ | ६ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | पानी मुहानहरु को संरक्षण भएको हुने |
| ५ तारवार, पर्खाल, वृक्षारोपण, पानी रिचाज, वाट संरक्षित खानेपानी मुहान | संख्या | ३ | ३ | ३ | ३ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | पानी मुहानहरु को संरक्षण भएको हुने |
| ६ स्रोत संरक्षणका लागि वाढी पहिरो नियन्त्रण | संख्या | | | ० | ० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | पानी मुहानहरु को संरक्षण भएको हुने |
| **१.२ प्रतिफल** | खानेपानी पूर्वाधारको स्तरोन्नति भई घरघरमा सुरक्षित खानेपानी उपलब्ध भएको हुने | | | | | | |
| ७ नियमित मर्मत, स्तरोन्नति भएका खानेपानीका पूर्वाधार ( ट्याङ्की, वाटर ट्रिटमेण्ट | संख्या | ३ | ३ | ३ | ३ | पालिकाको पार्श्वचित्र | खानेपानी उपभोक्ता समितिहरुको |

| तालिका नम्बर - ३७ : खानेपानी तथा सरसफाइ : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| प्लाण्ट, पाइपलाइन, धारा, कुवा, इनार, पोखरी, ड्याम) | | | | | | | क्षमता विकास भई क्रियाशील भएको हुने |
| ८ थप खानेपानी पूर्वाधार | संख्या | | ३ | ५ | ७ | | |
| ९ क्रियाशील खानेपानी तथा सरसफाई उपभोक्ता समिति | संख्या | १५ | १५ | १५ | १५ | | |
| **२. असर तह :** | सरसफाईलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम भएको हुने | | | | | | |
| १० निर्मित स्यानिटरी पार्क | संख्या | ० | ० | १ | १ | पालिका पार्श्वचित्र | फोहोरव्यवस्थापन कार्यक्रम प्रभावकारी हुने |
| **२.१ प्रतिफल :** | फोहोरको मुल स्रोतमै फोहोर व्यवस्थापन प्रभावकारी भएको हुने | | | | | | |
| ११ घर, पसल कार्यालयका फोहोरलाई वर्गीकरण गरी विसर्जन गर्ने घरधुरी | प्रतिशत | ३ | ५ | १० | ३० | पालिकाको पार्श्वचित्र | फोहोर व्यवस्थापनमा जनचेतना अभिवृद्धि भएको हुने |
| १२ शौचालय भएका घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | | |
| १३ व्यवस्थित ढल प्रणालीमा जोडिएका घरधुरी | प्रतिशत | ८९.२ | ९० | ९२ | ९५ | | |
| **२.२ प्रतिफल** | फोहोरलाई सदुपयोग गर्दै फोहोरवाट आय आर्जन भएको हुने | | | | | | |
| १४ जैविकमल वनाउने सम्वन्धी प्राविधिक तालिम लिने | संख्या | ० | ५० | ७५ | १५० | पालिका पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | फोहोर व्यवस्थापनमा जनचेतना अभिवृद्धि भएको हुने |
| १५ जैविकमल उत्पादनमा आवद्ध घरधुरी | संख्या | ० | ५० | ७५ | १५० | | |
| १६ प्राङ्गारिक मल उत्पादन गर्ने व्यवसायिक संस्था | संख्या | ० | ५ | ७ | १० | | |

## ५.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग

### क) पृष्ठभूमि

नेपाल संविधान, २०७४ ले समानता (कानुनी आधारमा समान), सामाजिक न्याय (समानुपातिक सहभागिताका आधारमा), सामाजिक सुरक्षा (कानुनद्वारा सुरक्षा), ज्येष्ठ नागरिकको संरक्षण, दलितछुवाछूत तथा भेदभाव विरुद्ध (जातिय आधारमा), महिला, वालवालिका, दलित (समानुपातिक समावेशी सिद्धान्तका आधारमा) को हकलाई मौलिक अधिकारको रुपमा ग्रहण गरिएको छ। १५ औं राष्ट्रिय योजनामा परिस्कृत तथा मर्यादित जीवनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यको रुपमा अंगिकार गरेको छ भने गरिवी निवारण गर्ने र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा लिइएको छ। त्यसैगरी लैङ्गिक समता, महिला सशक्तीकरण, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने, वालमैत्री समाजको निर्माण गर्ने, सवैप्रकारका विभेद, गरिवी र असमानताको अन्त्य गर्ने, आर्थिक, सामाजिक तथा लैङ्गिक विभेद गर्ने, जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति तथा समुदायको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने, अवसरहरुमा पहुँच र सहभागिता प्रवर्द्धन गर्ने, नागरिकको गुणस्तरीय एवं मर्यादित जीवन सुनिश्चित गर्ने परिकल्पना १५ औं राष्ट्रिय योजनामा गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवाखाजा, आश्रय केन्द्र सञ्चालन एवं पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरु संघ एवं प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

#### मुख्य समस्याहरु

- महिला र पुरुष विचको समान ज्यालाको सुनिश्चितताको अभाव
- नगरक्षेत्र भित्रका श्रमिक र उनीहरुको काम र पारिश्रमिकका बारे अध्ययन अपर्याप्त
- भौतिक संरचनाहरु पूर्ण रुपमा समावेशीमैत्रीको अभाव
- समावेशी विकास प्रकृयाका बारेमा सेवा प्रदायक तथा सेवाग्राहीमा चेतनाको कमि
- मनोसामाजिक समस्याको निराकरणका लागि ठोस नीतिको अभाव
- लक्षित वर्गको आर्थिक तथा वैयक्तिक क्षमता अभिबृद्धिको दीगो समाधानका लागि ठोस कार्यक्रमको अभाव
- लक्षित वर्गका लागि विनियोजन गरेको वजेट कार्यक्रमम वितरणमुखी

#### मुख्य चुनौतिहरु

- लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता सामाजिक कुरीतिहरुको नियन्त्रण गर्नु
- अपाङ्गता भएकाहरुलाई स्वरोजगार वनाउनु
- महिलाहरुमा गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु

#### मुख्य सम्भावना तथा अवसरहरु

- महिला सशक्तीकरण हुँदै, निर्णायक तह नगरसभामा महिलाको उपस्थिति
- महिला समूह, आमा समूह, महिला सहकारी जस्ता संस्थाहरु क्रियाशील रहेको
- वाल क्लव, अपाङ्गताको क्लव, वृद्धक्लवहरु क्रियाशील
- उद्यमशीलता तथा व्यवसायिक सीप विकास तालिमहरु सञ्चालनवाट क्षमता अभिवृद्धि
- रोजगारीता, पेशा एवं व्यवसायहरुमा महिला उपस्थिति
- लक्षित वर्गको उत्थानका लागि वर्षिनै वजेट विनिोजन भएको

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** सवै क्षेत्रमा समान सहभागिता एवं अवसरहरुको उपयोग गर्दै विभेद रहित समाज निर्माण भएको हुने

#### उद्देश्य

१. लक्षित वर्ग (महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सीमान्तकृत एवं अति विपन्न) को क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण गर्नु

२. नीति निर्माण एवं नेतृत्व तह लगायतका क्षेत्रहरुमा समतामूलक समावेशीकरण भई विभेद रहितको समाज निर्माण गर्नु

#### रणनीतिहरु

१.१. लक्षित वर्गको क्षमता अभिवृद्धि गर्दै आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याउने

१.२. लक्षित वर्गलाई सम्मान, संरक्षण र सशक्तीकरण गर्ने

२.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने

२.२ सामाजिक न्याय सहित विभेद रहित समाजको सुनिश्चितता गर्ने

#### कार्यनीतिहरु

**रणनीति १.१ को क्षमता विकासवाट लक्षित वर्गको आर्थिक सामाजिक स्थितिमा सुधार अन्तर्गतका कार्यनीतिहरु**

१.१.१. अतिगरिव तथा विपन्नलाई आवश्यक सहयोग उपलब्ध गराउदै कृषि, स्वास्थ्य, इन्जिनियरिङ लगायतका प्राविधिक क्षेत्रमा उच्च शिक्षाका लागि प्रोत्साहित गरिने छ ।

१.१.२. व्यवसायिक सीप तथा उद्यमशीलता विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी महिला, अपाङ्गत भएका, दलित लगायतका लक्षित वर्ग, समुदायहरुको क्षमता अभिवृद्धि गर्दै स्वरोजगारीका लागि प्रोत्साहित गरिने छ ।

१.१.३. वित्तीय पहुँचमा सहजता, सहुलियतपूर्ण ऋण, अनुदान आदिको व्यवस्था गर्दै अपाङ्गता भएका व्यक्ति लगायतका लक्षित वर्गको आय आर्जनका लागि प्रोत्साहित गरिने छ ।

१.१.४. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसख्याक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डिकृत तथ्याङ्क अद्यावधिक गरिने छ। सोका आधारमा सामाजिक तथा आर्थिक उत्थान कार्यमक्रम सञ्चालन गरिने छ ।

१.१.५. किशोरी तथा युवतीहरुलाई वजारको मागमा आधारित रोजगारीमूलक तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि गर्दै प्रतिस्पर्धी, सक्षम र सवल बनाइने छ ।

## रणनीति १.२ को लक्षित वर्गलाई सम्मान, संरक्षण र सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु

१.२.१ पूर्ण अपाङ्गता भएका व्यक्ति एवं असक्त, वेसहारा, विपन्न, असहाय ज्येष्ठ नागरिक तथा एकल महिला एवं वालवालिकाहरुका लागि स्याहार केन्द्र, वृद्धाश्रम, आश्रयकेन्द्र जस्ता कार्यक्रम निर्माण गरी संरक्षण गरिने छ ।

१.२.२ नागरिक सम्मान, भ्रमण, निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार, वीमा जस्ता कार्यक्रमहरु सञ्चालन गरी ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको वाँकी जीवन यापनका लागि सहजपूर्ण वातावरण तयार पारिने छ ।

१.२.३ ज्येष्ठ नागरिकका ज्ञान, सीप, अनुभवहरुलाई उपयोग गर्दै सीप हस्तान्तरण, छलफल एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

१.२.४ वस्तीहरुमा सुविधायुक्त सामुदायिक भवन निर्माण गरी सञ्चालनमा ल्याइने छ ।

१.२.५ अपाङ्गता भएका व्यक्तिका लागि विशेष शिक्षा एवं व्यवसायिक सीप प्रदान गरी सशक्त वनाइने छ ।

## रणनीति २.१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु

२.१.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी स्थानीय नीति, ऐन, नियम तथा कानुनहरु निर्माण गरी कार्यान्वयन गरिने छ ।

२.१.२ नीति निर्माण, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा लक्षित वर्ग तथा लाभान्वित समुदायिकको सहभागिता अनिवार्य गरिने छ ।

२.१.३ लैङ्गिक उत्तरदायी वजेट र शासन व्यवस्थालाई संस्थागत गरिने छ ।

२.१.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी आमा समुह, महिला सञ्जाल मार्फत सचेतना कार्यक्रम सञ्चालन गर्दै अभियानहरु आयोजना गरिने छ ।

२.१.५ महिला लगायत लक्षित वर्ग, समुदायलाई आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरण गरी नगरपालिकाका विभिन्न संरचनाहरुमा सार्थक, अर्थपूर्ण सहभागि गराइने छ ।

## रणनीति २.२ को सामाजिक न्याय सहित विभेद रहित समाजको सुनिश्चित अन्तर्गतका कार्यनीतिहरु

२.२.१ महिला, वालवालिका, अपाङ्गता भएका, दलित, विपन्न लगायतका लक्षित वर्गको संवैधानिक अधिकार संरक्षण एवं सम्वर्द्धन गरिने छ ।

२.२.२ बालबालिकाहरुको शारीरिक र मानसिक बिकासका लागि आवश्यक सवै प्रकारका व्यवस्थाहरु मिलाउदै वालमैत्री स्थानीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

२.२.३ महिला, एकल महिला, दलित एवं अल्पसंख्यक लगायतका पिछडिएका वर्ग, समुदायलाई विकासका हरेक चरण तथा तहहरुमा समान सहभागिको व्यवस्था मिलाइने छ ।

२.२.४ महिला, वालवालिका, किशोरकिशोरी, दलित लगायतका वर्ग समुदाय विरुद्ध हुने सवै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा, हिंसाको अन्त्य गरिने छ । यसका लागि स्थानीय नीति, ऐन, नियम तथा कानुनहरु वनाइ कार्यान्वयनमा ल्याइने छ ।

२.२.५ लैङ्गिक हिंसा, विभेद तथा शोषण विरुद्ध परामर्श एवं अनुशिक्षणहरु सञ्चालन गर्दै कानुनी उपचारको व्यवस्था मिलाइने छ ।

## घ) मुख्य कार्यकम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यकम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ३८ :**
**लक्षित वर्ग एवं लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण : मुख्य कार्यकम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **लक्षित वर्गको अवस्था सुधार, सशक्तीकरण** | | | | | | | |
| १.१ | लक्षित वर्ग व्यवसायिक सीप विकास | रोजगार प्रवर्द्धन | ०.५० | $P_1$ | ४ | ५ | १ | ३ |
| १.२ | अपाङ्गता भएका व्यक्तिको व्यवसायिक सीप विकास | ,, | ०.३० | $P_1$ | ४ | ५ | १ | ३ |
| १.३ | महिला उद्यमशीलता विकास | ,, | १.०० | $P_1$ | ४ | ५ | १ | ३ |
| १.४ | किशोर,युवती स्वरोजगार कार्यकम | ,, | ०.५० | $P_1$ | ४ | ५ | १ | ३ |
| १.५ | लक्षित वर्गको लोकसेवा तयारी कार्यकम | ,, | ०.२५ | $P_1$ | ४ | ५ | १ | ३ |
| १.६ | एकल महिला सशक्तीकरण | ,, | ०.२० | $P_1$ | ४ | ५ | १ | ३ |
| २. | **लक्षित वर्ग सम्मान, संरक्षण,** | | | | | | | |
| २.१ | ज्येष्ठ नागरिक सम्मान | लक्षित वर्ग संरक्षण | ०.१५ | $P_2$ | ४ | ५ | १ | ३ |
| २.२ | आश्रय केन्द्र | ,, | १.०० | $P_2$ | ४ | ५ | १ | ३ |
| २.३ | सामुदायिक भवन निर्माण | ,, | २.०० | $P_1$ | ४ | ५ | २ | ३ |
| २.४ | दिवा सेवा केन्द्र | ,, | १.०० | $P_2$ | ४ | ५ | २ | ३ |
| २.५ | ज्येष्ठ नागरिक सीप, अनुभव हस्तान्तरण | ज्ञान हस्तान्तरण | ०.१५ | $P_2$ | ४ | ५ | २ | ३ |
| ३. | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन** | | | | | | | |
| ३.१ | लक्षित वर्ग मूलप्रवाहीकरण | लक्षित वर्ग सशक्तीकरण | ०.२५ | $P_2$ | ४ | ५ | १ | ३ |
| ३.२ | लैङ्गिक उत्तरदायि वजेट तर्जुमा | ,, | | $P_2$ | ४ | ५ | १ | ३ |
| ३.३ | लैङ्गिक हिंसा न्यूनीकरण कार्यकम | ,, | | $P_2$ | ४ | ५ | १ | ३ |
| ३.४ | महिला सञ्जाल, आमा समुह क्षमता विकास | क्षमता विकास | ०.३० | $P_2$ | ४ | ५ | १ | ३ |
| ३.५ | महिला नेतृत्व तथा क्षमता विकास | ,, | ०.२५ | $P_2$ | ४ | ५ | १ | ३ |
| ४. | **सामाजिक न्याय सहित विभेद रहितको समाज सुनिश्चित** | | | | | | | |
| ४.१ | लैङ्गिक हिंसा विभेद एवं शोषण विरुद्ध अनुशिक्षण, अन्तरकिया | क्षमता अभिवृद्धि | ०.२५ | $P_2$ | ४ | ५ | १ | ३ |

| तालिका नम्वर - ३८ : लक्षित वर्ग एवं लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ४.२ | लैङ्गिक हिंसा विभेद एवं शोषण विरुद्ध कानुनी उपचार सहयोग | न्याय संरक्षण | ०.२५ | $P_2$ | ४ | ५ | १ | ३ |
| ४.३ | वालश्रम न्यूनीकरण तथा वाल उद्धार, संरक्षण | वालवालिका संरक्षण | ०.२० | $P_2$ | ४ | ५ | १ | ३ |
| ४.४ | वालमैत्री सुशासन प्रवर्द्धन | सुशासन प्रवर्द्धन | ०.३० | $P_1$ | ४ | ५ | १ | ३ |

### ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि लक्षित वर्ग तथा सामाजिक समावेशी क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ

| तालिका नम्वर - ३९ : लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | सवै क्षेत्रमा समान सहभागिता एवं अवसरहरुको उपयोग गर्दै विभेद रहित समाज निर्माण भएको हुने | | | | | | |
| १ निर्णायक तहमा लक्षित वर्गको उपस्थिति | प्रतिशत | ३३ | ३४ | ३५ | ४० | जनप्रतिनिधि एवं समितिका सदस्यहरुको नाम विवरण | लक्षित वर्ग सशक्तीकरण भएको हुने |
| **१. असर तह :** | लक्षित वर्ग (महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, लोपोन्मुख, सीमान्तकृत एवं अति विपन्न) को क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण भएको हुने | | | | | | |
| २ प्राथमिक स्तरको रोजगारीमा लक्षित वर्गको आवद्धता | प्रतिशत | २८ | ३० | ३२ | ३५ | पालिकाको पार्श्वचित्र | लक्षित वर्ग सशक्तीकरण भएको हुने |
| **१.१ प्रतिफल** | सामाजिक एवं आर्थिक क्षेत्रमा लक्षित वर्गको अवस्थामा सुधार आएको हुने | | | | | | |
| ३ लक्षित वर्गमा भएको वार्षिक वजेट विनियोजन (कूल विनियोजनको) | प्रतिशत | | ३ | ३ | ४ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | लक्षित वर्गमा पर्याप्त वजेट विनियोजन भएको हुने |
| ४ व्यवसायिक सीप विकास तालिम वाट स्वरोजगारभएका सीमान्तकृत, महिला एवं विपन्न वर्ग (कूल तालिम प्राप्त गर्ने संख्याको) | प्रतिशत | ५ | ८ | १० | १२ | | |
| ५ अपाङ्गता भएको व्यक्तिको सीप तथा दक्षता अभिवृद्धिका लागि सम्पन्न कार्यक्रमहरु | संख्या | | ८ | १० | १२ | | |
| **१.२ प्रतिफल** | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन भएको हुने | | | | | | |
| ६ कियाशील आमा समुह, महिलासमुह एवं अन्तरपार्टी महिला सञ्जाल | संख्या | | ३५ | ५० | ७५ | पालिकाको पार्श्वचित्र तथा वार्षिक | महिला वर्ग सशक्तीकरणमा वजेट |
| ७ हिंसापीडित एवं एकल महिलाका लागि भएको मनोसामाजिक | संख्या | | १५ | २० | २५ | | |

**तालिका नम्वर - ३९ :**
**लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण २०८१/८२ | २०८३/८४ | २०८५/८६ | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| परामर्श, उद्धार, राहत, कानुनी उपचार | | | | | | प्रगति समीक्षा | विनियोजन भएको हुने |
| ८ कृषि, स्वास्थ्य, इन्जिनियरिङ जस्ता क्षेत्रमा महिला प्राविधिकहरुको वृद्धि | प्रतिशत | | १ | २ | ३ | | |
| **२. असर तह :** | नीति निर्माण एवं नेतृत्व तह लगायतका क्षेत्रहरुमा समतामूलक समावेशीकरण भई विभेद रहितको समाजको सुनिश्चितता भएको हुने | | | | | | |
| ९ नगरसभामा महिला जनप्रतिनिधि को उपस्थिति | प्रतिशत | ४० | ४० | ४० | ४० | जनप्रतिनिधि को नामावली | महिला वर्ग मूलप्रवाहीकरण ा भएको हुने |
| **२.१ प्रतिफल :** | नगरपालिकाको सवै तहतप्काहरु समानता एवं समावेशीकरण भएको हुने | | | | | | |
| १० समिति, उपसमिति, कार्यदलहरुमा महिला तथा वञ्चितीकरण समुदाय समावेशी प्रतिनिधित्व भएको | प्रतिशत | | ३३ | ३३ | ३३ | समितिका सदस्यहरुको नामावली | लक्षित वर्ग मूलप्रवाहीरकण ा भएको हुने |
| **२.२ प्रतिफल** | सामाजिक एवं साँस्कृतिक रुपमा हुने सवैप्रकारका विभेद अन्त्य भएको हुने | | | | | | |
| ११ लैङ्गिक हिंसा, छुवाछूत, दूर्व्यवहार, सामाजिक कुरीति सम्वन्धी वार्षिक घटनाहरु | संख्या | | १० | ८ | ५ | पालिकाको वार्षिक प्रगति समीक्षा | लक्षित वर्ग सशक्तीकरण भएको हुने |
| १२ वञ्चितीकरणमा परेका जातजाति, वर्ग, समुदायहरुको क्षमता विकास तथा सशक्तीकरणका लागि भएका कार्यक्रमहरु | संख्या | | १० | १२ | १५ | | |

## ५.५ कला भाषा, साहित्य र संस्कृति

### क) पृष्ठभूमि

भाषा एवं सँस्कृति नागरिकको मौलिक अधिकारहरु हुन् । यस अनुसार प्रत्येक नागरिकले आफ्नो भाषा, लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता, सम्पदाको संरक्षण एवं सम्वर्द्धन गर्ने र आफ्नो साँस्कृतिक जीवनमा सहभागि हुने पाउने छन् । त्यसैगरी राज्यका प्रमुख नीति अन्तर्गत वहुभाषिक नीति वनाउने, स्वथ्य, सभ्य सँस्कृतिको विकास गर्ने सामाजिक सुसम्वन्धमा आधारित समाजको निर्माण गर्ने पक्षहरु पर्दछन् भने १५ औं राष्ट्रिय योजनामा सामाजिक-साँस्कृतिक विविधता र मौलिक पहिचानलाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रका रुपमा ग्रहण गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार भाषा, सँस्कृति, ललितकलाको संरक्षण गर्ने, विकास गर्ने, पुरातात्विक एवं प्राचीन स्मारक एवं सङ्ग्रहालयको संरक्षण, प्रवर्द्धन गर्ने र परम्परागत जात्रा, पर्वहरु सञ्चालन, व्यवस्थापन गर्ने, मातृभाषामा शिक्षा दिने जस्ता जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- कला, भाषा, संस्कृतिको जगेर्नाका लागि प्रवर्द्धनात्मक कार्यकमको अभाव

- साहित्यिक, साँस्कृतिक संरक्षण सम्वर्द्धन का तथा प्रदर्शनी नहुनु
- संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन, रोजगारीता सिर्जना एवं आयआर्जनसंग नजोडिएको

**मुख्य चुनौतिहरु**

- वैदेशिक एवं आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको बढ्दो आकर्षणलाई निरुत्साहित गर्नु
- स्थानीय संस्कृति, चाडपर्व, रितीरिवाज, भेषभुषाहरु क्रमिक रुपमा लोपोन्मुख
- स्थानीय भाषा, सँस्कृतिहरु पुस्तान्तरण गर्नु
- मौलिक साँस्कृतिक पहिचान स्थापित गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- जातिय विविधता, जातजातिहरुको सौहार्दपूर्ण वसोवास
- विविध धर्मालम्वीहरुको मिश्रित स्थल
- धर्म अनुसारको परम्परा, चाडपर्व, संस्कृतिमा अभ्यस्त
- स्थानीय कला, भाषा, साहित्य, संस्कृतिमा आधारित कार्यक्रम सञ्चालन
- मठ मन्दिरहरुको मर्मत सम्भार तथा स्तरोन्नति हुँदै आएको

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**लक्ष्य :** स्थानीय कला, भाषा, साहित्य र सँस्कृतिको संरक्षण र प्रवर्द्धन भएको हुने

**उद्देश्य**

१. परम्परागत, मौलिक एवं लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्नु
२. स्थानीय साँस्कृतिका पहिचानहरु स्थापित गर्नु

**रणनीतिहरु**

१.१ मौलिक कला, भाषा, संस्कृति एवं सम्पदाहरुको अभिलेखीकरण गर्ने
१.२ मौलिक भाषा, संस्कृतिहरुको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने
२.१ साँस्कृतिक पहिचानका लागि प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को मौलिक संस्कृतिको अभिलेखीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ धार्मिक, ऐतिहासिक, पुरातात्विक सम्पदाहरु, सँस्कृतिहरु, भाषा, कला सवैको सूचना तथा तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण गर्दै अद्यावधिक गरिने छ ।
१.१.२ कला, भाषा एवं साहित्य क्षेत्रका सिर्जनकर्ताहरुको अभिलेख तयार पारिने छ । कला, कृतिहरुलाई सुरक्षित संरक्षणको व्यवस्था मिलाइने छ ।
१.१.३ विज्ञहरुको सहयोगमा लोपोन्मुख भाषाको लिपिमा शव्दकोष, व्याकरण तयार पारिने छ ।
१.१.४ स्थानीय मौलिक संस्कृतिका वारेमा वर्णनात्मक पुस्तिका तयार पार्दै वेवसाइट, नगरपालिका पार्श्वचित्र आदिवाट प्रकाशित गरिने छ ।

**रणनीति १.२ को सँस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ धार्मिक, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको मर्मत, सम्भार, जीर्णोद्वार गर्दै संरक्षण गरिने छ ।
१.१.२ परम्परागत, मौलिक एवं लोपोन्मुख कला, संस्कृति, भाषा र साहित्यको संरक्षण एवं प्रवर्द्धनका लागि समितिहरु गठन गर्दै सँस्कृतिक सङ्ग्राहालय स्थापना गरिने छ ।
१.१.३ स्थानीय संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाउदै आधारभूत तह सम्म स्थानीय भाषामा पठनपाठनको प्रवन्ध मिलाइने छ ।
१.१.४ लोपोन्मुख भाषाहरुको संरक्षण एवं पुस्तान्तरणका लागि विशेष व्यवस्था गर्दै प्रोत्साहित गरिने छ ।

१.१.५ मौलिक भाषा, कला, साहित्य, सँस्कृति सम्वन्धी परिचयात्मक लेख, रचनाहरु स्थानीय भाषाहरुमा छाप्न तथा प्रकाशन गर्न सहजीकरण गरिने छ ।

**रणनीति २.१ को साहित्य तथा साँस्कृतिक पहिचान प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ स्थानीय भाषा, संस्कृति र सम्पदालाई पर्यटन बिकाससंग जोड्दै सँस्कृति प्रवर्द्धन गरिने छ ।

२.१.२ स्थानीय समुदायसंग सहकार्य गर्दै हरेक वर्ष स्थानीय भाषा, सँस्कृति, भेषभुषामा आधारित साँस्कृतिक मेला तथा प्रदर्शनीको आयोजना गरिने छ ।

२.१.३ स्थानीय रितिरीवाज, परम्परा, भेषभुषा एवं भाषाहरुका वृत्तचित्र, भिडियो आदि वनाई सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गरिने छ ।

२.१.४ सामाजिक सहिष्णुता, सदभाव विकास गर्दै सवै धर्म जातजातिहरुको साँस्कृतिक मेला, पर्व, जात्राहरुको प्रवर्द्धन गरिने छ ।

२.१.५ विद्यालय देखि कथा, कविता, निवन्ध जस्ता साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै हरेकवर्ष साहित्यिक कार्यक्रम आयोजना गरिने छ । विभिन्न विधाका स्रष्टाहरुलाई आमन्त्रण गर्दै साहित्यिक कार्यक्रम आयोजना गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ४०**

**कला, भाषा साहित्य र सँस्कृति : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **मौलिक सँस्कृति पहिचान तथा अभिलेखीकरण** | | | | | | | |
| १.१ | मौलिक सँस्कृतिको तथ्याङ्क सङ्कलन | सँस्कृति प्रवर्द्धन | ०.१५ | $P_2$ | ४ | ८ | ३ | ३ |
| १.२ | स्थानीय भाषा, सँस्कृतिको डिजिटल पार्श्वचित्र तयारी | भाषा संरक्षण | ०.२० | $P_2$ | ४ | ८ | ३ | ३ |
| १.३ | कलाकार, साहित्यिक सर्जक, एवं भाषाविधहरुको अभिलेखीकरण, अद्यावधिक | ,, | ०.१० | $P_2$ | ४ | ८ | ३ | ३ |
| १.४ | मौलिक भाषा, सँस्कृतिको परिचयात्मक पुस्तिका लेखन | ,, | ०.२० | $P_2$ | ४ | ८ | ३ | ३ |
| २. | **भाषा, सँस्कृति संरक्षण सम्वर्द्धन** | | | | | ८ | | |
| २.१ | मौलिक भाषाका शव्दकोष, व्याकरण विकास | भाषा संरक्षण | ०.३० | $P_2$ | ४ | ८ | ३ | ३ |
| २.२ | साहित्यिक सर्जकहरुको लेख, कृति प्रकाशनहरु संरक्षण | ,, | ०.५० | $P_2$ | ४ | ८ | ३ | ३ |
| २.३ | मौलिक भाषा पुस्तान्तरण | ,, | ०.३० | $P_2$ | ४ | ८ | ३ | ३ |
| २.४ | साँस्कृतिक सङ्ग्रहालय निर्माण | सँस्कृति प्रवर्द्धन | २.०० | $P_2$ | ४ | ८ | ३ | ३ |
| २.५ | स्रष्टा पहिचान तथा सम्मान | ,, | ०.२० | $P_2$ | ४ | ८ | ३ | ३ |
| ३. | **सँस्कृति प्रवर्द्धन** | | | | | ८ | | |
| ३.१ | साँस्कृतिक मेला तथा प्रदर्शनी | सँस्कृति प्रवर्द्धन | ०.२५ | $P_1$ | ४ | ८ | ३ | ३ |

**तालिका नम्वर - ४०**
**कला, भाषा साहित्य र सँस्कृति : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ३.२ | साँस्कृतिक मेलापर्व, जात्रा प्रवर्द्धन | ,, | ०.५० | $P_1$ | ४ | ८ | २ | ३ |
| ३.३ | स्थानीय भाषामा पत्रिका प्रकाशन | भाषा संरक्षण | ०.३० | $P_2$ | ४ | ८ | ३ | ३ |
| ३.४ | साहित्यिक अन्तरक्रिया तथा गोष्ठी | सँस्कृति प्रवर्द्धन | ०.१० | $P_2$ | ४ | ८ | ३ | ३ |
| ३.५ | भेषभुषा तथा गरगहना संरक्षण, | सँस्कृति प्रवर्द्धन | ०.५० | $P_2$ | ४ | ८ | २ | ३ |
| ४. | गणेशमान स्मृति सङ्ग्रहालय | इतिहास संरक्षण | २.०० | $P_2$ | ४ | ८ | ३ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि कला, भाषा साहित्य सँस्कृति क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - ४१ :**
**कला, भाषा, साहित्य र सँस्कृति : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | स्थानीय कला, भाषा, साहित्य र सँस्कृतिको संरक्षण र प्रवर्द्धन भएको हुने | | | | | | |
| १ प्रवर्द्धित भएका लोपोन्मुख स्थानीय भाषा तथा सँस्कृतिहरु | संख्या | | १ | १ | १ | पालिकाको पार्श्वचित्र | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| **१. असर तह :** | परम्परागत, मौलिक एवं लोपोन्मुख कला, भाषा, साहित्य एवं संस्कृतिको संरक्षण र प्रवर्द्धन भएको हुने | | | | | | |
| २ संरक्षित भएका साँस्कृतिक सम्पदा, कला, भाषाहरु | संख्या | | २५ | ४० | ५० | पालिकाको पार्श्वचित्र | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| **१.१ प्रतिफल** | धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरुको मर्मत सम्भार एवं स्तरोन्नति भएको हुने | | | | | | |
| ३ मर्मत सम्भार एवं स्तरोन्नति भएका ऐतिहासिक, पुरातात्विक सम्पदा तथा पूर्वाधारहरु | संख्या | | २० | ३५ | ५० | पालिकाको पार्श्वचित्र | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| ४ स्तरोन्नति भएका धार्मिक स्थलहरु | संख्या | | १० | १५ | २० | | |
| ५ विश्व सम्पदामा सूचीकृत भएका मौलिक सम्पदाहरु | संख्या | ० | ० | ० | ० | | |
| १.२ **प्रतिफल** | स्थानीय कला, भाषा एवं साहित्यको संरक्षण एवं प्रवर्द्धन भएको हुने | | | | | | |
| ६ सम्मानित एवं पुरस्कृत साहित्यक स्रष्टाहरु | संख्या | | ५ | ८ | १० | पालिकाको पार्श्वचित्र, पालिकाको | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| ७ स्थानीय एवं अन्तरपालिका स्तरीय आयोजित साहित्यिक गोष्ठिहरु | संख्या | | १ | २ | ३ | | |

| तालिका नम्बर - ४१ : कला, भाषा, साहित्य र सँस्कृति : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| ८ स्थानीय भाषामा आधारित छपाइ तथा डिजिटल पत्रिका, प्रकाशनहरु | संख्या | | १ | १ | १ | वार्षिक प्रगति समीक्षा | |
| **२. असर तह :** | स्थानीय साँस्कृतिहरुको पहिचान स्थापित भएको हुने | | | | | | |
| ९ नगरपालिकालाई पहिचान दिने प्रतिनिधिमूलक सँस्कृति, सम्पदा | संख्या | | १ | २ | ३ | पालिकाको पार्श्वचित्र | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| **२.१ प्रतिफल :** | स्थानीय मौलिक सँस्कृतिको संरक्षण एवं प्रवर्द्धन भएको हुने | | | | | | |
| १० कला, भाषा, साहित्य र सँस्कृतिमा आधारित सङ्ग्रहालय | संख्या | | १ | १ | १ | पालिकाको पार्श्वचित्र | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| ११ हरेक वर्ष आयोजित सँस्कृतिक मेला तथा प्रदर्शनीहरु | संख्या | | १ | १ | १ | | |
| १२ सञ्चालनमा रहेका सँस्कृतिक होम स्टेहरु | संख्या | | ५ | ८ | १० | | |
| **२.२ प्रतिफल** | रैथाने एवं मौलिक सँस्कृतिहरुको प्रवर्द्धन भएको हुने | | | | | | |
| १३ संरक्षित जातिगत मौलिक भेषभुषा, गरगहनाका प्रकार | संख्या | | ५ | ५ | ५ | पालिकाको पार्श्वचित्र | साँस्कृतिक संरक्षणले प्राथमिकता पाएको हुने |
| १४ प्रवर्द्धित भएका जातिगत लोकवाजा एवं नाचगानहरु | संख्या | | ५ | ८ | १० | | |
| १५ रैथाने तथा परम्परागत खेलहरु | संख्या | | १ | १ | १ | | |

## ५.६ युवा तथा खेलकुद

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार युवाहरुको व्यक्तित्व विकास गर्ने र राज्यका सर्वाङ्गिण विकासमा युवाहरुलाई उपयुक्त अवसरहरु प्रदान गर्ने नीति अवलम्बन गरेको छ। राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने, राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा विशेष अवसर प्रदान गर्ने नीति पनि राज्यले ग्रहण गरेको छ। त्यसैगरी खेलकुद मार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने, खेलकुद र खेलाडीमा योजनावद्ध लगानी गर्ने, खेलकुदलाई राष्ट्रिय एकता रुपमा सदृढ गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने नीति पनि राज्यवाट अवलम्वन भएको छ भने स्थानीय स्तरका खेलकुदका पूर्वाधार निर्माण गर्ने, सञ्चालन, विकास एवं प्रवर्द्धन गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

### मुख्य समस्याहरु

- खेलकुद क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधार तथा लगानीको अभाव
- नगरपालिकालाई “स्पोर्टस् सिटी”को प्रचार प्रसार गर्न नसक्नु,

- खेलकुदको दिगो विकासकालागि आवश्यक खेलाडी र दक्ष प्रशिक्षकको अभाव र खेलाडीहरु पलायन
- विद्यार्थी तथा युवा वर्गमा खेलकुदप्रति न्यून आकर्षण
- युवा तथा खेलकुद क्षेत्रको विकासकालागि आवश्यक नीति, अध्ययन र योजनाको अभाव

**मुख्य चुनौतिहरु**

- खेलकुद क्षेत्रको विकासकालागि नीजिक्षेत्र, संघ तथा प्रदेश सरकारसँग सहकार्यको वातावरण निर्माण गर्नु,
- नगरपालिकाले खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि दक्ष तथा विश्वसनिय वतावरण तयार गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- वडा नं. ६ मा अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला
- वडा नं. ७ को रक्वी (प्रस्तावित)
- गोकर्ण गल्फ मैदान
- स्व/रोजगारीमूलक व्यवसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन हुँदै आएको
- पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन
- प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट ठूलो संख्यामा लाभान्वित

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु**

**लक्ष्य :** युवाहरुमा व्यवसायिकता विकास गर्दै खेलकुद लगायत सवै क्षेत्रमा युवाको सहभागिता प्रभावकारी भएको हुने

**उद्देश्य**

१. युवाहरुमा क्षमता विकास, उद्यमशीलता एवं व्यवसायिकता विकासवाट रोजगारीका अवसरहरु सिर्जना गर्नु
२. खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माणवाट प्रतिस्पर्धी युवा खेलाडीहरुको विकास गर्नु ।

**रणनीतिहरु**

१.१ युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास गर्ने
१.२ राजनीति लगायत सवै क्षेत्रमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने
२.१ खेलकुद विकासका लागि पूर्वाधार संरचनाहरुको निर्माण गर्ने
२.२ सक्षम, प्रतिस्पर्धी एवं व्यवसायिक खेलाडीहरुको विकास गर्ने

**कार्यनीति**

**रणनीति १.१ को युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ उद्योग, व्यवसाय लगायतका क्षेत्रमा प्रभावकारी उपस्थितिका लागि युवाहरुलाई प्रोत्साहित गरिने छ ।
१.१.२ व्यवसायिक परियोजनाका आधारमा परियोजना कार्यान्वयनका लागि व्यवसायिक सीप हासिल प्राप्त युवाहरुलाई आवश्यक सहयोग उपलब्ध गराइने छ ।
१.१.३ युवाहरुको क्षमता विकास, व्यवसायिक सीप विकास, उद्यमशीलता विकासका लागि नगरपालिकावाट विविध कार्यक्रमहरु सञ्चालन गरिने छ ।
१.१.४ वित्तीय संस्थाहरुसंग सहकार्य गर्दै उद्योग व्यवसाय सञ्चालन गर्न युवाहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिने छ ।
१.१.५ नगरपालिकामा प्राविधिक शिक्षालय सञ्चालन एवं विद्यालयमा प्राविधिक धारको अध्यापनलाई प्रभावकारी वनाउदै युवाहरुमा उद्यमशीलता विकास गरिने छ ।

**रणनीति १.२ को राजनीति लगायत सवै क्षेत्रमा युवाहरुको सहभागिता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ आर्थिक, सामाजिक, साँस्कृतिक एवं राजनीतिक क्षेत्रमा युवाहरुको आवद्धता एवं भूमिकामा वृद्धि ल्याइने छ । यसका लागि विविध प्रकारका तालिम, प्रशिक्षणहरु सञ्चालन गरी युवाहरुको क्षमतामा अभिवृद्धि ल्याइने छ ।

१.२.२ युवा क्लव, समूह तथा सञ्जालहरुको बिकास, विस्तार गर्दै नगरपालिकाको विभिन्न क्षेत्रमा प्रतिनिधित्व तथा सहभागिता गराइने छ ।

१.२.३ वेरोजगार युवाहरुलाई व्यवसायिक सीप तालिम प्रदान गर्दै स्टार्टअप लोन कार्यक्रममा आवद्ध हुन प्रोत्साहित गरिने छ ।

१.२.४ लागुपदार्थ तथा लागुऔषध दुर्व्यसन प्रयोग गर्ने युवाहरूका लागि सुधारकेन्द्र तथा पुनर्स्थापना केन्द्रको व्यवस्था गर्दै परामर्श सेवाहरु सञ्चालन गरी विविध सामाजिक क्षेत्रहरुमा सारिक हुन प्रोत्साहित गरिने छ ।

**रणनीति २.१ को खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ नगरपालिकाका लागि खेलकुद हवको रुपमा विकास गर्दै खेलकुद पर्यटन प्रवर्द्धन गरिने छ ।

२.१.२ अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रङ्गशाला, गोकर्ण गल्फ मैदानहरु सञ्चालन भइरहेको सन्दर्भमा रग्वी एवं भलिवल खेललाई प्रवर्द्धन गरिने छ । यसका लागि चाहिने आवश्यक भौतिक पूर्वाधारहरुको विकास गरिने छ ।

२.१.३ युवाहरुको शारिरीक, मानसिक एवं संवेगात्मक बिकास तथा व्यवस्थापनका लागि खेलकुदको बिकास गरिने छ । यसका लागि खेलकुद सम्वन्धी विविध कार्यक्रम तथा प्रतियोगिताहरु सञ्चालन गरी विद्यालयवाटै खेलाडीहरु उत्पादन एवं विकासका लागि प्रोत्साहित गरिने छ ।

२.१.४ खेलकुद बिकासका लागि भौतिक पूर्वाधारहरु खेलमैदान, कभर्डहलहरुको निर्माण गर्दै खेलकुदको व्यवसायिक विकासका लागि आवश्यक खेलकुद सामाग्रीहरुको प्रवन्ध मिलाइने छ । खेलकुदलाई व्यवस्थित रुपमा सञ्चालनका लागि नगरपालिकामा खेलकुद समिति गठन गरिने छ ।

२.१.५ नगर स्तरीय खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइने छ र हरेक वडामा एक खेल मैदान तथा कभर्डहलको व्यवस्था मिलाइने छ ।

**रणनीति २.२ को सक्षम, प्रतिस्पर्धी एवं व्यवसायिक खेलाडीहरुको विकास अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ युवा खेलाडीहरुमा भएको सीप, ज्ञान अभिवृद्धिका लागि विभिन्न तालिम एवं प्रशिक्षणहरुमा सहभागि गराई खेलाडीमा भएको सीपमा अभिवृद्धि ल्याइने छ ।

२.२.२ राष्ट्रिय स्तरका खेलाडी एवं प्रशिक्षकहरुवाट दिइने लामो एवं छोटो समयावधिका व्यवसायिक प्रशिक्षण दिई व्यवस्था मिलाई सक्षम, प्रतिस्पर्धी खेलाडीहरुको उत्पादन गरिने छ ।

२.२.३ राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेल प्रतियोगितामा भाग लिने अवसरहरु सिर्जना गरिने छ ।

२.२.४ हरेक वर्ष अन्तरविद्यालय, अन्तरवडाहरु र अन्तरपालिका वीच खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ र विजेता टीमहरुलाई पुरस्कृत गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ४२ :**
**युवा तथा खेलकुद : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **युवा उद्यमशीलता विकास** | | | | | | | |
| १.१ | व्यवसायिक सीप, उद्यमशीलता विकास | उद्यमशीलता विकास | २.०० | $P_1$ | ४ | ४ | २ | ३ |
| १.२ | युवा स्वरोजगार कार्यक्रम | रोजगारअभिवृद्धि | १.५० | $P_1$ | ४ | ४ | २ | ३ |
| १.३ | युवा सहुलियतपूर्ण कर्जा सहजीकरण | कर्जा सहयोग | ५.०० | $P_1$ | ४ | ४ | २ | ३ |
| २. | **राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा युवाहरुको अवद्धता अभिवृद्धि** | | | | | | | |
| २.१ | युवा नेतृत्व विकास तालिम | क्षमता विकास | ०.१५ | $P_2$ | ४ | ४ | २ | ३ |

| तालिका नम्वर - ४२ : युवा तथा खेलकुद : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| २.२ | युवा क्लव तथा सञ्जाल विस्तार तथा क्षमता विकास | क्षमता विकास | ०.५० | $P_2$ | ४ | ४ | २ | ३ |
| २.३ | वेरोजगार युवा स्टार्टअप लोन कार्यक्रम | रोजगार अभिवृद्धि | ३.०० | $P_1$ | ४ | ४ | २ | ३ |
| २.४ | लागुपदार्थ नियन्त्रण | युवा सुधार | ०.२५ | $P_1$ | ४ | ४ | २ | ३ |
| २.५ | युवा सुधारकेन्द्र सञ्चालन | युवा सुधार | २.०० | $P_2$ | ४ | ४ | ३ | ३ |
| २.६ | युवा नवप्रर्वद्धनात्मक विचार तथा प्रतिभा पहिचान तथा सम्मान | सिर्जनशीलता विकास | ०.१० | $P_2$ | ४ | ४ | २ | ३ |
| ३. | **खेलकुद पूर्वाधार निर्माण** | | | | | | | |
| ३.१ | खेलमैदान निर्माण | खेकलकुद प्रवर्द्धन | ५.०० | $P_2$ | ४ | ४ | २ | ३ |
| ३.२ | कभर्डहल निर्माण | ,, | १.०० | $P_2$ | ४ | ४ | २ | ३ |
| ३.३ | खेलकुदका सामाग्री व्यवस्था | ,, | १.०० | $P_2$ | ४ | ४ | २ | ३ |
| ३.४ | विद्यालय खेलकुद प्रवर्द्धन | ,, | ०.५० | $P_2$ | ४ | ४ | २ | ३ |
| ३.५ | खेलकुद विद्यालय स्थापना | ,, | २.५० | $P_2$ | ४ | ४ | २ | ३ |
| ४. | **व्यवसायिक खेलाडी विकास** | ,, | | | ४ | | | |
| ४.१ | खेलाडी तालिम तथा प्रशिक्षण, | ,, | १.५० | $P_2$ | ४ | ४ | २ | ३ |
| ४.२ | राष्ट्रिय अन्तर्राष्ट्रिय प्रशिक्षकवाट प्रशिक्षण | ,, | ०.२० | $P_2$ | ४ | ४ | २ | ३ |
| ४.३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागिता | ,, | ०.५० | $P_2$ | ४ | ४ | २ | ३ |
| ४.४ | अन्तरपालिका खेल प्रतियोगिता | ,, | ०.१५ | $P_2$ | ४ | ४ | २ | ३ |
| ४.५ | नगरस्तरीय खेल प्रतियोगिता ( राष्ट्रपति रनिङ शिल्ड) | ,, | ०.२० | $P_2$ | ४ | ४ | २ | ३ |
| ४.६ | मेयर कप प्रतियोगिता | ,, | ०.१५ | $P_2$ | ४ | ४ | २ | ३ |
| ५. | खेलकुद नगरी कागेश्वरी प्रवर्द्धन कार्यक्रम | ,, | १.०० | $P_2$ | ४ | ४ | २ | ३ |

**ङ) नतिजा खाका**

आगामी ५ वर्षका लागि युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

| तालिका नम्वर - ४३ : युवा तथा खेलकुद विकास : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | युवाहरुमा व्यवसायिकता विकास गर्दै खेलकुद लगायत सवै क्षेत्रहरुमा युवाको सहभागिता प्रभावकारी भएको हुने | | | | | | |
| १ नगरसभामा १६-४० वर्ष उमेरका युवाहरुको प्रतिनिधित्व | प्रतिशत | ३८.७७ | ३८.७७ | ३८.७७ | ३८.७७ | निर्वाचन आयोगको | राजनीतिक दलमा युवाले |

| तालिका नम्वर - ४३ : युवा तथा खेलकुद विकास : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| | | | | | | निर्वाचन प्रतिवेदन | प्राथमिकता पाउने |
| **१. असर तह :** | युवाहरुमा क्षमता विकास एवं उद्यमशीलता विकासवाट स्व-रोजगारीतामा वृद्धि भएको हुने | | | | | | |
| २ युवा वेरोजगार | प्रतिशत | ११ | ८ | ५ | ३ | पालिकाको पार्श्वचित्र | उद्योग व्यवसायको प्रवर्द्धन हुने |
| **१.१ प्रतिफल** | युवामा उद्यमशीलता विकासवाट स्व-रोजगारीतामा अभिवृद्धि भएको हुने | | | | | | |
| ३ पालिकावाट सञ्चालित व्यवसायिक तालिमवाट लाभान्वित युवाहरु | संख्या | ६९ | १०० | १५० | २०० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | युवा स्टार्ट अप लोन कार्यक्रम प्रभावकारी हुने |
| ४ व्यवसायिक सीप विकास तालिम लिई स्व-रोजगारी भएका | संख्या | ८० | १०० | २०० | ३०० | | |
| ५ युवातथा सानाव्यवसायी स्वरोजगार कोषको कर्जावाट लाभान्वित युवा | संख्या | | ३० | ४० | ५० | | |
| १.२ **प्रतिफल** | राजनीतिक लगायत युवा वर्गको सहभागिता नेतृत्वदायी भएको हुने | | | | | | |
| ६ क्रियाशील युवा क्लव तथा सञ्जाल | संख्या | | ५ | ७ | ९ | पालिकाको पार्श्वचित्र | राष्ट्रिय युवा नीति प्रभावकारी कार्यान्वयन भएको हुने |
| ७ युवाहरुको विकाससंग सम्वन्धित संस्थाहरु (क्लव, सञ्जाल, संघ) मा युवाहरुको आवद्धता | संख्या | | ५ | ७ | ९ | | |
| ८ राज्यवाट सम्मानित प्रतिभाशाली युवाहरु | संख्या | | ० | ० | १ | | |
| **२. असर तह :** | खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माणवाट प्रतिस्पर्धी युवा खेलाडीहरुको विकास भएको हुने | | | | | | |
| ९ खेलकुदका कुनैपनि विधामा अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी | संख्या | ० | ० | ० | १ | पालिकाको पार्श्वचित्र | प्रतियोगितात्मक खेलको विकास हुने |
| **२.१ प्रतिफल :** | खेलकुदका भौतिक पूर्वाधारहरु निर्माण भएको हुने | | | | | | |
| १० सञ्चालित खेलकुद मैदानहरु | संख्या | २ | २ | २ | २ | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोर्ट्स हवको रुपमा विकास भएको हुने |
| ११ खेलकुद प्रशिक्षण केन्द्र तथा कभर्ड हल | संख्या | १ | १ | १ | १ | | |
| १२ खेलकुद विद्यालय/विश्वविद्यालय | संख्या | ० | ० | ० | १ | | |
| **२.२ प्रतिफल** | सक्षम, प्रतिस्पर्धी एवं व्यवसायिक खेलाडीहरु विकास भएको हुने | | | | | | |
| १३ नगरपालिका, वडास्तरीय खेलकुद प्रतियोगिताहरु | संख्या | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोर्ट्स हवको रुपमा विकास भएको हुने |
| १४ व्यवसायिक खेलाडीहरु | संख्या | ४ | ४ | ४ | ४ | | |
| १५ राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा सहभागि खेलाडीहरु | संख्या | ३ | ३ | ३ | ३ | | |

# परिच्छेद - छ : पूर्वाधार बिकास

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार पूर्वाधार विकासका प्रमुख क्षेत्रका रुपमा सडक यातायात तथा पुलपुलेसा, आवास तथा वस्ती विकास, शहरीकरण तथा सार्वजनिक निर्माण, वैकल्पिक ऊर्जा र सूचना तथा सञ्चार प्रविधि रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरुको तर्जुमा भएका छन् ।

## ६.१ सडक, यातायात तथा पुलपुलेसा

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकुल वनाउने नीति राज्यले अवलम्वन गरेको छ । यातायात सुविधामा नागरिकहरुको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिर्ने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अंगिकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक सामाजिक रुपान्तरणका लागि वलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाइ र रज्जुमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय वनाउने परिकल्पना १५ औं राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरुको मर्मत सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- वाटोको सीमाङ्कन नभई ठेक्का सञ्चालन गर्दा अवरोध
- स्थानीयहरुले आफ्नो व्यक्तिगत हितको कामको माग गर्दै अवरोध
- वास्तविक फिल्ड अनुसार डिपिआर नहुँदा निर्माण कार्यमा असहज
- गुणस्तर मापन गर्ने उपकरण, ल्याव नहुँदा गुणस्तरमा व्यथिति
- विषय क्षेत्रगत प्राविधिकहरुको अभाव एकै प्राविधिकले सवैप्रकारका डिजाइनहरु गर्नुपर्ने
- सडक निर्माण गर्दा सरोकारवालाहरुसंग समन्वय अभाव

**मुख्य चुनौतिहरु**

- स्थानीय सडकवाट प्रत्यक्ष लाभान्वितहरुको सडक माथिको स्वमित्व स्थापना गर्नु
- सडकको सीमा क्षेत्र तथा राइट अफ वे कायम राख्नु
- स्थानीयवाट हुने सडक अतिक्रमणलाई नियन्त्रण गर्नु
- शहरी सडक मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन ल्याउनु
- निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- नगरपालिकाका सवै वस्तीहरु पक्की सडक पुगेको
- अन्तरपालिका सडक सञ्जाल विस्तार भएको काठमाडौ महानगरपालिका, गोकर्णेश्वर, शंखरापुर, चाँगुनारायण, मध्यपुर ठिमी नगरपालिकाहरु सडक सञ्जालवाट जोडिएका
- हरेक क्षणमा यातायात सुविधा सहजै उपलब्ध

- काठमाडौं मेलाम्ची सडक खण्डले छोएको
- अन्तरपालिका समन्वयमा यातायात सञ्चालनलाई प्रभावकारी वनाउन सकिने
- प्रविधिमैत्री यातायात प्रणाली एवं विद्युतीय सवारी साधनहरु अन्तरपालिका समन्वय, सहकार्यमा सञ्चालनमा ल्याउन सकिने

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवं सहज यातायात सेवाको विकास हुने

**उद्देश्य**

१ सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासवाट अन्तर आवद्धता वढाउनु

२ यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित वनाउनु

**रणनीतिहरु**

१.१. सडक, पुलहरुको गुणस्तर सुधार, मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

१.२. सडक सञ्जाल बिकास विस्तार गर्दै अन्तरपालिका आवद्धता वढाउने

२.१ सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै सहज र सर्वसुलभ वनाउने

२.२ यातायात व्यवस्थापनमा लगानी वृद्धि गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने

**कार्यनीति**

**रणनीति १.१ को सडक, पुलको गुणस्तर सुधार अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ सडक खण्डहरु नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नति गरी गुणस्तर कायम राखिने छ।

१.१.२ आवश्यकता एवं भू-वनौटका आधारमा सडक सर्भे तथा डिजाइनका आधारमा ढलान, पुल, कल्भर्ट निर्माण गर्दै वर्षे भलपानी पनि व्यवस्थित हुनेगरी सडक नालालाई व्यवस्थित गरी सडकलाई गुणस्तरीय वनाइने छ।

१.१.३ सडक किनारा दायाँवायाँ आवश्यकताका आधारमा वायोइन्जिनियरिङ तथा वृक्षारोपण गरी सडकलाई हरियाली एवं वातावरणमैत्री वनाइने छ।

१.१.४ मुख्यमुख्य एवं वजार क्षेत्रका सडकहरुमा यात्रुप्रतिक्षालय, सडक फर्निचर, ट्राफिक चिन्ह, युटिलिटी कोरिडरहरु निर्माण गरी सडकलाई व्यवस्थित गरिने छ।

१.१.५ सडक मापदण्ड कार्यविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सडकको क्षेत्राधिकार निर्धारण गरी सडकलाई वर्गीकरण, नामाङ्कन, रेखाङ्कन, नक्साङ्कन एवं चौडा विस्तार गरिने छ।

**रणनीति १.२ को सडक सञ्जाल विकास तथा अन्तरआवद्धता अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ सवै वस्ती, पर्यटकीय क्षेत्र एवं वडा केन्द्रहरु सम्म सडक सञ्जाल विस्तार गरिने छ।

१.२.२ अन्तरपालिका जोड्ने सडकहरु विस्तार, स्तरोन्नति एवं नयाँ निर्माण गरी सडक सञ्जाल विकास गरिने छ।

१.२.३ जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसंग जोडिने गरी सडक विस्तार गर्दै वाह्य क्षेत्रसंगको अन्तरआवद्धता वढाइने छ।

१.२.४ सडक सञ्जाललाई सुदृढ एवं प्रभावकारी वनाउन यातायात गुरुयोजना तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ।

१.२.५ स्थानीय सडकहरुको संरक्षण एवं सो माथि अपनत्व सिर्जना गर्न टोल विकास संस्थालाई जिम्मेवार वनाउइने छ। यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइने छ।

**रणनीति २.१ को सार्वजनिक यातायातलाई सर्वसुलभ वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ नगरपालिकाको वस्ती तथा वजार क्षेत्रहरुलाई समेटिने गरी सिटीवस सञ्चालनमा ल्याइने छ। यसका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ।

२.१.२ सवै वस्ती क्षेत्रसम्म सार्वजनिक यातायात सेबालाई विस्तार गरी यातायात सेवामा पहुँच अभिवृद्धि एवं सर्वसुलभ वनाइने छ। स्थानीय यातायात रुटको व्यवस्था मिलाउदै वसपार्कवाट विभिन्न गन्तव्यमा सञ्चालन हुने गरी

सार्वजनिक यातायातलाई व्यवस्थित गरिने छ । सम्भाव्यता अध्ययनका आधारमा व्यवस्थित वसपार्क निर्माण गरिने छ र जथाभावि सवारी साधनहरु पार्किङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।

२.१.३ ट्राफिक प्रहरीसंग सहकार्य गर्दै सवारी दुर्घटनामा न्यूनीकरण ल्याइने छ र सवारी साधनवाट हुँदै आएको प्रदुषणलाई नियन्त्रण गरिने छ ।

२.१.४ महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको सहजता एवं सुरक्षालाई समेत ध्यान दिदै सार्वजनिक यातायातलाई सहज एवं वालमैत्री, अपाङ्गतमैत्री वनाइने छ ।

२.१.५ मुख्य वजार क्षेत्रभित्र सार्वजनिक सवारी आवागमनलाई सहज, सुलभ र नियमित एवं वातावरणमैत्री वनाउन अर्वान भ्याइकललाई प्राथमिकता दिइने छ ।

**रणनीति २.२ को यातायात व्यवस्थापनमा लगानी वृद्धि गर्न निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ प्रदेश कानुन वमोजिम वढी वातावरण प्रदुषण गर्ने, पुराना, थोत्रा तथा २० वर्ष आयु नाघेका सवारी साधनहरुलाई विस्थापित गर्दै निश्चित क्षेत्रहरुमा प्रवेश निषेध गरिने छ ।

२.२.२ विद्युतीय, वातावरणमैत्री सवारी साधन तथा अर्वान भ्याइकलहरुको उपयोगका लागि निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

२.२.३ विद्युतीय सिटी वस सञ्चालनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

२.२.४ संघ तथा प्रदेश कानुन वमोजिम अन्तरपालिका समन्वयमा विद्युतीय ट्रलीवस, पोड तथा ट्रयामहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

२.२.५ मुख्य वजार क्षेत्रहरुमा साना विद्युतीय सवारी साधन सञ्चालन गर्न सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ४४ :**
**सडक यातायात तथा पुलपुलेसा : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **सडक गुणस्तर सुधार** | | | | | | | |
| १.१ | नयाँ ट्याक निर्माण | पहुँच विस्तार | १००.०० | $P_1$ | ५ | ९ | ३ | ३ |
| १.२ | नियमित मर्मत सम्भार तथा स्तरोन्नति | गुणस्तर सुधार | ५०.०० | $P_1$ | ५ | ९ | ३ | २ |
| १.३ | भलपानी नियन्त्रण तथा नाली विस्तार | गुणस्तर कायम | ५०.०० | $P_1$ | ५ | ९ | ३ | १ |
| १.४ | सडक किनारा हरियाली प्रवर्द्धन | हरियाली प्रवर्द्धन | ३.०० | $P_2$ | ५ | ९ | ३ | १ |
| १.५ | सडक फर्निचर व्यवस्था | दुर्घटना न्यूीकरण | ०.५० | $P_2$ | ५ | ९ | ३ | ३ |
| १.६ | युटिलिटी कोरिडर निर्माण | गुणस्तर सुधार | ४०.०० | $P_2$ | ५ | ९ | ३ | २ |
| १.७ | सडक वर्गीकरण, रेखाङ्कन तथा नामाकरण | सडक व्यवस्थापन | ०.२५ | $P_2$ | ५ | ९ | ३ | ३ |
| १.८ | सडक तथा संरचना निर्माणको गुणस्तर परीक्षण ल्याव निर्माण | गुणस्तर सुधार | ०.५० | $P_2$ | ५ | ९ | ३ | ३ |
| २. | **सडक सञ्जाल विकास** | | | | | | | |
| २.१ | अन्तरपालिका सडक सञ्जाल निर्माण (नयाँ निर्माण) | सञ्जाल विकास | ५००.०० | $P_2$ | ५ | ९ | ३ | ३ |
| २.२ | अन्तरपालिका सडक मर्मत सम्भार, स्तरोन्नति | गुणस्तर सुधार | १०.०० | $P_2$ | ५ | ९ | ३ | २ |

**तालिका नम्वर - ४४ :**
**सडक यातायात तथा पुलपुलेसा : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| २.३ | यातायात गुरुयोजना परिमार्जन | सञ्जाल विकास | ०.२५ | $P_2$ | ५ | ९ | ३ | ३ |
| २.४ | स्थानीय सडक समुदायलाई हस्तान्तरण | सडक संरक्षण | ५.०० | $P_2$ | ५ | ९ | ३ | ३ |
| ३. | **सार्वजनिक यातायात सर्वसुलभ** | | | | | | | |
| ३.१ | सिटीवस सञ्चालन | पहुँच अभिवृद्धि | ५.०० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ३.२ | सवारी दुर्घटना न्यूनीकरण | दुर्घटना न्यूनीकरण | ०.२० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ३.३ | ट्राफिक व्यवस्थापन तथा सवारी दुघटना जनचेतना सप्ताहा | चेतना अभिवृद्धि | ०.१५ | $P_2$ | ५ | ११ | ३ | ३ |
| ३.४ | स्थानीय यातायात रुट निर्धारण | पहुँच अभिवृद्धि | ०.२० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ३.५ | वसपार्क एवं पार्किङ क्षेत्र सम्भाव्यता अध्ययन | पहुँच अभिवृद्धि | ०.५० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ४. | **निजी क्षेत्रको लगानी अभिवृद्धि** | | | | | | | |
| ४.१ | विद्युतीय सवारी प्रवर्द्धन | लगानी प्रवर्द्धन | १.०० | $P_2$ | ५ | ११ | ३ | २ |
| ४.२ | अर्वान भ्याइकल प्रवर्द्धन | लगानी प्रवर्द्धन | ०.५० | $P_2$ | ५ | ११ | ३ | २ |

### ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि सडक, यातायात पुलपुलेसा क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ

**तालिका नम्वर - ४५ :**
**सडक, यातायात तथा पुलपुलेसा : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवं सहज यातायात सेवाको विकास भएको हुने | | | | | | |
| १ १५ मिनेटको दुरीमा सार्वजनिक यातायात पहुँच भएका जनसंख्या | प्रतिशत | | ९० | ९५ | १०० | पालिकाको पार्श्वचित्र | यातायात सञ्चालमा अभिवृद्धि हुने |
| **१. असर तह :** | सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासवाट अन्तर आवद्धता वढेको हुने | | | | | | |
| २ समग्रमा सडक घनत्व ( प्रति वर्गकिमि सडक लम्वाइ) | किमि | २७१.८ | ३०० | ३१० | ३१५ | पालिका पार्श्वचित्र | यातायात सञ्चालमा अभिवृद्धि हुने |
| **१.१ प्रतिफल** | सडक पूर्वाधारहरु स्तरोन्नति भई सुरक्षित भरपर्दो र वातावरणमैत्री भएको हुने | | | | | | |
| ३ कालोपत्रे तथा आरसिसि ढलान सडकको लम्वाइ | किमि | ६२.३२ | ६५ | ६७ | ७० | पालिकाको पार्श्वचित्र | सरोकारवाला निकायसंग प्रभावकारी |
| ४ युटिलिटि कोरिडरको लम्वाइ | किमि | ० | २० | २५ | ३० | | |

| **तालिका नम्बर - ४५ : सडक, यातायात तथा पुलपुलेसा : नतिजा खाका** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| ५ ट्राफिक चिन्ह सहित सडक फर्निचर भएको सडक लम्वाइ | किमि | ० | २० | २५ | ३० | | समन्वय भएको हुने |
| **१.२ प्रतिफल** | संघ, प्रदेश एवं अन्तरपालिकासंग सडक अन्तरआवद्धतामा अभिवृद्धि भएको हुने | | | | | | |
| ६ अन्तरपालिका जोडिएका सडकहरु | संख्या | ३ | ३ | ३ | ३ | पालिकाको पार्श्वचित्र | सरोकारवाला निकायसंग प्रभावकारी समन्वय भएको हुने |
| ७ जिल्ला सडकसंग जोडिएका सडक | संख्या | २ | २ | २ | २ | | |
| ८ राष्ट्रिय हाइवेसंग जोडिएका सडक | संख्या | १ | १ | १ | १ | | |
| **२. असर तह :** | यातायात सेवा सहज, सर्वसुलभ एवं व्यवस्थित भएको हुने | | | | | | |
| ९ दिगो, सुरक्षित, नियमित यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | पालिका पार्श्वचित्र | |
| **२.१ प्रतिफल :** | सार्वजनिक यातायातमा पहुँच अभिवृद्धि भई सर्वसुलभ भएको हुने | | | | | | |
| १० सार्वजनिक यातायात सेवा पुगेका वस्तीहरु (कूल वस्ती संख्याको) | प्रतिशत | १०० | १०० | १०० | १०० | पालिका पार्श्वचित्र | पालिकाको नियमन प्रभावकारी भएको हुने |
| ११ रुट अनुसार नियमित सञ्चालनमा रहेका सिटी वस | संख्या | | ४० | ४५ | ५० | | |
| १२ सञ्चालनमा रहेका अनलाइन यातायात सेवा (पठाओ, इनड्राइभ) | संख्या | २ | २ | २ | २ | | |
| **२.२ प्रतिफल** | यातायात व्यवस्थापनमा थप लगानी गर्न निजी तथा सहकारी क्षेत्रहरु प्रोत्साहित भएको हुने | | | | | | |
| १३ सार्वजनिक विद्युतीय वस तथा माइको वस | संख्या | ० | १० | १५ | २० | पालिका पार्श्वचित्र | विद्युतीय सवारीमा निजी क्षेत्र लगानी गर्न प्रोत्साहित भएको हुने |
| १४ नियमित सञ्चालनमा रहेका सामान वोक्ने साना विद्युतीय भ्यान | संख्या | ० | ० | ५ | १० | | |
| १५ अन्तरपालिका जोड्ने विद्युतीय ट्रलीवस तथा ट्रयाम, पोडवे | संख्या | ० | ० | ० | १ | | |

## ६.२ आवास तथा वस्ती बिकास, शहरीकरण एवं सार्वजनिक निर्माण

### क) पृष्ठभूमि

संविधानत, आवासलाई मौलिक हकको रुपमा लिइएको छ। अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने, योजनावद्ध रुपमा विकास गर्ने नीति नेपाल सरकारले अंगिकार गरेको छ भने १५ औं राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तरदेशीय अन्तर आवद्धता वृद्धि गर्ने र दिगो शहरी तथा वस्ती विकास गर्नेलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रुपमा अंगिकार गरेको छ । १५ औ योजनामा आधुनिक, दिगो, व्यवस्थित शहर, आवास र वस्ती विकासलाई रुपान्तरणका प्रमुख सम्वाहकको रुपमा ग्रहण गरिएको छ भने वढ्दो शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, वातावरणमैत्री,

विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रुपमा गतिशिल, एवं साँस्कृतिक तथा पुरातात्विक महत्व कायम हुने गरी सुरम्य शहरहरुको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशिलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन शहर, नयाँ शहर र शहरी कोरिडरको व्यवस्थित ढङ्गवाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित वसोवास व्यवस्थापन गर्ने, व्यवस्थित वस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, संघ र प्रदेशको मापदण्डको अधिनमा रही एकीकृत वस्ती विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- वसपार्क, वस स्टेशन तथा प्रतिक्षालयहरुको अभाव
- सार्वजनिक संरचना तथा भवनहरु सुविधायुक्त, अपाङ्गता, वालवालिका तथा महिलामैत्री हुन नसकेको
- वजार क्षेत्रहरुमा हाटवजार, विश्रायस्थल, सार्वजनिक शौचालय एवं ढल नालीहरुको अभाव
- भू उपयोग नीति, ऐन निर्माण र कार्यान्वयनमा नआउनु
- सार्वजनिक निर्माण, भवनहरुको मर्मत सम्भार नियमित नहुनु

**मुख्य चुनौतिहरु**

- वढ्दो जनसंख्यालाई व्यवस्थिति आवासको प्रवन्ध गर्नु
- सार्वजनिक संरचनाहरुको गुणस्तर कायम राख्नु
- सार्वजनिक निर्माणको दिगो उपयोग एवं समुदायहरुमा अपनत्व सिर्जना गर्नु
- सार्वजनिक संरचनाको निर्माणमा निजी, सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- एकीकृत वस्ती विकास गर्न सकिने
- भूकम्प प्रतिरोधात्मक एवं भवन संहिता अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको कममा
- अपार्टमेण्ट, हाउजिङहरु निजी क्षेत्रवाट सञ्चालित, अन्य क्षेत्रहरुमा पनि सञ्चालन गर्न सकिने
- स्मार्ट सिटी काठमाडौ उपत्यका विकास प्राधिकरणवाट प्रवर्द्धित हुँदै
- जग्गा विकास तथा ल्याडपुलिङका लागि उपयुक्त क्षेत्र, विकास गर्न सकिने

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** सुरक्षित, व्यवस्थित आवास तथा वस्ती विकास विस्तार गर्दै शहरीकरण भएको हुने

**उद्देश्य**

१. सवै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु
२. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो शहरी पूर्वाधारहरुको निर्माण भई उपयोगमा सहजता ल्याउनु

**रणनीतिहरु**

१.१ सुरक्षित, व्यवस्थित एवं वातावरणमैत्री आवास तथा वस्ती बिकास गर्ने
१.२ जोखिम क्षेत्रमा वसोवास गर्ने तथा अतिविपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्ने
२.१ प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरु निर्माण गर्दै विपद् उत्थानशील वनाउने
२.१ शहरीकरणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को आवास तथा वस्ती बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ भू उपयोगका आधारमा निजी क्षेत्रसंगको सहकार्य गर्दै एकीकृत आवास तथा वस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ। यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नीति तथा कानुनहरु निर्माण गरिने छ।

१.१.२ आवास तथा वस्ती विकासको प्रवर्द्धनका लागि आवश्यक सवै प्रकारका शहरी पूर्वाधार सहित सुरक्षाको प्रवन्ध मिलाइने छ।

१.१.३ प्राकृतिक प्रकोप, संवेदनशील एवं असुरक्षित क्षेत्रमा वसोवास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित वस्ती विकास गरिने छ।

१.१.४ वाक्ला तथा घना एवं साँघुरा गल्लीहरु भएका वस्तीहरुमा ल्याण्ड पुलिङ कार्यक्रम सञ्चालन गरी व्यवस्थित रुपमा वस्ती विकास गरिने छ।

१.१.५ ग्रामीण वस्तीहरुमा सवैप्रकारका आधारभूत भौतिक पूर्वाधारहरुको व्यवस्था मिलाउदै संभाव्यताका आधारमा एकीकृत वस्ती विकास गरिने छ।

**रणनीति १.२ को जोखिम तथा अति विपन्न परिवारलाई आवास व्यवस्था अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ शारिरीक रुपमा पूर्ण अपाङ्गता भएका व्यक्ति, एकल, वेसहारा, असहाय ज्येष्ठ नागरिक आश्रय भवन तथा केन्द्रको व्यवस्था मिलाइने छ।

१.२.२ अतिविपन्न, सीमान्तकृत वर्ग तथा हिंसापीडित एकल महिलाहरुका लागि सुरक्षित आवासको व्यवस्था मिलाइने छ।

१.२.३ खुल्ला तथा सार्वजनिक स्थलहरुमा अनाधिकृत रुपमा वसोवास गर्ने सुकुम्वासीहरुका लागि सहुलियत दरमा सुरक्षित आवासको प्रवन्ध मिलाइने छ।

१.२.४ न्यून आय भएका, दैनिक ज्याला तथा मजदुरीवाट जीवन गुजारा गर्ने श्रमशक्तिहरुका लागि सामुदायिक भवनहरु निर्माण गर्दै सुरक्षित वसोवासको व्यवस्था मिलाइने छ।

१.२.५ शहर, वजार क्षेत्रमा अनाधिकृत रुपमा वसोवास गर्ने घरपरिवारको पहिचान तथा यथास्थिति सङ्कलन गर्दै आवास कार्यक्रममा आवद्ध गरिने छ।

**रणनीति २.१ को वातावरणमैत्री, प्रकोप प्रतिरोधात्मक भवन तथा संरचना निर्माण अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ सार्वजनिक एवं निजी भवनहरुलाई अनिवार्य रुपमा प्रकोप प्रतिरोधात्मक वनाइने छ।

२.१.२ राष्ट्रिय भवन संहितालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ।

२.१.३ नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचवुझ एवं निर्माण अनुमति जस्ता कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिने छ।

२.१.४ ईटा, माटोवाट वनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवं संरचनाहरुको प्रवलीकरण गर्न स्थानीयहरुलाई प्रोत्साहित गरिने छ।

२.१.५ सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइने छ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइने छ।

**रणनीति २.२ को शहरीकरणमा निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित अन्तर्गतका कार्यनीतिहरु**

२.२.१. निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै शहरी पूर्वाधारहरु निर्माण एवं सञ्चालन गरिने छ।

२.२.२. नगरपालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइने छ। सभाहल निर्माण गर्दा वहुउद्देश्यीय लाभको सिद्धान्तलाई अंगिकार गरिने छ।

२.२.३. निजी तथा सहकारी क्षेत्रसंगको सहकार्यमा मुख्य मुख्य वजार क्षेत्रहरुमा वहुउद्देश्यीय व्यापारिक भवनहरु निर्माण गरी सञ्चालनमा ल्याइने छ।

२.२.४. सम्भाव्यता अध्ययनका आधारमा नगरपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा व्यवस्थित वसपार्कको निर्माण गरी सार्वजनिक-निजी साझेदारीको अवधारणामा सञ्चालन गरिने छ।

२.२.५. सार्वजनिक जग्गालाई संरक्षित एवं अतिक्रमण हुनवाट जोगाउदै लिज अवधारणामा खुल्ला क्षेत्रहरुमा खेलकुद मैदान, मनोरञ्जन पार्क, उद्यानहरु सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

## घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ।

**तालिका नम्वर - ४६ :**
**आवास, शहरीविकास, सार्वजनिक निर्माण : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **आवास तथा वस्ती विकास** | | | | | | | |
| १.१ | व्यवस्थित शहर निर्माण | | ५००.०० | $P_1$ | ५ | ११ | २ | २ |
| १.२ | ल्याण्ड पुलिङ्ग कार्यक्रम | | १०.०० | $P_1$ | ५ | ११ | २ | २ |
| १.३ | खुल्ला क्षेत्र संरक्षण, पार्क निर्माण | | ५.०० | $P_1$ | ५ | ११ | २ | १ |
| १.४ | भू उपयोग तर्जुमा | | १.०० | $P_2$ | ५ | १ | ३ | ३ |
| २. | **अतिगरिव, सुकुम्वासीका लागि आवास व्यवस्था** | | | | | | | |
| २.१ | सार्वजनिक भवन निर्माण (भूमिहीन, सुकुम्वासी,अव्यवस्थित वसोवास गर्नेहरुका लागि) | | ५०.०० | $P_2$ | ५ | १ | ३ | ३ |
| ३. | **प्रकोप प्रतिरोधात्मक भवन, संरचना निर्माण** | | | | | | | |
| ३.१ | भवन निर्माण संहिता कार्यान्वयन | | ०.५० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ३.२ | भवन प्रवलीकरण कार्यक्रम | | १०.०० | $P_1$ | ५ | ११ | ३ | २ |
| ३.३ | भवन भूकम्प प्रतिरोधात्मक निरीक्षण | | ०.२० | $P_2$ | ५ | ११ | ३ | २ |
| ३.४ | भवन शाखा डिजिटाइजेशन | | ०.५० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ४. | **निजी तथा सहकारी क्षेत्रको लगानी प्रवर्द्धन** | | | | | | | |
| ४.१ | वहुउद्देश्यीय व्यवसायिक भवन निर्माण साझेदारी | | १५.०० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ४.२ | संयुक्त आवास भवन निर्माण साझेदारी | | २०.०० | $P_2$ | ५ | ११ | ३ | ३ |
| ४.३ | वसपार्क निर्माण | | ५.०० | $P_2$ | ५ | ११ | ३ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि आवास तथा वस्ती विकास, शहरीकरण क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - ४७ :**
**आवास तथा वस्ती विकास, शहरीकरण एवं सार्वजनिक पूर्वाधार : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | सुरक्षित, व्यवस्थित आवास तथा वस्ती विकास विस्तार गर्दै शहरीकरण भएको हुने | | | | | | |
| १ शहर, वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | ९० | ९५ | ९५ | ९५ | पालिकाको पार्श्वचित्र | शहरीकरण विस्तार हुने |

**तालिका नम्वर - ४७ :**
**आवास तथा वस्ती विकास, शहरीकरण एवं सार्वजनिक पूर्वाधार : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **१. असर तह :** | सवै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवास सुनिश्चित भएको हुने | | | | | | |
| २ सुरक्षित एवं प्रवर्द्धित आवास तथा वस्तीहरु | संख्या | ६ | ६ | ७ | ८ | पालिकाको पार्श्वचित्र | ल्याण्ड पुलिङ विकास हुने |
| **१.१ प्रतिफल** | व्यवस्थित आवास तथा वस्ती विकास विस्तार भएको हुने | | | | | | |
| ३ विकसित ल्याण्ड पुलिङ क्षेत्र | संख्या | ० | ० | १ | २ | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र लगानी आवास विकासमा वृद्धि भएको हुने |
| ४ निजी तथा सहकारी क्षेत्रवाट सञ्चालित आवास वस्तीहरु | संख्या | २ | २ | २ | ३ | | |
| ५ जोखिमयुक्त क्षेत्रमा वसोवास हुँदै आएका घर तथा वस्तीहरु | संख्या | | | | | | |
| **१.२ प्रतिफल** | जोखिममा रहेका तथा विपन्न वर्गलाई सुरक्षित आवास व्यवस्था भएको हुने | | | | | | |
| ६ आश्रय भवन तथा केन्द्रहरु | संख्या | २ | २ | २ | २ | पालिकाको पार्श्वचित्र | प्रदेशको सहयोगमा आवास कार्यक्रम सञ्चालन हुने |
| ७ सामुदायिक भवन | संख्या | ९ | ९ | ९ | ९ | | |
| ८ सहुलियत दरका आवासमा विपन्न घरपरिवारको वसोवास | संख्या | ० | ० | ० | २५ | | |
| **२. असर तह :** | वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो शहरी पूर्वाधारहरुको निर्माण भई उपयोगमा सहजता भएको हुने | | | | | | |
| ९ पिपिपि मोडेलमा शहरी विकास पूर्वाधारमा निजी, सहकारी क्षेत्र वाट भएको थप लगानी वृद्धि | प्रतिशत | ० | २ | ५ | १० | वार्षिक प्रगति समीक्षा | लगानी गर्न निजी क्षेत्र प्रोत्साहित हुने |
| **२.१ प्रतिफल :** | वातावरणमैत्री एवं प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरु निर्माण भएको हुने | | | | | | |
| १० प्रकोप प्रतिरोधात्मक सार्वजनिक भवनहरु | संख्या | ११ | १२ | १४ | १५ | पालिकाको पार्श्वचित्र | प्रकोप न्यूनीकरणमा जनचेतना अभिवृद्धि भएको हुने |
| ११ प्रक्रिया पूरागरी निर्माण तथा प्रवलीकरण गरिएका निजी घर तथा संरचनाहरु | प्रतिशत | ०.५ | ३ | ५ | १० | | |
| १२ निर्मित अपाङ्गतामैत्री, महिला, वालवालिकामैत्री संरचनाहरु | संख्या | २ | ३ | ५ | ७ | | |
| **२.२ प्रतिफल** | शहरी पूर्वाधारहरुको निर्माण एवं परिचालनमा निजी तथा सहकारी क्षेत्र प्रोत्साहित भएको हुने | | | | | | |
| १३ वहुउद्देश्यीय सभा हल | संख्या | | ० | ० | १ | पालिकाको पार्श्वचित्र | लगानी गर्न निजी क्षेत्र प्रोत्साहित हुने |
| १४ वहुउद्देश्यीय व्यवसायिक भवन | संख्या | | १ | १ | २ | | |
| १५ पिपिपि मोडेलमा सञ्चालित वसपार्क तथा सार्वजनिक संरचनाहरु | संख्या | | ० | ० | १ | | |

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### क) पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधान, २०७२ मा

राखिएको छ । जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धनलाई १५ औं राष्ट्रिय योजना अनुसार रुपान्तरणका प्रमुख सम्वाहकका रुपमा, र स्वच्छ एवं नवीकरणीय ऊर्जालाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रको रुपमा ग्रहण गरिएको छ । स्वच्छ ऊर्जा खपतमा वृद्धि गरी वातावरण र जलवायुमा पर्ने नकरात्मक असर कम गर्ने, स्वच्छ ऊर्जा उपभोगमा समुन्नत हुने परिकल्पना पनि १५ औं योजनामा गरिएको छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्वन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन गर्ने, साना जलविद्युत आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्वन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

#### मुख्य समस्याहरु

- न्यून संख्यामा विद्युत ट्रान्समिटर र कमजोरका कारण विद्युत सेवा समयसमयमा अवरुद
- विद्युतका काठका पोललाई विस्तापित नहुँदा असुरक्षा वढ्दो
- सार्वजनिक स्थल एवं सडक क्षेत्रमा वत्तिहरु नहुँदा रातमा असुरक्षा वढ्दो
- वैकल्पिक खासगरी सौर्य ऊर्जा सदुपयोगमा कमि

#### मुख्य चुनौतिहरु

- खाना पकाउने एलपि ग्याँसमा न्यूनीकरण ल्याउदै
- विद्युतीय चुल्होहरुलाई प्रवर्द्धन गर्नु
- स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु
- सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊजाको रुपमा स्थापित गर्नु

#### मुख्य सम्भावना तथा अवसरहरु

- केन्द्रीय विद्युत लाइन प्रशारण सेवावाट सवै घरघर वस्तीहरुमा विद्युतीय सेवा उपलव्ध
- विद्युतमा आधारित सवै प्रकारका उद्योग व्यवसायहरु सञ्चालनमा ल्याउन सकिने
- धार्मिक, ऐतिहासिक एवं सार्वजनिक स्थल एवं सडकहरुमा सौर्यऊर्जालाई उपयोगमा ल्याउन सकिने
- विद्युत एवं वैकल्पिक ऊर्जामा आधारित यातायात सेवाहरु सञ्चालन गर्न सकिने

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** विद्युतीय साधन श्रोतहरुको अधिकतम सदुपयोग भई विद्युत खपतमा अभिवृद्धि भएको हुने

#### उद्देश्य

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु
२. वैकल्पिक उर्जाको प्रयोगवाट विद्युतीकरणमा वृद्धि ल्याउनु

#### रणनीतिहरु

१.१ विद्युत आपूर्तिलाई नियमित र भरपर्दो वनाउने
१.२ उत्पादनशील क्षेत्रमा विद्युत उपयोग गर्दै विद्युत खपतमा अभिवृद्धि ल्याउने
२.१ नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्दै उपयोगमा अभिवृद्धि ल्याउने
२.२ विद्युत व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको लगानीमा थप वृद्धि ल्याउने

#### कार्यनीति

**रणनीति १.१ को विद्युत आपूर्तिलाई नियमित र भरपर्दो वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ नेपाल विद्युत प्राधिकरणसंग सहकार्य गर्दै घरघरमा केन्द्रीय विद्युत प्रसारण लाइनबाट विद्युत वितरणको व्यवस्था मिलाउदै विद्युत आपूर्तिलाई भरपर्दो वनाइने छ ।

१.१.२ विद्युत ट्रान्फरमर, पोल तथां पावर पोलहरुको मर्मत सम्भार, पुराना काठका पोलहरुको विस्थापित गर्दै विद्युत लाइनलाई सुरक्षित र भरपर्दो वनाइने छ ।

१.१.३ विद्युत लाइनलाई भूमिगत तथा युटिलिटि कोरिडरहरु निर्माण गरी सुरक्षित वितरणको व्यवस्था मिलाइने छ ।

१.१.४ उद्योग, व्यवसाय एवं औद्योगिक ग्राम, अस्पताल लगायतका क्षेत्रहरुमा विद्युत सेवालाई नियमित र भरपर्दो वनाइने छ ।

**रणनीति १.२ को विद्युत खपतमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ खाना पकाउन एलपि ग्याँस तथा दाउराको सट्टामा विद्युतीय उपकरणहरुको प्रयोगलाई प्रोत्साहित गरिने छ । यसका लागि विद्युतीय चुल्हो (इन्डक्सन) र राइसकुकुरको विक्री वितरणलाई सहज वनाइने छ ।

१.२.२ चिस्यान केन्द्र, कोल्ड स्टोरेज, शीतभण्डारण, चार्जिङ स्टेशन, प्रशोधन केन्द्र आदि जस्ता वढी विद्युत खपत हुने प्रकृतिका उद्योग व्यवसायहरुलाई विशेष प्राथमिकता दिइने छ ।

१.२.३ रोजगारीका आधारमा वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरुलाई विशेष प्रकारको प्रोत्साहन तथा सुविधाहरु प्रदान गरिने छ ।

१.२.४ वढी विद्युत खपत हुने सवै प्रकारका विद्युतीय सवारी साधनहरुको प्रयोगलाई प्रोत्साहित गरिने छ ।

**रणनीति २.१ को नवीकरणीय ऊर्जाको प्रयोग अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ सडक किनार, सार्वजनिक स्थल, धार्मिक एवं पर्यटकीय क्षेत्रहरुमा सौर्य ऊर्जा प्रयोगलाई विस्तार गरिने छ ।

२.१.२ घरघरमा खाना पकाउने इन्धनका रुपमा वैकल्पिक ऊर्जालाई प्रयोगमा ल्याउन प्रोत्साहित गरिने छ ।

२.१.३ सार्वजनिक कार्यालयहरुमा सौर्य ऊर्जाका प्यानलहरु जडान गरी राखी सौर्य ऊर्जा प्रयोगमा व्यापकता ल्याउदै आवश्यक सहयोग उपलव्ध गराइने छ ।

२.१.४ विद्यालय एवं सार्वजनिक भवन संरचनाहरुमा सौर्य ऊर्जा प्रयोगलाई प्राथमिकता दिइने छ ।

२.१.५ अतिविपन्न, गरिव, सीमान्तकृत, दलितका घर वस्तीहरुमा आवश्यक सहयोग उपलव्ध गराउदै विद्युत सेवालाई प्रभावकारी वनाइने छ ।

**रणनीति २.२ को विद्युत व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ वढी विद्युत खपत हुने प्रकृतिका उद्योग व्यवसायहरु चिस्यान केन्द्र, कोल्ड स्टोरेज, शीतभण्डारण, प्रशोधन केन्द्र जस्ता उद्योगहरु सञ्चालनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

२.२.२ विद्युतीय सवारी साधनहरुको प्रयोगमा जोडि दिदै चार्जिङ सेन्टरहरु स्थापना गर्न सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिने छ ।

२.२.३ साना इलेक्ट्रिक सवारी साधनहरु सञ्चालनमा सहकारी क्षेत्रलाई विशेष सहुलियतको व्यवस्था मिलाइने छ ।

२.२.४ पोडवे (माइक्रोरेल), तथा ट्रलिवस जस्ता विद्युतीय सवारी साधनहरुमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ४८ :**
**विद्युत तथा वैकल्पिक ऊर्जा : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलव्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **विद्युत आपूर्तिलाई भरपर्दो वनाउने** | | | | | | | |

| तालिका नम्वर - ४८ : विद्युत तथा वैकल्पिक ऊर्जा : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १.१ | विद्युत ट्रान्सफरमर, काठको पोल तथा पावरपोल मर्मत सम्भार एवं विस्थापित सहजीकरण | गुणस्तर वृद्धि | ०.१५ | $P_2$ | ६ | ७ | ३ | २ |
| १.२ | विद्युतलाइन भूमिगत सहजीकरण | गुणस्तर वृद्धि | ०.२५ | $P_2$ | ६ | ७ | ३ | २ |
| २. | **विद्युत खपतमा अभिवृद्धि** | | | | | | | |
| २.१ | विद्युतीय मेशिन उपकरण प्रयोग प्रवर्द्धन | वातावरणमैत्री ऊर्जा प्रवर्द्धन | १.०० | $P_2$ | ६ | ७ | ३ | ३ |
| २.२ | विद्युतीय खपत प्रवर्द्धन | ,, | १.५० | $P_2$ | ६ | ७ | ३ | ३ |
| २.३ | विद्युतीय चार्जिङ स्टेशन प्रवर्द्धन | ,, | ०.५० | $P_2$ | ६ | ७ | ३ | ३ |
| ३. | **नवीकरणीय ऊर्जा अभिवृद्धि** | | | | | | | |
| ३.१ | सौर्य सडक वत्ती मर्मत सम्भार | ,, | २.०० | $P_2$ | ६ | ७ | ३ | १ |
| ४. | सौर्यऊर्जा विस्तार तथा प्रवर्द्धन | ,, | ४.०० | $P_2$ | ६ | ७ | ३ | १ |
| ५. | विद्यालय एवं सार्वजनिक भवन सौर्य ऊर्जा प्रवर्द्धन | ,, | ५.०० | $P_2$ | ६ | ७ | ३ | १ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि विद्युत तथा वैकल्पिक ऊजा विकास क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

| तालिका नम्वर - ४९ : विद्युत तथा वैकल्पिक ऊर्जा : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | विद्युतीय श्रोतहरुको अधिकतम सदुपयोग भई विद्युत खपतमा अभिवृद्धि भएको हुने | | | | | | |
| १ विद्युत सेवा उपभोग गर्ने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | पालिकाको पार्श्वचित्र | |
| **१. असर तह :** | विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि आएको हुने | | | | | | |
| २ वार्षिक विद्युत खपत : प्रतिव्यक्ति प्रतिघण्टा | किलोवाट/ प्रतिघण्टा | ३०० | ३२५ | ३३५ | ३५० | पालिकाको पार्श्वचित्र | नियमित विद्युत आपूर्ति हुने |
| **१.१ प्रतिफल** | विद्युत आपूर्ति दिगो र भरपर्दो भएको हुने | | | | | | |
| ३ केन्द्रीय विद्युत प्रशारण लाइन पुगेका घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | पालिकाको पार्श्वचित्र | ने.वि.प्रा. संग प्रभावकारी समन्वयन भएको हुने |
| ४ भूमिगत गरिएको विद्युत कोरिडरको लम्वाइ | किमि | ० | ० | ५ | १० | | |
| ५ विस्थापित काठका पोल | प्रतिशत | ९० | ९५ | १०० | १०० | | |
| **१.२ प्रतिफल** | उत्पादनशील क्षेत्रमा विद्युत खपतमा अभिवृद्धि भएको हुने | | | | | | |
| ६ प्रति उद्योग औद्योगिक ग्रामको विद्युत खपत | किलोवाट/ प्रतिघण्टा | ० | ० | ० | ५००० | ने.वि.प्रा.को प्रगति | ने.वि.प्रा. वाट नियमित |

| तालिका नम्वर - ४९ : विद्युत तथा वैकल्पिक ऊर्जा : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| ७ विद्युत चार्जिङ सेन्टरवाट भएको विद्युत खपत | किलोवाट/ प्रतिघण्टा | ० | २०० | ४०० | ६०० | समीक्षा, पालिकाको पार्श्वचित्र | विद्युत आपूर्ति भएको हुने |
| ८ खाना पकाउन विद्युतीय चुल्हो इन्डक्सन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५ | ४० | ४५ | ५० | | |
| **२. असर तह :** | वैकल्पिक उर्जाको प्रयोगवाट विद्युतीकरणमा वृद्धि भएको हुने | | | | | | |
| ९ वैकल्पिक ऊर्जा समेत उपलब्ध भएका घरधुरी | प्रतिशत | ४ | ५ | ८ | १० | पालिकाको पार्श्वचित्र | मर्मत एवं उपकरणहरु उपलब्धता |
| **२.१ प्रतिफल :** | नवीकरणीय ऊर्जा उपभोगमा अभिवृद्धि भएको हुने | | | | | | |
| १० सडक वत्तीहरु | संख्या | ० | २० | ५० | १०० | पालिकाको पार्श्वचित्र | मर्मतको व्यवस्था एवं उपकरणहरुको सहज उपलब्धता भएको हुने |
| ११ सौर्य विद्युत प्रणाली जडित घरधुरी | प्रतिशत | ५ | १० | २५ | ४० | | |
| १२ सौर्य विद्युत प्रणाली जडित सार्वजनिक संघ संस्था, कार्यालय, निकाय | प्रतिशत | | ५० | ७५ | ९० | | |
| **२.२ प्रतिफल** | विद्युत व्यवस्थापनमा निजी क्षेत्रको लगानी वृद्धि भएको हुने | | | | | | |
| १३ सञ्चालनमा रहेका विद्युतीय सवारी साधन | संख्या | | २० | ३० | ५० | पालिकाको पार्श्वचित्र | न्यून मूल्यमा विद्युतीय सवारी साधन को सहज उपलब्धता |
| १४ विद्युत चार्जिङ सेन्टर | संख्या | ० | ५ | ८ | १० | | |
| १५ वढी विद्युत खपत गर्ने उद्योगहरु (चिस्यान, मल कारखाना, सिमेण्ट, रड स्टील,......) | संख्या | ० | १ | २ | ३ | | |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्द्धन गर्ने नीति राज्यले अंगिकार गरेको छ। १५ औं योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत सञ्जालीकरणलाई रुपान्तरणको प्रमुख सम्वाहकको रुपमा ग्रहण गरेको छ । सतप्रतिसत जनसंख्या आधुनिक सञ्चारको पहुँच भित्र आवद्ध हुने, सरकारी तथा निजी कारोवारहरुमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पुऱ्याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चाम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रवर्द्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना १५ औ योजनामा गरिएको छ। त्यसैगरी एफ.एम रेडियो (१०० वाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आवद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रवर्द्धन गर्ने र संघ प्रदेशको कानुनको अधिनमा रही स्थानीय

क्षेत्रभित्र इण्टरनेट सेवा, टेलिसेण्टर, केवुल तथा तारविहीन टेलिभिजन प्रणरणको अनुमिति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

**ख) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- सवै सामुदायिक विद्यालयहरुमा आइसिटिको सहज पहुँचको अभाव
- सार्वजनिक स्थल, कार्यालयहरुमा सिसिटिभि जडान अपर्याप्त
- अनलाइन मार्फत सार्वजनिक सेवाहरु प्रवाह हुन नसकेको
- सवै सूचना, तथ्याङ्कहरु डिजिटाइजेशन हुन नसकेको

**मुख्य चुनौतिहरु**

- नगरपालिकाका अभिलेखहरुलाई प्रविधिमैत्री वनाउनु
- सामाजिक सञ्जालको वृद्धि संगै वढ्दो दुरुपयोगमा नियन्त्रण गर्नु
- वढ्दो साइवर अपराधलाई नियन्त्रण गर्नु
- आवश्यक जनशक्ति एवं प्राविधिक ज्ञानमा अभिवृद्धि ल्याउनु

**मुख्य सम्भावना तथा अवसरहरु**

- सूचना प्रविधिमैत्री नगरपालिका वनाउने तर्फ नगरपालिका उन्मुख
- सूचना प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि गर्न सकिने
- सार्वजनिक सेवा प्रवाहहरु क्रमिक रुपमा अनलाईन तथा प्रविधिमैत्री हुँदै
- सूचना सञ्चार क्षेत्रमा युवाहरुको आकर्षण वढ्दो । यस सम्वन्धी सफ्टवेयर विकास गरी निकासमा अभिवृद्धि गर्न सकिने र रोजगारिता सिर्जना एवं आय आर्जनको मुख्य श्रोतको रुपमा विकास गर्न सकिने
- वेवसाइट, मोवाइल एप्स जस्ता प्रविधिवाट नगरपालिकाका सूचनाहरु नागरिक समक्ष पुर्‍याउन एवं जानकारी गर्न सहज भएको

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**लक्ष्य :** स्थानीयहरुको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्दै इ-गभरनेन्स कायम भएको हुने

**उद्देश्य**

१. सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो वनाउनु
२. सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु

**रणनीतिहरु**

१.१ सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरु विस्तार एवं निर्माण गर्ने
१.२ आइसिटि सेवाहरुलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने
२.१ सार्वजनिक सेवाहरुलाई अनलाई गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने
२.२ सूचना तथा सञ्चार प्रविधिमा निजी, सहकारी क्षेत्रको लगानीमा अभिवृद्धि ल्याउने

**कार्यनीतिहरु**

**रणनीति १.१ सञ्चार पूर्वाधारको निर्माण अन्तर्गतका कार्यनीतिहरु**

१.१.१. मोवाइल नेटवर्क कभरेजमा गुणस्तरीयता ल्याउन मोवाइल टावरहरु थप एवं विस्तार गर्न नेपाल टेलिकम एवं सेवा प्रदायक संस्थाहरुसंग समन्वय गरिने छ ।

१.१.२. फाइवर केवल विस्तारलाई जोड दिदै इण्टरनेट सेवा प्रदायकहरुलाई प्रोत्साहित गरिने छ ।

१.१.३. आइसिटि नेटवर्कसंग सम्वन्धित राउटर, स्विच, फाइरवाल, लोडव्यालेन्स लगायतका उपकरण पूर्वाधारहरुको विस्तार गरिने छ ।

१.१.४. वढी क्षमता भएका तिव्रगतिका इण्टरनेटहरु सञ्चालनमा ल्याइने छ ।

१.१.५. सूचना तथा सञ्चार प्रविधिहरु नियमित सञ्चालनका लागि आवश्यक विद्युत सुविधा उपलव्ध गराउन विद्युत प्राधिकरण तथा नवीकरणीय वैकल्पिक ऊजाको प्रवन्ध मिलाइने छ ।

**रणनीति १.२ को आइसिटि सेवा विस्तार गर्दै पहुँचमा सहजता अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ मुख्यमुख्य सार्वजनिक क्षेत्रहरुमा निःशुल्क वाईफाईको व्यवस्था मिलाई इण्टरनेट पहुँचमा सहजता ल्याइने छ ।

१.२.२ वडा कार्यालय लगायत नगरपालिका सवै कार्यालयहरु निःशुल्क वाइफाइको प्रवन्ध मिलाइ सेवा प्रवाहलाई प्रभावकारी वनाइने छ ।

१.२.३ घर, कार्यालय लगायतका क्षेत्रहरुमा आइसिटवाट लाभान्वित हुने व्यवस्था मिलाइने छ ।

१.२.४ स्वास्थ्य चौकी, सुरक्षा चौकी, दमकल, एम्वुलेन्स जस्ता सार्वजनिक एवं संवेदनशील क्षेत्रहरुमा वढी क्षमताका इण्टरनेट सेवा निःशुल्क उपलव्ध गराइने छ ।

१.२.५ विद्यालयहरुमा आइसिटिलाई प्रभावकारी वनाउदै ई-पुस्तकालय, ई-हाजिरी, सिसिटिभी, डिजिटल वोर्ड, अनलाइन कक्षाको व्यवस्था मिलाइने छ ।

**रणनीति २.१ को सार्वजनिक सेवालाई अनलाइन गर्दै आइसिटि उपयोगमा वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ सम्भव भए सम्मका सवै सार्वजनिक सेवाहरुलाई अनलाइन गरी नगरपालिकाका सेवाहरु कुनैपनि क्षेत्र स्थानमा रही सहजै लिन सक्ने वनाइने छ । यसका लागि आवश्यक पूर्वाधारहरुको विकास तथा प्रवन्ध मिलाइने छ ।

२.१.२ नगरपालिकाको खरिद प्रक्रिया, राजस्व सङ्कलन, नक्सापास लगायतका सेवाका लागि वेग्लावेग्लै कम्प्युटर सफ्टवेयर निर्माण गरी सेवामा सहजता एवं पारदर्शी वनाइने छ ।

२.१.३ मोवाइल एप्स निर्माण एवं अद्यावधिक गर्दै नगरपालिकाका सवै गतिविधिहरु प्रवाह गरिने छ ।

२.१.४ नगरपालिकाको वेवसाइटलाई अद्यावधिक गर्दै सूचनाहरु नियमित रुपमा सूचना तथा प्रकाशनहरु अपलोड गर्ने, स्वत प्रकाशन, सूचना माथिको हकलाई सुनिश्चित गरिने छ ।

२.१.५ नगरपालिकाको सूचना केन्द्रलाई डिजिटाइजेशन गर्दै एकीकृत तथ्याङ्क प्रणालीको रुपमा विकास गरिने छ ।

**रणनीति २.२ को सूचार तथा सञ्चार प्रविधिमा निजी, सहकारीको लगानीमा अभिवृद्धि ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ एफएम रेडियो, अनलाइन मिडिया तथा दैनिक न्यूज प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । यसका लागि आवश्यक सहयोग उपलव्ध गराइने छ ।

२.२.२ नगरपालिकालाई आइसिटि हवको रुपमा विकास गरिने छ । यसका लागि आइसिटिमा आधारित सेवा तथा उद्योग व्यवसायहरु सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गदै सहकार्य गरिने छ ।

२.२.३ दक्ष, सीपयुक्त जनशक्ति विकासका लागि आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय तथा उच्च शिक्षा कलेज सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिने छ ।

२.२.४ सूचना तथा प्रविधिमा आधारित हाडवेयर डिभाइस एवं सफ्टवेयर एप्लिकेशनहरु विकास गरी वाह्य राष्ट्रहरुमा निकासी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै आवश्यक सेवा सुविधाहरु उपलव्ध गराइने छ ।

२.२.५ डिजिटल प्रविधि मार्फत आर्थिक कारोवार हुने क्षेत्रहरुका लागि आवश्यक पर्ने पूर्वाधार एवं उपकरण निर्माणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

| तालिका नम्वर - ५० सूचना तथा सञ्चार प्रविधि : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **सञ्चार पूर्वाधार निर्माण** | | | | | | | |
| १.१ | मोवाइल टावर विस्तार प्रवर्द्धन (सहजीकरण) | क्षमता विस्तार | ०.५० | $P_2$ | ६ | १६ | ३ | ३ |
| १.२ | फाइवर केवल विस्तार प्रवर्द्धन (सहजीकरण) | क्षमता विस्तार | ०.५० | $P_2$ | ६ | १६ | ३ | ३ |
| १.३ | सार्वजनिक कार्यालय एवं स्थानमा सिसि टिभी व्यवस्था | सुरक्षा प्रवर्द्धन | १.०० | $P_1$ | ६ | १६ | ३ | ३ |
| २. | **आइसिटि सेवा विस्तार तथा पहुँच विस्तार** | | | | | | | |
| २.१ | आइसिटि हव प्रवर्द्धन | आइसिटि प्रवर्द्धन | २.५० | $P_2$ | ६ | १६ | ३ | ३ |
| २.२ | निःशुल्क वाइफाइ व्यवस्था | पहुँच विस्तार | ०.१५ | $P_2$ | ६ | १६ | ३ | ३ |
| २.३ | सार्वजनिक डिजिटल सूचना वोर्ड | पहुँच विस्तार | ०.१० | $P_2$ | ६ | १६ | ३ | ३ |
| २.४ | विद्यालय एवं सार्वजनिक कार्यालय आइसिटि प्रवर्द्धन | पहुँच विस्तार | ३.०० | $P_1$ | ६ | १६ | ३ | ३ |
| ३. | **सार्वजनिक सेवा अनलाइन गर्ने** | | | | | | | |
| ३.१ | भवन नक्सापास | अनलाइन सेवा | ०.५० | $P_1$ | ६ | १६ | ३ | ३ |
| ३.२ | मोवाइल एप्स निर्माण | अनलाइन सेवा | ०.२५ | $P_2$ | ६ | १६ | ३ | ३ |
| ३.३ | विद्युतीय सुशासन प्रवर्द्धन | अनलाइन सेवा | १.०० | $P_1$ | ६ | १६ | ३ | ३ |
| ४. | **सूचना तथा सञ्चार प्रविधिमा निजी क्षेत्र लगानी वृद्धि** | | | | | | | |
| ४.१ | अनलाइन मिडिया प्रवर्द्धन | लगानी अभिवृद्धि | १.०० | $P_2$ | ६ | १६ | ३ | ३ |
| ४.२ | आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय, तथा कलेज सञ्चालन सहयोग कार्यक्रम | लगानी अभिवृद्धि | ३.०० | $P_2$ | ६ | १६ | ३ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि सूचना तथा सञ्चार प्रविधि क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

| तालिका नम्वर - ५१ : सूचना तथा सञ्चार प्रविधि : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | सूचना तथा सञ्चार प्रविधिहरुमा स्थानीयहरुको सहज पहुँच अभिवृद्धि भएको हुने | | | | | | |
| १ आइसिटिमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ८० | ८५ | ९० | ९५ | पालिकाको पार्श्वचित्र | आइसिटिको विस्तार हुने |
| **१. असर तह :** | सूचना तथा सञ्चारका प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय भएको हुने | | | | | | |
| २ इण्टरनेट सेवामा पहुँच जनसंख्या | प्रतिशत | ७७.७८ | ८० | ८५ | ९० | पालिकाको पार्श्वचित्र | आइसिटिको विस्तार हुने |

| तालिका नम्वर - ५१ : सूचना तथा सञ्चार प्रविधि : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **१.१ प्रतिफल** | आइसिटिमा आधारित उपकरण पूर्वाधारहरुको विकास विस्तार भएको हुने | | | | | | |
| ३ स्थानीय इण्टरनेट सेवा प्रदायक संस्था | संख्या | | | | ५ | पालिकाको पार्श्वचित्र | आइसिटिको विस्तार भएको हुने |
| ४ आइसिटि सम्वन्धी कुनै पनि साधन उपकरण उपलव्ध नभएको घरधुरी | प्रतिशत | ३.१ | २ | १ | ० | | |
| **१.२ प्रतिफल** | आइसिटि सेवा पहुँचमा सहजता अभिवृद्धि भएको हुने | | | | | | |
| ५ निःशुल्क वाइफाइ क्षेत्रहरु | संख्या | ० | १० | १० | १० | पालिकाको पार्श्वचित्र | आइसिटिको विस्तार भएको हुने |
| ६ आइसिटि उपलव्ध सामुदायिक तथा संस्थागत विद्यालयहरु | संख्या | १६ | १६ | १६ | १६ | | |
| ७ मोवाइल फोनवाट इण्टरनेट चलाउने जनसंख्या | प्रतिशत | ९० | ९२ | ९५ | ९५ | | |
| **२. असर तह :** | सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन भएको हुने | | | | | | |
| ८ अनलाइन भएका सार्वजनिक सेवाहरु | संख्या | ३ | ३ | ५ | ५ | वार्षिक प्रगति समीक्षा | |
| **२.१ प्रतिफल :** | सेवाहरु अनलाइन हुँदै आइसिटि उपयोगमा वृद्धि भएको हुने | | | | | | |
| ९ नगरपालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | ४०० | ६०० | ८०० | १००० | पालिकाको वार्षिक प्रगति समीक्षा | आइसिटिको विस्तार भएको हुने |
| १० वेवसाइट अद्यावधिक भएको पटक | संख्या | | १ | २ | ३ | | |
| ११ सूचना केन्द्रवाट लाभान्वित सेवाग्राहीहरु | प्रतिशत | | ३० | ४० | ५० | | |
| **२.२ प्रतिफल** | निजी र सहकारी क्षेत्रको लगानीमा अभिवृद्धि भएको हुने | | | | | | |
| १२ क्रियाशील अनलाइन न्यूज | संख्या | | ० | १ | १ | पालिकाको पार्श्वचित्र | पिपिपि मेडेल प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने |
| १३ व्यवसायिक रुपमा केवल नेटवर्क सञ्चालन गर्ने संस्थाहरु | संख्या | | ३ | ४ | ५ | | |
| १४ आइसिटिमा आधारित चालु अवस्थाका तालिम सेन्टर, कलेज तथा प्राविधिक शिक्षालय | संख्या | | ० | १ | १ | | |

# परिच्छेद - सात :
# बन, वातावरण तथा बिपद् व्यवस्थापन

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रुपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरुको तर्जुमा भएका छन् ।

## ७.१ बन तथा जैविक विविधता

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकरात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकरात्मक वातावरण प्रभाव निर्मूल वा न्यून गर्ने, उपयुक्त उपायहरु अवलम्वन गर्ने नीति राज्यले ग्रहण गरेको छ। १५ औं राष्ट्रिय योजनाले प्राकृतिक श्रोतको संरक्षण गर्ने र परिचालनलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रुपमा ग्रहण गरेको छ। जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रुपमा विकास गर्ने, संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोवाट प्राप्त लाभको समन्यायिक वाँडफाँड गर्ने, कृषिवनको अत्याधिक प्रयोगवाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीवुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना १५ औं योजनामा गरिएको छ । त्यसैगरी संघ तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग गर्ने, वन उपभोक्ता समुहको व्यवस्थापन गर्ने, वन प्रवर्द्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरुमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन गर्ने, नदी किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीवुटी तथा गैरकाष्ठ वन पैदावर सम्वन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, वजार व्यवस्थापन गर्ने, वनवीऊ वगैचा स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने, नर्सरी स्थापना गर्ने, विरुवा उत्पादन, वितरण, रोपण तथा प्रवर्द्धन गर्ने, वन्यजन्तु एवं चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यवसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तु वीचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आयआर्जन गर्ने, आखेटोपहारको व्यवस्थापन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने एवं मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवर्द्धन गर्ने जस्ता कार्यहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- वनक्षेत्र क्रमिक रुपमा अतिक्रममा पर्दै
- खुल्ला एवं खाली सार्वजनिक क्षेत्रहरुमा वृक्षारोपण नभएको
- वहुमूल्य जडीवुटीहरुको पहिचान, संरक्षण र प्रवर्द्धन नभएको
- वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु
- पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु

**मुख्य चुनौतिहरु**

- वन तथा जैविक विविधताको संरक्षण गर्नु
- मिचाहा प्रजातिको वढोत्तरीवाट रैथानी प्रजातिहरुको संरक्षण गर्नु
- मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नु
- वन्यजन्तुहरुको आहार व्यवस्थापन गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- कूल क्षेत्रफलको करीव १७.४७ प्रतिशत क्षेत्र वनले ढाकेको

- धार्मिक एवं सामुदायिक वन क्षेत्र उपभोक्ता समितिहरुवाट संरक्षित रहेको
- २३ प्रकारका विभिन्न वहुमूल्य जडीवुटीहरु पाइने
- कुरिलो लगायतका जडीवुटीहरुको व्यवसायिक खेती गर्न सकिने
- वडा नम्वर १ र २ मा प्राकृतिक पर्यटन विकास गर्न सकिने
- वन्यजन्तु, चराचुरुङ्गी, वनसम्पदा, जैविक विविधता सम्मिश्रण
- गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग, व्यवसाय सञ्चालन

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु**

**लक्ष्य** : जैविक विविधताको दिगो संरक्षण एवं सम्वर्द्धन भएको हुने

**उद्देश्य**

१. जैविक विविधता तथा वन्य जीवजन्तुहरुको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु
२. वनक्षेत्रको विस्तार गर्दै वहुमूल्य जडीवुटीहरुको व्यवसायिक खेतीलाई आयआर्जनको मुख्य श्रोतको रुपमा विकास गर्नु

**रणनीतिहरु**

१.१ जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने
१.२ वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने
२.१ वनक्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी वनाउने
२.२ गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको श्रोतको रुपमा विकास गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को जैविक विविधताको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.१.१. संघीय एवं प्रदेश कानुनको अधिनमा रही वन तथा जैविक विविधता सम्वन्धी स्थानीय नीति, ऐन नियम तथा कानुनहरु वनाई जैविक विविधताको संरक्षण गरिने छ ।
१.१.२. सामुदायिक वन उपभोक्ता समुह मार्फत समुदायमा जैविक विविधता, वन क्षेत्रको संरक्षण सम्वन्धी चेतनामा अभिवृद्धि ल्याउदै सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणाहरु अवलम्वन गरिने छ ।
१.१.३. लोपोन्मुख चराचुरुङ्गी एवं वन्यजन्तुहरुको वासस्थान संरक्षण, जङ्गल क्षेत्रमा आहार व्यवस्थापन, एवं चोरी शिकारीलाई नियन्त्रण गरिने छ ।
१.१.४. जैविक विविधतालाई पर्यटन प्रवर्द्धनसंग जोड्दै पर्यटन क्षेत्रको रुपमा विकास गरिने छ ।
१.१.५. घरघरमा, सडक किनार, खुल्ला क्षेत्र, विद्यालय तथा कार्यालयहरुमा सदावहार हरियाली तथा फलफुलहरु रोपण गरी जैविक विविधता संरक्षण गरिने छ ।

**रणनीति १.२ को वन क्षेत्रलाई वैज्ञानिक व्यवस्थापन गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ मिचाहा प्रजातिको नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दै वन क्षेत्रलाई वैज्ञानिक एवं दिगो व्यवस्थापन गरिने छ ।
१.२.२ चरनका लागि निश्चित क्षेत्रहरु निर्धारण गरी छाडा चरिचरन, बन अतिक्रमण जस्ता क्रियाकलापहरुलाई नियन्त्रण गर्दै दण्ड जरिवानाको व्यवस्था गरिने छ ।
१.२.३ सामुदायिक वन उपभोक्ता समूह तथा महिला समूहहरुको वैज्ञानिक वन व्यवस्थापनमा क्षमता वृद्धि गर्दै वन क्षेत्रको दिगो संरक्षण गरिने छ ।
१.२.४ वन क्षेत्रमा फलफुल लगायतका वोटविरुवाहरुको रोपण गरी हरियाली विकास गरिने छ ।

**रणनीति २.१ को वन जङ्गल क्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ जडीवुटी लगायत वहुमूल्य प्रजातिहरुको व्यवसायिक खेतीका लागि स्थानीयहरुलाई प्रोत्साहित गरिने छ । सम्भाव्यताका आधारमा जडीवुटी सङ्कलन तथा प्रशोधन केन्द्र निर्माण गरिने छ ।

२.१.२ औषधीजन्य सुगन्धित तेल उत्पादन हुने लेमनग्रास, सिट्रोनेल, अगरउड जस्ता वनस्पतिहरुको व्यवसायिक खेती गर्न सामुदायिक वन उपभोक्ता समुहलाई प्रोत्साहित गरिने छ।

२.१.३ नगरपालिकाका भित्रका ऐलानी तथा पर्ति जग्गा कृषिवनको व्यवसायिक खेतीका लागि सहकारी संस्थालाई प्रोत्साहित गर्दै जग्गा लीज तथा करार मोडेलमा जग्गा उपलब्ध गराइने छ।

२.१.४ जडीबुटीमा आधारित उत्पादनहरुको वजार विकास, विस्तार एवं प्रवर्द्धनका लागि आवश्यक सहयोग अनुदानको व्यवस्था मिलाइने छ।

**रणनीति २.२ को गैर-काष्ठवन पैदावरलाई आयआर्जनको श्रोतको रुपमा विकास अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ वनमा आधारित उपभोक्ता समूहसंगको सहकार्यमा गैरकाष्ठ बन पैदावर सङ्कलन, प्रशोधन केन्द्रहरु सञ्चालन गरिने छ।

२.२.२ गैरकाष्ठ बन पैदावर तथा स्थानीय जडीबुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता बिकास गर्दै उत्पादित सामानहरुको मूल्य श्रृङ्खला अभिवृद्धि गर्दै वजारको विस्तार एवं प्रवर्द्धन गरिने छ।

२.२.३ स्थानीय जडीबुटीहरुको बौद्धिक सम्पत्ति संरक्षण तथा व्यापार चिन्हहरु दर्ता गरी निकासी वजार प्रवर्द्धन गरिने छ।

२.२.४ सम्भाव्यताका आधारमा कृषि-वनको व्यवसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गरिने छ।

### घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ।

**तालिका नम्वर - ५२ :**
**बन तथा जैविक विविधता : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **जैविक विविधतको संरक्षण** | | | | | | | |
| १.१ | जनचेतना अभिवृद्धि | | ०.१० | $P_1$ | ७ | १५ | ३ | २ |
| १.२ | जैविक विविधताको प्रोफाइल निर्माण | | ०.२५ | $P_2$ | ७ | १५ | ३ | २ |
| १.३ | वन्यजन्तु आहार व्यवस्थापन | | ०.५० | $P_1$ | ७ | १५ | ३ | १ |
| १.४ | वृक्षारोपण | | १.०० | $P_1$ | ७ | १५ | ३ | १ |
| २. | **वन क्षेत्र दिगो एवं वैज्ञानिक व्यवस्थापन** | | | | | | | |
| २.१ | मिचाहा प्रजाति नियन्त्रण | | ०.३० | $P_2$ | ७ | १५ | ३ | १ |
| २.२ | नर्सरी विस्तार | | ०.२० | $P_1$ | ७ | १५ | ३ | १ |
| २.३ | वन अतिक्रमण नियन्त्रण | | ०.५० | $P_2$ | ७ | १५ | ३ | १ |
| २.४ | खुल्ला क्षेत्र फलफुल रोपण | | ०.५० | $P_1$ | ७ | १५ | ३ | १ |
| २.५ | सामुहिक वन उपभोक्ता समुह क्षमता अभिवृद्धि | | ०.१० | $P_2$ | ७ | १५ | ३ | २ |
| ३. | **वन सम्पदालाई उत्पादनमुखी वनाउने** | | | | | | | |
| ३.१ | वन सम्पदाहरुको व्यवसायिक खेती सम्भाव्यता अध्ययन | | ०.२० | $P_2$ | ७ | १५ | ३ | २ |
| ३.२ | वन सम्पदाहरुको व्यवसायिक खेती प्रवर्द्धन | | २.०० | $P_1$ | ७ | १५ | ३ | १ |

| तालिका नम्वर - ५२ : बन तथा जैविक विविधता : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ४. | **गैरकाष्ठ वन पैदावरवाट आय आर्जन** | | | | | | | |
| ४.१ | वहुमूल्य जडीवुटीको व्यवसायिक खेती प्रवर्द्धन | | १.०० | $P_2$ | ७ | १५ | ३ | १ |
| ४.२ | जडीवुटीको वजार प्रवर्द्धन | | ०.५० | $P_2$ | ७ | १५ | ३ | २ |
| ४.३ | जडीवुटी सङ्कलन प्रशोधन | | २.५० | $P_2$ | ७ | १५ | ३ | २ |
| ४.४ | जडीवुटीहरुको वौद्धिक सम्पत्ति व्यापार चिन्ह दर्ता | | १.०० | $P_2$ | ७ | १५ | ३ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि वन तथा जैविक विविधता क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

| तालिका नम्वर - ५३ : बन तथा जैविक विविधता : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | जैविक विविधताको दिगो संरक्षण एवं सम्वर्द्धन भएको हुने | | | | | | |
| १ संरक्षित एवं व्यवस्थित वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | १७.४७ | १७.४८ | १७.४९ | १७.५० | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समितिको सहभागिता प्रभावकारी भएको हुने |
| **१. असर तह :** | जैविक विविधता तथा वन्य जीवजन्तुहरुको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम भएको हुने | | | | | | |
| २ संरक्षण गरिएको लोपोन्मुख जीवजन्तु | संख्या | – | ३ | ३ | ३ | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समितिको सहभागिता प्रभावकारी भएको हुने |
| **१.१ प्रतिफल** | जैविक विविधताको दिगो संरक्षण भई पारिस्थितिकीय प्रणाली प्रभावकारी भएको हुने | | | | | | |
| ३ सामुदायिक वनले ओगटेको भूमि | रोपनी | ४३.८८ | ४३.८८ | ४३.८८ | ४३.८८ | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समितिको सहभागिता प्रभावकारी भएको हुने |
| ४ वन्यजन्तुवाट वालीनाली मा पुगेको क्षति | रु. लाखमा | | १० | ८ | ५ | | |
| ५ वन्यजन्तुका लागिभएका आहार व्यवस्थापन क्षेत्रहरु | संख्या | ० | ० | १ | १ | | |
| **१.२ प्रतिफल** | स्थानीयहरुको सहभागितामा वन क्षेत्रको व्यवस्थापन प्रभावकारी भई संरक्षित भएको हुने | | | | | | |
| ६ मिचहा प्रजाति नियन्त्रण, झाडी सफाई, अग्नीरेखा | संख्या | ० | ० | १ | १ | | वन उपभोक्ता समितिको |

**तालिका नम्वर - ५३ :**
**बन तथा जैविक विविधता : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| नर्सरी, रिचार्ज पोखरी जस्ता सम्पन्न कार्यहरु | | | | | | पालिकाको वार्षिक प्रगति समीक्षा | सहभागिता प्रभावकारी भएको हुने |
| ७ दिगो वन व्यवस्थापन सम्वन्धी तालिम लिने वन उपभोक्ता समिति | संख्या | | १७ | १७ | १७ | | |
| **२. असर तह :** | वन क्षेत्रको विकास विस्तार गर्दै वहुमूल्य जडीवुटीको व्यवसायिक खेतीलाई आय आर्जनको रुपमा विकास भएको हुने | | | | | | |
| ८ जडीवुटी एवं गैरकाष्ठ वन पैदावरमा आधारित उद्योगवाट सिर्जित रोजगारी | संख्या | ० | ० | १५ | २५ | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र थप लगानी गर्न प्रोत्साहित भएको हुने |
| **२.१ प्रतिफल :** | वन क्षेत्रको विकास तथा विस्तार भएको हुने | | | | | | |
| ९ वृक्षारोपण भएका थप क्षेत्रहरु | हे. | | १ | २ | ३ | पालिकाको पार्श्वचित्र | स्थानीय समुदायको सहभागिता उल्लेख्य भएको हुने |
| १० औषधीजन्य जडीवुटीहरु को थप विस्तार क्षेत्र | हे. | | १ | २ | ३ | | |
| ११ सडक किनार, घरआँगन, विद्यालयमा फलफुलका वोटविरुवा रोपण | संख्या | | ३०० | ४०० | ५०० | | |
| **२.२ प्रतिफल** | वहुमूल्य जडीवुटीहरुको व्यवसायिक खेती गर्दै आय आर्जनको श्रोतको रुपमा विकास भएको हुने | | | | | | |
| १२ वहुमूल्य वनस्पतिहरुको व्यवसायिक खेतीले ढाकेको भूमि | हे. | ० | ३ | ४ | ५ | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र थप लगानी गर्न प्रोत्साहित भएको हुने |
| १३ सञ्चालित जडीवुटी सङ्कलन तथा प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | १ | | |
| १४ जडीवुटीको आधिकारिक निकायमा दर्ता भएका वौद्धिक सम्पत्ति (व्यापार चिन्ह) दर्ता | संख्या | ० | ० | ० | १ | | |

## ७.२ वातावरण तथा फोहोर व्यवस्थापन

### क) पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना वढाई औद्योगिक एवं भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदुषण गर्नेले दायित्व व्यहोनु पर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने नीति राज्यवाट अंगिकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- फाहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतनाको कमि
- जैविक र अजैविक फोहोरलाई वर्गीकरण गरी त्यसको व्यवस्थापनको अभाव
- जथाभावी, अव्यवस्थित रुपमा फोहोर फाल्ने गर्नेलाई कारवाही नहुने
- फोहोर न्यूनीकरण गर्ने, प्रशोधन गर्ने तथा पुनप्रयोगमा ल्याउने अभ्यासको कमि
- प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगमा नियन्त्रणको अभाव, प्लाष्टिक झोलाको जथाभावी प्रयोग
- सडक, चोक, वजार एवं सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालय नहुनु
- पुराना, थोत्रा सवारी साधनहरुवाट वायु एवं ध्वनी प्रदुषण वढ्दो मात्रामा
- घर, कार्यालय, कारखानाका दुषित फोहोर पानी तथा ढलको व्यवस्थित हुन नसकेको, जल प्रदुषण वढ्दो

**मुख्य चुनौतिहरु**

- प्लाष्टिजन्य वस्तुलाई प्रभावकारी रुपमा प्रतिवन्ध गर्नु
- फोहोरलाई आयअर्जनको एक श्रोतको रुपमा विकास गर्नु
- फोहोरलाई सुरक्षित विसर्जन गर्नु
- फोहोर र वातावरणीण वीच सन्तुलन कायम राख्नु
- ध्वनी, वायु, जल लगायतका प्रदुषणलाई न्यूनीकरण एवं नियन्त्रण गर्नु
- नदी खोलामा हुँदै आएको ढल निकासलाई नियन्त्रण गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- फोहोरमैलालाई श्रोतमै व्यवस्थापन गरी न्यूनीकरण गर्न सकिने
- जैविक फोहोरवाट घरघर वा व्यवसायिक रुपमा मल उत्पादन गर्न सकिने
- फोहोरमैलाको प्रभावकारी व्यवस्थापनवाट रोजगारी सिर्जना एवं आयआर्जन गर्न सकिने
- अजैविक फाहोरलाई निश्चित क्षेत्रमा विसर्जन गर्दै स्यानिटरी पार्क निर्माण गर्न सकिने

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु

**लक्ष्य :** फोहोरमैलालाई सुरक्षित विसर्जन एवं प्रदुषणहरु नियन्त्रण भई सन्तुलित एवं स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने

**उद्देश्य**

१. फोहोरमैलालाई व्यवस्थित तवरले विसर्जन गर्दै हरियाली वृद्धि गर्नु ।
२. वातावरण प्रदुषण नियन्त्रणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण प्रवर्द्धन राख्नु ।

**रणनीतिहरु**

१.१. घर, आँगन, चोक, वजार क्षेत्रका फोहोरहरु व्यवस्थिति तवरले सङ्कलन, प्रशोधन गर्दै सुरक्षित विसर्जन गर्ने
१.२. फोहोरलाई सदुपयोग गर्दै आयश्रोतको रुपमा विकास गर्ने ।
२.१ सवै प्रकारका प्रदुषणहरु न्यूनीकरण नियन्त्रण गर्ने
२.२ हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन गर्ने

**कार्यनीति**

**रणनीति १.१ को व्यवस्थित रुपमा फोहोरहरु सङ्कलन तथा सुरक्षित विसर्जन अन्तर्गका कार्यनीतिहरु**

१.१.१ फोहोरमैलाको प्रभावकारी व्यवस्थापनका लागि पुनःप्रयोग, पुनःप्रशोधन, न्यूनीकरण र प्लाष्टिकजन्यको निषेध (4Rs) विधि अवलम्वन गर्दै फोहोर उत्पादनलाई श्रोतमै न्यूनीकरण गरिने छ ।

१.१.२ घर, पसल, कार्यालय एवं सार्वजनिक स्थल आदिमा उत्पादित फोहोरलाई व्यवस्थित रुपमा सङ्कलनका लागि निर्धारित रङ्गका डष्टपिनहरुमा राखिने छ ।

१.१.३ सङ्कलित फोहोरहरुलाई दुवानी गर्दै एक निश्चित स्थानमा थुपार्ने, जैविक अजैविक फोहोरहरुलाई छुट्याउन तथा प्रशोधन गरिने छ ।

१.१.४ फोहोरहरुको सुरक्षित विसर्जनका लागि ल्याण्ड फिल्ड साइडको व्यवस्था गर्दै सो क्षेत्रलाई स्यानिटरी पार्कको रुपमा विकास गरिने छ ।

१.१.५ फोहोरमैलाको व्यवस्थित व्यवस्थापनका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ ।

**रणनीति १.२ को फोहोरलाई सदुपयोग गर्दै आयश्रोतको रुपमा विकास गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१.२.१ फोहोरको मुख्य श्रोतहरु घरघर आँगनमा फोहोरमैलालाई जैविक, अजैजिक एवं सिसाजन्य गरी अलग अलग भागमा वर्गीकरण गरिने छ र जैविक फोहोरवाट मल उत्पादन गरिने छ ।

१.२.२ घरघरमा उत्पादित फोहोरमैलावाट जैविक मल उत्पादन गर्ने सम्वन्धी प्राविधिक तालिमहरु प्रदान गरी सीप, ज्ञान प्रदान गरिने छ । सोका लागि आवश्यक पर्ने मेशिन उपकरणको व्यवस्था मिलाइने छ ।

१.२.३ व्यवसायिक रुपमा फोहोरमैलावाट जैविक मल उत्पादन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिने छ ।

१.२.४ जैविक मल उत्पादनका लागि आवश्यक भूमि, मेशिन उपकरण खरिद तथा व्यवस्थाका लागि आवश्यक सहयोग उपलव्ध गराइने छ ।

१.२.५ उत्पादित जैविक मलको विकी वितरणका लागि आवश्यक सहयोग उपलव्ध गराइने छ ।

**रणनीति २.१ को प्रदुषण न्यूनीकरण तथा नियन्त्रण गर्ने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ संघ र प्रदेशका कानुनहरुको अधिनमा रही वातावरण प्रदुषण नियन्त्रणका लागि आवश्यक कानुनहरु निर्माण गरी कडाइका साथ कार्यान्वयन गरिने छ ।

२.१.२ सवै प्रकारका प्रदुषणहरुको नियन्त्रण, न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरी सचेतना बिकास गरिने छ ।

२.१.३ कसर, ईट्टाभट्टा, सिमेण्ट लगायतका ठूला उद्योगहरुवाट हुने वातावरण प्रदुषण नियन्त्रणका लागि निश्चित क्षेत्र निर्धारण गर्दै प्रदुषण न्यूनीकरणका आधुनिक प्रविधिहरुको प्रयोगका लागि प्रोत्साहित गरिने छ ।

२.१.४ वायु प्रदुषण तथा खोलानदीको पानी प्रदुषण गर्ने पुराना थोत्रा सवारी साधन, टेक्सटाइल, डाइङ लगायत उद्योगहरु सञ्चालनका लागि निश्चित मापदण्डहरु वनाई प्रदुषणमा नियन्त्रण ल्याइने छ ।

२.१.५ विद्युतीय वैकल्पिक एवं हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहित गर्दै वातावरण सन्तुलन कायम राख्न जोड दिइने छ ।

**रणनीति २.२ को हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ घरआँगन, विद्यालय, कार्यालय, सडक किनारा लगायतका खुल्ला तथा सार्वजनिक क्षेत्रमा सदावहार हरियो हुने तथा फलफुलका वोटविरुवाहरु रोपण गरी हरियाली क्षेत्र विस्तार गरिने छ ।

२.२.२ हरेक वडाहरुमा हरियाली पार्क, वालउद्यान तथा मनोरञ्जन पार्कहरु निर्माण गरिने छ ।

२.२.३ सार्वजनिक स्थल एवं वजारक्षेत्रहरुमा सुविधायुक्त सार्वजनिक शौचालयहरु निर्माण गरी सञ्चालनमा ल्याउन स्थानीय सामुदायिक संस्थाहरुसंग सहकार्य गरिने छ ।

२.२.४ वातावरण सरसफाइ समूह/समिति परिचालन नियमित सरसफाई जस्ता कार्यहरु सञ्चालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिने छ ।

२.२.५ जनस्तरमा वातावरण संरक्षण सम्वन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ । यसका लागि स्थानीय सामुदायिक संघ संस्था तथा टोल सुधार संस्थाहरुसंग सहकार्य गरिने छ ।

## घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ५४ :**
**वातावरण तथा फोहोर व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **फोहोर सङ्कलन एवं विसर्जन** | | | | | | | |
| १.१ | जनचेतना अभिवृद्धि | चेतना अभिवृद्धि | ०.१० | $P_2$ | ७ | १२ | ३ | १ |
| १.२ | फोहोर न्यूनीकरण, पुनप्रशोधन, पुनप्रयोग, प्लाष्टिकजन्य वस्तुको निषेध कार्यक्रम | चेतना अभिवृद्धि | ०.१० | $P_1$ | ७ | १२ | ३ | १ |
| १.३ | सार्वजनिक स्थल डष्टवीन वितरण | फोहोर व्यवस्थापन | ०.३० | $P_1$ | ७ | १२ | ३ | १ |
| १.४ | स्यानिटरी पार्क निर्माण | फोहोर व्यवस्थापन | ३.०० | $P_1$ | ७ | १२ | ३ | १ |
| १.५ | निजी, सहकारी क्षेत्र सहकार्य कार्यक्रम | फोहोर व्यवस्थापन | ३.०० | $P_2$ | ७ | १२ | ३ | १ |
| २. | **फोहोरवाट आय आर्जन** | | | | ७ | | | |
| २.१ | जैविक मल उत्पादन कार्यक्रम | फोहोर व्यवस्थापन | ०.१० | $P_2$ | ७ | १२ | ३ | २ |
| २.२ | जैविक मल उत्पादन तालिम | फोहोर व्यवस्थापन | ०.१५ | $P_2$ | ७ | १२ | ३ | २ |
| २.३ | जैविक मल उत्पादन मेशिन उपकरण खरिदमा सहयोग | फोहोर व्यवस्थापन | १.०० | $P_2$ | ७ | १२ | ३ | २ |
| २.४ | जैविक मल विक्री प्रवर्द्धन | फोहोर व्यवस्थापन | १.५० | $P_2$ | ७ | १२ | ३ | २ |
| ३. | **प्रदुषण न्यूनीकरण** | | | $P_2$ | ७ | | | |
| ३.१ | प्रदुषण न्यूनीकरण जनचेतना अभिवृद्धि कार्यक्रम | चेतना अभिवृद्धि | ०.१० | $P_1$ | ७ | १३ | ३ | १ |
| ३.२ | हरित ऊर्जा प्रयोग प्रवर्द्धन | ऊर्जा प्रवर्द्धन | २.०० | $P_2$ | ७ | १३ | ३ | १ |
| ३.३ | प्रदुषणको मुख्य श्रोत नियन्त्रण | प्रदुषण नियन्त्रण | २.५० | $P_1$ | ७ | १३ | ३ | १ |
| ४. | **हरियाली प्रवर्द्धन** | | | | ७ | | | |
| ४.१ | घरआँगन एवं परिसर फलफुल रोपण | हरियाली प्रवर्द्धन | ०.५० | $P_2$ | ७ | १३ | ३ | १ |
| ४.२ | वालउद्यान, हरियालीपार्क तथा मनोरञ्जनपार्क निर्माण | हरियाली प्रवर्द्धन | ३.०० | $P_1$ | ७ | १३ | ३ | १ |
| ४.३ | बातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन | हरियाली प्रवर्द्धन | ०.५० | $P_2$ | ७ | १३ | ३ | १ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि वातावरण तथा फोहोर व्यवस्थापन क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ५५ :**
**वातावरण तथा फोहोर व्यवस्थापन : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | फोहोरमैलालाई सुरक्षित विसर्जन एवं प्रदुषण नियन्त्रण भई सन्तुलित एवं स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने | | | | | | |
| १ वन क्षेत्रले ओगटेको भूमि (कूल भूमिको) | प्रतिशत | १७.४७ | १७.४८ | १७.४९ | १७.५० | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समुहको सहभागिता हुने |
| **१. असर तह :** | फोहोरमैलालाई व्यवस्थित तवरले विसर्जन गर्दै हरियाली वृद्धि भएको हुने | | | | | | |
| २ व्यवस्थित रुपमा सञ्चालित स्यानिटरी पार्क | संख्या | ० | ० | १ | २ | निर्माण सम्पन्न प्रतिवेदन | यथेष्ट वजेट व्यवस्था, स्थानीयको सहयोग |
| **१.१ प्रतिफल** | फोहोरमैला व्यवस्थित रुपमा सङ्कलन भई सुरक्षित विसर्जन भएको हुने | | | | | | |
| ३ उत्पादित फोहोरमैलाको वार्षिक परिमाण | मेटन | ७२०० | ७१०० | ७००० | ६८०० | पालिकाको पार्श्वचित्र | सचेतनामा अभिवृद्धि भएको हुने |
| ४ वितरित कम्पोष्ट तथा डष्टविनहरु | संख्या | - | ८०० | ९०० | १००० | | |
| ५ ढल निकास व्यवस्थासंग जोडिएका घरधुरी | प्रतिशत | ९० | ९० | ९५ | ९८ | | |
| **१.२ प्रतिफल** | फोहोरमैला आयआर्जन गर्ने एक श्रोतको रुपमा विकास भएको हुने | | | | | | |
| ६ घरघरमा जैविक मल उत्पादन गर्ने घरधुरी | प्रतिशत | - | ३३०० | ४००० | ५००० | पालिकाको पार्श्वचित्र | समुदाय एवं निजी क्षेत्रको सकरात्मक सहयोग भएको हुने |
| ७ व्यवसायिक रुपमा जैविक मल उत्पादन गर्ने संस्था | संख्या | - | १ | १ | २ | | |
| ८ जैविक मल उत्पादनमा सिर्जना भएको रोजगारी | संख्या | - | १५ | २० | ३५ | | |
| **२. असर तह :** | वातावरण प्रदुषण नियन्त्रणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने | | | | | | |
| ९ सार्वजनिक क्षेत्रहरुमा भएको थप वृक्षारोपण | संख्या | - | ५००० | १०००० | १५००० | पालिकाको पार्श्वचित्र | यथेष्ट वजेट व्यवस्था भएको हुने |
| **२.१ प्रतिफल :** | वातावरण प्रदुषण नियन्त्रण तथा न्यूनीकरण भएको हुने | | | | | | |
| १० सञ्चालनमा रहेका विद्युतीय सवारी साधन | संख्या | | २० | ३० | ५० | पालिकाको पार्श्वचित्र | जनेचतना अभिवृद्धि भएको हुने |
| ११ खाना पकाउन दाउरा प्रयोग गर्ने घरधुरी | प्रतिशत | २ | १.५ | १ | ०.५ | | |
| १२ वैकल्पिक ऊर्जा प्रयोग गर्ने उद्योग व्यवसायहरु | संख्या | ५ | १० | २५ | ४० | | |
| **२.२ प्रतिफल** | हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने | | | | | | |
| १३ वाल उद्यान, मनोरञ्जन तथा हरियाली पार्कहरु | संख्या | | ५ | ७ | ९ | पालिकाको पार्श्वचित्र | यथेष्ट वजेट विनियोजना भएको हुने |
| १४ सुविधायुक्त सार्वजनिक शौचालयहरु | संख्या | - | १५ | १८ | २१ | | |

| तालिका नम्वर - ५५ : वातावरण तथा फोहोर व्यवस्थापन : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| १५ नियमित सरसफाइ गरी सुरक्षित फोहोर विसर्जन गर्ने घरधुरी | प्रतिशत | ८० | ८५ | ९० | ९५ | | |

## ७.३ भू तथा जलाधार व्यवस्थापन

### क) पृष्ठभूमि

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलश्रोतको वहुपउयोगी विकास गर्ने नीति अंगिकार गरेको छ। नदी किनारहरुमा वाढी पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनवाट जलश्रोतको उपलव्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना १५ औं राष्ट्रिय योजनाले गरेको छ। त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरुको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, सीमसार, नदी किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरु स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन्।

#### मुख्य समस्याहरु

- पहिरो एवं भू-क्षयको प्रकोप वढ्दो
- पहिरो नियन्त्रणका प्रयासहरुमा प्रभावकारीताको अभाव
- ठाडो, भिरालो क्षेत्रका मलिलो माटोलाई वर्षातको पानीले वगाइ दिने
- भिरालो जग्गाको नियन्त्रणका लागि भएका प्रयासहरु अपुग
- ठाडो भिरालो क्षेत्रहरुमा वायोइन्जिनियरिङ प्रविधि प्रयोगमा नआउनु
- नदीखोलावाट वालुवा जथाभावी उत्खनन

#### मुख्य चुनौतिहरु

- सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा वस्तीहरुको संरक्षण गर्नु
- कमजोर भू-वनौट भएकोले पहिरो नियन्त्रण गर्नु
- धनजन एवं वालीनालीमा हुँदै आएको क्षति न्यूनीकरण गर्नु
- पीडित पक्षलाई तत्काल राहतको व्यवस्था गर्नु
- जलाधार तथा पानीमुहानहरु सुक्दै गएकोले सोको दिगो संरक्षण गर्नु

#### मुख्य सम्भावना तथा अवसरहरु

- कृषियोग्य भूमिका नियमित रुपमा सिंचाइ उपलव्ध हुन सक्ने र कृषि उपजहरुको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउन सकिने
- नदी खोलाको पानीलाई निश्चित अवधि सम्म पानी ट्याङ्कीमा सङ्कलन गरी प्रशोधन गर्दै खानेपानी आयोजना सञ्चालन गर्न सकिने
- खोला किनार एवं नजिकका क्षेत्रहरुमा मत्स्यपालन व्यवसाय ठूलो स्तरमा सञ्चालन गर्न सकिने
- झरना, पौडीपोखरी, स्नानकुण्ड आदिको निर्माणवाट आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिने
- कृषि-वनको व्यवसायिक खेती सञ्चालन गर्न सकिने

- वर्षातको पानी सङ्कलनवाट सुख्खा हुँदै गएको भूमिगत सतहलाई पुर्नभरण गर्न सकिने
- जलाधार क्षेत्रहरु, पानी मुहान, झरना, ताल तलैया, पोखरी तथा सीमासार क्षेत्रहरु भएकोले पर्यटन प्रवर्द्धन एवं आयमूलक उद्योग व्यवसायहरु सञ्चालन गर्न सकिने

### ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य :** दिगो व्यवस्थापनवाट भू तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन भएको हुने

**उद्देश्य**

१. वाढी पहिरोवाट हुने क्षतिमा न्यूनीकरण ल्याउदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु
२. जलस्रोत क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन गर्दै जलश्रोतवाट आयआर्जनको श्रोत वनाउनु

**रणनीतिहरु**

१.१ वाढी पहिरो तथा भू-क्षय नियन्त्रण तथा रोकथाम गर्ने
१.२ भू-संरक्षण एवं सम्वर्द्धन गर्ने
२.१ जलस्रोतको दिगो संरक्षण, सम्वर्द्धन गर्ने
२.२ जलश्रोतहरुलाई वहुउपयोगी वनाउदै आयश्रोतको रुपमा विकास गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को पहिरो तथा भू-क्षय नियन्त्रण गर्दै क्षति न्यूनीकरण अन्तर्गका कार्यनीतिहरु**

१.१.१ भू-क्षय, वाढी पहिरो प्रभावित क्षेत्रहरु पहिचान गर्दै नक्साङ्कन गरिने छ।
१.१.२ भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरुमा वाँस, वावियो, अम्रिसो रोपण गर्दै वायोइन्जिनियरिङ प्रविधिवाट भू-क्षयलाई नियन्त्रण गरिने छ।
१.१.३ जथाभावी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माण गर्ने, वनविनास गर्ने जस्ता कार्यहरुलाई पूर्णत निरुत्साहित एवं निषेध गरिने छ।
१.१.४ अतिसंवेदनशील क्षेत्रका वस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिवाट सुरक्षित राखिने छ।
१.१.५ संवेदनीशल क्षेत्र तथा भू-क्षय प्रभावित क्षेत्र नजिकका वस्तीहरुमा आपतकालीन अवस्था वारे जानकारीका लागि पूर्वसूचना दिने मेशिन उपकरणहरु जडान गरी सम्भावित क्षतिलाई न्यूनीकरण गरिने छ।

**रणनीति १.२ को भू-संरक्षण एवं सम्वर्द्धन गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।
१.२.२ ठाडो एवं भिरालो भूभागमा आइइइ, इआइए जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका वारेमा विस्तृत अध्ययन पश्चात मात्रै भौतिक संरचनाहरु निर्माण गरी त्यस्ता भूभागहरुको संरक्षण गरिने छ।
१.२.३ वर्षातको भलपानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्थापन एवं गरासुधार जस्ता कार्यवाट भूमिको दिगो संरक्षण गरिने छ।
१.२.४ भिरालो भूमिमा अव्यवस्थित वस्तीहरु तथा जग्गा प्लटिङ गरी वस्ती विस्तार गरिने अभ्यासलाई निरुत्साहित गरिने छ।
१.२.५ जमिनको भित्री सतह सुख्खा हुन गई पानीको मुहान सुक्ने र जमिन समेत भासिने हुँदा स्वीकृतीविना र अव्यवस्थित एवं जथाभावी निर्माण हुने डिपवोरिङ गर्ने अभ्यास माथि नियन्त्रण गरिने छ।

**रणनीति २.१ को जलास्रोतको दिगो संरक्षण, सम्वर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ नगरपालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, नियमन एवं संरक्षण गरिने छ। यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरु निर्माण गरिने छ।
२.१.२ पानीमुहान, पानीपोखरी, सीमसार, तालतलैया लगायतका स्रोतहरुको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारवार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवं रिचार्जपोखरीहरु निर्माण गरी संरक्षण एवं सम्वर्द्धन गरिने छ।

२.१.३ पानीमुहान, पोखरी, तालतलैया, खोलामा पानीको मात्रा यथेष्ट र स्थिर राख्न अध्ययनका आधारमा जलाशयहरु निर्माण गरिने छ र वर्षातको पानी सञ्चय गरी पानी भरण गर्ने भूमिगत सतह पानी पुर्नभरण गर्ने व्यवस्था मिलाइने छ ।

२.१.४ नदी तथा खोला किनारामा तटवन्ध निर्माण गरिने छ । ठूला प्रकृतिका वर-पिपल लगायतका रुखहरु वृक्षारोपण गरी नदी खोला किनारमा हुने भूक्षयलाई न्यूनीकरण गरिने छ ।

२.१.५ स्थानीय समुदायसंग सहकार्य गर्दै उद्योग कलकारखाना एवं शहरवजारवाट निस्कासित दुषितपानी, ढल निकास, फोहोरमैला फाली जलस्रोतहरु प्रदुषण गर्ने अभ्यासलाई नियन्त्रण गरी जलस्रोतहरुको संरक्षण एवं सम्वर्द्धन गरिने छ ।

**रणनीति २.२ को जलस्रोतलाई वहुउपयोगी वनाउने आयआर्जनको रुपमा विकास गर्ने अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा व्यवसायिक रुपमा कृषि-वन खेती गर्न स्थानीयहरुलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइने छ ।

२.२.२ सम्भाव्यताका आधारमा नगरपालिकाका विभिन्न क्षेत्रहरुमा पानीपोखरी, पानीट्याङ्की निर्माण गरी कृषिभूमिमा नियमित सिंचाइको व्यवस्था मिलाइने छ ।

२.२.३ निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै नगरपालिका क्षेत्रभित्रका जलाधारमा झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरु निर्माण गरी आन्तरिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

२.२.४ निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै वर्षाको पानी भण्डारण, नदी खोलावाट सा-साना जलाशय निर्माण गरी सङ्कलित पानीलाई प्रशोधनको व्यवस्था मिलाई खानेपानी आयोजनाहरु सञ्चालन गरिने छ ।

२.२.५ मत्स्यपालनलाई व्यवसायिक सञ्चालन गर्न प्रोत्साहित गरिने छ । यसका लागि खुल्ला क्षेत्र एवं पानी आपूर्तिको व्यवस्था मिलाइने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ५६ :**
**भू तथा जलाधार व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **पहिरो नियन्त्रण** | | | | | | | |
| १.१ | पहिरो क्षेत्र पहिचान, नक्साङ्कन | पहिरो नियन्त्रण | ०.१० | $P_1$ | ७ | १५ | ३ | २ |
| १.२ | वर्षातको भलपानी नियन्त्रण | पहिरो नियन्त्रण | ०.५० | $P_1$ | ७ | १५ | ३ | १ |
| १.३ | गरासुधार कार्यक्रम | पहिरो नियन्त्रण | ०.३० | | ७ | १५ | ३ | १ |
| २. | **भू-क्षय नियन्त्रण** | | | | | | | |
| २.१ | वायोइन्जिनियरिङ प्रवर्द्धन | भू-क्षय नियन्त्रण | ०.५० | $P_1$ | ७ | १५ | ३ | १ |
| २.२ | खोल्साखाल्सी क्षेत्रमा रिटेनिङवाल निर्माण | भू-क्षय नियन्त्रण | २.०० | $P_1$ | ७ | १५ | ३ | १ |
| २.३ | हरियोहार व्यवस्थापन | भू-क्षय नियन्त्रण | १.०० | $P_2$ | ७ | १५ | ३ | १ |
| ३. | **जलश्रोत संरक्षण एवं सम्वर्द्धन** | | | | | | | |
| ३.१ | पानी मुहान, पोखरी, सीमसार, खोलानदी अधिकार क्षेत्र निर्धारण | जलश्रोत संरक्षण | ०.३० | $P_2$ | ७ | ११ | ३ | २ |
| ३.२ | खोलानदी तटवन्ध (तारजाली) निर्माण, वृक्षारोपण | जलश्रोत संरक्षण | ३.०० | $P_2$ | ७ | ११ | ३ | १ |
| ३.३ | भूमिगत सतह पानीपुर्नभरण | जलश्रोत संरक्षण | ३.०० | $P_1$ | ७ | ११ | ३ | १ |
| ३.४ | डिपवोरिङ निर्माण नियन्त्रण | जलश्रोत संरक्षण | ०.२५ | $P_1$ | ७ | ११ | ३ | १ |

| **तालिका नम्वर - ५६ : भू तथा जलाधार व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजनाहरु** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ३.५ | कलकारखाना, वजार क्षेत्रको दुषितपानी प्रशोधन, शुद्धीकरण | जलश्रोत संरक्षण | ४.०० | $P_2$ | ७ | १२ | ३ | १ |
| ४. | **जलश्रोतको दिगो सदुपयोगवाट आयआर्जन** | | | | | | | |
| ४.१ | खोलानदी किनार कृषिवन खेती प्रवर्द्धन | श्रोत परिचालन | १.०० | $P_2$ | ७ | २ | ३ | १ |
| ४.२ | मत्स्यपालन व्यवसाय प्रवर्द्धन | श्रोत परिचालन | ०.५० | $P_2$ | ७ | २ | ३ | १ |
| ४.३ | झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जनपार्क निर्माण | श्रोत परिचालन | २.०० | $P_2$ | ७ | ८ | ३ | १ |
| ४.४ | जलाशय निर्माण, पानी प्रशोधन एवं खानेपानी आयोजना सञ्चालन | श्रोत परिचालन | ५.०० | $P_2$ | ७ | | ३ | १ |

**ङ) नतिजा खाका**

आगामी ५ वर्षका लागि भू तथा जलाधार व्यवस्थापन क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

| **तालिका नम्वर - ५७ : भू तथा जलाधार व्यवस्थापन : नतिजा खाका** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५/८६** | | |
| **प्रभाव तह :** | दिगो व्यवस्थापनवाट भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र सम्वर्द्धन भएको हुने | | | | | | |
| १ भूक्षय, वाढी पहिरोवाट हुने क्षति न्यूनीकरण दर | प्रतिशत | | ५ | ३ | १ | पालिकाको पार्श्वचित्र | यथेष्ट वजेट विनियोजन भएको हुने |
| **१. असर तह :** | वाढी पहिरोवाट हुने क्षतिमा न्यूनीकरण ल्याउदै भू-क्षयलाई रोकथाम तथा नियन्त्रण भएको हुने | | | | | | |
| २ भूक्षय, वाढी पहिरोवाट संरक्षित भएका क्षेत्रहरु | संख्या | २१ | १५ | १० | ५ | पालिकाको पार्श्वचित्र | यथेष्ट वजेट विनियोजन भएको हुने |
| **१.१ प्रतिफल** | वाढी पहिरो तथा भू-क्षय नियन्त्रण भई क्षति न्यूनीकरण भएको हुने | | | | | | |
| ३ नदी तटवन्ध भएका क्षेत्रहरु | संख्या | १ | १ | ३ | ३ | पालिकाको प्रगति समीक्षा | यथेष्ट वजेट विनियोजन भएको हुने |
| ४ ग्याविन जाली निर्माण | संख्या | १०९४ | ११०० | १११५ | ११२५ | | |
| ५ रिटेनिङवाल, पर्खाल निर्माण | किमि | ०.४९३ | ०.५०० | ०.५२५ | ०.५५० | | |
| **१.२ प्रतिफल** | भू-संरक्षण एवं सम्वर्द्धन भएको हुने | | | | | | |
| ६ वायो इन्जिनियरिङ भएका क्षेत्र | संख्या | ० | २ | ३ | ५ | पालिकाको प्रगति समीक्षा | यथेष्ट वजेट विनियोजन भएको हुने |
| ७ आइइइ, इआइएको अध्ययनवाट संरक्षित क्षेत्र | संख्या | ० | २ | ३ | ५ | | |

**तालिका नम्वर - ५७ :**
**भू तथा जलाधार व्यवस्थापन : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| ८ ठाडो, भिरालोभूमि भएका वस्ती | संख्या | ५ | ५ | ५ | ५ | | |
| **२. असर तह :** | जलस्रोतको संरक्षण, सम्वर्द्धन गर्दै वहुउपयोगी भएको हुने | | | | | | |
| ९ संरक्षित एवं प्रवर्द्धित जलस्रोतहरु | संख्या | ८ | ८ | ८ | ८ | पार्श्वचित्र | |
| **२.१ प्रतिफल :** | जलस्रोतको दिगो संरक्षण एवं सम्वर्द्धन भएको हुने | | | | | | |
| १० नदी, खोला, पानी मुहान | संख्या | ८ | ८ | ८ | ८ | पालिकाको पार्श्वचित्र | संघ, प्रदेश सरकारवाट अनुदानहरु उपलव्ध भएको हुने |
| ११ तालतलैया, पोखरी, सीमसार | संख्या | २ | ५ | ७ | ९ | | |
| १२ वर्षातको पानी सञ्चय भण्डार गरी भएको भूमिगत पुर्नभरण गर्ने घरधुरी | प्रतिशत | | १ | ३ | ५ | | |
| **२.२ प्रतिफल :** | जलस्रोतलाई वहुउपयोगी वनाउदै आयआर्जन भएको हुने | | | | | | |
| १३ नदी उकास क्षेत्रमा भएको व्यवसायिक खेती | हे. | ० | ० | १ | १ | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र प्रोत्साहित भएको हुने |
| १४ व्यवसायिक रुपमा भएको मत्स्यपालन | संख्या | ० | ० | १ | ३ | | |
| १५ व्यवसायिक रुपमा विकासित झरना तथा पौडीपोखरी | संख्या | ० | ० | १ | २ | | |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नीति अंगिकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरुवाट जलवायु परिवर्तन सम्वन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना १५ औं राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात र विपद्को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्वन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम वस्तीहरु पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरु पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामाग्रीहरुको व्यवस्था कमि
- विपद पीडितहरुका लागि राहत, खुल्ला क्षेत्र एवं सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको अपर्याप्त
- संवेदनशील क्षेत्रको नक्सांकन र संरक्षण सम्वन्धी कार्यक्रमको अभाव

**मुख्य चुनौतिहरु**

- भौतिक एवं मानवीय क्षति न्यूनीकरण तथा पीडितहरुलाई तत्काल उद्धार गर्नु
- सङ्कटाउन्मुख एवं लोपोन्मुख जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु

- पानीको मुहान एवं सतह यथास्थितिमा कायम राख्नु
- कृषि उपजहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु
- कृषि उपजहरुलाई जलवायु परिवर्तन अनुकुलन वनाउनु

**मुख्य सम्भावना तथा अवसरहरु**

- रेडकस, सुरक्षा निकाय, स्वास्थ्य संस्था, सामाजिक संघसंस्था जस्ता सहयोगी संस्थाहरुको सहजै उपलव्धतावाट आपतकालीन उद्धार, खोज, राहत सामाग्रीको व्यवस्था हुन सक्ने
- पूर्व सूचना प्रणाली, पूर्वतयारी कार्ययोजना तर्जुमा गर्दै आपतकालीन उद्धार टोलीहरुको क्षमता अभिवृद्धि नमूना अभ्यास सञ्चालन गरी स्थानीयहरुको आवद्धतामा अभिवृद्धि ल्याउन सकिने
- एम्वुलेन्स, वारुणयन्त्र लगायतका साधनहरु सहज उपलव्ध हुन सक्ने
- विपद् प्रतिरोधात्मक भवन, संरचनाहरु क्रमिक रुपमा निर्माण हुँदै रहेको सन्दर्भमा धनजनको क्षतिमा न्यूनीकरण हुन सक्ने
- शिवपुरी राष्ट्रिय निकुञ्ज, जलाश्रोतहरु, नदीखोलाहरुको संरक्षण, सम्वर्द्धन भई कृषि उपज एवं जनजीवनलाई जलवायु परिवर्तन अनुकूलन वनाउन सहज हुने

**ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**लक्ष्य :** विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउदै जोखिमवाट हुने क्षतिलाई न्यूनीकरण एवं जनजीवन सुरक्षित भएको हुने

**उद्देश्य**

१. विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य एवं पुर्नलाभलाई प्रभावकारी वनाउनु

२. जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै क्षति न्यूनीकरण गर्नु

**रणनीतिहरु**

१.१ विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरुको निर्माणवाट जोखिम न्यूनीकरण गर्ने

१.२ विपद् जोखिमवाट जनजीवन सुरक्षित वनाउने

२.१ जलवायु परिवर्तन अनुकुलनका उपायहरु प्रवर्द्धन गर्ने

२.२ जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गदै जनजीवनमा सहजता ल्याउने

**रणनीति १.१ को विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरुको निर्माणवाट जोखिम न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१.१ भवन निर्माण संहिता कडाइका साथ लागु गर्दै निजी भवन संरचनाहरुलाई विपद् प्रतिरोधात्मक अनिवार्य रुपमा वनाउन लगाइने छ। यसका लागि भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

१.१.२ विद्यालय भवन, स्वास्थ्य संस्थाका भवन, कार्यालय लगायतका सार्वजनिक संरचनाहरुलाई विपद् प्रतिरोधात्मक वनाइने छ।

१.१.३ प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरु, सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षणका लागि प्रवलीकरण गर्दै विपद् प्रतिरोधात्मक वनाइने छ।

१.१.४ न्यूनतम मापदण्ड नपुगेका तथा मापदण्ड विपरित निर्मित भौतिक संरचनाहरुको प्रवलीकरणका लागि प्रोत्साहित गरिने छ।

१.१.५ थोत्रा, पुराना एवं आकस्मिक सुरक्षाका उपायहरु पनि नभएका भौतिक संरचनाहरु विस्थापित गरी नयाँ संरचना निर्माणका लागि आवश्यक सहयोग उपलव्ध गराइने छ।

**रणनीति १.२ को विपद् जोखिमवाट जनजीवन सुरक्षित वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ वाढीपहिरो, नदी नियन्त्रण, भूकम्प, सम्भावित प्रकोप तथा विपद् लगायतका विषयमा विस्तृत अध्ययन, अनुसन्धान गरी जोखिमयुक्त संवेदनशील क्षेत्रहरुको पहिचान एवं नक्साङ्कन गर्दै भू-उपयोग योजना तर्जुमा गरिने छ ।

१.२.२ नदी किनार, वगर, ठाडो भिरालो, डुवान तथा पहिरो क्षेत्रमा वसोवास गर्ने घरपरिवार तथा वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।

१.२.३ आपतकालीन व्यवस्थापनका लागि वस्तीहरुमा खुल्ला क्षेत्र, पानीपोखरी, आश्रयगृहको व्यवस्था मिलाइने छ र अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।

१.२.४ समुदाय स्तरमा विपद जोखिम न्यूनीकरण सम्वन्धी जनचेतना, उद्धार समुह लगायत स्थानीय स्वयंसेवक, रेडक्रस, स्काउट एवं समुदायिक संघसंस्थाहरुको क्षमता अभिवृद्धि गरिने छ । आपतकालीन उद्धार नमूना अभ्यासका साथै विपद् पूर्वचेतावनी प्रणाली लगायत आधुनिक प्रविधिहरु एवं दमकल एम्वुलेन्सलाई तयारी अवस्थामा राखिने छ ।

१.२.५ विपद्का घटना हुनासाथ खोज, उद्धार, उपचार, अस्थायी आश्रय गृह, खानेपानी खाद्यान्न, लत्ताकपडा, राहत, मनोपरामर्श लगायतका प्राथमिक कार्यहरु प्रभावकारी एवं समन्वयात्मक रुपमा सञ्चालन गरिने छ ।

**रणनीति २.१ को जलवायु परिवर्तन अनुकूलनका उपायहरु प्रवर्द्धन गर्ने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । यसका लागि सामुदायिक तथा टोल सुधार संस्थाहरुलाई परिचालन गरिने छ ।

२.१.२ विपद् जोखिम प्रकोप पहिचान गर्दै श्रोतनक्सा सहित जलवायु परिवर्तन अनुकूलन सम्वन्धी नगरपालिकाको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

२.१.३ जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक संस्था एवं सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्दै फोहोरलाई व्यवस्थित गर्ने, प्लाष्टिकजन्य उत्पादनहरु वाल्ने कार्यलाई निरुत्साहित गर्ने, घरघरमा फलफुलका विरुवा रोप्ने, घरवाट उब्रेको पानी तथा वर्षाको पानीलाई सतहमुनी पुर्नभरण गर्ने जस्ता कार्यहरुका लागि अभिप्रेरित गरिने छ ।

२.१.४ कृषि जमिनको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि जैविक तथा गोठेमल, भिरालो जमिनमा गरासुधार, घाँसेगरा निर्माण, कृषि-वनलाई व्यवसायिक रुपमा प्रवर्द्धन गर्दै जलवायुमैत्री कृषि प्रविधिमा जोड दिइने छ । वार्षिक वालीपात्रो वनाई सोही अनुसार कृषिखेतीको व्यवस्था मिलाइने छ ।

२.१.५ घरायसी प्रयोजनमा वढी कार्वन उत्पादन गर्ने मेशिन उपकरणहरु रेफ्रिजेरेटर, एयर कण्डिसनर, ड्रायर, हिटर जस्त उपकरणहरुको प्रयोगलाई निरुत्साहित गरिने छ ।

**रणनीति २.२ को जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै जनजीवनमा सहजता ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ खाना पकाउदा दाउरा वाल्ने तथा परम्परागत चुल्हो एवं शहर वजार क्षेत्रमा अत्यधिक प्रयोगमा रहेको एलपि ग्याँसको सट्टामा विद्युतीय तथा इण्डक्सन चुल्हो प्रयोग गर्न प्रेरित गर्दै सोको प्रयोगमा आवश्यक सहयोग उपलब्ध गराइने छ ।

२.२.२ स्वच्छ ऊर्जामा आधारित उद्यम व्यवसायहरु विकास, विस्तार एवं प्रवर्द्धनका लागि सहकारी क्षेत्रसंग समन्वय गदै आवश्यक सहयोग उपलब्ध गराइने छ ।

२.२.३ पेट्रोल, डिजेल जस्ता इन्धनवाट चल्ने सवारी साधनहरुको प्रयोगलाई निरुत्साहित गर्दै सडकहरुमा साइकल एवं पैदल लेनको व्यवस्था मिलाइने छ ।

२.२.४ जलवायु परिवर्तनवाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न कृषकहरुलाई वाली एवं पशुपंक्षी वीमाको व्यवस्था मिलाइने छ र आवश्यकताका आधारमा सहयोग उपलब्ध गराइने छ ।

२.२.५ खुल्ला क्षेत्रहरुमा हरियाली प्रवर्द्धनलाई वृक्षारोपण गर्ने, पानीपोखरी निर्माण गर्ने, पार्क उद्यान निर्माण गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरी जलवायु परिवर्तनवाट हुने असरहरुलाई न्यूनीकरण गरिने छ ।

## घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ५८ :**
**विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **विपद् प्रतिरोधात्मक संरचना निर्माण** | | | | | | | |
| १.१ | भवन संहिता कार्यान्वयन : जनचेतना कार्यक्रम | चेतना अभिवृद्धि | ०.१० | $P_2$ | ८ | १३ | ३ | २ |
| १.२ | सार्वजनिक भवन, संरचना प्रवलीकरण | प्रतिरोधी संरचना निर्माण | ३.०० | $P_2$ | ८ | १३ | ३ | २ |
| १.३ | साँस्कृतिक सम्पदाहरु प्रवलीकरण | प्रतिरोधी संरचना निर्माण | १.५० | $P_2$ | ८ | १३ | ३ | २ |
| २. | **क्षति न्यूनीकरण** | | | | | | | |
| २.१ | खुल्लाक्षेत्र संरक्षण एवं आश्रय गृह निर्माण | क्षति न्यूनीकरण | ०.७५ | $P_2$ | ८ | १३ | ३ | २ |
| २.२ | नमूना अभ्यास सञ्चालन | क्षमता अभिवृद्धि | ०.१० | $P_2$ | ८ | १३ | २ | २ |
| २.३ | उद्धारटोली,सामुदायिक संस्था, स्वयंसेवीको क्षमता अभिवृद्धि | क्षमता अभिवृद्धि | ०.१० | $P_2$ | ८ | १३ | २ | २ |
| २.४ | आपतकालीन पूर्वसूचना प्रणाली जडान | क्षति न्यूनीकरण | ०.१० | $P_1$ | ८ | १३ | ३ | २ |
| ३. | **जलवायु परिवर्तन अनुकूलन** | | | | | | | |
| ३.१ | जनचेतना अभिवृद्धि कार्यक्रम | चेतना अभिवृद्धि | ०.१५ | $P_2$ | ८ | १३ | ३ | १ |
| ३.२ | कार्वन उत्सर्जन न्यूनीकरण | अनुकूलन प्रवर्द्धन | ०.५० | $P_2$ | ८ | १३ | ३ | १ |
| ३.३ | वार्षिक कृषिवाली पात्रो निर्माण | अनुकूलन प्रवर्द्धन | ०.०५ | $P_2$ | ८ | १३ | ३ | २ |
| ३.४ | जलवायु परिवर्तन अनुकूलन सम्वन्धी रणनीति कार्ययोजना तर्जुमा | योजना तर्जुमा | ०.१५ | $P_1$ | ८ | १३ | ३ | २ |
| ४. | **जलवायु परिवर्तन असर न्यूनीकरण** | | | | | | | |
| ४.१ | विद्युतीय चुल्हो प्रवर्द्धन | अनुकूलन प्रवर्द्धन | ०.२० | $P_2$ | ८ | १३ | ३ | १ |
| ४.२ | हरियाली प्रवर्द्धन | अनुकूलन प्रवर्द्धन | ०.३० | $P_1$ | ८ | १३ | ३ | १ |
| ४.३ | पानीपोखरी निर्माण | अनुकूलन प्रवर्द्धन | ०.५० | $P_2$ | ८ | १३ | ३ | १ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

| तालिका नम्वर - ५९ : विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | विपद् व्यवस्थापनलाई प्रभारकारी वनाउदै जोखिमवाट हुने क्षतिलाई न्यूनीकरण गरी जनजीवन सुरक्षित भएको हुने | | | | | | |
| १ विपद् एवं जलवायु परिवर्तनवाट हुँदै आएको क्षति न्यूनीकरण दर | प्रतिशत | | ५ | ३ | १ | वार्षिक प्रगति समीक्षा | जनचेतनामा अभिवृद्धि हुने |
| **१. असर तह :** | विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य एवं पुर्नलाभ प्रभावकारी भएको हुने | | | | | | |
| २ विपद् जोखिमवाट भएको क्षति | रु. लाखमा | | ५० | ३० | १० | नपाको राहत वितरण अभिलेख | प्रतिरोधात्मक संरचनाहरुको निर्माण हुने |
| **१.१ प्रतिफल** | विपद् प्रतिरोधात्मक संरचना निर्माणवाट जोखिम न्यूनीकरण भएको हुने | | | | | | |
| ३ विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | | २५ | ३५ | ४० | नपाको वार्षिक प्रगति समीक्षा | पर्याप्त वजेटको व्यवस्था भएको हुने |
| ४ प्रवलीकरण भएका धार्मिक एवं साँस्कृतिक सम्पदाहरु | संख्या | १५ | २० | २५ | ३० | | |
| **१.२ प्रतिफल** | विपद जोखिमवाट जनजीवन सुरक्षित भएको हुने | | | | | | |
| ५ व्यवस्थित खुल्ला आश्रय स्थलहरु | संख्या | १५ | १५ | १५ | १५ | वार्षिक प्रगति समीक्षा | |
| ६ जडान भएको पूर्वसूचना दिने चेतावनी उपकरण | संख्या | ० | ३ | ३ | ३ | | |
| ७ आपतकालीन उद्धारका लागि एम्वुलेन्स, वरुणयन्त्रको व्यवस्था | संख्या | ४ | ४ | ४ | ५ | | |
| **२. असर तह :** | जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै क्षति न्यूनीकरण भएको हुने | | | | | | |
| ८ जलवायु परिवर्तनको असरवाट भएको क्षति | प्रतिशत | | ५ | ३ | १ | राहतवितरण अभिलेख | जनचेतनामा अभिवृद्धि हुने |
| **२.१ प्रतिफल :** | जलवायु परिवर्तन अनुकूलनका उपायहरु प्रवर्द्धन भएको हुने | | | | | | |
| ९ सञ्चालित सचेतना कार्यक्रम | संख्या | | ५ | ७ | ९ | वार्षिक प्रगति समीक्षा | पर्याप्त वजेटको व्यवस्था भएको हुने |
| १० सतहमुनी वर्षाकोपानी पुर्नभरण गर्ने घरधुरी | प्रतिशत | | १ | ३ | ५ | | |
| ११ सार्वजनिक, खुल्ला क्षेत्रमा भएको व्यवस्थित तालतलैया, पोखरी | संख्या | २ | ५ | ७ | ९ | | |
| **२.२ प्रतिफल** | | | | | | | |
| १२ सडक किनारामा व्यवस्थित साइकल तथापैदल लेनको लम्वाइ | किमि | ० | ५ | १० | १५ | वार्षिक प्रगति समीक्षा | संघ र प्रदेश सरकारको सहयोग उपलब्ध नियमित हुने |
| १३ इण्डक्सन चुल्हो प्रयोग ल्याई खाना पकाउने घरपरिवारहरु | प्रतिशत | ५ | ४० | ४५ | ५० | | |
| १४ हरियाली प्रवर्द्धन भएको थप क्षेत्र | किमि | | ५ | १० | १५ | | |

# परिच्छेद - आठ : सुशासन तथा संस्थागत बिकास

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार सुशासन तथा संस्थागत विकास अन्तर्गतका प्रमुख क्षेत्रहरुमा सुशासन, ऐन कानुन तथा न्यायिक व्यवस्था, वित्तीय श्रोत परिचालन तथा व्यवस्थापन, मानव संशाधन विकास, संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह र योजना व्यवस्थापन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरुको तर्जुमा भएका छन् ।

## ८.१ सुशासन ऐन, कानुन तथा न्यायिक व्यवस्था

### क) पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार राज्यले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम वनाउने, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त वनाउने, जनउत्तरदायी र सहभागितामूलक वनाउने, राज्यवाट प्राप्त हुने सेवा सुविधा माथि जनताको समान र सहज पहुँच सुनिश्चित एवं सुशासनको प्रत्याभूति गर्ने नीति अंगिकार गरेको छ । १५ औं राष्ट्रिय योजनामा सुशासन र सवल लोकतन्त्रलाई दीर्घकालीन लक्ष्यका रुपमा ग्रहण गरिएको छ भने प्रमुख सम्वाहकका रुपमा सार्वजनिक सेवाको सुदृढीकरण लाई लिइएको छ र दीर्घकालीन राष्ट्रिय रणनीतिका रुपमा शासकीय सुधारलाई । त्यसैगरी राष्ट्रिय योजनामा जवाफदेहीता, पारदर्शी, जनउत्तरदायी, सहभागितामूलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त, स्वअनुशासित शासन प्रणालीलाई संस्थागत गर्ने, सेवा प्रवाहमा छिटो, सहज वनाउने, विद्युतीय शासन प्रणाली विकास विस्तार गर्ने र गुणस्तरीय सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने परिकल्पना गरिएको छ । यसैगरी स्थानीय नीति तर्जुमा गर्ने, ऐन, कानुन, मापदण्डहरु निर्माण गर्ने, कार्यान्वयन गर्ने एवं नियमन गर्ने र यसरी कानुनहरु निर्माण गर्दा संघीय एवं प्रादेशिक कानुनहरुको अधिनमा रही तर्जुमा गर्नुपर्ने जिम्मेवारीहरु पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- तर्जुमा भएका नीति, ऐन एवं कानुनहरु पूर्णरुपमा कार्यान्वयनमा कमि
- निर्देशिका, कार्यविधि एवं मापदण्डहरु निर्माण हुन अझै बाँकी
- नीति, ऐन निर्माणको क्रममा सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसंग छलफल तथा अन्तरक्रियाको कमि
- सेवा प्रवाहहरु प्रविधिमैत्री एवं अनलाइन अपुग
- नागरिक समाज, सामुदायिक संस्था, गैसस लगायतका संघसंस्थाहरुमा सुशासनका अभ्यासहरु अपर्याप्त
- सुशासनको प्रवर्द्धनमा सम्वन्धित सवै सरोकारवाला निकाय, संस्थाहरुको क्षमताको कमि

**मुख्य चुनौतिहरु**

- सार्वजनिक निकाय लगायत सामाजिक संघ संस्थाहरुमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता एवं लोकतान्त्रिक विधि, पद्धतिहरुको संस्थागत विकास गर्नु
- सदाचार प्रवर्द्धन, सुशासनयुक्त समाज तथा संस्कार निर्माण गर्नु
- वढ्दो नियम उल्लङ्घन, कानुनको अपहेलना, लापरवाही जस्ता पक्षहरुको नियन्त्रण तथा सुधार ल्याउनु
- जनचासो, जनगुनासो, वढ्दो जनआकाङ्क्षालाई समयमै सम्वोधन गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु थप क्रियाशील हुन सक्ने
- स्थानीय सरोकारवालाहरु, निजी क्षेत्र लगायत राजनीतिक दलहरु विकास कार्यमा हातेमालो, रचनात्मक सहयोग
- संगठनात्मक संरचना लगायत नगरपालिकाको प्रशासन क्रमिक रुपमा सदृढीकरण, क्षमता वृद्धि र अनुभवी हुँदै
- सुशासन प्रवर्द्धन गर्नेतर्फ उन्मुख हुँदै सामाजिक जवाफदेहिताका औजारहरु, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, लैससास परीक्षण, लक्षित वर्ग वजेट विनियोजन, सहभागितात्मक योजना तर्जुमा, वेरुजू फर्छ्यौट, गुनासो सुनुवाई एवं न्यायिक सम्पादनहरु प्रभावकारी हुँदै

**ग) लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यनीतिहरु**

**लक्ष्य :** जनसहभागितामूलक सुशासनको प्रवर्द्धन एवं प्रत्याभूति भएको हुने

**उद्देश्य**

१. स्थानीय ऐन, नियम, कानुनहरुको निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु
२. सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता उत्तरदायित्व कायम गर्दै सुशासन प्रवर्द्धन गर्नु

**रणनीतिहरु**

१.१ नगरपालिकाको नीति, ऐन एवं कानुनहरु समयसान्दर्भिक, व्यवहारिक वनाउने
१.२ कानुनहरुको कार्यान्वयनमा सहजीकरण गर्ने
२.१ सार्वजनिक प्रशासनमा जवाफदेहिता, उत्तरदायी एवं पारदर्शिता कायम गर्ने
२.२ सुशासन प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को नीति, ऐन कानुनहरुलाई व्यवहारिक, समयसान्दर्भिक वनाउने अन्तर्गतको कार्यनीति**

१.१.१. आवश्यकताका आधारमा स्थानीय सरकार प्रभावकारी रुपमा सञ्चालनका लागि विभिन्न नीति, ऐन एवं कानुनहरु निर्माण गरिने छ । यसरी ऐन कानुनहरु निर्माण गर्दा सरोकारवालाहरुको सहभागिता, परामर्श एवं सम्वाद गरिने छ ।
१.१.२. नगरपालिकावाट निर्मित ऐन, कानुनहरुमा विषयक्षेत्रगत विज्ञहरुसंग राय सल्लाह लिदै आमनागरिकवाट पनि सुझाव, प्रतिक्रिया लिने व्यवस्था मिलाइने छ ।
१.१.३. नीति, ऐन कानुनहरु तर्जुमा गर्दा संघीय एवं प्रदेशका विद्यमान नीति, ऐन कानुनहरुलाई आधार मानी त्यस्ता नीति, ऐन कानुनहरुसंग नवाझिने र वेग्लै दोहोरो अर्थ नलाग्ने गरी तर्जुमा गरिने छैन ।
१.१.४. संघ र प्रदेश सरकारसंग समन्वयमा संविधान अनुसार व्यवस्था गरिएका साझा अधिकारका ऐन, कानुनहरु तर्जुमा गरिने छ ।
१.१.५. नगरसभा एवं नगरकार्यपालिका प्रति उत्तरदायी हुने सवै समिति, उपसमितिहरुको जिम्मेवारी, अधिकार क्षेत्र एवं सञ्चालन विधि सम्वन्धी कानुनहरु तर्जुमा गरी क्रियाशील वनाइने छ ।

**रणनीति १.२ को ऐन कानुनहरुको कार्यान्वयनमा सहजीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ ऐन, कानुनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरपालिकामा कानुन शाखा स्थापना गरिने छ। प्रभावकारी रुपमा शाखा सञ्चालनका लागि आवश्यक जनशक्ति एवं साधन श्रोतको व्यवस्था मिलाइने छ ।
१.२.२ कानुनहरु प्रभावकारी कार्यान्वयनका लागि कानुनहरुको अवस्था, जटिलता, वास्तविकता एवं व्यवहारिक समस्या जस्ता विविध पक्षहरुमा अध्ययन अनुसन्धान गरी आवश्यकताका आधारमा परिमार्जन गरी कार्यान्वयनको वातावरण तयार पारिने छ ।
१.२.३ कानुनहरु प्रभावकारी कार्यान्वयनका लागि कानुनी सचेतना तथा साक्षरता कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि सामुदायिक एवं टोल सुधार संस्थाहरुलाई परिचालन गरिने छ ।
१.२.४ शाखाहरुसंग समन्वय, सहकार्य गर्दै कानुनको धर्म, मर्म, अर्थ एवं व्याख्या गर्दै कानुन कार्यान्वयनमा सहजीकरण गरिने छ ।

१.२.५ कानुनहरु कार्यान्वयनका लागि आवश्यकताका आधारमा सीमाना जोडिएका पालिकाहरुसंग समन्वय र सहकार्य गरिने छ ।

**रणनीति २.१ को सार्वजनिक प्रशासनमा जवाफदेहिता, उत्तरदायि र पारदर्शिता कायम अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ सामाजिक जवाफदेहिताका औजारहरु (नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, गुनासो व्यवस्थापन, सुझाव पेटिका, सेवाग्राही अभिमत पत्र लगायत) लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२.१.२ सार्वजनिक सुनुवाई नियमित रुपमा सञ्चालन गरिने छ र नागरिकका सुझाव, प्रतिक्रियाहरुलाई कार्ययोजना वनाई गम्भिरतापूर्वक कार्यान्वनय गरिने छ ।

२.१.३ आयोजना कार्यान्वयन पश्चात लाभान्वित समुदायको सहभागितामा सार्वजनिक परीक्षण, सामाजिक परीक्षण एवं लैङ्गिक परीक्षणलाई नियमित रुपमा सञ्चालन गरिने छ ।

२.१.४ नगरपालिकाका निर्णयहरु, वार्षिक वजेट, कार्यक्रम, योजनाहरु त्यसका प्रगतिहरु नियमित रुपमा अद्यावधिक गर्दै वेवसाइटमा अपलोड गरी सार्वजनिक गरिने छ ।

२.१.५ पालिकाको राजस्व सङ्कलनलाई पारदर्शि वनाउदै मासिक रुपमा सङ्कलित राजस्व सार्वजनिक गरिने छ ।

**रणनीति २.२ को सुशासन प्रवर्द्धन गर्ने अन्तर्गतका कार्यनीतिहरु**

**तालिका नम्वर - ६० :**
**सुशासन ऐन, कानुन तथा न्यायिक सम्पादन : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **नीति, ऐन, कानुनहरु निर्माण** | | | | | | | |
| १.१ | थप नीति, ऐन, कानुनहरु तर्जुमा | कानुन निर्माण | ०.१० | $P_2$ | ९ | १६ | ३ | ३ |
| १.२ | नगरपालिकाका ऐन, कानुनहरुमा अन्तरकिया कार्यकम | कानुनी शिक्षा प्रवर्द्धन | ०.१० | $P_2$ | ९ | १६ | ३ | ३ |
| २. | **कानुनहरुको कार्यान्वयन** | | | | | | | |
| २.१ | कानुन शाखा क्षमता अभिवृद्धि | क्षमता अभिवृद्धि | ०.०५ | $P_2$ | ९ | १६ | ३ | ३ |
| २.२ | कानुनी साक्षरता कार्यकम | कानुनी शिक्षा प्रवर्द्धन | ०.१५ | $P_2$ | ९ | १६ | २ | २ |
| २.३ | कानुन कार्यान्वयनमा सहजीकरण | कानुन कार्यान्वयन | ०.०५ | $P_2$ | ९ | १६ | ३ | ३ |
| ३. | **पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन** | | | | | | | |
| ३.१ | सार्वजनिक सुनुवाई | सुशासन प्रवर्द्धन | ०.२० | $P_2$ | ९ | १६ | १ | ३ |
| ३.२ | आयोजनाहरुको सार्वजनिक परीक्षण | सुशासन प्रवर्द्धन | ०.२० | $P_2$ | ९ | १६ | ३ | २ |
| ३.३ | आयोजना स्थल सूचना पाटी राख्ने | सुशासन प्रवर्द्धन | ०.१० | $P_2$ | ९ | १६ | ३ | ३ |
| ३.४ | सामाजिक परीक्षण | सुशासन प्रवर्द्धन | ०.२० | $P_2$ | ९ | १६ | १ | २ |
| ३.५ | लैससास परीक्षण | सुशासन प्रवर्द्धन | ०.२० | $P_2$ | ९ | १६ | १ | २ |
| ३.६ | वृहत नगर सम्वाद कार्यकम | सुशासन प्रवर्द्धन | ०.१० | $P_2$ | ९ | १६ | २ | ३ |
| ४. | **सुशासन प्रवर्द्धन** | | | | | | | |
| ४.१ | न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकास | क्षमता विकास | ०.१० | $P_2$ | ९ | १६ | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.२ | जनप्रतिनिधि क्षमता विकास | क्षमता विकास | ०.०५ | $P_2$ | ९ | १६ | १ | ३ |
| ४.३ | सामुदायिक संस्था,नागरिक समाज गैसस लगायतका संस्थाहरुमा सुशासन प्रवर्द्धन | क्षमता अभिवृद्धि | ०.१० | $P_2$ | ९ | १६ | २ | ३ |
| ४.४ | आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण | सुशासन प्रवर्द्धन | ०.०५ | $P_2$ | ९ | १६ | २ | ३ |

२.२.१ नगरपालिकामा सुशासन समिति गठन गर्दै जिम्मेवारी एवं अधिकार क्षेत्र निर्धारण गरी क्रियाशील वनाइने छ। यसका लागि आवश्यक जनशक्ति साधन श्रोतको व्यवस्था मिलाई सुशासनयुक्त नगरपालिका वनाइने छ।

२.२.२ सेवाग्राहीहरु बीच समन्वय, सहकार्यका माध्यमवाट सुमधुर अन्तर सम्वन्धको वातावरण सिर्जना गरी सुशासनको अनुभूति गराइने छ।

२.२.३ विद्युतीय सूचना प्रविधिको विकास गर्दै सूचनाको पहुँचमा सहजता ल्याउदै सूचनाको हकलाई प्रत्याभूति गरिने छ।

२.२.४ मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्यायिक समितिलाई प्रभावकारी वनाइने छ। तालिम, अनुशिक्षण अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरी न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीहरुको कानुनी साक्षरतामा अभिवृद्धि ल्याइने छ।

२.२.५ नगरपालिकाको कार्यसम्पादनको प्रभावकारीता मापन गर्दै आर्थिक प्रणालीलाई पारदर्शि तथा वित्तीय सुशासनको सुनिश्चितता गरिने छ।

## घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ।

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि सुशासन, ऐन कानुन तथा न्यायिक व्यवस्था क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

**तालिका नम्वर - ६१ :**

**सुशासन ऐन, कानुन तथा न्यायिक व्यवस्था : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | जनसहभागितामूलक सुशासनको प्रवर्द्धन एवं प्रत्याभूति भएको हुने | | | | | | |
| १ नगरपालिकाको सेवावाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ८० | ८५ | ९० | ९५ | सेवाग्राही अभिमत पत्र | अनलाइन सेवा उपलव्ध हुने |
| **१. असर तह :** | स्थानीय ऐन, नियम, कानुनहरुको निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने | | | | | | |
| २ सहभागितात्मक ढङ्गवाट निर्माण भएका ऐन कानुनहरु | संख्या | ४१ | ६० | ७० | ८० | उपस्थिति पुस्तिका | अर्थपूर्ण सहभागिता |
| **१.१ प्रतिफल** | स्थानीयहरुको सहभागितामा नीति, ऐन कानुनहरु निर्माण भएको हुने | | | | | | |
| ३ पालिकाको एकल अधिकार अन्तर्गत निर्मित ऐन लगायत सवै कानुनहरु | संख्या | ४१ | ६० | ७० | ८० | प्रकाशित राजपत्र, पृष्ठ पोषणका माध्यमहरु | |
| ४ राजपत्रमा प्रकाशित भएका कानुनहरु | संख्या | ४१ | ६० | ७० | ८० | | |
| ५ कानुनहरु निर्माणमा नागरिकले पृष्ठ पोषण गर्ने माध्यमहरु | संख्या | ५ | ५ | ५ | ५ | | |
| **१.२ प्रतिफल** | ऐन कानुनहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने | | | | | | |

| तालिका नम्बर - ६१ :<br>सुशासन ऐन, कानुन तथा न्यायिक व्यवस्था : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| ६ सम्पन्न भएका कानुनी सचेतना तथा साक्षरता कार्यक्रम | संख्या | ० | ३ | ५ | ९ | पालिकाको वार्षिक प्रगति समीक्षा | |
| ७ कानुन कार्यान्वयनका लागि भएका अध्ययन अनुसन्धानवाट परिमार्जन तथा संशोधन भएका कानुनहरु | संख्या | ० | १० | १५ | २० | | |
| ८ अन्तरपालिका समन्वय र सहकार्यमा कार्यान्वयन भएका कानुनहरु | संख्या | ० | १ | २ | ३ | | |
| **२. असर तह :** | सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता कायम गर्दै सुशासन प्रवर्द्धन भएको हुने | | | | | | |
| ९ नियमित अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारहरु | संख्या | ५ | ५ | ७ | १० | प्रगति समीक्षा | |
| **२.१ प्रतिफल :** | सार्वजनिक प्रशासनमा जवाफदेहिता, उत्तरदायि एवं पारदर्शिता कायम भएको हुने | | | | | | |
| १० सम्पन्न भएका सार्वजनिक सुनुवाई | संख्या | १ | १ | २ | २ | कार्यक्रम सम्पन्न प्रतिवेदनहरु | अर्थपूर्ण सहभागिता भएको हुने |
| ११ सम्पन्न सार्वजनिक परीक्षण | संख्या | | | | | | |
| १२ फछ्र्यौट भएका गुनासाहरु (प्राप्त गुनासाहरुको आधारमा) | प्रतिशत | | ८० | ९० | ९५ | | |
| **२.२ प्रतिफल** | सुशासन प्रवर्द्धन भएको हुने | | | | | | |
| १३ अनलाइन गरिएका सार्वजनिक सेवा | संख्या | ३ | ३ | ४ | ५ | वार्षिक प्रगति समीक्षा, न्यायिक समितिको प्रतिवेदन | सुशासन प्रवर्द्धन भएको हुने |
| १४ सार्वजनिक सूचनाको हक प्रयोग गर्ने | संख्या | | ३० | ४० | ५० | | |
| १५ न्यायिक समितिवाट फछ्र्यौट भएका कूल मुद्दाहरु (दर्ता भएका कूल संख्याका आधारमा) | प्रतिशत | २३ | ३५ | ५० | ७० | | |

## ८.२ वित्तीय श्रोत परिचालन

### क) पृष्ठभूमि

१५ औं राष्ट्रिय योजनामा कर तटस्थताको सिद्धान्त वमोजिम करको आधार फराकिलो वनाई कर दक्षतामा सुधार गर्ने, संघ प्रदेश र स्थानीय तहको करका दर निर्धारण गर्दा आर्थिक वृद्धिमैत्री कर प्रणालीको नीति अवलम्वन गर्ने, राजस्व वचत वृद्धि गरी विकास वित्तमा परिचालन गर्ने, आर्थिक क्रियाकलापको विस्तार र औद्योगीकरणका लागि आवश्यक पूर्वाधारमा लगानी वृद्धि गर्ने, सार्वजनिक खर्चमा विनियोजना कुशलता र सञ्चालन दक्षता कायम गरी उत्पादनशील क्षेत्र र अर्थतन्त्र विस्तार गर्ने, सार्वजनिक लगानीको उच्च माग सम्वोधन गर्न सार्वजनिक निजी साझेदारीका उपयुक्त लगानी ढाँचा अवलम्वन गरी पूँजी निर्माणमा लगानी वृद्धि गर्ने, चालु खर्चमा मितव्ययिता कायम गर्दै लक्षित सीमामा राख्ने जस्ता परिकल्पना भएको छ। त्यसैगरी आन्तरिक राजस्व अभिवृद्धिका लागि कानुनहरु निर्माण गरी आफ्नो अधिकार क्षेत्रभित्र कर तथा गैरकर राजस्व सङ्कलन गर्न सक्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ। यसरी स्थानीय सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले मुलतः आन्तरिक र वाह्य गरी दुई प्रकारका श्रोतवाट आय आर्जन गर्न सक्ने छ। यसका अलवा क्षमताको आधारमा स्थानीय तहले आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि गरिएको छ भने संघ र प्रदेशवाट अनुदानहरु (सशर्त, समपूरक र विशेष), वित्तीय समानीकरण र राजस्व वाँडफाँड पाउने व्यवस्था मिलाइएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- सीमित आन्तरिक श्रोत
- पूँजीवृद्धि, छिटो प्रतिफल आउने क्षेत्रमा न्यून वजेट विनियोजन
- निजी तथा सहकारी एवं समुदायसंग प्रभावकारी सहकार्यको अभाव
- पूँजीगत तर्फको विनियोजित रकमको न्यून खर्च
- करदाताको तथ्याङ्कीय डाटा तथा करशिक्षाको अभाव
- करका दरहरु समय सान्दर्भीक, व्यवहारिक एवं प्रगतिशील कर प्रणालीको अभाव
- करतिर्ने र नतिर्ने करदाताहरुको वीच समान व्यवहार र तिर्ने करदाताहरु क्रमशः हतोत्साही
- करराजस्व भन्दा गैरकर राजस्वमा सङ्कलनमा जोड, त्यसैमा केन्द्रीत
- लागत सहभागितमा उपभोक्ता समितिहरुको आवद्धता नाममात्रको हुने गरेको
- करप्रशासन राजस्व सङ्कलन तथा वुझ्ने कार्यमा मात्रै सीमित

**मुख्य चुनौतिहरु**

- वाह्य श्रोत माथिको अधिक परनिर्भरता घटाउनु खासगरी संघ र प्रदेशको अनुदानमा आश्रित
- जनस्तरमा कर तिर्नुपर्छ भन्ने भावनाको विकसित गर्नु
- करदाताहरुलाई कर सञ्जालमा ल्याई नियमित रुपमा कर भुक्तानी गर्ने वनाउनु
- आन्तरिक कर राजस्वमा वृद्धि ल्याउनु
- निजी तथा सहकारी क्षेत्रको लगानीमा थप वृद्धि ल्याउनु

**मुख्य सम्भावना तथा अवसरहरु**

- सार्वजनिक निजी साझेदारीका उपयुक्त सवै मोडेलहरु अवलम्वन गर्दै निजी तथा सहकारी क्षेत्रलाई थप लगानी वृद्धि गर्न आकर्षित गर्न सकिने
- योजनाहरु उपभोक्ता समितिहरुवाट सञ्चालन हुँदै आएको सन्दर्भमा आयोजना निर्माण सम्पन्न पश्चातको मर्मत सम्भारको जिम्मेवारी पनि थप गर्दै आयोजनाहरुलाई दिगो, गुणस्तरीय वनाउन सकिने
- करका दरलाई न्यून गर्दै हरेक क्षेत्रको दायरा वृद्धि गरी आन्तरिक कर राजस्वमा वृद्धि ल्याउन सकिने
- एकीकृत सम्पत्ति कर लागु गर्दै सम्पत्ति (घरजग्गा) को मूल्याङ्कनलाई वैज्ञानिक वनाई सोही आधारमा प्रगतिशील कर प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनवाट कर राजस्वमा अभिवृद्धि आउन सक्ने
- सक्षम कर्मचारीको व्यवस्था गरी कर प्रशासनलाई प्रविधिमैत्री वनाइ करदाताले आ-आफ्नो क्षेत्र, कार्यालयवाट राजस्व भुक्तानीको व्यवस्था मिलाउन सकिने

### ग) लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यनीति

**लक्ष्य :** वित्तीय श्रोतलाई व्यवस्थित एवं पूँजी निर्माणका क्षेत्रमा परिचालन गर्दै वित्तीय सुशासन प्रवर्द्धन भएको हुने

**उद्देश्य**

१. दिगो, भरपर्दो तथा पूँजी निर्माणका क्षेत्रहरुमा परिचालनवाट आन्तरिक राजस्वमा अभिवृद्धि ल्याउनु
२. वित्तीय सुशासन प्रवर्द्धन गर्नु

**रणनीतिहरु**

१.१ वित्तीय श्रोतलाई पूँजी निर्माण हुने क्षेत्रमा परिचालन गर्ने
१.२ आन्तरिक राजस्वमा अभिवृद्धि ल्याउने
२.१ कर प्रशासनलाई सुदृढीकरण गर्दै प्रभावकारी वनाउने
२.२ वित्तीय सुशासन प्रवर्द्धन गर्दै जोखिम न्यूनीकरण गर्ने

**कार्यनीतिहरु**

**रणनीति १.१ को पूँजी निर्माण हुने क्षेत्रमा वित्तीय श्रोत परिचालन गर्ने अन्तर्गका कार्यनीतिहरु**

१.१.१ नगरपालिकाको अधिनमा रहेका सार्वजनिक जग्गाहरुको उपयोगका लागि आवश्यक कानुनी व्यवस्था मिलाई लिजमा उपलव्ध गराइने छ ।

१.१.२ नगर विकास कोषसंग सहकार्य गर्दै नगरपालिका क्षेत्रभित्रका मुख्यमुख्य वजार क्षेत्रहरुमा वहुउद्देश्यीय भवनहरु निर्माण गरी लिजमा उपलव्ध गराइने छ ।

१.१.३ वजार सम्भाव्यता अध्ययनका आधारमा कृषि प्रवर्द्धनसंग सम्वन्धित जैविक मल उत्पादन केन्द्र चिस्यान केन्द्र, गोदामघर, कृषि हाटवजार जस्ता पूर्वाधारहरुमा श्रोत परिचालन गरिने छ । यसका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ ।

१.१.४ सामाजिक क्षेत्रसंग सम्वन्धित प्राविधिक शिक्षालय, आइटि कलेज, खेलकुद विद्यालय, साँस्कृतिक सङ्ग्रहालय, लगायतका पूँजी निर्माण हुने क्षेत्रहरुमा श्रोत परिचालन गरिने छ ।

१.१.५ सहकारी एवं समुदायसंग सहकार्य गरी पर्यटकीय पूर्वाधारहरुमा वित्तीय श्रोत परिचालन गरिने छ ।

**रणनीति १.२ को आन्तरिक आय अभिवृद्धि ल्याउने अन्तर्गका कार्यनीतिहरु**

१.२.१ सम्भाव्यताका अध्ययनका आधारमा राजस्व वृद्धिका लागि दिगो, भरपर्दो नयाँ क्षेत्रको पहिचान गर्दै कार्यान्वयनमा ल्याइने छ ।

१.२.२ करका दायराहरु विस्तार गर्दै कर प्रणालीमा नआएका, छुटेका एवं अनियमित भएका करदाताहरुलाई कर प्रणालीमा आवद्ध गर्दै कर भुक्तानीमा विशेष छूटको व्यवस्था मिलाइने छ ।

१.२.३ आन्तरिक राजस्व अभिवृद्धिका लागि कर राजस्वमा केन्द्रीतकृत हुँदै एकीकृत सम्पत्तिकर लागु गर्दै व्यवसाय कर र घरवहाल कर जस्ता प्रमुख करहरुलाई प्रभावकारी वनाइने छ ।

१.२.४ आर्थिक वर्षको पहिलो तीन महिना भित्र कर भुक्तानी गर्ने करदातालाई छूटको व्यवस्था मिलाइने छ ।

१.२.५ राजस्व सुधार कार्ययोजनालाई कार्यान्वयन गरिने छ ।

**रणनीति २.१ को कर प्रशासनलाई सुदृढीकरण गर्दै प्रभावकारी वनाउने अन्तर्गका कार्यनीतिहरु**

२.१.१ राजस्व परामर्श समितिलाई कियाशील वनाइने छ । समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गरिने छ ।

२.१.२ नगरपालिकाका जनप्रतिनिधि, समितिका सदस्यहरु, कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि राजस्व प्रशासन सम्वन्धी अभिमुखीकरण, अनुशिक्षण एवं तालिमहरु सञ्चालन गरिने छ ।

२.१.३ दक्ष जनशक्ति, आवश्यक साधन, श्रोतहरुको व्यवस्था मिलाउदै आन्तरिक लेखा परीक्षणलाई सक्रिय वनाउदै नियमित रुपमा आन्तरिक लेखा परीक्षण गरी देखिएका कमि कमजोरीहरुलाई समयमै शुद्धीकरण गरिने छ ।

२.१.४ राजस्व सम्वन्धी अभिलेखीकरणलाई प्रविधिमैत्री वनाइने छ । सवै प्रकारका करदाताहरुको डेटावेस तयार पार्दै अद्यावधिक गरिने छ ।

२.१.५ राजस्व सङ्कलनलाई प्रविधिमैत्री वनाउदै अनलाइन गरिने छ । अनलाइन मार्फत आवश्यक कागजात अपलोड गर्न मिल्ने, करदाता दर्ता, कर दाखिला, कर निर्धारण, कर परीक्षण, कर सङ्कलन गर्न मिल्ने, मोवाइल वैंकिङ तथा क्युआरकोड मार्फत राजस्व भुक्तानी गर्न मिल्ने, रसिद लिन मिल्ने वनाउदै राजस्व प्रशासनलाई प्रभावकारी वनाइने छ । यसका लागि अलगै कम्प्युटर सफ्टवेयर विकास गरिने छ ।

**रणनीति २.२ को वित्तीय सुशासन प्रवर्द्धन गर्दै जोखिम न्यूनीकरण गर्ने अन्तर्गका कार्यनीतिहरु**

२.२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा सार्वजनिक खर्च मापदण्ड वनाई खर्चमा मितव्ययिता, श्रोत विनियोजनमा प्रभावकारीता ल्याइने छ ।

२.२.२ वार्षिक खरिद ऐन तथा योजना तर्जुमा गदै अनलाइन, ई-विडिङ्गको व्यवस्था मिलाई पारदर्शि वनाइने छ ।

२.२.३ आन्तरिक नियन्त्रण निर्देशिका निर्माण गरी वित्तीय जोखिम न्यूनीकरण गरिने छ ।

२.२.४ आर्थिक कारोवारलाई मासिक, चौमासिक, वार्षिक रुपमा अद्यावधिक गर्दै वेवसाइट मार्फत सार्वजनिक गरिने छ । लेखापरीक्षणमा नियमितता ल्याइने छ र लेखापरीक्षणले औल्याएका कैफियतहरुलाई तत्काल सम्वोधन गर्दै प्रतिवेदन वेवसाइटमा अपलोड गरिने छ ।

२.२.५ सरकारी वाँकी वक्यौदाहरु असुलउपर एवं वेरुजु फछ्र्यौटलाई प्रभावकारी वनाउदै वेरुजु लगतलाई अद्यावधिक गरिने छ ।

### घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ६२ :**
**वित्तीय श्रोत परिचालन : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **वित्तीय श्रोत पूँजी निर्माण क्षेत्रमा परिचालन** | | | | | | | |
| १.१ | पूँजी निर्माण क्षेत्रमा लगानी प्रवर्द्धन कार्यक्रम | लगानी प्रवर्द्धन | १०.०० | $P_2$ | ९ | १७ | ३ | ३ |
| १.२ | निजी, सहकारी क्षेत्रसंग सहकार्य | लगानी प्रवर्द्धन | १०.०० | $P_2$ | ९ | १७ | ३ | ३ |
| २. | **आन्तरिक आय अभिवृद्धि** | | | | | | | |
| २.१ | करका दायरा विस्तार कार्यक्रम | कर संकलन वृद्धि | ०.१० | $P_1$ | ९ | १७ | ३ | ३ |
| २.२ | करका श्रोतहरु पहिचान अध्ययन | कर संकलन वृद्धि | ०.१५ | $P_2$ | ९ | १७ | ३ | ३ |
| २.३ | करदाता डाटावेस तयार | कर संकलन वृद्धि | ०.१० | $P_2$ | ९ | १७ | ३ | ३ |
| २.४ | आर्थिक ऐन निर्माण, परिमार्जन तथा संशोधन | कर संकलन वृद्धि | ०.१० | $P_2$ | ९ | १७ | ३ | ३ |
| २.५ | करका दरहरु परिमार्जन | कर संकलन वृद्धि | ०.१० | $P_2$ | ९ | १७ | ३ | ३ |
| ३. | **कर प्रशासन सुदृढीकरण** | | | | | | | |
| ३.१ | कर शिक्षा कार्यक्रम | कर संकलन वृद्धि | ०.१५ | $P_2$ | ९ | १७ | २ | ३ |
| ३.२ | राजस्व परामर्श समितिका सदस्य एवं कर्मचारी क्षमता विकास | क्षमता विकास | ०.०५ | $P_2$ | ९ | १७ | १ | ३ |
| ३.३ | राजस्व प्रशासन प्रविधिमैत्री | क्षमता विकास | ०.१५ | $P_2$ | ९ | १७ | ३ | ३ |
| ३.४ | आलेपको क्षमता विकास | क्षमता विकास | ०.०५ | $P_2$ | ९ | १७ | २ | ३ |
| ४. | **वित्तीय सुशासन प्रवर्द्धन** | | | | | | | |
| ४.१ | स्थानीय सार्वजनिक खर्च मापदण्ड निर्माण | सुशासन प्रवर्द्धन | ०.०५ | $P_2$ | ९ | १७ | ३ | ३ |
| ४.२ | करदातासंग अन्तरक्रिया कार्यक्रम | करदाता प्रोत्साहन | ०.१५ | $P_2$ | ९ | १७ | २ | ३ |
| ४.३ | करदाता सम्मान, पुरस्कार | करदाता प्रोत्साहन | ०.१० | $P_2$ | ९ | १७ | २ | ३ |
| ४.४ | लेखा तथा आर्थिक शाखा क्षमता विकास | क्षमता विकास | ०.१० | $P_2$ | ९ | १७ | २ | ३ |
| ४.५ | वेरुजु फछ्र्यौट अभियान | सुशासन प्रवर्द्धन | ०.०५ | $P_2$ | ९ | १७ | ३ | ३ |

### ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि वित्तीय श्रोत परिचालन क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ६३ :**
**वित्तीय श्रोत परिचालन : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** | वित्तीय श्रोतलाई व्यवस्थित, पूँजी निर्माणका क्षेत्रहरुमा परिचलान गर्दै वित्तीय सुशासन प्रवर्द्धन भएको हुने | | | | | | |
| १ कुल वजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १३.३२ | १४ | १६ | १८ | वार्षिक प्रगति समीक्षा | कर प्रशासन प्रभावकारी हुने |
| **१. असर तह :** | दिगो, भरपर्दो तथा पूँजी निर्माणका क्षेत्रहरुमा वित्तीय श्रोत परिचालन गरी आन्तरिक राजस्वमा अभिवृद्धि भएको हुने | | | | | | |
| २ आन्तरिक आयमा भएको वृद्धिदर | प्रतिशत | ३६.२ | ३७ | ३८ | ४० | राजस्व अभिलेख | कर प्रशासन प्रभावकारी हुन |
| **१.१ प्रतिफल** | वित्तीय श्रोत पूँजी निर्माणको क्षेत्रमा परिचालन भएको हुने | | | | | | |
| ३ कूल पूँजीगतमा भएको खर्च | प्रतिशत | ४९.१ | ५० | ६० | ८० | वार्षिक प्रगति समीक्षा | नगर विकास कोषवाट ऋण व्यवस्था हुने |
| ४ वहुउद्देश्यीय भवनहरु | संख्या | | १ | १ | २ | | |
| ५ सार्वजनिक, निजी साझेदारीमा भएको लगानी | प्रतिशत | ० | ५ | ८ | १० | | |
| **१.२ प्रतिफल** | आन्तरिक राजस्वमा अभिवृद्धि भएको हुने | | | | | | |
| ६ कर राजस्वमा भएको वृद्धि | प्रतिशत | २६.७ | २७ | २८ | ३० | राजस्व सङ्कलन अभिलेख | कर प्रशासन प्रभावकारी भएको हुने |
| ७ गैरकर राजस्वमा भएको वृद्धि | प्रतिशत | (११.५) | ५ | ७ | १० | | |
| ८ दायरा विस्तारवाट भएको करदाता संख्यामा वृद्धि | प्रतिशत | ५ | २० | ३५ | ५० | | |
| **२. असर तह :** | वित्तीय सुशासन प्रवर्द्धन भएको हुने | | | | | | |
| ९ विनियोजित वार्षिक वजेटको कूल वास्तविक खर्च | प्रतिशत | ५७.६ | ५८ | ६० | ६२ | प्रगति समीक्षा | खरिदव्यवस्थापन प्रभावकारी हुने |
| **२.१ प्रतिफल :** | राजस्व प्रशासन सुदृढीकरण भई प्रभावकारी भएको हुने | | | | | | |
| १० राजस्व प्रशासनमा कार्यरत जनशक्ति | संख्या | २ | २ | ३ | ५ | प्रगति समीक्षा | कर प्रशासन प्रभावकारी भएको हुने |
| ११ सम्मानित एवं पुरस्कृत करदाता | संख्या | ० | ५ | ५ | ५ | | |
| १२ दर्ता भएका कूल करदाताहरु | संख्या | | | | | | |
| **२.२ प्रतिफल** | वित्तीय सुशासन प्रवर्द्धन भएको हुने | | | | | | |
| १३ सरकारी वाँकी, वक्यौदा एवं वेरुजु मध्ये यस वर्षको फछ्र्यौट | प्रतिशत | २२ | २५ | ३० | ३५ | वार्षिक प्रगति समीक्षा | नगर प्रशासन प्रभावकारी भएको हुने |
| १४ लक्षित वर्गमा भएको वजेट विनियोजन | प्रतिशत | ०.९२ | १ | २ | ४ | | |
| १५ प्रतिव्यक्ति वजेट खर्च | रु. हजार | ५.५० | ५.८० | ६.०० | ६.५० | | |

## ८.३ मानव संशाधन, संस्थागत बिकास तथा सेवा प्रवाह

### क) पृष्ठभूमि

स्थानीय तहका काम कारवाहीहरु नागरिकहरुसंग प्रत्यक्ष सम्वन्ध राख्ने भएकाले सार्वजनिक सेवा प्रवाहहरुलाई गुणस्तरीय प्रभावकारी र सुलभ वनाउनु पर्ने प्रावधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा उल्लेख छ । यस अनुसार स्थानीय सरकारको संगठन संरचना चुस्त दुरुस्त, सक्षम नेतृत्व र दक्ष एवं अनुभवी मानव संशाधन हुनुपर्ने परिकल्पना गरिएको छ, जसवाट स्थानीय तहले कार्यकारिणी, व्यवस्थापिकीय अधिकार एवं आर्थिक कार्यप्रणालीलाई

प्रभावकारी रुपमा सञ्चालन गर्न सक्ने छ। स्थानीय स्तरमा सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी एवं व्यवस्थित गर्नुपर्ने, प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ। स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा कर्मचारीका जिम्मेवारी, संख्या र भर्ना गर्न सक्ने, सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिहरुको उपयोग गर्नुपर्ने र जनशक्ति व्यवस्थापन, वृत्ति विकास, क्षमता अभिवृद्धि, जनशक्तिको कार्य जिम्मेवारी बाँडफाँड गर्ने र प्रोत्साहन एवं दण्ड सजाय गर्नसक्ने जिम्मेवारीहरु पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन।

**मुख्य समस्याहरु**

- अनुभवी, दक्ष कर्मचारी र पर्याप्त संख्यामा कर्मचारीको अभाव
- वृत्त विकास, प्रोत्साहन एवं पुरस्कारको व्यवस्था र दरवन्दी अनुसार कर्मचारी अपुग
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणको कमि
- समिति एवं उपसमितिहरु कियाशीलता एवं सकियातामा कमि
- सेवा प्रवाह चुस्तदुरुस्त, छिटोछरितो हुन नसकेको, परम्परागत कार्यशैली
- वडा लगायत शाखा, एकाइ, केन्द्रहरुमा आइसिटिको व्यवस्था भएरपनि सेवा प्रवाहहरु अझैपनि अफलाइनवाटै
- जनप्रतिनिधि, कर्मचारी एवं गैसस, विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमताको अभाव

**मुख्य चुनौतिहरु**

- नतिजामा आधारित कर्मचारी प्रशासनलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउनु
- संघ एवं प्रदेशका मातहातका कर्मचारीहरुको सरुवा, वढुवा, अवकास भइरहदा नियमित कार्यमा प्रभावकारीता ल्याउनु
- संस्थागत संरचनालाई प्रभावकारी एवं स्वचालित वनाउनु
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत वनाउनु
- सेवाग्राहीहरुको सन्तुष्टिमा अभिवृद्धि ल्याउदै सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि वनाउनु

**मुख्य सम्भावना तथा अवसहरु**

- विकास कार्यमा जनप्रतिनिधिहरुको सकियता वढदो, रचनात्मक सहयोग र आपसमा हातेमालो गरी अगाडी वढ्ने सम्भावना
- जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठीहरु सञ्चालन हुँदै आएको, अनुभव, सिकाइहरु एकअर्को पालिकाहरुसंग ग्रहण हुँदै आएको र जनप्रतिनिधिहरुमा प्रशासनिक विधि प्रकियाहरुमा अभ्यासत भइसकेको सन्दर्भमा नीति, कार्यक्रमहरु तर्जुमा तथा डिजाइनमा प्रभावकारी आउन सक्ने
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणहरुमा सहभागिता हुँदै आएको, वृत्तविकास, प्रोत्साहन, उत्कृष्ट कर्मचारी सम्मान र पुरस्कार गर्ने अभ्यासवाट वार्षिक नीति कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्ने
- सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, आइसिटी जडान एवं अनलाइन जनाउदै सेवाप्रवाहमा चुस्तता आउन सक्ने
- सहायता कक्षको व्यवस्थावाट सेवा प्रवाहमा सहजता र सरलता आउने भई सेवाग्राहीको सन्तुष्टि दरमा वृद्धि ल्याउन सक्ने

### ग) लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**लक्ष्य :** संस्थागत सुदृढीकरण विकासवाट गुणस्तरीय सेवा प्रवाह प्रभावकारी भई नागरिकहरुको सन्तुष्टिमा अभिवृद्धि भएको हुने

**उद्देश्य**

१. मानव संशाधनमा व्यवसायिक क्षमता अभिवृद्धि गर्दै संगठनात्मक संरचनाहरु कियाशील वनाउनु
२. सेवा प्रवाहलाई सरल, सहज र सुलभ भई गुणस्तरीय सेवा प्रवाह गर्नु

**रणनीतिहरु**

१.१. सीपयुक्त, दक्ष एवं व्यवसायिक जनशक्ति विकास गर्ने
१.२. संगठनात्मक संरचनालाई प्रभावकारी रुपमा क्रियाशील वनाउने
२.१ सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी वनाउने
२.२ गुणस्तरीय सेवा प्रवाहवाट नागरिकको सन्तुष्टिमा अभिवृद्धि ल्याउने

**कार्यनीतिहरु**

**रणनीति १.१ को मानव संशाधन दक्ष एवं व्यवसायिक वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१.१.१. नगरपालिकाका संगठन तथा व्यवस्थापन सर्भेक्षण गरिने छ। सोको आधारमा संगठन संरचना निर्माण, दरवन्दी सिर्जना एवं भर्ना, कर्मचारी कार्य विवरण तयार पारिने छ।
१.१.२. तालिम, अनुशिक्षण, गोष्ठी लगायतका माध्यमवाट मानव संशाधनको क्षमता अभिवृद्धि गरिने छ।
१.१.३. कर्मचारीहरुको वृत्ति विकासलाई सुनिश्चित गरिने छ। यसका लागि उच्च शिक्षा हासिल, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा हुने तालिम, सेमिनार, कार्यशालाहरुमा सहभागि गराइने छ।
१.१.४. नगरपालिका अन्तर्गत सामुदायिक विद्यालय लगायत पालिकामा कार्यरत कर्मचारीहरुसंग कार्य सम्पादन करार गरी नतिजाको सुनिश्चित गरिने छ। करार अनुसार कार्य सम्पादन गर्ने क्रममा देखिने समस्या चुनौतिहरुलाई निराकरण गर्दै कार्यसम्पादनमा प्रभावकारीता ल्याइने छ।
१.१.५. कार्यसम्पादन प्रभावकारीताको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान एवं पुरस्कृत गरिने छ र सोही अनुसार दण्ड, सजायको व्यवस्था पनि गरिने छ।

**रणनीति १.२ को संगठनात्मक संरचनालाई प्रभावकारी रुपमा क्रियाशील वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ नगरसभा एवं नगर कार्यपालिका प्रति उत्तरदायी हुने समितिहरु गठन गरी क्रियाशील वनाइने छ। यसका लागि आवश्यक जनशक्ति लगायत साधन श्रोतको व्यवस्था मिलाइने छ।
१.२.२ समिति, उपसमितिहरु समावेशीकरणको सिद्धान्तका आधारमा सवै पक्षहरुको प्रतिनिधित्व हुनेगरी गठन गरिने छ र आवश्यकताका आधारमा विषयक्षेत्रगत विज्ञहरुको समेत समावेश गरिने छ।
१.२.३ प्रभावकारी रुपमा परिचालनका लागि गठित समिति, उपसमितिहरुको जिम्मेवारी, अधिकार क्षेत्रहरु निर्धारण गरी समितिहरुको कार्यसम्पादन नियमावली तर्जुमा गरिने छ।
१.२.४ समिति तथा उपसमितिका सदस्यहरुको क्षमता विकासका लागि अभिमुखीकरण, तालिम एवं अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ।
१.२.५ वैदेशिक नगरपालिकाहरुसंग भगनी सम्वन्ध स्थापित गरिने छ र स्थानीय सरकार सञ्चालनमा प्राप्त भएका ज्ञानसीप, सिकाइ लगायतका वारेमा अनुभवहरु आदनप्रदान गरिने छ।

**रणनीति २.१ को सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१. नगरपालिकाका सेवाहरुलाई प्रविधिमैत्री वनाइने छ। यसका लागि कम्प्युटर प्रविधिमा आधारित सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याइने छ।
२.१.२. आवश्यकता र सम्भाव्यताका आधारमा नगरपालिकाका सेवाहरुमा आइसिटि जडान गर्दै अनलाइन गरिने छ। आवश्यक पर्ने कागजातहरु अनलाइन मार्फत डाउनलोड वा अपलोड गर्न मिल्ने व्यवस्था मिलाइने छ।
२.१.३. वडा लगायत नगरपालिका कार्यालयहरुमा उपस्थित भई सेवा लिनुपर्ने अवस्था सेवाग्राहीहरुलाई अनलाइन मार्फत ई-टोकनको व्यवस्था मिलाइने छ।
२.१.४. आर्थिक कारोवारहरुका लागि विद्युती प्रणालीमा आवद्ध गर्दै अनलाइन मार्फत राजस्व भुक्तानी गर्ने व्यवस्था मिलाइने छ।
२.१.५. नगरपालिकाको आफ्नै मोवाइल एप्स निर्माण गरी नागरिकहरुलाई आवद्ध गराउदै नगरपालिकाका सवै सूचना तथा गतिविधिहरु वारे जानकारी नियमित रुपमा गराइने छ।

**रणनीति २.२ को गुणस्तरीय सेवा प्रवाहवाट नागरिकहरुको सन्तुष्टिमा अभिवृद्धि ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ सार्वजनिक सेवाहरुलाई सरल, सुहज र सर्वसुलभ वनाइने छ। यसका लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाइने छ।

२.२.२ सेवा प्रकृति एवं सेवाग्राहीहरुको अवस्थालाई मध्यनजर राख्दै सेवा प्रवाहलाई घरदैलो, घुम्ति सेवा तथा शिविरहरु सञ्चालन गरिने छ ।

२.२.३ नगरपालिका कार्यालयहरुमा सहायता कक्ष सञ्चालन गरी सेवाग्राहीहरुलाई सहजीकरण गरिने छ ।

२.२.४ सेवा प्रवाह पश्चात नागरिक तथा वहिर्गमन अभिमत जस्ता सामाजिक जवाफदेहिका औजारहरु प्रयोग गरी सेवाग्राहीको प्रतिकिया लिई सोही अनुसार सम्वोधन गरिने छ ।

२.२.५ सेवाप्रवाहमा नागरिक वडापत्रमा उल्लेख भए अनुसार हुन नसकेमा सेवाग्राहीलाई क्षतिपूर्तिको व्यवस्था मिलाइने छ ।

## घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ६४ :**
**मानव संशाधन, संस्थागत बिकास तथा सेवा प्रवाह : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **जनशक्तिको क्षमता विकास** | | | | | | | |
| १.१ | तालिम, अनुशिक्षण, प्रशिक्षण कार्यक्रम | क्षमता अभिवृद्धि | ०.२५ | P2 | ९ | १६ | १ | ३ |
| १.२ | उत्कृष्ट कर्मचारी सम्मान एवं पुरस्कृत | कर्मचारी सम्मान | ०.२५ | P2 | ९ | १६ | १ | ३ |
| १.३ | कर्मचारी वृत्त विकास कार्यक्रम | कर्मचारी प्रोत्साहित | ०.५० | P2 | | १६ | १ | ३ |
| १.४ | कर्मचारी प्रोत्साहन कार्यक्रम | ,, | ०.५० | P2 | ९ | १६ | १ | ३ |
| १.५ | करार कर्मचारी भर्ना | सेवा प्रभावकारी | ५.० | P2 | ९ | १६ | १ | ३ |
| २. | **संगठनात्मक संरचना निर्माण** | | | | | | | |
| २.१ | समिति, उपसमितिहरुको जिम्मेवारी तथा कार्यविधि निर्माण | जिम्मेवारी बाँडफाँड | ०.०५ | P2 | ९ | १६ | १ | ३ |
| २.२ | समितिका सदस्यहरुको क्षमता विकास कार्यक्रम | क्षमता अभिवृद्धि | ०.०५ | P2 | ९ | १६ | १ | ३ |
| ३. | **सेवा प्रवाहलाई गुणस्तरीय वनाउने** | | | | | | | |
| ३.१ | कम्प्युटरमा आधारित सफ्टवेयर निर्माण | सेवा प्रभावकारी | ०.५० | P2 | ९ | १६ | ३ | ३ |
| ३.२ | सेवा प्रवाहलाई प्रविधिमैत्री | सेवा प्रभावकारी | ०.२० | P2 | ९ | १६ | ३ | ३ |
| ३.३ | मोवाइल एप्स निर्माण | सेवा प्रभावकारी | ०.२५ | P2 | ९ | १६ | ३ | ३ |
| ४. | **सेवाप्रवाहमा पहुँच अभिवृद्धि** | | | | | | | |
| ४.१ | अनलाइन सेवा प्रवाह | पहुँच अभिवृद्धि | ०.२५ | P2 | ९ | १६ | ३ | ३ |
| ४.२ | घरदैलो घुम्ति कार्यक्रम | पहुँच अभिवृद्धि | ०.१० | P2 | ९ | १६ | २ | ३ |
| ४.३ | सहायता कक्षा सञ्चालन | सेवामा सहजता | ०.५० | P2 | ९ | १६ | २ | ३ |
| ४.४ | नागरिक अभिमत सङ्कलन | प्रतिकिया संकलन | ०.०५ | | ९ | १६ | २ | ३ |

## ङ) नतिजा खाका

आगामी ५ वर्षका लागि मानव संशाधन, संस्थागत विकास एवं सेवा प्रवाह क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।

**तालिका नम्बर - ६५ :**
**मानव संशाधन, संस्थागत बिकास तथा सेवा प्रवाह : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण २०८१/८२ | लक्ष्य परिमाण २०८३/८४ | लक्ष्य परिमाण २०८५/८६ | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तह :** | सीपयुक्त दक्ष, व्यवसायिक जनशक्तिको विकास एवं परिचालनवाट सेवा प्रवाह प्रभावकारी भएको हुने | | | | | | |
| १ संस्थागत क्षमता स्वमूल्याङ्कनमा कूल प्राप्ताङ्क | प्रतिशत | ६१.५ | ६५ | ७० | ७५ | प्रगति समीक्षा | |
| **१. असर तह :** | मानव संशाधनमा व्यवसायिक क्षमता अभिवृद्धि भई संगठनात्मक संचरनाहरु क्रियाशील भएको हुने | | | | | | |
| २ प्रतिएक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | १:० | ०:४५ | ०:३० | ०:२० | सेवाग्राही अभिमत पत्र | अनलाइन सेवा उपलव्ध हुने |
| **१.१ प्रतिफल** | सीपयुक्त दक्ष एवं व्यवसायिक जनशक्ति विकास भएको हुने | | | | | | |
| ३ पालिकाका तालिम प्राप्त जनशक्ति | प्रतिशत | | ६० | ७० | ८० | वार्षिक प्रगति समीक्षा | प्रभावकारी व्यवस्थापन भएको हुने |
| ४ कार्यसम्पादन करार भएका कर्मचारी | संख्या | ० | ९ | ९ | ९ | | |
| ५ सम्मानित एवं पुरस्कृत कर्मचारी | संख्या | ० | १ | ३ | ५ | | |
| **१.२ प्रतिफल** | संगठनात्मक संरचनाहरु प्रभावकारी रुपमा क्रियाशील भएको हुने | | | | | | |
| ६ नगरसभा प्रति उत्तरदायी भएका क्रियाशील समितिहरु | संख्या | ७ | ७ | ७ | ७ | पालिकाको निर्णय पुस्तिका, वार्षिक प्रगति समीक्षा | |
| ७ नगरकार्यपालिका प्रति उत्तरदायी भएका क्रियाशील समितिहरु | संख्या | ७ | ७ | ७ | ७ | | |
| ८ क्षमता विकास कार्यक्रमवाट लाभान्वित समितिका सदस्य तथा जनप्रतिनिधिहरु | संख्या | ० | ४९ | ४९ | ४९ | | |
| **२. असर तह :** | सेवा प्रवाहलाई सरल, सहज र सुलभ भई गुणस्तीय सेवा प्रवाह भएको हुने | | | | | | |
| ९ नगरपालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ८० | ८५ | ९० | ९५ | सेवाग्राही अभिमत पत्र | अनलाइन सेवा उपलव्ध हुने |
| **२.१ प्रतिफल :** | सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी भएको हुने | | | | | | |
| १० मोवाइल एप्समा आवद्ध नागरिकहरु | प्रतिशत | | ५ | १० | २० | सेवाग्राही अभिमत पत्र, अनलाइन जडान | आइसिडि सेवा उपलव्ध हुने |
| ११ थप गरिएका अनलाइन सेवाहरु | संख्या | ३ | ३ | ४ | ५ | | |
| १२ अनलाइन सेवावाट लाभान्वित सेवाग्राहीहरु | प्रतिशत | | ३० | ४० | ५० | | |
| **२.२ प्रतिफल** | गुणस्तरीय सेवावाट नागरिकहरुको सन्तुष्टिमा वृद्धि भएको हुने | | | | | | |
| १३ सञ्चालन भएको घरदैलो तथा घुम्तिसेवाको पटक | संख्या | | ९ | ९ | ९ | वार्षिक प्रगति समीक्षा | प्रभावकारी व्यवस्थापन भएको हुने |
| १४ नागरिक सहायता कक्षावाट लाभान्वित सेवाग्राही | प्रतिशत | | ५० | ५० | ५० | | |
| १५ क्षतिपूर्ति सहित सेवा प्राप्त गर्ने सेवाग्राही | संख्या | ० | ० | ० | ० | | |

## ८.४ योजना व्यवस्थापन

### क) पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले क्षेत्रीय सन्तुलन सहितको समावेशी एवं दिगो आर्थिक विकास गर्ने, रणनीति एवं कार्यक्रमहरु तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने, पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिदैं सन्तुलित वातावरण अनुकूल गर्ने, दिगो एवं गुणस्तरीय भौतिक पूर्वाधारहरु निर्माण गर्ने र विकास प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने नीति अंगिकार गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नगरपालिकाले आवधिक योजना एवं विषयक्षेत्रगत गुरुयोजनाहरु तर्जुमा गर्नुपर्ने, मध्यमकालीन खर्च संरचना, वार्षिक योजना तथा वजेट तर्जुमा गर्नुपर्ने, एवं विषयक्षेत्रगत रणनीतिक योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ । अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको आधारमा आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरण, प्रविधि र पूर्वाधारजन्य विकासका लागि नयाँ आयोजनाहरु तर्जुमा गर्नुपर्ने जिम्मेवारी पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ । योजनाहरु तर्जुमा गर्दा स्थानीय समुदाय, संघसंस्था, निजी तथा सहकारी, नागरिक समाज लगायतका सरोकारवालाहरुको उपस्थितिमा सहभागितामुलक ढङ्गवाट हुनुपर्ने, आयोजनाहरु माथि स्थानीयहरुको स्वामित्व एवं अपनत्व सिर्जना गराउनु गर्ने, आयोजनाहरुको रेखदेख एवं मर्मत सम्भारमा स्थानीय समुदायलाई नै जिम्मेवार वनाउनु पर्ने, आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारीता, गुणस्तरीयता कायम राख्नुपर्ने र आयोजनाहरु समयमै निर्माण गर्नुपर्ने जस्ता जिम्मेवारी पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**मुख्य समस्याहरु**

- कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा हुन नसक्नु
- आयोजनाहरुको दिगोपनामा नीतिगत अभाव, अस्प्रष्टता र सम्वन्धित उपभोक्ता समितिको जिम्मेवारी न्यून
- योजनाहरुको छनौटमा परम्परागत शैली, लाभान्वित वर्गसंग न्यून छलफल अन्तरक्रिया र सप्लाई ड्राइभन
- प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, जलवायु एवं लैङ्गिक सङ्केतहरुसंग छानिएका योजनाहरुको तादात्म्यतामा कमि
- आयोजनाहरु छनौट एवं कार्यान्वयन अघि विस्तृत अध्ययन, इन्जिनियरिङ डिजाइन, आइइ, इआइए, भौगोलिक अवस्थिति, आर्थिक एवं वित्तीय सम्भाव्यता जस्ता पक्षहरुका वारेमा न्यून अध्ययन, विश्लेषण
- वजेट विनियोजन पर्याप्त नहुँदा आयोजनाहरु अपूर्ण, अधुरो र वीचमै काम अलपत्र हुँदै आएको
- लाभान्वित वर्गको सहभागितामा आयोजनाहरुको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन प्रभावकारीताको अभाव, न्यून संख्या हुने गरेको

**मुख्य चुनौतिहरु**

- निर्धारित समयमै आयोजनाहरु सफलतापूर्वक सम्पन्न गर्नु
- आयोजनाहरुमा दिगोपना एवं गुणस्तरीयता कायम राख्नु
- आयोजनाहरुको नियमित मर्मत सम्भार एवं स्थानीयहरुको स्वामित्व स्थापित गर्नु
- ठूला आयोजनाहरुलाई यथेष्ट रुपमा श्रोत व्यवस्थापन (जुटाउनु) गर्नु

**मुख्य सम्भावना तथा अवसरहरु**

- साझा समस्याका अन्तरपालिका (काठमाडौ महानगरपालिका, शंखरापुर, गोकर्णेश्वर, चाँगुनारायण नगरपालिका) सहकार्य र साझेदारीमा फाहोमैला लगायतका ठूला आयोजनाहरु सञ्चालन गर्न सकिने
- वातावरणमैत्री एवं विद्युतमा आधारित अन्तरपालिका यातायात कनेक्टिभिटीमा अभिवृद्धि ल्याउने योजनाहरु (लामा रुटका विद्युतीय सवारी साधनहरु ट्रलीवस, पोडवे, ट्याम्स, छोटा डिव्वाका रेलहरु) सञ्चालन गर्न सकिने
- वडा स्तरवाटै सहभागितामूलक विधिवाट वहुवर्षिय योजनाहरु छनौट गर्दै योजना वैंक तर्जुमा गरी सोही आधारमा वार्षिक योजना तथा वजेट मार्फत आयोजनाहरु कार्यान्वयन गर्न सकिने अभ्यास विकास गर्न सकिने

- जलश्रोतहरु नदी, खोला, झरनालाई अधिकतम सदुपयोग गर्दै रोजगारी सिर्जना एवं आयआर्जन हुने सक्ने योजना (पर्यटन प्रवर्द्धन, मत्स्यपालन, खानेपानी आयोजना, साना सिचाइ) सञ्चालन गर्न सकिने सम्भावना रहेको

## ग) लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु

**लक्ष्य :** सहभागितामूलक योजना तर्जुमा एवं कार्यान्वयनवाट आयोजना माथि स्थानीयहरुको अपनत्व सिर्जना भई दिगोपना आएको हुने

**उद्देश्य**

१. सहभागितामूलक पद्धतिवाट योजना तर्जुमा गर्दै कार्यान्वयनमा प्रभावकारीता ल्याउनु
२. आयोजनाहरु माथि समुदायको अपनत्व सिर्जना गर्दै दिगोपना ल्याउनु

**रणनीतिहरु**

१.१ स्थानीय सरोकारवालहरुको सहभागितामा योजना तर्जुमा गर्ने
१.२ आयोजनाहरु कार्यान्वयनमा निजी तथा सहकारी क्षेत्रसंगको सहकार्य गर्ने
२.१ लाभान्वित वर्ग, समुदायहरुको सहभागितामा योजना कार्यान्वयन गर्दै अपनत्व स्थापित गर्ने
२.२ आयोजनाहरुको नियमन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी वनाउने

**कार्यनीतिहरु**

**रणनीति १.१ को स्थानीय सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा गर्ने अन्तर्गतको कार्यनीति**

१.१.१. स्थानीय सरोकारवालाहरुको सहभागितामा आवधिक, मध्यमकालीन एवं वार्षिक कार्यक्रमहरु, विषयक्षेत्रगत गुरुयोजनाहरु, विषयक्षेत्रगत रणनीतिक योजना, नगर गौरव योजना, आयोजना वैंकहरु तर्जुमा गरिने छ ।
१.१.२. वडमा राजनीतिक दलहरु, सामुदायिक संघसंस्थाहरु, टोलसुधार संस्था, नागरिक समाज, सहकारी, महिला समुह, निजी क्षेत्र, शिक्षा, स्वास्थ्य, उपभोक्ता समिति, स्थानीय वुद्धिजीवि एवं समाजसेवी लगायत सवै पक्षहरुको सहभागितामा वडा स्तरीय योजना तर्जुमा गरिने छ ।
१.१.३. नगरवासी तर कामधन्दाको सिलसिलामा देश एवं विदेशका विभिन्न क्षेत्रहरुमा रहेका नागरिकहरुवाट पनि राय सल्लाह, सुझाव एवं विचारहरु सङ्कलन गरिने छ ।
१.१.४. विभिन्न क्षेत्रका विज्ञता हासिल गरेका नगरवासी, नगरपालिकावाट चुनिएका एवं छनौटमा परेका जनप्रतिनिधिहरु संग एक वेग्लै कार्यक्रमहरु आयोजना गरी योजना तर्जुमामा सहभागि गराउदै सल्लाह, सुझावहरु लिइने छ ।
१.१.५. योजना तर्जुमामा आमनागरिकहरुको पनि सहभागिता गराइने छ । यसका लागि वेवसाइट, सामाजिक सञ्जाल, इमेल, एवं सुझावपेटीकाको व्यवस्था मिलाउदै नागरिकहरुको रायसुझाव, विचारहरु लिइने छ ।

**रणनीति १.२ आयोजना कार्यान्वयनमा निजी, सहकारी क्षेत्रसंगको सहकार्य गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१.२.१ आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यतालिका निर्माण गरिने छ ।
१.२.२ मुलत पूर्वाधार संरचना निर्माणसंग सम्वन्धित ठूला आयोजनाहरु सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।
१.२.३ निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययनका आधारमा विभिन्न क्षेत्रहरु पहिचान गरिने छ । त्यसका आधारमा निजी तथा सहकारी क्षेत्रसंग छलफल अन्तरक्रिया गर्दै लगानी सम्मेलन गरिने छ ।
१.२.४ सार्वजनिक-निजी-साझेदारीको अवधारणा अनुसार आयोजनाहरु कार्यान्वयन गर्ने विविध तरिकाहरु मध्ये उपयुक्त विधि अवलम्वन गरी निजी तथा सहकारी क्षेत्रसंग हातेमालो गरिने छ ।
१.२.५ निजी तथा सहकारी क्षेत्रको लगानीलाई सुरक्षित प्रदान गर्न संघ एवं प्रदेशका कानुनहरुको अधिनमा रही नगरपालिकाले स्थानीय कानुन तर्जुमा गरी कानुनी व्यवस्था मिलाइने छ ।

**रणनीति २.१ को लाभान्वित वर्गको सहभागितामा योजना कार्यान्वयन एवं अपनत्व स्थापित गर्ने अन्तर्गतका कार्यनीतिहरु**

२.१.१ योजनाहरुको कार्यान्वयनमा स्थानीय समुदाय तथा लाभान्वित वर्गको सहभागितालाई अनिवार्य गरिने छ ।
२.१.२ लाभान्वित वर्ग तथा समुदायहरुको प्रतिनिधित्व हुने गरी एक उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत योजनाहरुलाई कार्यान्वयनमा ल्याइने छ ।

२.१.३ योजनाको प्रकृति, वजेट एवं समयावधि जस्ता विविध पक्षहरुलाई आधारमानी कानुन अनुसार साना आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरिने छ ।

२.१.४ लाभान्वित वर्गको आर्थिक एवं सामाजिक अवस्था विश्लेषण गरी पूर्ण वा आंशिक लागत सहभागिता गराई आयोजना माथि लाभान्वित वर्गका स्वामित्व स्थापित गराइने छ ।

२.१.५ सम्पन्न पश्चात आयोजनाहरुको नियमित मर्मत सम्भार, सुरक्षा एवं रेखदेख जस्ता कार्यका लागि लाभान्वित वर्गलाई मुख्य जिम्मेवार वनाउदै आयोजनामा दिगोपना ल्याइने छ। यसका लागि मर्मतसम्भार कोषको व्यवस्था मिलाइने छ ।

**रणनीति २.२ को आयोजना अनुगमन, मूल्याङ्कन प्रभावकारी वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.२.१ नगरपालिकामा अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्दै सवै आयोजनाहरुको नियमित एवं आवधिक दुवै प्रकारवाट अनुगमन तथा मूल्याङ्कन गरिने छ । साना एवं वडा स्तरीय आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी वडा समितिहरुलाई दिई सो कार्यका लागि क्रियाशील वनाइने छ ।

२.२.२ आयोजनाहरु पूर्व निर्धारित सर्त सम्झौता तथा डिपिआरमा उल्लेख भएका वमोजिमका प्रगतिहरुको अनुगमन गर्दै गुणस्तरीयताको सुनिश्चित गरिने छ ।

२.२.३ सरोकारवाला, लाभान्वित वर्ग समुदाय, नागरिक समाजसंग छलफल, अन्तरक्रिया गरी अनुगमनलाई प्रभावकारी वनाइने छ र आवश्यकताका आधारमा मिडियालाई अनुगमनमा परिचालन गर्न सकिने छ ।

२.२.४ हरेक अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार पारिने छ र सल्लाह सुझावलाई गम्भिरतापूर्वक लिदै देखिएका विवाद, लापरवाहीहरुलाई तुरुन्तै कारवाही गरिने छ ।

२.२.५ ठूला वहुवर्षिय आयोजनाहरुको असर एवं प्रभाव मूल्याङ्कनका लागि स्वतन्त्र तथा तेश्रो पक्षवाट गर्ने अभ्यासको विकास गरिने छ ।

**घ) मुख्य कार्यक्रम तथा आयोजनाहरु**

नगरपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर - ६६ : योजना व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजनाहरु**

| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| १. | **सहभागितामूलक योजना तर्जुमा** | | | | | | | |
| १.१ | विषयक्षेत्रगत गुरुयोजना तर्जुमा | योजना तर्जुमा | ०.५० | $P_2$ | १० | १६ | ३ | ३ |
| १.२ | मध्यमकालीन खर्च संरचना तर्जुमा | वित्तीय सुशासन प्रवर्द्धन | ०.२० | $P_2$ | १० | १६ | ३ | ३ |
| १.३ | राजस्व सुधार कार्ययोजना तर्जुमा | आन्तरिक राजस्व अभिवृद्धि | ०.१० | $P_2$ | १० | १६ | ३ | ३ |
| १.४ | संगठन तथा विकास सर्भेक्षण | कर्मचारी व्यवस्थापन | ०.१० | $P_2$ | १० | १६ | २ | ३ |
| १.५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्जुमा | योजना तर्जुमा | ०.१० | $P_2$ | १० | १६ | १ | ३ |
| १.६ | वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा | योजना तर्जुमा | ०.१५ | $P_2$ | १० | १६ | ३ | २ |
| १.७ | विपद् जोखिम न्यूनीकरण कार्य योजना | योजना तर्जुमा | ०.१५ | $P_2$ | १० | १६ | २ | २ |
| २. | **निजी सहकारी क्षेत्रसंगको सहकार्यमा योजना कार्यान्वयन** | | | | | | | |

| तालिका नम्वर - ६६ : योजना व्यवस्थापन : मुख्य कार्यक्रम तथा आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित लागत रकम (रु. करोडमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| २.१ | निजी, सहकारी क्षेत्र अन्तरक्रिया | निजी क्षेत्र अभिमुखीकरण | ०.१५ | $P_2$ | १० | १६ | ३ | ३ |
| २.२ | निजी, सार्वजनिक साझेदारी कार्यक्रम | लगानी प्रवर्द्धन | ५.०० | $P_2$ | १० | १६ | ३ | ३ |
| २.३ | लगानी प्रवर्द्धन अन्तरक्रिया | थप लगानी वृद्धि | ०.१० | $P_2$ | १० | १६ | ३ | ३ |
| ३. | **आयोजनामा स्थानीयहरुको अपनत्व तथा स्वामित्व स्थापना** | | | | | | | |
| ३.१ | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम | उपभोक्त समिति क्षमता विकास | ०.०५ | $P_2$ | १० | १६ | २ | ३ |
| ३.२ | आयोजनाहरुको मर्मत सम्भार | दिगोपना सिर्जना | १.०० | $P_2$ | १० | १६ | ३ | २ |
| ३.३ | आयोजनाहरु समुदायलाई हस्तान्तरण | दिगोपना सिर्जना | १.०० | $P_2$ | १० | १६ | २ | २ |
| ४. | **अनुगमन तथा मूल्याङ्कन** | | | | | | | |
| ४.१ | लाभान्वित वर्ग समुदाय सहितको सहभागितात्मक अनुगमन | आयोजनाको सुपरीवेक्षण | ०.२० | $P_2$ | १० | १६ | ३ | ३ |
| ४.२ | आयोजनाको नियमित अनुगमन, निरीक्षण, | आयोजनाको सुपरीवेक्षण | ०.२५ | $P_2$ | १० | १६ | ३ | ३ |
| ४.३ | सम्पन्न आयोजनाहरुको सार्वजनिक परीक्षण | आयोजनाहरुको लेखाजोखा | ०.२५ | $P_2$ | १० | १६ | ३ | ३ |
| ४.४ | आयोजना स्थलमा सूचना पाटी | आयोजना वारे संक्षिप्त जानकारी | ०.१० | $P_2$ | १० | १६ | ३ | ३ |
| ४.५ | स्वतन्त्र तेश्रो पक्षवाट प्रभाव मूल्याङ्कन | प्रभाव लेखाजोखा | ०.२० | $P_2$ | १० | १६ | ३ | ३ |

**ङ) नतिजा खाका**

आगामी ५ वर्षका लागि योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

| तालिका नम्वर - ६७ : योजना व्यवस्थापन : नतिजा खाका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८० /८१** | **लक्ष्य परिमाण** | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | **२०८१/८२** | **२०८३/८४** | **२०८५ /८६** | | |
| **प्रभाव तह :** | सहभागितामूलक योजना तर्जुमा एवं कार्यान्वयनवाट आयोजना माथि स्थानीयहरुको अपनत्व सिर्जना भई दिगोपना आएको हुने | | | | | | |
| १ निजी, सहकारी क्षेत्रवाट भएको थप लगानी वृद्धिदर | प्रतिशत | ० | ५ | १० | १५ | वार्षिक प्रगति समीक्षा | लगानीका लागि उपयुक्त वातावरण सिर्जना हुने |
| २ समुदायले अपनत्व ग्रहण गरेका आयोजनाहरु (उपभोक्ता समिति वाट सम्पन्न कूल आयोजनाको) | प्रतिशत | ० | ६० | ८० | १०० | | |
| **१. असर तह :** | सहभागितामूलक पद्धतिवाट योजना तर्जुमा भई कार्यान्वयनमा प्रभावकारीता आएको हुने | | | | | | |

**तालिका नम्वर - ६७ :**
**योजना व्यवस्थापन : नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण २०८१/८२ | २०८३/८४ | २०८५/८६ | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| ३ अन्तरपालिका सहकार्य, साझेदारी मा सम्पन्न आयोजनाहरु | संख्या | ० | ० | १ | १ | ,, | अन्तर पालिका समन्वय हुने |
| **१.१ प्रतिफल** | सहभागितात्मक पद्धतिद्वारा रणनीतिक योजना तर्जुमा भएको हुने | | | | | | |
| ४ तर्जुमा भएका विषयक्षेत्रगत गुरु योजनाहरु | संख्या | ० | ० | १ | २ | वार्षिक प्रगति समीक्षा | अन्तर पालिका साझेदारी भएको हुने |
| ५ कूल विनियोजित योजना मध्ये यथार्थमा सम्पन्न हुने | प्रतिशत | | ६५ | ७० | ८० | | |
| ६ सम्पन्न नगर गौरव आयोजनाहरु | संख्या | | १ | २ | ३ | | |
| **१.२ प्रतिफल** | निजी, सहकार्य क्षेत्रको लगानी अभिवृद्धि भएको हुने | | | | | | |
| ७ पालिकाको समन्वयमा निजी तथा सहकारीको एकल लगानीवाट सञ्चालित आयोजनाहरु (पपिपि मोडेलमा) | संख्या | ० | ० | ३ | ५ | वार्षिक प्रगति समीक्षा | लगानीका लागि उपयुक्त वातावरण सिर्जना हुने |
| ८ निजी तथा सहकारी क्षेत्रवाट लगानी भएका क्षेत्रहरु (प्रकार) | संख्या | | ५ | ५ | ५ | | |
| ९ निजी तथा सहकारी क्षेत्रको लगानी प्रवर्द्धनका लागि पालिकावाट आयोजित कार्यक्रम (लगानीसम्मेलन) | संख्या | ० | १ | २ | ३ | | |
| **२. असर तह :** | आयोजना माथि स्थानीय समुदायहरुको अपनत्व सिर्जना भई दिगोपना आएको हुने | | | | | | |
| १० आयोजनाहरुको मर्मत सम्भारका लागि वजेट विनियोजन | प्रतिशत | | १० | १० | १० | प्रगति समीक्षा | |
| **२.१ प्रतिफल :** | आयोजनाहरु माथि स्थानीयहरुको स्वामित्व स्थापित भई दिगोपना आएको हुने | | | | | | |
| ११ कूल आयोजनामा उपभोक्ता समितिवाट कार्यान्वयन भएका आयोजनाहरु | प्रतिशत | | ६० | ६० | ६० | वार्षिक प्रगति समीक्षा | अनुगमन एवं नियमन प्रभावकारी हुने |
| १२ क्रियाशील उपभोक्ता समितिहरु | संख्या | | १५० | १७५ | २०० | | |
| १३ उपभोक्ता समितिवाट लागत सहभागिता अनुसार भएको कूल लगानी | प्रतिशत | | २० | २५ | ३० | | |
| **२.२ प्रतिफल** | आयोजनाहरुको अनुगमन सुपरीवेक्षण एवं अनुगमन प्रभावकारी भएको हुने | | | | | | |
| १४ अनुगमन मूल्याङ्कन समितिवाट अनुगमन भएका कूल आयोजना | प्रतिशत | | ८० | ८५ | ९० | वार्षिक प्रगति समीक्षा | अनुगमन एवं नियमन प्रभावकारी हुने |
| १५ निर्धारित समय वा सोभन्दा अगावै सम्पन्न आयोजनाहरु | प्रतिशत | | ७० | ७५ | ८० | | |
| १६ स्वतन्त्र तेश्रो पक्षवाट भएका आयोजनाहरुको मूल्याङ्कन | संख्या | ० | ० | १ | २ | | |

# परिच्छेद - नौ : वित्तीय व्यवस्था

## ९.१ पृष्ठभूमि

वार्षिक योजना, मध्यमकालीन एवं आवधिक योजनाहरु सञ्चालनमा वित्त व्यवस्थाको भूमिका महत्वपूर्ण रहदै आएको छ । पर्याप्त वित्त व्यवस्थाको अभावमा आयोजनाहरु अधुरो हुने, बीचैमा लथालिङ हुने, सम्पन्न हुन लामो समय लाग्ने, आयोजनाको कूल लागत वढ्दै गई अरु जटिल हुँदै गएको, र नगरपालिकामा उपलव्ध सीमित श्रोतहरु अधिकतम सदुपयोग गर्नुको सट्टा उल्टै दुरुपयोग भई वित्तीय सुशासनको न्यूनतम अवस्था पनि कायम हुन नसकेका उदाहरणहरु हामीमा पर्याप्तै छन् ।

नगरपालिकाले तर्जुमा भएको यस ५ वर्षे आवधिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका लागि वित्तीय व्यवस्थाको भूमिका अहम् हुने हुन्छ । आवधिक योजनामा आयोजना वैंक तयारी पारिन्छ । यस अन्तर्गत वडागत रुपमा वडास्तरीय योजनाहरु, नगरपालिका स्तरीय एवं नगर गौरव योजनाहरु सूचीकृत भएका हुन्छन् । त्यस्ता सूचीकृत योजनाहरुलाई हरेक वर्ष वार्षिक वजेट मार्फत प्राथमिकताका आधारमा क्रमिक रुपमा कार्यान्वयन गर्ने गरिन्छ । यथेष्ट वित्तीय श्रोतको अभावमा त्यसरी सूचीकृत भएका योजनाहरु कार्यान्वयनमा जटिलता देखिन्छ र अन्तत आवधिक योजना अर्थहीन हुने हुन्छ ।

नेपाल संविधान २०७२ र सोलाई कार्यान्वयन गर्न वनेका विभिन्न ऐन कानुन अनुसार नगरपालिकाको आय श्रोत मुलतः आन्तरिक र वाह्य गरी दुई क्षेत्रवाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ । आन्तरिक श्रोत अन्तर्गत कर राजस्वमा सम्पत्तिकर, घरजग्गा कर, व्यवसाय कर, घरवहाल कर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर, विज्ञापन कर र साना सवारी साधनकर पर्दछन् भने वाह्य श्रोतमा संघ र प्रदेश सरकारका अनुदानहरु र राजस्व बाँडफाँड पर्दछन् । अनुदानहरुमा सशर्त, समपूरक र विशेष अनुदानहरु प्रमुख हुन् । उपरोक्त श्रोतहरुको अधिकतम उपयोगवाट निर्धारित लक्ष्य (प्रभाव तहको नतिजा), उद्देश्य (असर तहको नतिजा), उपलव्धि (प्रतिफलहरु) हासिल गर्न सहयोग पुग्नेछ ।

## ९.२ वर्तमान अवस्था

नगरपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा गैरकर राजस्वको भूमिका उल्लेख्य छ । यस अन्तर्गत नक्सापास दस्तुर, सिफरिस, व्यवसाय राजिष्ट्रेशन प्रमुख श्रोतमा रहेका छन् । त्यस्तै कर राजस्व अन्तर्गत सम्पत्ति कर तथा भूमिकर, र घरवहाल करको योगदान वढी छ । कूल आन्तरिक आयमा कर राजस्वको योगदान ३३.६९ र गैरकर राजस्वको योगदान ६६.३१ प्रतिशत रहेको देखिन्छ । नगरपालिकाको कूल श्रोतमा आन्तरिक आयको हिस्सा १३.८५ प्रतिशत जसवाट हेर्दा वाह्य आयमा नगरपालिकाको परनिर्भरता अधिक देखिन्छ । विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, पर्यटन शुल्क, पार्किङ शुल्क आदिवाट नगरपालिकाले राजस्व सङ्कलन गर्न सक्ने सम्भावना भएरपनि पहल हुन सकेको देखिदैन ।

त्यसैगरी वाह्य श्रोततर्फ आर्थिक वर्ष २०७९/८० का लागि रु. १ अर्व ३ करोड ५७ लाख यथार्थमा प्राप्त भएको छ । आर्थिक वर्ष २०७८/७९ मा रु.१ अर्व २० करोड ३२ लाख र आव २०७७/७८ मा रु. ९७ करोड २९ लाख यर्थाथमा प्राप्त भएको थियो । यथार्थ आयको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा करीव १८.५० प्रतिशतले आय वृद्धि हुन सक्ने गरी अनुमान गरिएको छ । वाह्य श्रोतमा सशर्त अनुदान, वित्तीय समानीकरण, र राजस्व बाँडफाँडको क्रमशः भूमिका उल्लेख्य छ ।

## ९.३ अवसर तथा चुनौतीहरू

नगरपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका आधारमा आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न त्यति सहज छैन । बढ्दो जनअपेक्षाको तुलनामा नगरपालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ । आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउन आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कूल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन्छ । त्यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले बिकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान छ ।

## ९.४ उद्देश्य

आवश्यकता र प्राथमिकताका आधारमा समग्र आर्थिक एवं सामाजिक विकासका लागि नगरपालिकाको आन्तरिक एवं वाह्य वित्तीय श्रोतहरुलाई समुचित एवं न्याय सङ्गत ढङ्गवाट वितरण गर्दै परिचालन गर्नु ।

## ९.५ रणनीति

- आन्तरिक एवं वाह्य श्रोतहरुको पहिचान, प्राप्त हुन सक्ने परिमाणको आंकलन गर्दै श्रोतको सुनिश्चिचता गर्ने
- वित्तीय श्रोतलाई प्राथमिकताका आधारमा विषयक्षेत्रगत रुपमा न्यायसंगत ढङ्गले बाँडफाँड तथा वितरण गर्ने
- वित्तीय श्रोतहरुको परिचालनको व्यवस्था मिलाउने

## ९.६ बजेट व्यवस्था

### (क) आन्तरिक आय प्रक्षेपण

आर्थिक वर्ष २०७९/८० को यथार्थ प्राप्तिका आधार वर्ष मानी आ.व.२०८१/८२ देखि आगामी वर्षहरुका लागि आय अनुमान तथा प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय कर तथा सेवा शुल्क वाट सङ्कलन हुन सक्ने राजस्वलाई आधार मानिएको छ। यस अन्तर्गत सम्पत्ति कर वा घरजग्गा कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर, वहाल विटौरी कर, पार्किङ शुल्कका साथ साथै मनोरन्जन कर, विज्ञापन कर लगायत सेवा शुल्क रहेका छन् ।

नगरपालिकाले आगामी ५ वर्षको अवधिमा आन्तरिक आयवाट करीव रु. १ अर्व ८१ करोड २७ लाख राजस्व सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ। यो राजस्व आर्थिक वर्ष २०८१/८२ देखि हरेक आर्थिक वर्षमा औषतमा करीव १२.३७ प्रतिशतले आन्तरिक आय वढ्न सक्ने आधारमा आय प्रक्षेपण गरिएको छ।

तालिका/ग्राफचित्र- ६८
आन्तरिक आय प्रक्षेपण (रकम रु. लाखमा)

| आन्तरिक आय | आव २०७९।८० | आव २०८१।८२ | आव २०८३।८४ | आव २०८५।८६ | जम्मा |
|---|---|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | १४६.२९ | १९३.४७ | २५५.८७ | ३३८.३९ | १३०४.५० |
| भूमिकर तथा मालपोत | १४५.८७ | १९२.९१ | २५५.१३ | ३३७.४१ | १३००.७१ |
| घरवहाल कर | ४६८.६२ | ६१९.७६ | ८१९.६३ | १०८३.९६ | ४१७८.६६ |
| वहाल विटौरी | ०.३९ | ०.५६ | ०.८१ | १.१७ | ४.२१ |
| अन्य संस्थागत आन्तरिक अनुदान | ३००.०० | ३३०.७५ | ३६४.६५ | ४०२.०२ | १८२७.६० |
| न्यायिक दस्तुर | १.२४ | १.५० | १८२४.९० | २.२० | ९.२० |
| शिक्षा क्षेत्रको आय | १८.३८ | २२.२४ | २६.९१ | ३२.५६ | १३५.७९ |
| परीक्षा शुल्क | ३.४३ | ४.१५ | ५.०२ | ६.०७ | २५.३४ |
| यातायात क्षेत्रको आय | ७.०६ | ९.३४ | १२.३५ | १६.३३ | ६२.९७ |
| अन्य प्रशासनिक शुल्क | ३१.५४ | ३८.१६ | ४,६१८ | ५५.८७ | २३३.०० |
| नक्सापास दस्तुर | ६१७.८१ | ७४७.५५ | ९०४.५३ | १०९४.४८ | ४५६३.८७ |
| सिफारिस दस्तुर | २७४.३० | ३३१.९० | ४०१.६० | ४८५.९४ | २०२६.३० |
| व्यक्तिगत घटना : जरिवाना | ७.६५ | ९.२६ | ११.२१ | १३.५६ | ५६.५६ |
| नाता प्रमाणित दस्तुर | ४.७६ | ५.७७ | ६.९८ | ८.४४ | ३५.२२ |
| अन्य दस्तुर | ४.७० | ६.२२ | ८.२३ | १०.८८ | ४१.९५ |
| व्यवसाय रजिष्ट्शन दस्तुर | १८३.१७ | २६३.७७ | ३७९.८२ | ५४६.९५ | १९६२.८७ |
| प्रशासनिक दण्ड जरिवाना | १५.८४ | १९.१७ | २३.१९ | २८.०६ | ११७.०४ |
| अन्य राजस्व | २६.७२ | ३५.३३ | ४६.७३ | ६१.८० | २३८.२६ |
| वेरुजु फछ्र्यौट | ०.४० | ०.४८ | ०.५८ | ०.७१ | २.९६ |
| **जम्मा : आन्तरिक आय** | **२२५,८.२४** | **२८३२.३६** | **३५७१.३१** | **४५२६.९१** | **१,८१२७.१२** |
| **वृद्धिदर प्रतिशत (औषत)** | **१२.३७** | | | | |

### ख) वाह्य श्रोत प्रक्षेपण

नगरपालिकाको वजेट श्रोतमा वाह्य श्रोतको भूमिका उल्लेख्य छ । कूल वजेटको करीव ८६.१५ प्रतिशत योगदान यही वाह्य श्रोतको रहने छ । यस अर्थमा नगरपालिका पूर्णत वाह्य श्रोतमा आश्रित देखिन्छ । वाह्य श्रोतहरुमा वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँड रहेका छन् । नगरपालिकाले आन्तरिक ऋण, सहयोगी संघ संस्था, गैसस तथा वैदेशिक संस्थावाट प्राप्त हुन सक्ने सहयोग र उपभोक्ता तथा लाभान्वित वर्ग समुदायवाट हुन सक्ने लागत सहभागितालाई प्रक्षेपणमा समावेश गरिएको छैन ।

आगामी ५ वर्षको अवधिमा वाह्य श्रोतवाट कूल रकम रु.११ अर्व २७ करोड ८ लाख प्राप्त हुने अनुमान गरिएको छ । आधार वर्ष २०८०/८१ मा रु.१ अर्व २६ करोड ५० लाख वाह्य श्रोत प्राप्त हुने अनुमान गरिएको छ । समग्रमा १८.७४ प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमान गरिएको छ । ५ वर्षको अवधिमा संघ र प्रदेश सरकारवाट प्राप्त हुने सहयोगमा तुलनात्मक रुपमा संघवाट प्राप्त हुने अनुदानको अंश अधिक छ । करीव ५५.८० प्रतिशत संघवाट र प्रदेश सरकारवाट करीव ७.१८ प्रतिशत अनुदान प्राप्त हुन सक्ने अनुमान गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख भएको छ ।

**तालिका/ग्राफचित्र- ६९**
**वाह्य श्रोत प्रक्षेपण (रकम रु. लाखमा)**

| **वाह्य श्रोत** | वास्तविक आय २०७९।८० | आव २०८०।८१ | आव २०८१।८२ | आव २०८३।८४ | आव २०८५।८६ | जम्मा |
|---|---|---|---|---|---|---|
| संघ : वित्तीय समानीकरण | १७९२.१५ | २१५०.५८ | २५८०.६९ | ३७१६.२० | ५३५१.३३ | १,९२०४.५० |
| संघ : सशर्त अनुदान चालु | ३२३५.७१ | ३८८२.८५ | ४६५९.४२ | ६७०९.५६ | ९६६१.७७ | ३,४६७३.५५ |
| संघ : सशर्त पूँजीगत | २४०.७६ | २८८.९१ | ३४६.७० | ४९९.२५ | ७१८.९२ | २५८०.०१ |
| संघ : विशेष अनुदान | ३९१.०० | ४६९.२० | ५६३.०४ | ८१०.७७ | ११६७.५१ | ४१८९.९१ |
| संघ : समपूरक अनुदान | १२०.०० | १४४.०० | १७२.८० | २४८.८३ | ३५८.३१ | १२८५.९० |
| प्रदेश : वित्तीय समानीकरण | १९५.८५ | २३५.०२ | २८२.०२ | ४०६.११ | ५८४.८० | २०९८.७० |
| प्रदेश : सशर्त अनुदान चालु | १८२.९२ | २१९.५० | २६३.४० | ३७९.३० | ५४६.१९ | १९६०.१५ |
| प्रदेश : विशेष अनुदान चालु | ६५.०० | ७८.०० | ९३.६० | १३४.७८ | १९४.०८ | ६९६.५३ |
| प्रदेश : समपूरक अनुदान | २९९.८० | ३५९.७६ | ४३१.७१ | ६२१.६६ | ८९५.१९ | ३२१२.६२ |
| राजस्व वाँडफाँड | ३८३४.१३ | ४६००.९६ | ५५२१.१५ | ७९५०.४६ | १,१४४८.६६ | ४,१०८६.२२ |
| जनसहभागिता | १९२.९२ | २२१.८६ | २५५.१४ | ३३७.४२ | ४४६.२५ | १७२०.२८ |
| **जम्मा : वाह्य श्रोत** | **१,०५५०.२५** | **१,२६५०.६६** | **१,५१६९.७०** | **२,१८१४.३९** | **३,१३७३.०७** | **११,२७०८.४४** |
| **वृद्धिदर प्रतिशत (औषत)** | **१९.९२** | | | | | |

### ग) कूल श्रोत प्रक्षेपण

नगरपालिकालाई ५ वर्षको अवधिमा आन्तरिक आयवाट रु.१ अर्व ८१ करोड २७ लाख र वाह्य श्रोतवाट रु.११ अर्व २७ करोड ८ लाख गरी कूल रु.१३ अर्व ८ करोड ३५ लाख वरावरको श्रोत परिचालन हुने अनुमान प्रक्षेपण गरिएको छ ।

प्रतिशतमा आन्तरिक आय कूल श्रोतको १३.८५ र वाह्य श्रोत ८६.१५ हुन्छ । यसरी प्राप्त हुने श्रोतहरु वार्षिक औषतमा करीव १८.७४ प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका/ग्राफचित्र- ७० :**
**कूल श्रोत प्रक्षेपण**
**रकम रु. लाखमा**

| | आव २०७९।८० | आव २०८०।८१ | आव २०८१।८२ | आव २०८३।८४ | आव २०८५।८६ | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा : आन्तरिक आय** | २२५८.२४ | २५२७.३८ | २८३२.३६ | ३५७१.३१ | ४५२६.९१ | १,८१२७.१२ |
| **जम्मा : वाह्य श्रोत** | १,०५५०.२५ | १,२६५०.६६ | १,५१६९.७० | २,१८१४.३९ | ३,१३७३.०७ | ११,२७०८.४४ |
| **कूल : आन्तरिक र वाह्य श्रोत** | १,२८०८.४९ | १,५१७८.०४ | १,८००२.०६ | २,५३८५.७० | ३,५८९९.९८ | १३,०८३५.५६ |
| **वृद्धि दर** | | १८.५० | १८.६१ | १८.८० | १८.९६ | |
| **औषत वृद्धिदर** | १८.७४ | | | | | |

## घ) विषयक्षेत्रगत वजेट वाँडफाँड

आवधिक नगर बिकास योजना तजुमा कार्यशालाको कममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल गर्न तथा प्रस्तावित कार्यक्रमहरु सञ्चालनका लागि वजेट विषयक्षेत्रगत रुपमा वाँडफाँड गरिएको छ । ५ वर्षको अवधिमा प्राप्त हुन सक्ने कूल अनुमानित रकम रु.१३ अर्व ८ करोड ३५ लाखमा आर्थिक क्षेत्रलाई २० प्रतिशत वजेट वाँडफाँड भएको छ भने सामाजिक क्षेत्रलाई २५ प्रतिशत वजेट निर्धारण भएको छ । त्यसैगरी पूर्वाधार क्षेत्रलाई ३५ प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रलाई १० प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई १० प्रतिशत वजेट अनुमान भएको छ । यस सम्वन्धी विस्तृत विवरण तालिका नम्वर ६६ मा प्रस्तुत गरिएको छ ।

**तालिका/ग्राफचित्र- ७१**
**विषय क्षेत्रगत वजेट प्रक्षेपण**

| **विषय क्षेत्र** | **प्रतिशत** | **रकम (रु. लाखमा** | **विषय क्षेत्र** | **प्रतिशत** | **रकम (रु.लाखमा)** |
|---|---|---|---|---|---|
| **आर्थिक बिकास** | **२०** | २,६१६७.११ | सडक, यातायात | १५ | १,९६२५.३३ |
| कृषि बिकास | ५ | ६५४१.७७ | आवास तथा वस्ती | १५ | १,९६२५.३३ |
| सिंचाइ | ३ | ३९२५.०६ | विद्युत तथा वैकल्पिक ऊर्जा | २ | २६१६.७१ |
| उद्योग व्यापार तथा व्यवसाय | ४ | ५२३३.४२ | सूचना तथा सञ्चार | ३ | ३९२५.०६ |
| पर्यटन बिकास | ५ | ६५४१.७७ | **बन, वातावरण तथा विपद** | **१०** | १,३०८३.५५ |
| वैंक, वित्तीय संस्था सहकारी | १ | १३०८.३५ | बन तथा जैविक विविधता | ४ | ५२३३.४२ |
| श्रम तथा रोजगार | २ | २६१६.७१ | भू तथा जलाधार संरक्षण | १ | १३०८.३५ |
| **सामाजिक बिकास** | **२५** | ३,२७०८.८९ | वातावरण तथा स्वच्छता | २ | २६१६.७१ |
| शिक्षा | ७ | ९१५८.४८ | विपद व्यवस्थापन | ३ | ३९२५.०६ |
| आधारभूत स्वास्थ्य | ५ | ६५४१.७७ | **सुशासन, संस्थागत बिकास** | **१०** | १,३०८३.५५ |
| खानेपानी तथा सरसफाइ | ५ | ६५४१.७७ | ऐन, नियम र जवाफदेहिता | १ | १३०८.३५ |
| लक्षित वर्ग, सामाजिक समावेशीकरण | ४ | ५२३३.४२ | संस्थागत, मानब संशाधन, सेवा प्रवाह | ३ | ३९२५.०६ |
| युवा तथा खेलकुद | ३ | ३९२५.०६ | वित्तीय श्रोत परिचालन | ४ | ५२३३.४२ |
| कला भाषा, संस्कृति सम्पदा | १ | १३०८.३५ | योजना व्यवस्थापन | २ | २६१६.७१ |
| **पूर्वाधार बिकास** | **३५** | ४,५७९२.४४ | **कूल वजेट** | | **१३,०८३५.५६** |

# परिच्छेद - दश : नगर गौरव आयोजना

## १०.१ पृष्ठभूमि

गौरव आयोजना छनौट गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास स्थानीय तहका लागि नयाँ हो । केन्द्र सरकारले राष्ट्रिय गौरवका आयोजनाहरु छनौट गरी सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास यस अघि देखि नै हुँदै आएको छ । यसको प्रारम्भ आर्थिक वर्ष २०६८/६९ देखि भएको हो । शुरुमा १७ वटा विभिन्न आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाहरुमा छनौट गरिए र सो पश्चात आर्थिक वर्ष २०७७/७८ मा अरु थप गरी हाल २६ वटा राष्ट्रिय गौरवका आयोजनाहरु केन्द्रीय सरकारवाट कार्यान्वयन हुँदै आएका छन् । प्रभाव तहमा यसको परिणाम यकिन भइनसकेपनि मुख्यत, गौरव आयोजनाहरुवाट आर्थिक, सामाजिक, साँस्कृतिक एवं वातावरणीय दृष्टिले महत्व राख्ने, गुणस्तरीय जीवन एवं साझा पहिचानमा सकरात्मक अभिवृद्धि ल्याउने विश्वास गरिन्छ । सामान्यतय, यस्ता आयोजनाहरु वहुउद्देश्यीय, वहुवर्षीय, वहुपक्षीय हुने हुन्छन् । लगानी, सहकार्य एवं साझेदारीका आधारमा त्यस्ता आयोजनाहरु वार्षिक कार्यक्रमहरु भन्दा फरक र महत्वकाक्षी पनि हुन्छन् तापनि अन्तर सम्वन्धित एवं आपसमा तादात्म्यता हुन्छन् । स्थानीय तहहरुले पनि संघको अभ्यासलाई आत्मसाथ गर्दै गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनमा ल्याउन सक्छन् । त्यस्तो अभ्यासका लागि आयोजनाहरुको प्रकृति एवं कार्यान्वयनका लागि पालिकाका विद्यमान ऐन, नियम तथा मापदण्डहरु उपयुक्त नहुन पनि सक्छन् । स्थानीय तहले त्यस प्रकारका आयोजनाहरु संघ, प्रदेश, निजीक्षेत्र, सहकारी एवं अन्य बिकास साझेदारहरुसंगको सहकार्य, साझेदारी वा सहलगानीको माध्यमबाट सञ्चालन गर्न सक्नेछन् ।

नगरपालिकाले छनौट गरेका देहाय वमोजिमका गौरव आयोजनाहरु छनौट भएका छन् । उपरोक्त आयोजनाहरु बिषयक्षेत्रगतका कार्यक्रमहरुमा सूचीकृत भएका छैनन् ।

## १०.२ आयोजना छनौटका आधारहरु

नगर गौरव आयोजना छनौटका आधारहरु देहाय वमोजिम निर्धारण गरिएको छ ।

- आयोजनाको वहुआयामिक प्रभाव (आर्थिक, सामाजिक, साँस्कृतिक)
- पूँजी लगानी
- आयोजना सम्पन्न हन लाग्ने समयावधि न्यूनतम ५ वर्ष
- आयोजनाको भौगोलिक सम्वन्धीकरण (अन्तरपालिका, जिल्ला तथा क्षेत्र)
- आयोजनाको प्राथमिकता
- परिवर्तनको सम्वाहक

उपरोक्त पक्षहरुलाई मध्यनगर राख्दै गौरव आयोजना छनौट भएका छन् । सामान्यतय, गौरव आयोजनाहरु वहुवर्षीय हुने, आयोजनामा वहुपक्षको सहयोग, लगानी तथा साझेदारी हुने भएकाले वार्षिक कार्यक्रम तथा योजनाहरु भन्दा फरक छन् । नगरपालिकाको विद्यमान ऐन, नियम तथा मापदण्डवाट यसको कार्यान्यवन तथा व्यवस्थापन प्रभावकारी नभई यसका लागि एक अलगै मापदण्ड निमार्ण गर्नुपर्ने हुन सक्छ ।

## १०.३ नगर गौरवका योजना

**तालिका/ग्राफचित्र - ७२ : नगर गौरव आयोजनाहरु**

| सि.नं. | आयोजनाहरु | अनुमानित वजेट रकम रु. करोडमा | वजेट श्रोत | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | नगरपालिका तथा सहयोग संस्था |
| १. | सूचना प्रविधि हव (Knowledge- based Economy promotion) | १५ | संघ | - | नगरपालिका |
| २. | वहुउद्देश्यीय व्यवसायिक भवन | ३० | - | - | नगरपालिका |
| ३. | स्पोर्ट्स हव | २० | - | प्रदेश | - |

**तालिका/ग्राफचित्र - ७२ :**
**नगर गौरव आयोजनाहरु**

| सि.नं. | आयोजनाहरु | अनुमानित वजेट रकम रु. करोडमा | वजेट श्रोत | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | नगरपालिका तथा सहयोग संस्था |
| ४. | पर्यटन प्रवर्द्धन तथा सञ्जाल विकास | १५ | - | प्रदेश | नगरपालिका |
| ५. | नदी, खोला कोरिडर निर्माण | २५ | संघ | - | नगरपालिका |
| ६. | आर्थिक सवलीकरण कार्यक्रम | २० | - | प्रदेश | नगरपालिका |
| **जम्मा** | | १२५ | | | |

# परिच्छेद - एघार :
# क्षेत्रीय बिकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी

## ११.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अंगिकार गरेको छ । यसै सिद्धान्तका आधारमा संघ, प्रदेश र स्थानीय तह बीचको सम्वन्ध स्थापित हुने करा नेपालको संविधान २०७२ को धारा २३२ (१) मा उल्लेख गरिएको छ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा पनि यसै पक्षलाई विशेष जोड दिदै उल्लेख गरिएको छ र यसै ऐनको दफा २६ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि बिभिन्न क्षेत्रमा साझेदारी वा संयुक्त व्यवस्थापन गर्न सकिने कानुनी व्यवस्था गरिएको छ ।

परिवर्तित सन्दर्भमा स्थानीय सरकारहरुको आफ्नो कार्यक्षेत्रमा मात्र सीमित रही विविध कृयाकलापहरु सञ्चालन गरिरहेको अवस्था छ। स्थानीय तहहरु वीच सहकार्य, साझेदारी, सहलगानीका संस्कारहरुको अभ्यास हुन सकिरहेको छैन । स्थानीय तहहरु एक अर्कासंग परिपूरक हुन सक्ने र त्यसबाट लाभ हासिल गर्न सक्ने पक्षहरुमा पनि त्यति ध्यान केन्द्रीत हुन सकिरहेका छैनन् । समान भूगोल तथा विविध भौगोलिक परिवेश एवं साँध सीमाना जोडिएका नगरपालिकाहरु वीच अन्तरपालिकाहरु वीच तुलनात्मक लाभ हासिल गर्न, आयोजनाको लागत न्यूनीकरण गर्न, पालिकाहरुसंग भएका श्रोत साधनहरुको अधिकतम सदुपयोग गर्न र सेवा प्रवाहमा प्रभावकारीता ल्याउन पालिकाहरुको वीचमा सहकार्य, साझेदारी, संयुक्त व्यवस्थापन एवं समन्वयमा विविध एवं ठूला-ठूला परियोजनाहरु समेत सञ्चालन भई क्षेत्रीय विकासमा सन्तुलन कायम राख्न सकिने सम्भावना प्रवल भएतापनि त्यसतर्फ खासै पहल हुन सकिरहेको छैन । भौगोलिक वनावट, विषमता, प्राकृतिक श्रोतहरुको उपलब्धता जस्ता पक्षहरुका आधारमा पालिकाहरु एक आपसमा समान छैनन् । आन्तरिक तथा वित्तीय श्रोतको सीमितता, उपलब्ध श्रोतहरुको दिगो उपयोग र वितरण जस्ता विविध कारणहरुवाट पालिकाहरु वीचको भिन्नता अरु वढ्दो छ । तापनि पालिकाहरु आफ्नै क्षेत्राधिकारमा सीमित छन् र सो परिधिमा विकासका सम्भावनाहरुको खोजी भइरहेको छ । यस्ता कार्यहरुवाट नागरिकहरुको वढ्दो आकाङ्क्षाको सम्वोधन हुन सकिरहेको छैन । यसर्थ, वदलिदो परिवेशसंगै भौगोलिक वनौट, दूरी तथा सामीप्यता, श्रोत साधनहरुको उपलब्धता र साझा लाभका आधारमा अन्तरपालिका सहकार्य र समन्वयको आवश्यकता अपरिहार्य भइसकेको छ ।

उपरोक्त पक्षहरुलाई मध्येनजर राख्दै देहायका क्षेत्रमा यस क्षेत्रका नगरपालिकाहरु वीच देहाय वमोजिमका आयोजना तथा परियोजना सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ :

क. सडक यातायात निर्माण र अन्तरपालिका सञ्जाल विकास

ख. प्रकृति प्रकोप न्यूनीकरण, विपद् व्यवस्थापन

ग. फोहोरमैला बिसर्जन, प्रशोधन केन्द्रको बिकास वा सञ्चालन,

ङ. दमकल तथा एम्वुलेन्स सेवा सञ्चालन

च. एकीकृत वस्ती बिकास तथा भूउपयोग

छ. स्थानीय संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन

उपरोक्त पक्षलाई मनन गर्दै नगरपालिकाले सीमाना जोडिएका, नजिकका पालिकाहरु वीच सहकार्य, समन्वय तथा साझेदारीमा आपसी लाभाका आधारमा ठूला प्रकृतिका आयोजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्ने भएको छ । यसका साथै पालिकावाट स्थानीय गैर सरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थाहरुलाई समेत क्रियाशील वनाउने र आयोजनाहरु सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै हातेमालो गर्ने भएको छ ।

## ११.२ सम्भावना, अवसर तथा समस्या र चुनौति

| तालिका/ग्राफचित्र - ७३ :<br>अन्तरपालिका रणनीतिक साझेदारी : सम्भावना, अवसर तथा समस्या र चुनौति | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ प्राकृतिक सम्पदाहरुको उपलब्धता<br>➧ धार्मिक, ऐतिहासिक एवं सांस्कृतिक क्षेत्रहरु<br>➧ पर्यटन क्षेत्रहरु<br>➧ विश्व सम्पदामा सूचीकृत सम्पदाहरु | ➧ क्षेत्रीय बिकासका आधारमा सहकार्य, लगानी, साझेदारी सम्वन्धी साझा अवधारणा (मोडालिटी) विकास, श्रोतहरुको न्यायोचित सदुपयोग, समान वितरण, साझा लाभ आर्जन तथा बाँडफाँडमा एकरुपता कायम गर्नु<br>➧ नगरपालिकाहरु वीच साझेदारी विकास गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ सडक सञ्जाल लगायत भौतिक पूर्वाधारहरुको विकास<br>➧ पर्यटन, शिक्षा एवं स्वास्थ्यको क्षेत्रमा उल्लेख्य प्रगति हासिल<br>➧ नगरपालिकाहरुमा जनशक्ति संशाधन, संगठनात्मक संरचना विकास, नीति कार्यक्रमहरु कार्यान्वयनमा | ➧ राजनीतिक तथा प्रशासनिक नेतृत्वमा पालिकाहरु वीच साझा लाभका लागि सहकार्य र साझेदारी गर्ने सम्वन्धी अवधारणा विकास नहुनु<br>➧ क्षेत्रीय स्तरमा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान, त्यसको विस्तृत सम्भाव्यता अध्ययन नहुनु<br>➧ संघ, प्रदेश एवं स्थानीय तहमा आयोजनाहरु सञ्चालन सम्वन्धी कानुनहरु निर्माण नहुनु |

## ११.४ उद्देश्य

क) भौगोलिक, सामाजिक, आर्थिक रुपमा सीमान जोडिएका नगरपालिकाहरु वीच समग्र रुपमा साझेदार नगरपालिकाहरुको आर्थिक सामाजिक बिकासका लागि साझा तथा पारस्परिक हितका वृहत एवं रुपान्तरणकारी आयोजना तथा कार्यक्रमहरुको सम्भावनाको खोजी गर्नु

ख) साझा हित र रणनीतिक क्षेत्रीय आयोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा परियोजना बिकास, सह लगानीको खाका, कार्यान्वयन ढाँचा, लाभको समानुपातिक वितरण जस्ता पक्षहरुमा साझा अवधारणा तय गर्न साझा संयन्त्रको प्रारुप तयार पार्नु

ग) भौगोलिक, आर्थिक एवं सामाजिक रुपमा प्रचुर सम्भावना भएका तथा क्षेत्रीय रुपमा तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभका रणनीतिक महत्वका आयोजना एवं कार्यक्रमहरुको पहिचान, विश्लेषण एवं सूची तयार पार्दै सञ्चालनमा ल्याउनु

## ११.५ रणनीति

१. क्षेत्रीय विकासका लागि अन्तरपालिका संयन्त्र विकास गर्ने
२. प्राकृतिक श्रोत साधन तथा सम्पदाहरु दिगो रुपमा उपयोग गर्ने
३. क्षेत्रीय विकासका लागि सहयोगी संस्था तथा निजी क्षेत्रसंग सहकार्य, साझेदारी गर्ने

## ११.६ कार्यनीति

**रणनीति १ अन्तर्गतको क्षेत्रीय विकासका लागि अन्तरपालिका संयन्त्र विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ प्रदेशिक ऐन, कानुन एवं स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको क्षेत्रीय बिकासका लागि अन्तरपालिका सहकार्य, साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी अवधारणा बिकास गरिने छ ।

१.२ अन्तरपालिका सहकार्य तथा साझेदारीका लागि साझा संरचना, संगठनात्मक संरचना, ऐन, नियम तथा कार्यविधिहरु निर्माण गरिने छ ।

१.३ अन्तरपालिका सहकार्य वा साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी परियोजनाहरुको पहिचान गरी आ-आफ्नो रणनीतिक योजना दस्तावेजमा सूचिकृत गरी प्राथमिकता र सम्भाव्यताको आधारमा श्रोत साधनको बिनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

१.४ क्षेत्रीय बिकासका लागि अन्तरपालिका सहकार्य वा साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी संयन्त्रलाई यस्ता आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र मूल्याङ्कन प्रतिवेदन सम्बन्धित पालिकाको वेबसाइटमा राखी सार्वजनिक गरिने छ ।

**रणनीति २ को प्राकृतिक श्रोतहरुको दिगो उपयोग अन्तर्गतका कार्यनीतिहरु**

२.१ क्षेत्रीय स्तरमा तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभका वस्तुहरुको पहिचान, विश्लेषण र सम्भाव्यता अध्ययन गरिने छ ।

२.२ स्थान विशेषमा उपलव्ध श्रोतहरुको दिगो उपयोगका लागि सहकार्य एवं साझेदारीका आधारमा उत्खनन, विकास तथा प्रवर्द्धन गरिने छ ।

२.३ स्थान विशेषमा उपलव्ध श्रोत साधनको दिगो उपभोगका लागि सम्वन्धित पालिकाको आवश्यकता र दामासाहीका आधारमा अन्तरपालिकामा वितरणको व्यवस्था मिलाइने छ ।

**रणनीति ३ को क्षेत्रीय विकासका लागि सहयोगी संस्था तथा निजी क्षेत्रसंग सहकार्य साझेदारी अन्तर्गतका कार्यनीतिहरु**

३.१ ठूला ठूला आयोजनाहरु निर्माण हस्तान्तरण, निर्माण सञ्चालन तथा हस्तान्तरण जस्ता तरिकाहरु अपनाइ निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । यसका लागि आवश्यक कानुनहरु निर्माण गरिने छ ।

३.२ बिकास साझेदार संस्था एवं गैरसरकारी संस्थाहरुसंगको सहयोग तथा सहकार्यमा आयोजनाहरु सञ्चालन गरिने छ ।

### ११.७ सहकार्यका क्षेत्र तथा कार्यक्रमहरु

**तालिका/ग्राफचित्र - ७४ :**
**सहकार्य हुन सक्ने क्षेत्रहरु**

| सहकार्यका सम्भाव्य क्षेत्र | सम्भाव्य परियोजना | उपयुक्त क्षेत्र |
|---|---|---|
| धार्मिक एवं साँस्कृतिक पर्यटन प्रवर्द्धन | साँस्कृतिक सम्पदा, सङ्ग्रहालय, होमस्टे, रिसोर्ट, पर्यटकीय सर्किट | आपसी सहमतिका आधारमा |
| विद्युतीय यातायात सेवा | ट्रलीवस, पोडवे, ट्याम, छुटाछुटा डिव्वाका रेल | आपसी सहमतिका आधारमा |
| फोहोरमैला व्यवस्थापन | ग्याँस, मल उत्पादन, स्यानिटरी पार्क निर्माण | आपसी सहमतिका आधारमा |
| विपद् जोखिम न्यूनीकरण | संरक्षित आश्रय स्थल, | आपसी सहमतिका आधारमा |

उपरोक्त बिषय क्षेत्रसंग सम्बन्धित सम्भाव्य आयोजनाहरुको पूर्व सम्भाव्यता (प्रिफिजिविलिटी) अध्ययन, सम्भाव्यता अध्ययनको आधारमा आर्थिक तथा सामाजिक रुपमा उपयुक्त र बित्तीय (लगानी तथा प्रतिफल) को दृष्टिकोणबाट प्रतिफलयुक्त आयोजनाहरुको बिस्तृत परियोजना प्रस्ताव प्रतिवेदन (डिपिआर) समेत तयार पारी उपयुक्त संयन्त्र निर्माण गरी कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।

# परिच्छेद - बाह्र : कार्यान्वयन योजना

## १२.१ पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासंग अन्तर सम्बन्धित बिषय मानिन्छ । संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो । आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसंग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी बिकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ। आवधिक योजनाको सन्दर्भमा पनि पालिकाको निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारबालाहरु समेतको सक्रिय सहभागितामा बिभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, ती उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति र कार्यनीति अन्तर्गत क्षेत्रगत बिषयगत प्रमुख कार्यक्रमहरु र क्षेत्रगत र बिषयगत लक्ष्य परिमाणलाई नगरपालिकाको बार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा स्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## १२.२ वर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिको सन्दर्भमा पालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सीमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उद्देश्य (असर) तह र लक्ष्य (प्रभाव) तह अर्थात दीर्घकालीन र मध्यमकालीन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । त्यसैगरी स्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सीमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा पालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तिका लागि के कति स्रोतको आवश्यकता पर्दछ र हालको स्रोत परिचालनको आधारमा के कति स्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

हाल उपलव्ध सीमित जनशक्ति, कमजोर संस्थागत संरचना, सीमित स्रोत साधन उपयोग गरी केही गैरसरकारी संघसंस्थाको सीमित आर्थिक तथा प्राविधिक सहयोग र कार्यक्रमहरु परिचालन गरी बार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर प्रस्तावित आवधिक नगर बिकास योजनाले आत्मसात गरेको दीर्घकालिन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्यहरु, लक्ष्य सूचक हासिल गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ, प्रदेश तथा अन्तर स्थानीय तह) वीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहवीच क्षेत्रीय रणनीतिक साझेदारी बिकास गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान, साझा हित र उद्देश्यमा सहलगानी, सहकार्य, उत्पादन, रोजगारी श्रृजना, व्यवसायीकरण, औद्योगिकीकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघसंस्था, बिकास साझदारहरु एवं दातृनिकायहरु लगायत सेवा प्रदायकहरु समेतको एकिकृत प्रयास वा सहभागिता अभिबृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकता छ ।

## १२.३ कार्यान्वयन कार्ययोजना

नगरभाबाट आवधिक बिकास योजना स्वीकृत भएपछि यसका आधारमा नगरपालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाइने गरिन्छ र उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्ने गरिन्छ ।

## १२.४ मार्गदर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने गरिन्छ । उक्त मार्गदर्शनका साथसाथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनु पर्दछ ।

## १२.५ कार्यान्वयन विधिको छनौट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई नगरपालिकामा पठाउनु पर्ने हुन्छ र नगरसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचक समेत उल्लेख गर्ने गरिन्छ र सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाइने गरिन्छ ।

नगरपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजना समेत बनाउनु पर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि नगरपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ । यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलाप प्रति जिम्मेवार बनाउनु पर्दछ ।

### १२.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट सभाबाट पारित भएपछि नगरप्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र अख्तियारी दिनु पर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ (क) फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्ने छ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित नगरप्रमुखाबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्ने छ । यसरी अख्तियारी जारी गर्नु भन्दा पहिले सवै शाखा, उपशाखा र वडा कार्यालय वा जिम्मेवार निकायवाट तोकिएको निर्दिष्ट ढाँचामा चौमासिक विभाजन सहतिको कार्यान्वयन योजना माग गरी स्वीकृत गरिनु पर्ने छ र उक्त कार्यान्वयन योजनामा जिम्मेवारी किटान समेत गरिनु पर्ने छ। यसका सार्थ कार्यान्वयनको तरिका समेत निर्धारण गरिसक्नु पर्ने छ ।

### १२.७ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले आत्मसात गरेको दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ। वार्षिक कार्यान्वयन कार्ययोजनाको ढांचा अनुसुची २ मा समावेश गरिएको छ ।

### १२.८ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित क्रियाकलापहरूको आधारमा अनुगमन योजना बनाई नगरपालिका उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ । उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ । त्यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह बिकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

# परिच्छेद - तेह्र : अनुगमन तथा मूल्याङ्कन

## १३.१ पृष्ठभूमि
स्थानीय तहको बिकासको मेरुदण्डको रूपमा रहेका बिकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्व:अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक बिकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तद्अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ ।

## १३.२ वर्तमान अवस्था
नगरपालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । बिकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधि सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ । यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

## १३.३ अवसर र चुनौती
योजनाबद्ध बिकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले नगरपालिकाका प्रमुख उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै नगरपालिकाका उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने बिकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको छ । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन । अनुगमनका लागि भिन्दै बजेट विनियोजन समेत पर्याप्त हुन सकेको देखिदैन । त्यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आ-आफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तह सम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण छ । अनुगमनको महत्वबोध गराउन नसकिदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन । कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

## १३.४ उद्देश्य
आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित गरी संस्थागत गर्नु ।

## १३.५ रणनीति
अनुगमन प्रणालीलाई संस्थागत सुदृढ र नतिजामुखी बनाउने ।

## १३.६ कार्यनीतिहरु
१ स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइने छ ।

२ आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको बिकास गरी मध्यावधि मूल्याङ्कन गरिने छ ।

३ आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिने छ ।

४ विषयगत कार्यक्रमहरूको कार्यक्रमागत सूचकहरूको निर्माण गरी तद्अनुसार अनुगमन गरिने छ ।

५ अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको बिकास गरी, तद्अनुसार क्षमता बिकासका साथै बजेटको व्यवस्था गरिने छ ।

६ अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइने छ ।

७ प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा पालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिने छ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइने छ ।

८ चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिने छ ।

९ योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइने छ । यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु बिकास गरी आबद्ध गरिने छ ।

१० आवधिक बिकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिने छ ।

११ अनुगमन र मूल्याङ्कन प्रतिवेदन पालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिने छ ।

## १३.७ कार्यक्रम
१. संस्थागत संयन्त्रका स्थापना र क्षमता बिकास

२. अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन

३. अनुगमन कार्यान्वयन कार्यक्रम

४. समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

## १३.८ अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय
आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगरकार्यपालिकाको हुनेछ र यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिने छ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहाय अनुसार रहेका छन् :

१. कार्यपालिका तथा विषयगत समिति

२. सुपरीवेक्षण तथा अनुगमन समिति

३. जिल्ला समन्वय समिति

४. विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था

५. नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहने छ।

१. स्थलगत अनुगमन
२. कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना
३. नागरिक अनुगमन
४. सहभागितामूलक मध्यावधि समीक्षा
५. सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ

**तालिका/ग्राफचित्र : ७५**
**आवधिक योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने, चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने, बार्षिक कार्य योजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने, |

# अनुसूचीहरु

# अनुसूची- १
## नगरपालिकाको आवधिक योजना (२०८१/८२ - २०८५/८६)
## वार्षिक कार्यान्वयन कार्ययोजना

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| **आर्थिक विकास** | | | | | | | | | | | |
| कृषि | | | | | | | | | | | |
| पशु | | | | | | | | | | | |
| सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार | | | | | | | | | | | |
| पर्यटन | | | | | | | | | | | |
| उद्योग, व्यापार र व्यवसाय | | | | | | | | | | | |
| सहकारी तथा वित्तीय क्षेत्र | | | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | | | |
| शिक्षा | | | | | | | | | | | |
| आधारभूत स्वास्थ्य | | | | | | | | | | | |
| खानेपानी र सरसफाइ | | | | | | | | | | | |
| लक्षित क्षेत्र र लैससास | | | | | | | | | | | |
| युवा तथा खेलकुद | | | | | | | | | | | |
| भाषा, संस्कृति सम्पदा | | | | | | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | | | | | | |
| सडक यातायात | | | | | | | | | | | |
| सिँचाइ पूर्वाधार | | | | | | | | | | | |
| आवास, बस्ती सार्वजनिक निर्माण | | | | | | | | | | | |
| विद्युत् वैकल्पिक उर्जा | | | | | | | | | | | |
| सञ्चार सूचना प्रविधि | | | | | | | | | | | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | | | | | | |
| वन तथा जैविक विविधता | | | | | | | | | | | |
| भूमि तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | |
| वातावरण स्वच्छता | | | | | | | | | | | |
| विपद् व्यवस्थापन | | | | | | | | | | | |

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| **संस्थागत र सुशासन** | | | | | | | | | | | |
| सुशासन, ऐन नियम र जवाफदेहिता | | | | | | | | | | | |
| संस्थागत संरचना तथा मानव संसाधन विकास | | | | | | | | | | | |
| वित्तीय स्रोत परिचालन | | | | | | | | | | | |
| योजना व्यवस्थापन | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| **जम्मा चालु खर्च** | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ-आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पुँजीगत खर्च खुलाई पालिकामा पेश गर्नुपर्ने छ।

## अनुसूची- २
## विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम

विषयगत शाखा/शाखा उपशाखा निकाय/संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी नगरपालिकामा पेस गर्नुपर्ने छ। यसै विवरणका आधारमा नगरपालिकाले अनुसूची- २ तयार गर्ने छ। अख्तियारीका साथ सम्बन्धित विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्था र वडा कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले यसै फारामलाई प्रमाणित गरी पठाउनु पर्ने छ।

| विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्थाको नाम/वडा नं : | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र सं | प्रमुख कार्यक्रम | मुख्य कियाकलाप | इकाई | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आवधिक योजना कार्यक्रम संकेत नं | कैफियत |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| १५ | | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |
| १८ | | | | | | | | | | |
| १९ | | | | | | | | | | |
| २० | | | | | | | | | | |
| २१ | | | | | | | | | | |
| २२ | | | | | | | | | | |
| **जम्मा** कार्यक्रम **खर्च** | | | | | | | | | | |
| **जम्मा चालु खर्च** | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | |

## अनुसूची- ३

# नगरपालिकाको आयोजना वैंक

आगामी ५ वर्षका लागि कागेश्वरी मनोहरा नगरपालिकाका लागि देहाय वमोजिमका आयोजना वैंक तयार पारिएको छ । आयोजनाहरु वडागत रुपमा विस्तृत छलफल गरी सूचिकृत गरिएको छ । यसरी सूचिकृत गरिएका आयोजनाहरु संघ तथा प्रदेश सरकारका अनुदानहरु र आन्तरिक श्रोतहरुवाट सञ्चालन गरिने छ । सूचीकृत आयोजनाहरुलाई नगरपालिकाको वार्षिक कार्यक्रमहरुवाट सम्वोधन गरिनेछ ।

# वडागत कार्यक्रम तथा आयोजना विवरण

## वडागत योजनाहरु

| वडा नं १ गागलफेदी : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| आर्थिक विकास क्षेत्र | | | | | | | | |
| १ | सहकारी तालिम तथा भ्रमण | सिकाई प्राप्त हुने | १० | $P_2$ | २ | १ | २ | ३ |
| २ | साना उद्योगबाट उत्पादित वस्तुकोबजारको व्यवस्थापन | आयमा वृद्धि | ५० | $P_1$ | २ | ८ | ३ | ३ |
| ३ | कृषि पशुपालन कार्यक्रमहरु संचालन | हौसला प्रदान हुने | १० | $P_1$ | १ | २ | ३ | ३ |
| ४ | चरन क्षेत्र निमाण | उत्पादन राम्रो हुन्छ | २५ | $P_2$ | १ | २ | ३ | १ |
| ५ | पर्यटककोलागि अवलोकन क्षेत्र विस्तार | होटल लज राम्रो संग संचालन हुने | ५० | $P_2$ | २ | ८ | ३ | ३ |
| ६ | सहकारी सम्बन्धि तालिमको व्यवस्थापन तथा विस्तार | क्षमता विकास | १० | $P_2$ | २ | १ | ३ | ३ |
| ७ | पशुपालनका लागि व्यवसायिकता प्रदान गर्ने | पशुपालमा व्यवसाय मा सहज हुने | ५ | $P_1$ | १ | २ | ३ | ३ |
| ८ | कृषक समुहहरु निमार्ण तथा व्यवस्थापन | क्षमता अभिवृद्धि हुने | १० | $P_2$ | १ | २ | २ | ३ |
| ९ | मल बिउ अनुदानमा सहयोग | उत्पादनमा वृद्धि हुने | ३० | $P_1$ | १ | २ | ३ | ३ |
| १० | पर्यटकिय क्षेत्रको प्रचार प्रशार | पर्यटकको संख्यामा वृद्धि हुने | ५ | $P_1$ | २ | ८ | ३ | ३ |
| ११ | कृषकहरुलाई आर्थिक सहयोग ( अनुदान ) | हौसला प्रदान, लगानी सुरक्षित हुने | ५० | $P_2$ | १ | २ | २ | ३ |
| १२ | उन्नत जातको पशु पालन व्यवसाय संचालनमा सहयोग ( गााई, भैसी ) | आय आर्जनमा वृद्धि हुने | ८० | $P_1$ | १ | २ | २ | ३ |
| १३ | जे.टि.ए, पशु प्राविधिक जनशक्ति तयारी | औषधी उपचारमा सहयोग हुन्छ | ४० | $P_2$ | १ | २ | १ | २ |
| १४ | करेसाबारी तालिम तथा बिउ बिजन सहयोग | स्थानिय उत्पादनमा वृद्धि हुने | ३० | $P_1$ | १ | २ | २ | १ |
| १५ | साना उद्योगहरुलाई अनुदान सहयोग (डेरी, भुजिया उत्पादन, अगरबत्ती निमार्ण ) | आय आर्जनमा वृद्धि हुने | ३० | $P_1$ | २ | ८ | २ | ३ |
| सामाजिक विकास | | | | | | | | |
| १६ | खानेपानी फिल्टर प्लान्ट जडान | स्वास्थ्यमा सुधार, घरायसी काम गर्ने महिलाहरुलाई सहज हुने | २०० | $P_2$ | ३ | ६ | ३ | ३ |
| १७ | खानेपानीको कार्यालय भवन निमार्ण | खानेपानीको उचित व्यवस्थापन कार्यमा सहयोग | १०० | $P_2$ | ३ | ६ | ३ | ३ |
| १८ | विभिन्न टोलमा सार्वजनिक सौचालय निमार्ण | सरसफाई हुने, पर्यटकलाई सहज हुने | ४० | $P_1$ | ३ | ६ | ३ | २ |
| १९ | प्रविधिक शिक्षाको लागि भवन निमार्ण | प्राविधिक जनशक्ति उत्पादन हुने | १५० | $P_1$ | ३ | ४ | ३ | ३ |
| २० | स्वास्थ्य जनशक्तिको व्यवस्थापन गर्ने | स्वास्थ्य सेवामा सहजता हुने | ४० | $P_1$ | ३ | ३ | ३ | ३ |
| २१ | महिला भवन निमार्ण | महिलाहरु सशक्ती करण हुने | ३० | $P_2$ | ४ | ५ | १ | ३ |

| वडा नं १ गागलफेदी : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| २२ | आमा समुहको क्षमता विकास तथा भवन निमार्ण | वैठक भेला गर्न सहजता | ६० | $P_2$ | ४ | ५ | १ | ३ |
| २३ | प्रजनन स्वास्थ्यबारे संचेतना मुलक कार्यक्रमहरु संचालन | स्वास्थ्य अवस्थामा सुधार हुन्छ | ३० | $P_1$ | ३ | ३ | १ | ३ |
| २४ | खानेपानीको लागि पाईप व्यवस्थापन ( साविकको ४ वडा ) सडकको दायाँ वायाँ | स्वच्छ खानेपानीको पहुँचमा सहजता हुने | २० | $P_1$ | ३ | ६ | ३ | २ |
| २५ | खेल मैदान व्यवस्थापन | युवाहरुलाई प्रोत्साहन हुने | १० | $P_2$ | ४ | ४ | ३ | ३ |
| २६ | युवालाई लक्षित रोजगारका कार्यक्रमहरु संचालन | आय आर्जनमा वृद्धि, विदेश पलायनमा कमी हुने | ६० | $P_1$ | ४ | १ | १ | ३ |
| २७ | संस्कृति परम्पराको जगेर्नाका लागि विभिन्न साहित्यिक कार्यक्रमहरुको आयोजना गर्ने | साहित्य र संस्कृतिको जगेर्ना हुने | ५ | $P_2$ | ४ | ८ | ३ | ३ |
| २८ | जैष्ठ नागरिकहरुलाई भ्रमण कार्यक्रम | अनुभव आदान प्रदान,जेष्ठ नागरिक लाई मनोरञ्जन हुने | १० | $P_2$ | ४ | १ | २ | ३ |
| २९ | अपाङता भएका व्यक्तिहरुलाई सिप तथा सामाग्री सहयोग | आय आर्जनमा सहजा हुने, दैनिक जीवन यापनमा सहज हुने | २० | $P_1$ | ४ | १ | २ | ३ |
| ३० | दलित जनजाती पिछडिएको वर्गलाई आय आर्जनका गतिविधिहरु संचालन | आय आर्जनमा सुधार हुने | ३० | $P_1$ | ४ | १० | १ | ३ |
| ३१ | महिला स्वास्थ्य स्यंसेविकाको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने | स्वयंसेविकाहरुको क्षमता विकास हुन्छ। काम गर्न प्रोत्साहन हुन्छ | २० | $P_2$ | ३ | ३ | १ | ३ |
| ३२ | विद्यालय छाडेका किशोर किशोरीहरुलाई विद्यालय जान प्रोत्सान गर्ने ( छात्रवृद्धि, सामाग्री सहयोग ) | विद्यालय जाने बानीको विकास हुन्छ | ५ | $P_2$ | ३ | ४ | १ | ३ |
| पुर्वाधार विकास | | | | | | | | |
| ३३ | पिपलडाडाँ सडक आयोजना | दैनिक आवतजावत गर्न सजिलो, बजार विस्तार, | ५०० | $P_1$ | ५ | ९ | ३ | ३ |
| ३४ | गागल सात घट्टे सिंचाई आयोजना | उत्पादन वृद्धि हुन्छ | २० | $P_1$ | १ | २ | ३ | ३ |
| ३५ | पुल निमार्ण ( पिपलडाडाँ, गणेशथान, पुवार गाउँ, सुनार गाउमा ) | आवत जावतमा सहज | २०० | $P_2$ | ५ | ९ | | |
| ३६ | सडक वत्ति, सिसी प्यामेरा जडान | सुरक्षा हुने | २० | $P_2$ | ५ | ९ | ३ | ३ |
| ३७ | सान्टारी कृष्ण मन्दिर निमार्ण | सामाजिक सद्भाव, वृद्ध वृद्धाहरुलाई सहज हुने | ४० | $P_2$ | ५ | ८ | ३ | ३ |
| ३८ | ढकाल गाउँ सडक आयोजना | आवत जावतमा सहजता हुने | ६० | $P_1$ | ५ | ९ | ३ | ३ |
| ३९ | सनार गाउँमा महिला भवन निमार्ण | भैला वैठक बस्न सहज हुने | ३० | | ५ | ५ | १ | ३ |
| ४० | खत्रीगाउँ नयाँ वस्ती बाटोमा पुल निमार्ण | दैनिक आवत जावतमा सहज हुने, खेतीपाती गर्न सजिलो हुने | ८० | $P_1$ | ५ | ९ | ३ | ३ |
| ४१ | पिपलडाडा सामुदायिक भवन निमार्ण | सामुदायिक भेला बस्न सहज हुने | ३० | $P_2$ | ५ | ५ | २ | ३ |

| वडा नं १ गागलफेदी : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ४२ | सान्टरी साामुदायिक भवन निमार्ण | सामुदायिक भेला बस्न सहज हुने | ४० | $P_2$ | ५ | ५ | ३ | ३ |
| ४३ | खेल मैदान तथा पार्क निमार्ण | युवाहरुलाई परिचालनमा सहज, खेलकुदको विकास हुने | २० | $P_2$ | ५ | ८ | ३ | ३ |
| **बन वातावरण तथा विपद** | | | | | | | | |
| ४४ | बृहत वृक्षारोपण कार्यक्रम संचालन | हरियाली प्रवद्धन, जमिन संरक्षण हुने, | २० | $P_1$ | ७ | १५ | २ | १ |
| ४५ | जडीबुटी खेती ( टिमुर, अलैची ) | आय आर्जनमा वृद्धि हुने | ५० | $P_1$ | ७ | १५ | ३ | १ |
| ४६ | पहिरो नियन्त्रण : ढकालगाउँ, सान्टारी, अधिकारी गाउँ, कुइकेल गाउँ, साखिण्टार, वासकीखोला, भोर्लावोट, पिपलडाँडा जाने वाटो, गुठीभवन | घर खेत सुरक्षित हुने | १०० | $P_1$ | ७ | १५ | ३ | १ |
| ४७ | पार्क तथा गार्डेन निर्माण : सातघट्टे खानेपानी, गणेशमान, अड्डापाटी, वुकुने रातोमाटे, नेपालटार, भोर्लावोट, चौताराडाँडा,मणिलिङ्गेश्वर,भिमेश्वर मन्दिर,ठूलाढीका, कल्पवृक्ष सामुदायिक, सान्टारी | वातावरण संरक्षण | ३० | $P_1$ | ७ | ८ | ३ | १ |
| ४८ | ठाडोपाखा जग्गा संरक्षण | | १० | $P_2$ | ७ | १५ | ३ | २ |
| ४९ | खेलमैदान निर्माण :पिपलडाँडा, राम जानकी, गागल, | | १० | $P_2$ | ७ | ४ | ३ | ३ |
| ५० | आयआर्जनमा महिला सहभागिता कार्यक्रम साना उद्योगहरु संचालन | आय आर्जनमा वृद्धि हुने | ३० | $P_1$ | २ | ८ | २ | ३ |
| ५१ | युवा वर्गलाई लक्षित आयमुलक कार्यक्रमहरु संचालन (डेरी उद्योग, पशुपालन, तरकारी खेती ) | आय आर्जनमा वृद्धि हुने, युवाहरु विदेश पलायन हुनबाट रोकिने | २० | $P_1$ | १ | ८ | २ | ३ |
| ५२ | बाशुकी संरक्षण ठाडो पाखा संरक्षण गर्ने | जमिन संरक्षण हुने | ४० | $P_2$ | ७ | १५ | ३ | २ |
| ५३ | गाजा खेती को अध्ययन तथा निती निमार्ण | आय आर्जनमा वृद्धि हुने | २० | $P_2$ | ७ | १ | ३ | ३ |
| ५४ | फोहोर संकलन तथा व्यवस्थापन गर्ने | वतावरण स्वच्छ हुने | २० | $P_1$ | ७ | १२ | ३ | २ |
| ५५ | भुकम्प बारे संचेतनामुलक कार्यक्रम संचालन गर्ने | समुदाय सुरक्षित हुने । क्षति कम हुने । | १० | $P_2$ | ८ | १३ | ३ | ३ |
| ५६ | आपतकालीन खोज तथा उद्धारबारे प्रशिक्षण तथा सामाग्री सहयोग कार्यक्रम | समुदाय सुरक्षित हुने । क्षति कम हुने । | ३० | $P_2$ | ८ | १३ | ३ | ३ |
| ५७ | आपतकालिन सामाग्रीहरुको व्यवस्थापन गर्ने | समुदाय सुरक्षित हुने । क्षति कम हुने । | २० | $P_1$ | ८ | १३ | ३ | ३ |
| ५८ | आपतकालीन प्राथमिक उपचार तालिम संचालन | समुदाय सुरक्षित हुने । क्षति कम हुने । | ५ | $P_2$ | ८ | १३ | ३ | ३ |
| ५९ | नर्सरी उत्पादन कार्यक्रम | बृक्षारोपण कार्यमा सहजता हुने | ५ | $P_1$ | ७ | १५ | ३ | २ |

| वडा नं १ गागलफेदी : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ६० | आगलागी (बन डढेलो) नियन्त्रणका लागि संचेतना तथा सामाग्री व्यवस्थापन हुने गरेको छ | बन संरुक्षण हुने | १० | $P_2$ | ८ | १५ | ३ | १ |
| ६१ | भु संरक्षणका लागि प्राकृतिक प्रविधि अपनाउने | जमिन संरक्षण, बोट बिरुवा सुरक्षित हुने | १० | $P_1$ | ७ | १५ | ३ | १ |
| ६२ | खोला नियन्त्रण : महादेव खोला | | २५ | $P_1$ | ७ | १५ | ३ | १ |
| सुशासन तथा क्षमता विकास | | | | | | | | |
| ६३ | सार्बजनिक स्थलमा सुझाव पेटिका राख्ने | समुदाय टोलका गुनासाहरु थाह हुने, योजना निमार्णमा सहजता हुने | ५ | $P_2$ | ९ | १६ | ३ | ३ |
| ६४ | नगरिक वडा पत्रको स्थापना गर्ने | सेवा प्वाहबारे जानकारी हुने | १ | $P_2$ | ९ | १६ | ३ | ३ |
| ६५ | चोक चोकमा डिजिटल होर्डिङ बोर्डको स्थापना गर्ने | सबैलाई सुचना पुग्ने | ५ | $P_2$ | ९ | १६ | ३ | ३ |
| ६६ | जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम संचालन | योजना कार्यान्वयन तथा अनुगमनमा सहज हुने | २० | $P_1$ | ९ | १६ | ३ | ३ |
| ६७ | अपाङ्गमैत्री सेवा संचालन तथा भवन निमार्ण | समावेसी सहयोग हुने | ३० | $P_2$ | ९ | १६ | १ | ३ |
| ६८ | प्रकृतिक श्रोतहरुको उपयोग स्थानियले गर्ने निति निमार्ण | सबैको पहुँच हुने | | $P_2$ | ९ | १६ | ३ | ३ |
| ६९ | सडक वत्ती तथा सि.सि क्यामेरा जडान | टोल समुदायको सुरक्षा हुने | २० | $P_2$ | ९ | १६ | ३ | ३ |
| ७० | कर्मचारीको व्यवस्थापन | कार्य सम्पादनमा सहज हुने | ५० | $P_2$ | ९ | १६ | २ | ३ |
| ७१ | समन्वय वैठकको अयोजना | कार्यक्रमहरुका बारेमा जानकारी आदान प्रदान हुने | १० | $P_2$ | ९ | १६ | ३ | ३ |
| ७२ | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन | योजनाहरु पारदसर्श हुने | १० | $P_2$ | ९ | १६ | ३ | ३ |

| वडा नं २ आलापोट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा ) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| आर्थिक विकास | | | | | | | | |
| ७३ | कृषि पशुपालनमा सामुहिक संलग्नता तथा आधुनिकीकरण | निर्वाहमुखि खेती प्रणालीबाट व्यवसायिकता प्रणाली शुरुवात हुने | १०० | $P_1$ | १ | २ | ३ | ३ |
| ७४ | पशुपालन सम्बन्धि सिप तथा सामाग्री सहयोग | व्यवसाय गर्न सहज हुने, आय आर्जनमा वृद्धि हुने | ४० | $P_1$ | १ | २ | ३ | ३ |
| ७५ | करेसाबारी तालिम तथा बिउ बिजन सहयोग | व्यवसाय गर्न सहज हुने, आय आर्जनमा वृद्धि हुने | ३० | $P_1$ | १ | २ | ३ | २ |
| ७६ | नश्ल सुधारको लागि अनुदान सहयोग कार्यक्रम | व्यवसाय गर्न सहज हुने, आय आर्जनमा वृद्धि हुने | ६० | $P_1$ | १ | २ | ३ | ३ |

| वडा नं २ आलापोट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा ) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ७७ | तरकारी ( टमाटर , पकेट क्षेत्र ) संचालन | युवा वर्गले रोजगार पाउने, आय आर्जनमा वृद्धि हुने | ५० | $P_1$ | १ | २ | ३ | २ |
| ७८ | मल बिउ उत्पादन सम्बन्धि तालिम तथा सामाग्री सहयोग | कृषि उत्पादनमा वृद्धि हुने, आम्दानी बढ्ने | ७५ | $P_1$ | १ | २ | २ | २ |
| ७९ | स्थानिय उत्पादनमा आधारित कृषि उत्पादनबारे अभिमुखिकरण | कृषि उत्पादनमा वृद्धि हुने, आम्दानी बढ्ने | २० | $P_1$ | २ | २ | ३ | २ |
| ८० | गोठ खोर सुधार कार्यक्रम | पशुपालनमा सहज, उत्पादनमा वृद्धि हुने | ३० | $P_1$ | १ | २ | ३ | १ |
| सामाजिक विकास | | | | | | | | |
| ८१ | सरकारी विद्यालयहरुमा शैक्षिक सामाग्रीहरु सहयोग २ विद्यालयमा | पठन पाठनमा सुधार | ५० | $P_1$ | ३ | ४ | ३ | ३ |
| ८२ | विद्यालयमा फर्निचर, प्रयोगशालाको व्यवस्थापन २ विद्यालयमा | पठन पाठनमा सुधार तथा सहज हुने | ५० | $P_1$ | ३ | ४ | ३ | ३ |
| ८३ | स्कुल बसको व्यवस्थापन १ वटा | विद्यार्थीहरु लार्य सहज हुने, विद्यार्थीको संख्यामा वृद्धि हुने | ६० | $P_2$ | ३ | ४ | ३ | ३ |
| ८४ | दिवा खाजा र छात्रवृतिलाई निरन्तरता | विद्यार्थीहरुलाइ | २० | $P_1$ | ३ | ४ | १ | ३ |
| ८५ | स्वास्थ्य चौकीमा UCG मेसिन जडान ५० वेडको अस्पाल निमार्ण, वर्थिङ्ग सेन्टर स्थापना | स्वास्थ्य सेवा, सुविधा हुने | ३००० ( प्रदेश सरकार, संघिय सरकार ) | $P_1$ | ३ | ३ | २ | २ |
| ८६ | एम्बुलेन्सको व्यवस्थापन १ वटा | बिरामी हुदाँ सहज हुन्छ | ४० | $P_1$ | ३ | ३ | ३ | ३ |
| ८७ | पानेपानीको पाईप खरिद तथा वितरण | घर घरमा स्वच्छ खानेपानी उपलब्धता हुने | ६० | $P_1$ | ३ | ६ | ३ | २ |
| ८८ | सामाजिक समावेशीकरण बारे हरेका टोलका अगुवाहरुलाई तालिम तथा क्षमता विकास | समुदायका व्यक्तिहरुको क्षमता विकास हुने, नेतृत्व विकास हुने | ३० | $P_2$ | ४ | ५ | १ | ३ |
| ८९ | महिला समुहहरुलाई लैङ्गिक समानता बारे सहजीकरण कार्यक्रम | महिलाहरुको क्षमता विकास हुने | ३० | $P_2$ | ४ | ५ | १ | ३ |
| ९० | महिलाहरुको आय आर्जनमा वृद्धि हुने किशिमका तालिम तथा सामाग्रीहरु सहयोग | आय आर्जनमा वृद्धि हुने | ४० | $P_1$ | ४ | ५ | १ | ३ |
| ९१ | मादक पदार्थ तथा लागु पदार्थ दुर्व्यसनी बारेमा संचेतनामुलक कार्यक्रमहरु संचालन | समाजमा हिंसाको कमी हुने | २० | $P_2$ | ४ | ५ | २ | ३ |
| ९२ | युवाहरुलाई खेलकुद सामाग्री सहयोग, विद्यालयमा साहित्य सम्बन्धि कार्यक्रमहरु संचालन | सामुहिक जमघट हुने, खेल मार्फत मित्रताको विकास हुने | २० | $P_2$ | ४ | ४ | ३ | ३ |
| ९३ | कवर्डहलको व्यवस्थापन | खेलकुद क्षेत्रमा विकास हुने, युवाहरुको सहभागिता हुने | ८० | $P_2$ | ४ | ४ | ३ | ३ |
| ९४ | जेष्ठ नागरिकको लागि भवन तथा पाटी पौवा , मन्दिर निमार्ण | जेष्ठ नागरिकलाई हौसला प्रदान हुने | ३० | $P_2$ | ४ | ५ | २ | ३ |

| वडा नं २ आलापोट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं | योजनाहरु | अपेक्षित उपलब्धि | अनुमानित लागत रु. ( लाखमा ) | आयोजना सङ्केतीकरण | | | | |
| | | | | प्राथमिकीकरण | रणनीतिक स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
| ९५ | जेष्ठ नागरिकलाई भ्रमण कार्यक्रम | जेष्ठ नागरिकलाई हौसला प्रदान हुने | ३० | $P_2$ | ४ | ५ | २ | ३ |
| पुर्वाधार विकास | | | | | | | | |
| ९६ | महादेव खोलामा पुल निमार्ण | यातायात सुचारु हुने | १०० | $P_2$ | ५ | ९ | ३ | ३ |
| ९७ | महादेव खोला पुलको अगााडी पछाडीको सडक निमार्ण | दैनिक आवतजावतमा सहजात, दुर्घटना कम हुने | २०० | $P_1$ | ५ | ९ | ३ | ३ |
| ९८ | खहरे खोला, गल्छीहरुमा पुल निमार्ण | दैनिक आवत जावतमा सहज हुने | ८० | $P_1$ | ५ | ९ | ३ | ३ |
| ९९ | सुन्दरीजल क्षेत्र देखि यातायात सेवा संचालन | टोलवासीलाई आवत जावत गर्न सहज हुने | ५० | $P_1$ | ५ | ९ | ३ | ३ |
| १०० | पक्की सडक निमार्ण ( भित्री टोलहरुमा ) | टोलवासीलाई आवत जावत गर्न सहज हुने | ५०० | $P_1$ | ५ | ९ | ३ | ३ |
